# भ्रष्टविरोधी शास्त्र

## भ्रष्टाचारविरुद्धको विज्ञान

लेखक

भरत जङ्गम

# Anticorruptology Copyright Registration

| | |
|---|---|
| World Library of Congress US copyright Registration Number | Txu2025439 |
| UK Copyright Service Registration Number | 284703047 |
| Nepal Copyright Registration Number | 1023 |

# विषय सुचि


| | |
|---|---|
| १. नवीन विचार तथा सिद्धान्तको अध्ययन | १ |
| २. भ्रष्टविरोधी शास्त्रको प्रस्तावना | २ |
| ३. भ्रष्टविरोधी शास्त्रको उद्देश्य | ३ |
| ४. परिभाषा | ४-९ |
| ५. भ्रष्टविरोधी शास्त्रको नीतिगत सिद्धान्त तथा सूत्र | १०-११ |
| ६. भ्रष्टविरोधी शास्त्रको नामकरण | १२-१३ |
| ७. अध्ययनको आवश्यकता | १४-१५ |
| ८. भ्रष्टविरोधी शास्त्रका गुण तथा अवगुण | १६-१७ |
| ९. यथार्थवादी र आदर्शवादी अवधारणा | १८ |
| १०. भ्रष्टाचार र भ्रष्टविरोधी शास्त्रको स्वभाव तथा कार्यक्षेत्रबारे सङ्क्षिप्त जानकारी | १९-२१ |
| ११. भ्रष्टविरोधी शास्त्रको अन्य शास्त्रसँग सम्बन्ध | २२-२५ |
| १२. भ्रष्टविरोधी शास्त्र स्वाभाविक विज्ञान | २६-२८ |
| १३. भ्रष्टविरोधी शास्त्रको क्षेत्र | २९-३१ |
| १४. भ्रष्टविरोधी शास्त्रका सीमाहरू | ३२-३३ |
| १५. भ्रष्टविरोधी शास्त्रको अवधारणा | ३४-३७ |
| १६. भ्रष्टविरोधी शास्त्रका अङ्गहरू | ३८-४२ |
| १७. भ्रष्टाचारको स्तर-निर्धारण | ४३-४९ |
| १८. भ्रष्टाचारका पृष्ठपोषकहरू | ५०-५२ |
| १९. भ्रष्टविरोधी शास्त्र अध्ययनको उपागम | ५३-५६ |
| २०. समाजको बनोट र वर्गपरिवर्तन | ५७-६१ |
| २१. भ्रष्टाचारविरुद्ध शास्त्रको विकासक्रम | ६२-६४ |
| २२. नव-उपनिवेशवाद | ६५-६७ |
| २३. गरिबी | ६८-६९ |
| २४. विकसित एवं विकासोन्मुख मुलुकका विशेषताहरू | ७०-७३ |
| २५. सकारात्मक सोच र समाजको बनोट | ७४-७६ |
| २६. भ्रष्टविरोधी संस्कृतिको विकास | ७७-७९ |
| २७. मनोदशाका असल र खराब पक्षहरू | ८०-८१ |
| २८. उचित तथा अनुचित कार्यको पहिचान | ८२-८३ |
| २९. नैतिक तथा आध्यात्मिक चेतना | ८४-८६ |
| ३०. असल शासन | ८७-९३ |
| ३१. कालो धनको नियन्त्रण | ९४-९७ |
| ३२. नागरिकका शिक्षा, स्वास्थ्य र न्यायका लागि राज्यको दायित्व | ९८-१०० |
| ३३. भ्रष्टाचार कानुनले नियन्त्रण गर्न सक्तैन | १०१-१०२ |
| ३४. दबाब समूह | १०३-१०४ |
| ३५. राज्य तथा राजनीतिक दल | १०५-१११ |
| ३६. भ्रष्टविरोधी शास्त्रको शिक्षानीति | ११२-११६ |
| ३७. उपसंहार तथा सुझाव | ११७-१२१ |
| ३८. अध्ययन तथा संशोधन | १२२ |

# नवीन विचार तथा सिद्धान्तको अध्ययन
# (Study of new thought and theories)

विश्व मानव-समुदायको विकास मानव-मस्तिष्कमा फुर्ने विचारकै उपज हो । सृष्टिकालदेखि नै मानव-विचारले महत्वपूर्ण स्थान पाएको छ । जब कुनै सानो वा ठूलो समस्या आउँछ, विचारका माध्यमबाट समाधान खोजिन्छ र समाधान हुन्छ । यसरी नै विश्व मानव-विकासका क्रममा प्रत्येक क्षेत्रमा आएका र आइपर्ने समस्याहरू त्यसै क्षेत्रमा समाधान हुँदै गएका कारणले पनि विश्व मानव-विकासले यो विकसित रूप पाएको हो ।

विचार वा दर्शन समयको मागअनुसार उत्पन्न हुन्छन् । त्यस्ता विचारहरूले समयले ल्याएको समस्याको समाधान पनि गर्दै गएका हुन्छन् । विचार विषयमा रूपान्तरित भएपछि विषयले ज्ञानका माध्यमद्वारा व्याख्या खोज्दै स्थापित हुन खोज्छ । ज्ञानका माध्यमद्वारा विचार प्रतिष्ठापित हुन सक्छ । ज्ञानको निरन्तर अध्ययनद्वारा विचार विश्लेषित र प्रमाणित हुँदै विज्ञानको रूप धारण गर्छ ।

विज्ञानले खोज्ने कारण र परिणाम नै विज्ञानको मूल आधार हो । जहाँ कारण जन्मन्छ, त्यहाँ परिणामको उत्पत्ति हुन्छ । विज्ञानले प्रमाण खोज्छ र प्रमाणकै आधारमा विज्ञान स्थापित हुन्छ, विज्ञान प्रमाणित हुन्छ । विज्ञानको स्रोत ज्ञान हो भने ज्ञानको उपज विज्ञान हो ।

भ्रष्टाचारको उत्पत्तिको केन्द्रविन्दु नै मानव मस्तिस्क भएको हुँदा मानव समाजमा भ्रष्टाचार हुन्छ र छ । भ्रष्टाचार नियन्त्रित हुन्छ र हुनसक्छ । त्यसको लागि कडा कानुनको आवश्यकता पर्छ । यी तीन कारणमा नै विश्वका भ्रष्टविरोधी अभियन्ताहरु अलमलिएर बसे । तर, कानुनले मात्र भ्रष्टाचार नियन्त्रण हुन सक्दैन भन्ने हामीले बुझेपछि यो विषयलाई शिक्षण संस्था वा विश्वविद्यालयहरुमा अध्ययन सुरु गर्न गराउन भ्रष्टविरोधी शास्त्रको आवश्यक महसूस भयो ।

यसै गरी भ्रष्टाचारविरुद्धको विज्ञानका रूपमा स्थापित यो भ्रष्टविरोधी शास्त्र भौतिक र रसायनशास्त्रजस्तो कठोर विज्ञान बन्न नसके पनि यो अन्य सामाजिक विज्ञानजस्तै राजनीतिशास्त्र, अर्थशास्त्र र समाजशास्त्रजस्तो नरम विज्ञान हो भन्न सकिन्छ । प्रयोग, परीक्षण, साङ्ख्यिकी र गणितीय उपागमहरूलाई यस भ्रष्टविरोधी शास्त्रमा विश्लेषण र व्याख्या गरिएको छ । त्यसबाट पनि यो शास्त्र विज्ञानको कोटिमा उभिन र चिनिन पुगेको छ ।

मानव-जीवनको विकासका क्रममा समय र समाजले आवश्यक महसुस गरेको विषयलाई गहिरो अध्ययनका माध्यमद्वारा उत्पादित मार्गनिर्देशन नै यो विषयका लागि सिद्धान्त ठहर भएको हुन्छ । यसरी सिद्धान्त उत्पादन हुन त्यसको आवश्यकताको बोध, समाजका तत् समयका चिन्तनशील व्यक्तिहरूले त्यसको आवश्यकता महसुस गरेपछि समस्या समाधानका लागि विषयको विस्तृत अध्ययन गर्ने कार्य हुन्छ । त्यस्तो आवश्यक विषयको ज्ञानका माध्यमद्वारा क्रमबद्ध तथा विस्तृत अध्ययन गरेर प्रामाणिक रूपमा विषयलाई स्थापित गर्नुलाई नै विषयगत विज्ञानको स्थापना भएको भनिन्छ । विज्ञान भनिएको विषय ज्ञानको एकीकृत भण्डार हो, जो सूक्ष्म रूपले अध्ययन, विधिवत् परीक्षण तथा विस्तृत व्याख्याद्वारा निर्माण भएको हुन्छ । यो भ्रष्टविरोधी शास्त्र यसै मौलिक सिद्धान्तका आधारमा खडा भएको छ ।

भ्रष्टाचार पूर्ण रूपले सामाजिक समस्या हो । समाजले नै यस्तो समस्याको जिम्मा लिनुपर्छ । किनभने समाज मान्छेहरूको सङ्गठन हो । त्यसैले मान्छेहरूलाई सामाजिक प्राणी भनिएको हो । समाजको उत्थान र पतन त्यस समाजमा बसोबास गर्ने मान्छेको कार्य र व्यवहारले तय गरेको हुन्छ । समाजमा कुनै किसिमको विकृति फैलियो भने त्यसको जिम्मा पनि समाजले नै लिनुपर्छ । समाजको एक अङ्गमा भ्रष्टाचार भएमा समाजको अर्को अङ्गले खबरदारी जनाउनुपर्छ । यो प्रकृतिको नियम हो । भ्रष्टाचार गर्ने कार्य मानव-विकासको अवरोधक हो र समाज-विकासको पनि बाधक हो । यसको निराकरण र समाधानका लागि नवीन विचार तथा सिद्धान्तको आवश्यकता थियो । त्यो आवश्यकताको पूर्ति यो भ्रष्टविरोधी शास्त्रले गर्ने भएको छ ।

विश्वको प्राज्ञिक क्षेत्रमा नवीन विचार तथा सिद्धान्तका रूपमा प्रस्तुत यो भ्रष्टविरोधी शास्त्र नितान्त अध्ययनको विषय ठहर भएको छ । यसको अध्ययनविना अब मानवहित र मानव-विकासका लागि तर्जुमा हुने कुनै पनि योजना वा कार्ययोजना सफलताको विन्दुमा पुग्न सक्तैन भन्ने पनि स्पष्ट भएको छ । साथै, राज्यको व्यवस्थापनलाई चुनौती दिने अनेक किसिमका अनुचित कार्य र भ्रष्टाचारजन्य कार्यलाई रोक्न पनि यो नवीन विचार तथा सिद्धान्तले अभूतपूर्व सफल

कार्य गर्न सक्छ भन्नेमा विश्वास गर्न सकिन्छ । साथै, राजनीतिक दलहरूका छाडा क्रियाकलापको अन्त पनि यो भ्रष्टविरोधी शास्त्रले गर्न समर्थ हुनेछ ।

सङ्क्षेपमा भन्नुपर्दा यो भ्रष्टविरोधी शास्त्रको काम कसैले कुनै अनुचित तथा भ्रष्टाचारजन्य कार्य गरेकोमा विरोधी पक्षमा उभिएर विरोध गर्नु मात्र होइन । यसको मूल उद्देश्य त समाजमा सदाचारयुक्त व्यवहार कायम गर्ने वातावरण तयार गर्ने कार्यमा सघाउ पुऱ्याउनु हो । व्यक्तिको दैनिक जीवनमा देखिने असमान र अनुचित कार्य, समुदायमा फैलन सक्ने दुर्गुणयुक्त व्यवहार, व्यवसायीहरूमा लुकेर रहने नाफाखोरी कार्य, राज्यप्रशासनमा टाँसिएर बस्ने भ्रष्टाचारयुक्त कार्य तथा राजनीतिक क्षेत्रमा हुने अवसरवादिता जस्ता दुर्गुणहरूलाई केलाएर र विश्लेषण गरेर सत्य र असत्य छुट्याउन सक्ने क्षमता भ्रष्टविरोधी शास्त्रमा रहेको छ । त्यसका लागि यसको मर्म, मूल्य र आवश्यकतालाई बुझेर सम्बन्धित अध्ययन केन्द्र तथा विश्वविद्यालयहरूले अध्ययन-अध्यापनका लागि वातावरणचाहिँ तयार गर्नुपर्छ । यो नवीन विचार तथा सिद्धान्त समयको मागअनुसार अध्ययन-अध्यापनका लागि तयार भएको छ ।

# भ्रष्टविरोधी शास्त्रको प्रस्तावना
# (Preamble of Anticorruptology)

- विश्व मानव-समुदायको प्रवृत्ति तथा व्यवहारलाई स्वच्छ, पवित्र र मानवमुखी बनाइराख्न,
- समाजमा चल्ने अवाञ्छित क्रियाकलाप बन्द गर्न एवं मानव-मानवबीचमा सदाचारयुक्त प्रतिस्पर्द्धा कायम राख्न,
- न्यायको मान्य सिद्धान्तका आधारमा कानुनी राज्यको स्थापना गर्दै असल शासन-पद्धति सञ्चालन गर्न,
- सबै नागरिकको मौलिक हक स्थापित गरी स्वच्छ र आदर्श प्रजातन्त्र सञ्चालन गर्न,
- प्राचीन कालदेखि चलिआएको आध्यात्मिक चिन्तनलाई जीवन्त राख्न,
- प्राकृतिक स्रोत-साधन एवं प्राचीन सम्पदाको रक्षा गर्न,
- मानवमा अन्तर्निहित प्राकृतिक गुणको विकास गरी प्रकृतिको आशीर्वाद ग्रहण गर्ने काम जारी राख्न,
- समाज र राज्यबाट पाएको अधिकारको जिम्मेवारी बोध गरी कर्तव्यनिष्ठ बन्दै सबै तह र तप्कामा जवाफदेहीको स्थिति बनाइराख्न,
- राज्यव्यवस्था र राजनीतिक दलका बीच सन्तुलित एवं नियन्त्रित अवस्था कायम गर्न,
- नीति, नैतिकता, सदाचार तथा मानव-मर्यादाको मूल्यलाई समाजमा यथावत् कायम राखी भ्रष्टाचारमुक्त समाज सृजना गर्न, तथा
- समयअनुसार मानव-समाजमा भएको र हुने परिवर्तित अवस्थालाई समेत सदाचारयुक्त बनाइरहन र बनाइराख्न लगाउन पनि वाञ्छनीय भएकाले भ्रष्टविरोधी शास्त्रको आवश्यकता भएको हो ।

# भ्रष्टविरोधी शास्त्रको उद्देश्य
# (Objectives of Anticorruptology)

यो भ्रष्टविरोधी शास्त्रको मूल लक्ष्य भ्रष्टाचारलाई शून्य सहनशीलताको अवस्था कायम राख्नु तथा भ्रष्टाचारमुक्त समाजको स्थापना गर्नु रहेको छ । यो लक्ष्य प्राप्त गर्न तथा समाज र देशमा न्यायपूर्ण, प्रजातान्त्रिक र आदर्श समाज स्थापना गर्न हाल निम्नलिखित उद्देश्यहरूलाई अङ्गीकार गरिएका छन् :

- सर्वसाधारण नागरिकहरूको सुख, शान्ति र समृद्धिका निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्नु,
- सबै नागरिकहरूमा सकारात्मक सोचका साथ विवेकपूर्ण निर्णय लिन सक्ने अवस्था तयार गर्नु,
- भ्रष्टाचारविरुद्धको विषय अध्ययन तथा अध्यापनको विषय हुन सक्ने भएकाले यसलाई प्राज्ञिक क्षेत्रमा प्रचार-प्रसार गर्नु-गराउनु,
- भ्रष्टाचारविरोधी क्रियाकलापलाई लिएर विश्वका सबै मुलुकमा सन्जाल निर्माण गर्नु र मानवको सर्वपक्षीय विकासमा त्यसको महत्वका बारेमा भरपुर जानकारी दिनु-दिलाउनु,
- सदाचार, सत्विचार र सत्व्यवहारजस्ता उच्च मानवीय गुणहरूको विकास गरी तिनलाई मानव-समाजमा अझ प्रभावकारी रूपमा निरन्तरता दिने व्यवस्था गर्नु-गराउनु,
- प्राचीन कालदेखि चलिआएको आध्यात्मिक चिन्तनको विषयलाई समाजमा स्थापित हुन सक्ने अवस्था सृजना गर्नु-गराउनु,
- प्रत्येक मुलुकमा भ्रष्टाचारको रोकथामका लागि अनुसन्धानात्मक व्याख्या र वकालतका माध्यमद्वारा जनचेतना फैलाउने कार्य गर्नु-गराउनु,
- कानुनी राज्य तथा असल शासन-पद्धतिको स्थापनाका लागि विश्वव्यापी प्रचार-प्रसार गर्नु-गराउनु,
- सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा अर्को मुलुकको सहयोग वा सम्बन्धनमा गैरसरकारी संस्थाहरूले गर्ने गरेका असामयिक र गैरकानुनी क्रियाकलापको अन्त्य गर्नु-गराउनु,
- विकसित मुलुकहरूमा राजनीतिक दलहरूले निर्वाचनको प्रयोजनका लागि भनेर व्यापारिक समुदायसँग चन्दा उठाउने प्रचलनको अन्त्य गर्नु-गराउनु,
- विकासोन्मुख मुलुकहरूमा बढीभन्दा बढी राजनीतिक दल खोल्ने प्रवृत्तिको अन्त्य गरी निश्चित राजनीतिक दल अर्थात् कमभन्दा कम राजनीतिक दल मात्र क्रियाशील हुन सक्ने अवस्था सृजना गर्नु-गराउनु,
- राजनीतिक दलको सत्तामुखी प्रवृत्ति र मनपर्दो क्रियाकलापको अन्त्य गराई सिद्धान्तवादी राजनीतिक दल मात्र क्रियाशील हुने अवस्था सृजना गर्नु-गराउनु,
- मुलुकमा क्रियाशील राजनीतिक दलहरूको सिद्धान्त, घोषणापत्र र जनता तथा राष्ट्रप्रतिको प्रतिबद्धताअनुसार दलका नेता तथा कार्यकर्ताको क्रियाकलाप पारदर्शी हुने सशक्त वातावरण सृजना गर्नु-गराउनु,
- नागरिकको चेतनास्तरका आधारमा निर्वाचन प्रणाली निश्चित गर्नु-गराउनु,
- आर्थिक तथा सांस्कृतिक उपनिवेशवादको अन्त्य गर्ने प्रयास गर्नु,
- मुलुकको राजनीतिक तथा प्रशासनिक तहमा काम गर्ने गरी सार्वजनिक पद धारण गरेका व्यक्ति वा समूहले अनुचित काम गरेको वा गराएको भए त्यस्ता अनुचित काम गर्ने व्यक्ति वा समुदायलाई कारवाही गर्नु-गराउनु,
- एक देशले अर्को देशलाई दिने कुनै पनि किसिमको अनुदान, सहयोग वा ऋण सम्बन्धित देशको सरकारी तहबाट मात्र दिने-दिलाउने कार्य गर्नु-गराउनु,
- व्यक्ति, समुदाय, राजनीतिकर्मी र सार्वजनिक पद धारण गर्ने सबै किसिमका व्यक्ति वा समुदायलाई भ्रष्टाचारको दायरामा ल्याई कानुनी कारवाही गर्ने कानुनको तर्जुमा गर्नु-गराउनु,
- विकासोन्मुख मुलुकको कुनै पनि प्रकारको प्राकृतिक स्रोत-साधन तथा सम्पदा अर्को देशलाई छोटो वा लामो अवधिसम्म प्रयोग गर्न दिने गरी कुनै पनि किसिमको सन्धि, समझदारी र सम्झौता नगर्ने र नगराउने व्यवस्था मिलाउनु,
- अवैध व्यवसायलाई रोक लगाउने र कालो धन नियन्त्रण हुने व्यवस्था गर्ने गराउनु,
- सञ्चार-माध्यमलाई मनपरी गर्नबाट रोक लगाउने व्यवस्था गर्नु-गराउनु,
- राष्ट्रलाई नोक्सानी हुने वा राष्ट्रघात हुने कुनै पनि किसिमका सन्धि, सम्झौता र समझदारीपत्र गर्ने-गराउने व्यवस्थाको अन्त्य गर्नु,

- भ्रष्टविरोधी शास्त्रसँग निकटतम सम्बन्ध भएका अन्य सबै किसिमका शास्त्रलाई विषयगत रूपमा स्वीकार गर्दै त्यसमा यस शास्त्रको नीति तथा सिद्धान्त पनि समावेश गर्नु-गराउनु, र
- भ्रष्टविरोधी शास्त्रलाई विश्वमा भइरहेका प्राज्ञिक संस्था, अध्ययन केन्द्र वा विश्वविद्यालयहरूमा पुऱ्याई अध्ययन तथा अनुसन्धानका माध्यमद्वारा भ्रष्टाचारविरुद्धको विज्ञान भनी प्रमाणित गर्ने-गराउने कार्य गर्नु ।

# परिभाषा
# (Definition of Anticorruptology)

भ्रष्टविरोधी शास्त्र भन्नाले भ्रष्टाचारविरुद्धको अध्ययनको शास्त्र भन्ने बुझिन्छ । यो भ्रष्टाचारविरुद्धको विज्ञान हो । विज्ञान ज्ञानको उच्चतम तत्वबोध हो । अर्थात् विषयको निरन्तर अध्ययनबाट ज्ञान प्राप्त हुन्छ र त्यस ज्ञानलाई सूक्ष्म रूपले अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै प्रामाणिक रूपमा प्रस्तुत गर्नु नै विज्ञान भनिन्छ । यो भ्रष्टाचारविरोधी विज्ञानको प्रामाणिक रूपमा अर्को नामकरण नभएसम्म भ्रष्टाचारविरुद्धको विज्ञान भन्नु नै भ्रष्टविरोधी शास्त्र हो ।

भ्रष्टविरोधी शास्त्रलाई परिभाषित गर्नुपर्दा ज्ञान तथा विज्ञानको पृष्ठभूमिको आडमा विषयलाई महत्व दिई व्याख्या तथा विश्लेषण गर्दै भ्रष्टविरोधी शास्त्रको पहिचानलाई स्थापित गर्नुपर्ने हुन्छ । यसरी स्थापित भएको भ्रष्टविरोधी शास्त्रलाई भ्रष्टाचारविरुद्धको विज्ञान हो भनेर परिभाषित गर्नुपर्ने हुन्छ । भ्रष्टाचारविरुद्ध अभियानका विभिन्न समयमा प्रयोगमा आएका विषय, नीति तथा सिद्धान्तहरू नै भ्रष्टविरोधी शास्त्रको परिभाषा खण्डमा परिभाषित हुन पुगेका छन् ।

- भ्रष्टाचार अनुकरणीय प्रकृतिको हुन्छ । एकले गरेको भ्रष्टाचारजन्य कार्य देखेर अर्कोले सिक्न सक्छ । त्यस्तो अनुकरणीय स्वभाव निस्तेज हुन सक्छ ।
- भ्रष्टाचार सामाजिक रोग हो, अझ यो त महारोग नै हो । रोग भएका कारणले यसको निदान हुन सक्छ । रोगको निदान गर्न औषधिको आवश्यकता पर्छ । भ्रष्टताको औषधि निर्माण विश्वविद्यालयमा हुन सक्छ । भ्रष्टविरोधी विज्ञान नै भ्रष्टता निवारण गर्ने मूल तत्व हो ।
- भ्रष्टाचार सामाजिक समस्या हो । सामाजिक समस्याकै अध्ययनविधिबाट यस विषयको पनि अध्ययन हुन सक्छ । त्यसैले अन्य सामाजिक विज्ञानजस्तै यो भ्रष्टविरोधी शास्त्र पनि सामाजिक विज्ञानका रूपमा स्थापित हुन सक्छ ।
- आयुर्वेद विज्ञानमा किटाणु नै सरुवा रोगको पृष्ठपोषक भएजस्तै भ्रष्टाचार पनि खास किटाणुयुक्त मनोदशाका कारणले हुन्छ । आयुर्वेद विज्ञानको सरुवा प्रकृतिको रोगलाई निदान गरिएजस्तै यसलाई पनि बिस्तारै-बिस्तारै नियन्त्रण गर्न सकिन्छ ।
- भौतिक विज्ञानले पानीको परिवर्तित रूपको व्याख्या गरेजस्तै भ्रष्टता पनि तरल, वाष्प र ठोस अवस्थामा परिवर्तित भएको हुन्छ । त्यसैले भ्रष्टाचार र पानीको प्रकृति एउटै देखिन्छ । पानीजस्तै भ्रष्टाचार पनि माथिबाट तल झर्छ । तर निश्चित विन्दु बनाएर आफ्नो स्तर आफैं कायम गर्छ ।
- भ्रष्टाचारलाई स्पष्ट भौतिक रूपमा देख्न नसकिए तापनि व्यवहारमा देख्न र अनुभव गर्न सकिने भएकाले यसलाई नियन्त्रित अवस्थामा कायम राख्न सकिन्छ ।
- भ्रष्टाचारले राजनीतिक अस्थिरता जन्माउँछ । त्यस्तो राजनीतिक व्यवस्थाले मुलुकको विकासलाई अवरोध गर्छ । विकास रोकिएपछि अभाव सृजना हुन्छ । अभावले द्वन्द्व जन्माउँछ र द्वन्द्वले राजनीतिक अस्थिरता कायम गर्छ । यो चक्रीय प्रणालीको नियन्त्रण भ्रष्टविरोधी विज्ञानले गर्न सक्छ ।
- विकासोन्मुख मुलुकहरूमा गैरसरकारी संस्थाहरूलाई क्रियाशील गराउन मिल्दैन । किनभने बहुसङ्ख्यक गरिब तथा अशिक्षित नागरिकहरू भएको देशमा टाठाबाठाहरूले समानान्तर सरकार सञ्चालन गर्न सक्ने सम्भावना प्रबल हुन्छ, जसका कारणबाट मुलुक सञ्चालन गर्ने राज्यव्यवस्था कमजोर हुन पुग्छ ।
- भ्रष्टाचार गर्ने र गराउने दुवै अपराधी हुन् । ती दुवै दण्डका भागिदार हुन्छन् । भ्रष्ट आचरण गर्नेहरू समाजबाट बहिष्कृत र घृणित हुन्छन् ।
- कुनै व्यक्तिको नियतका बारेमा यकिन निर्णय गर्न अदालतलाई कठिन पर्न सक्छ, तर भ्रष्ट नियतका बारेमा भने भ्रष्टविरोधी शास्त्रको सहयोगबाट व्यक्तिको भ्रष्टताको असली रूपको व्याख्या गरी न्यायिक निरूपण गर्न अदालत सक्षम हुन सक्छ ।
- कुनै व्यक्तिले जानेर, नजानेर वा नियतवश भ्रष्टाचार गर्नसक्छ । यसले व्यक्ति, समुदाय र समाजलाई विगार्न सक्छ । यस्तो भ्रष्टाचार जन्य कार्यलाई भ्रष्टविरोधी शास्त्रलेमात्र नियन्त्रण गर्न सक्छ ।
- प्रशासनिक संयन्त्रको सञ्चालनका लागि नीति, नियम र कानुन बनाएर मात्र पुग्दैन । समय-समयमा त्यसको अनुगमन, निरीक्षण र मूल्याङ्कन पनि हुनुपर्छ । यसभित्र दण्डहीनताको अवस्था रहनु हुँदैन । दोषीलाई दण्ड र कर्मनिष्ठलाई उचित पुरस्कारको व्यवस्था हुनुपर्छ ।
- राजनीतिक दलहरूले प्रत्यक्ष वा परोक्ष रूपमा चन्दा वा अनुदानका रूपमा अर्थ सङ्कलन गर्नु भ्रष्टाचार हो । यो कार्य रोकिनुपर्छ ।

- भ्रष्टाचार यस्तो चुम्बक हो, जसले जहाँ जसलाई जतिखेर पनि खिचेर आफूसँग गाँसिदिन्छ । यो अर्थसँग सम्बन्धित भएको हुनाले पनि यसको आकर्षण शक्तिशाली भएको हो ।
- वर्तमान प्रजातान्त्रिक युगको शत्रु भ्रष्टाचार हो । भ्रष्टाचार प्रजातन्त्रका लागि खतरनाक सावित भएको छ । प्रजातन्त्रको यो शत्रुलाई परास्त गर्ने विधिको निर्माण पनि भ्रष्टविरोधी विज्ञानले नै गर्न सक्छ ।
- भ्रष्टाचारीहरू देशद्रोही हुन्, अपराधी हुन् र मानव-समाजको विकासका लागि बाधक हुन् । यिनलाई दण्डित गरेर मानव-समाजबाट बहिष्कार गर्नुपर्ने हुन्छ ।
- सरकारले खुला रूपमा भ्रष्टाचारविरोधी कार्यलाई प्रमुखता दिई कार्यक्रम सञ्चालन गर्दैन भने सरकार आफैं कमजोर हुन्छ ।
- भ्रष्टाचार गरी जम्मा भएको रकमबाट राजनीतिक दल चलाइन्छ भने नीति र सिद्धान्तबाट राजनीतिक दल च्युत हुन्छ । त्यस्तो राजनीतिक दलको आदर्श र विश्वसनीयतामा सबैले शङ्का गर्नुपर्ने हुन्छ ।
- भ्रष्टाचारको थालनी नै व्यापारिक वर्गबाट हुन्छ । व्यापारिक वर्ग भनेको नाफा आर्जन गर्ने वर्ग हो । कडा एवं सन्तुलित ऐन-कानुनले मात्र यस वर्गलाई नियन्त्रण गर्न सकिन्छ ।
- जबसम्म राज्यसञ्चालन गर्ने प्रशासनिक संयन्त्रमा रहेका सबै किसिमका विकृति र विसङ्गतिहरूको पहिचान गरेर बिस्तारै सुधार गरिँदैन, तबसम्म प्रशासनिक संयन्त्र आवश्यकताअनुसार सक्षम र सबल बन्न सक्तैन ।
- राज्यका जिम्मेवार निकायहरूले आआफ्ना स्थानमा बसेर सेवा सञ्चालन गरेमा र कानुनले दिएको अधिकारको उचित प्रयोग गरेमा मात्र प्रशासनिक संयन्त्रभित्र व्याप्त प्रदूषणलाई बिस्तारै दबाउन सकिन्छ ।
- भ्रष्टाचारले राजनीतिक सङ्कट जन्माउँछ, आर्थिक अवरोध खडा गर्छ र समाजमा विश्वासको सङ्कट पैदा गर्छ । यस परिप्रेक्ष्यमा विश्वसनीयता स्थापित गर्न सक्ने मार्गनिर्देशन गर्न सक्नुपर्छ ।
- प्रजातन्त्रमा निरन्तर रूपमा राजनीतिक सरकार आउँछन् र जान्छन् । मुलुकमा प्रशासनिक संयन्त्रको नाउँमा स्थायी रूपमा जमेर बसेको सरकार पनि हुन्छ । स्थायी रूपको त्यो प्रशासनिक सरकारको कुशल कार्यदक्षताका आधारमा मात्र मुलुकमा स्वच्छ प्रशासन सञ्चालन हुन्छ । त्यसैले स्थायी सरकारसम्बन्धी नीति बलियो तथा देशसुहाउँदो बनाउनुपर्छ ।
- असल शासनका लागि कुशल प्रशासनको जरुरत पर्दछ भने कुशल प्रशासनका लागि असल प्रशासकको आवश्यकता पर्दछ । यी दुवै एक-आपसमा भिन्न भए पनि एक-अर्काका परिपूरक हुन् । एकको अभावमा अर्कोले पूर्णता पाउन सक्तैन ।
- कुनै पनि राज्यव्यवस्था सञ्चालन गर्ने प्रशासनिक क्षेत्रमा काम गर्ने नागरिकहरूलाई राज्यले विशेष सुविधा प्रदान गरेर ती व्यक्तिहरूलाई जिम्मेवारीअनुसार विशेषाधिकार प्रदान गरेको हुन्छ । त्यस्ता समूहलाई नागरिकसेवक वा राष्ट्रसेवक समूह पनि भनिन्छ । राज्यद्वारा विशेष सुविधा प्राप्त गरेका ती कर्मचारीहरूबाट राज्यले यथेष्ट काम लिनुपर्ने भएकाले त्यो समूह अत्यन्तै अनुशासित, इमानदार, नैतिकवान्, जिम्मेवार र उत्तरदायीपूर्ण कार्य गर्न सक्ने क्षमतावान् हुनुपर्छ ।
- मुलुकको प्रशासनिक संयन्त्र विश्वासयुक्त, मजबुत र सबल नभएमा प्रशासन स्वचालित हुन सक्तैन । जुन मुलुकमा सर्वसाधारण जनताले प्रशासनिक संयन्त्रबाट सहज रूपमा सेवा प्राप्त गर्न सक्तैन, त्यस मुलुकको शासन-व्यवस्था असक्षम सावित हुन सक्छ ।
- भ्रष्टाचार उन्मूलन गर्न सकिँदैन तर भ्रष्टाचारलाई पूर्ण नियन्त्रण गर्न सकिन्छ । भ्रष्टाचार नियन्त्रण गर्ने प्रविधिको विकास गर्न सकिन्छ । भ्रष्टाचारको पूर्ण नियन्त्रण भनेको नै उन्मूलन हो ।
- भ्रष्टाचारविरुद्धको विज्ञ जनशक्ति तयार भएमा कुनै पनि विकसित वा विकासोन्मुख मुलुकमा भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ ।
- दोहोरो अर्थ लाग्ने कानुन बन्नु हुँदैन । अपराधीलाई दण्ड दिने कानुन स्पष्ट हुनुपर्छ र अपराधीले अपराधका आधारमा दण्ड पाउने कानुन बनेको हुनुपर्छ ।
- कुनै पनि व्यक्ति जन्मँदै बेइमान भएर जन्मँदैन र अपराधी पनि हुँदैन । तर समाज र समाजको वातावरणले व्यक्तिको सोच र क्रियाकलापलाई नकारात्मक बाटोतर्फ लगाउन सक्छ । त्यस्तो नकारात्मक प्रवृत्तिलाई सकारात्मक दिशातर्फ पनि मोड्न सकिन्छ ।
- मान्छेभित्र सकारात्मक एवं नकारात्मक सोचको उत्पत्ति हुन सक्छ । राज्य र समाजले सकारात्मक सोच उत्पत्ति हुने व्यवस्थालाई बढावा दिनुपर्छ ।
- भ्रष्ट माफियाहरू राजनीतिक क्षेत्रबाट नै पैदा हुन्छन् । राजनीतिमा भ्रष्ट माफियाहरूको बोलवाला चलेपछि राजनीतिक क्षेत्रलगायत सबै क्षेत्र भ्रष्ट पारिदिन्छ ।
- कमजोर कानुनी व्यवस्थाले भ्रष्टाचारलाई बढाएको हुन्छ । तसर्थ भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्ने कानुनी व्यवस्था तर्जुमा गर्न सक्नुपर्छ ।

- व्यक्तिले हैसियतभन्दा बढी धन सङ्कलन गर्नु हुँदैन । बढी धन सङ्कलन भएको देखियो भने तुरुन्त कारवाही गर्न सकिने कानुनी व्यवस्था हुनुपर्छ ।
- भ्रष्टाचार खराब प्रवृत्ति हो । त्यस्तो प्रवृत्ति शक्तिसम्पन्न व्यक्तिहरूमा मात्र विकसित भएको हुन्छ । त्यस्तो खराब प्रवृत्ति लामो समयसम्म टिक्न सक्तैन ।
- प्रत्येक अपराध योजनाबद्ध रूपमा सञ्चालन भएको हुन्छ । यसरी सञ्चालित योजना पदचापको चिह्न छोडेर अगाडि बढेको हुन्छ । त्यही पदचापका चिह्नहरू अपराधको प्रमाणका रूपमा देखिएका हुन्छन् ।
- विकासोन्मुख मुलुकका जनताहरू गरिब, निमुखा र शक्तिहीन हुन्छन् । जनताहरू जागरुक हुन शिक्षित हुनुपर्छ । शिक्षित व्यक्तिले मात्र सकारात्मक सोच कायम राख्न सक्छ ।
- बहुसङ्ख्यक नागरिक शिक्षित नभएसम्म कुनै पनि मुलुकमा पूर्ण प्रजातन्त्रको स्थापना हुन सक्तैन । सचेत नागरिकले मात्र सत्तापक्षको गल्ती औँल्याउन सक्छ ।
- कानुनका आधारमा भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने भएकाले भ्रष्टाचार नियन्त्रण गर्न सक्ने सशक्त कानुन निर्माण गर्न सक्नुपर्छ ।
- विकासोन्मुख मुलुकमा सक्रिय हुने गैरसरकारी संस्थाहरू भ्रष्टाचारजन्य कार्यमा संलग्न भएका देखिएका छन् । त्यस्ता संस्थाहरूमाथि राज्यले पूर्ण निगरानी गर्नुपर्छ ।
- भ्रष्टाचार नियन्त्रण गर्नका लागि तीन किसिमका योजना साथसाथै सुरु गर्नुपर्छ । तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना भिन्नाभिन्नै तरिकाले सुरु गर्न सके प्रभावकारी रूपमा भ्रष्टाचार नियन्त्रणको कार्य सफल हुन सक्छ ।
- घुस लिने र घुस दिने दुवै भ्रष्टाचारी हुन् । दुवैलाई कारवाही गर्न सक्ने कानुनी व्यवस्था हुनुपर्छ ।
- घुस लिने-दिने, पाएको अख्तियारको दुरुपयोग गर्ने र कानुन बनाएर राज्यको सम्पत्ति मास्न खोज्ने, ती सबै भ्रष्टाचारीको कोटीमा पर्छन् । तिनीहरूलाई कारवाही गर्ने व्यवस्था राज्यले गर्न सक्नुपर्छ ।
- सानो वा ठूलो भ्रष्टाचारसम्बन्धी मुद्दा प्रत्येक नागरिकले दायर गर्न पाउने अधिकार कानुनले व्यवस्था गर्नुपर्छ ।
- व्यक्ति, समुदाय र सार्वजनिक पद धारण गर्ने पदाधिकारीलाई भ्रष्टाचारजन्य कार्यमा अनुसन्धान र कारवाहीको दायरामा ल्याई त्यस्ता भ्रष्टाचारीउपर मुद्दा चलाउन सक्ने कानुनको व्यवस्था गर्नु-गराउनुपर्छ ।
- भ्रष्टाचारीलाई राज्य-अपराधका रूपमा स्वीकारी व्यक्ति, समुदाय वा राज्य तीनै क्षेत्रबाट अनुसन्धान र प्रमाण जुटाएर कारवाही गर्न सक्ने व्यवस्था हुनुपर्छ ।
- अस्थिर राजनीतिक व्यवस्था जुन मुलुकमा चलेको हुन्छ, त्यहाँ भ्रष्टाचार संस्थागत रूपमा विकसित भएको हुन्छ । भ्रष्टाचार संस्थागत भएमा देश र जनता कमजोर हुन पुग्छन् । त्यस्तो अवस्था तत्काल बन्द गर्न सक्नुपर्छ ।
- नैतिकता, विश्वास र इमानदारी भएको समाज सधैँ उँभो लाग्छ । समाजका नागरिकहरूको नैतिकता हराएमा, विश्वास बिलाएमा र इमान हराएमा समाज नराम्रोसँग बिग्रन्छ ।
- प्रजातान्त्रिक मुलुकमा विधिअनुसार शासन सञ्चालन गर्नुपर्ने भएकाले विधिद्वारा नै राज्यको प्रशासनिक संयन्त्र पनि चल्ने-चलाउने वातावरण राजनीतिक क्षेत्रमा हुनुपर्छ । प्रशासनिक कर्मचारीलाई सङ्गठन खोली राजनीतिक दलमुखी बनाउन दिनु हुँदैन ।
- पेसाप्रतिको उत्तरदायित्व बहन हुनुपर्छ । पदको जिम्मेवारी र जवाफदेही बहन गर्न सक्ने वातावरणले मात्रै प्रशासनिक क्षेत्र सुदृढ हुन्छ ।
- प्रशासनिक संयन्त्र सञ्चालन गर्न दण्डहीनताको अवस्था हुनु हुँदैन । काम गर्नेलाई पुरस्कार र काम नगर्नेलाई दण्ड दिने व्यवस्थाले प्रशासनिक क्षेत्र सेवामुखी र अनुशासित हुन्छ ।
- पीत पत्रकारिताले राजनीतिमा अस्थिरता ल्याउँछ, अस्थिरताले भ्रष्टता बढाउँछ । प्रजातान्त्रिक विकासमा पीत पत्रकारिता अभिशाप भएको हुँदा यसको नियन्त्रणविधि विकास गर्नुपर्छ ।
- कुनै पनि मुलुकको सञ्चार-माध्यम अर्को मुलुकको घुसपैठमा सञ्चालन हुनु हुँदैन । सञ्चार-माध्यमको सञ्चालन स्वच्छ र स्वदेशी हुनुपर्छ । विदेशी घुसपैठले पीत पत्रकारिताको जन्म हुन्छ ।
- राष्ट्रका लागि नीतिगत भ्रष्टाचार आर्थिक भ्रष्टाचारभन्दा घातक हुन्छ । तसर्थ नीतिगत भ्रष्टाचारका लागि निश्चत रूपमा राजनीतिक दल दोषी हुन्छन् । व्यवस्थापिका राजनीतिक दलकै जिम्मेवारीमा सञ्चालन हुने हुनाले राज्यहितभन्दा व्यक्तिगत र दलगत हितका निम्तिका नीति निर्माण गर्ने प्रवृत्ति प्रबल हुन सक्छ । त्यस्ता राजनीतिक दललाई निषेध गर्न सक्ने वातावरण तयार गर्नुपर्छ ।
- नागरिकमा सकारात्मक सोचको विकास गर्न सक्नुपर्छ । सकारात्मक सोचबाट विवेकको निर्माण हुन सक्छ । विवेकको निर्माणबाट नै आदर्श समाजको स्थापना हुन्छ ।
- कर्मचारीतन्त्रको भ्रष्टाचारलाई राजनीतिक तन्त्रले नियन्त्रण गर्नुपर्छ । राजनीतिक तन्त्रलाई जनताले नियन्त्रण गर्ने वातावरण तयार हुनुपर्छ ।

- मुलुकको राज्यव्यवस्थामा संलग्न व्यक्तिहरू स्वच्छ, इमानदार र नैतिकवान् हुनु अनिवार्य छ । ती व्यक्तिहरू बेइमान, अवसरवादी र अनैतिक भइदिए भने सर्वसाधारण जनताको जीवनस्तर उठ्न सक्तैन । जनताको जीवनस्तर माथि उठ्न नसकेको अवस्थामा सर्वसाधारण जनता विद्रोहमा उत्रन सक्छन् । त्यसैले सत्ताधारीहरू जिम्मेवार हुन सक्नुपर्छ ।
- राजनीतिक परिवर्तनले यदाकदा अस्थिरता जन्माउँछ । अस्थिरताले अविश्वासको साथमा स्वार्थता जोड्दछ । अविश्वास र स्वार्थता तोड्न नैतिक मूल्ययुक्त समाजको स्थापना गर्न सक्नुपर्छ ।
- भ्रष्टाचार नियन्त्रणविना राजनीतिक वातावरण स्थिर हुन सक्तैन । अस्थिर राजनीतिक वातावरणमा देशको विकास सम्भव छैन । देशको आर्थिक विकासविना सर्वसाधारण जनताको जीवनस्तर उठाउन सकिँदैन ।
- राजनीतिक दलहरूले निर्वाचन खर्चको नाममा आर्थिक अनुदान दिने र अर्थ सङ्कलन गर्ने व्यवस्थाले भ्रष्टाचार बढाउने कार्यमा सहयोग पुर्‍याएको हुन्छ । राजनीतिक दलहरूले व्यक्ति, संस्था वा विदेशी निकायसँग चुनावखर्च लिनु वा सङ्कलन गर्नु हुँदैन ।
- भ्रष्टाचारीहरू कमिसनको लेनदेनलाई भ्रष्टाचार मान्न तयार छैनन् । तर कमिसनको लेनदेन पूर्ण भ्रष्टाचारजन्य कार्य हो । यो प्रथा पूर्ण रूपमा रोकिनुपर्छ ।
- भ्रष्टाचार संस्थागत रूपमा झाङ्गिएर सर्वत्र यसको जरा फैलिएको अवस्थामा मुलुकभित्र बसोबास गर्ने सबै बुद्धिजीवी, चिन्तक, पत्रकार र राष्ट्रवादी समूहहरूले बोल्ने, लेख्ने, औंल्याउने र दबाब दिने कार्यलाई निरन्तरता दिइरहनुपर्छ ।
- नागरिक समाज र मुलुक जतिजति नयाँ युगमा प्रवेश गर्दै जान्छ, भ्रष्टाचारको रूप पनि बदलिँदै जटिल रूपमा प्रस्तुत हुन थाल्छ । यस्तो परिवर्तित अपराधलाई नियन्त्रण गर्न सक्ने समयको मागअनुसारको व्यवस्थाको सृजना गर्न सक्नुपर्छ ।
- सम्पन्न मुलुकहरू अर्थात् दातृ मुलुकहरूको सहयोग वा ऋण रकम निकासा गर्ने जिम्मा पाएका व्यक्तिहरूको गिद्धेदृष्टिकै कारण विकासोन्मुख मुलुकहरूमा भ्रष्टाचारको गर्भाधान हुन्छ । दातृ मुलुकका सहयोगी समूहहरूलाई पनि भ्रष्टाचारसम्बन्धी कारवाहीको दायरामा ल्याउन सक्नुपर्छ ।
- जुन मुलुकमा तस्करी फस्टाएको हुन्छ, त्यस मुलुकको राज्यसत्ता र राज्यकोष दुवै कमजोर हुन पुग्छन् । नागरिकहरूमा हुने र नहुनेबीचको दूरी बढ्न थाल्छ अनि यसले राज्यमा आतङ्कलाई जन्म दिन्छ ।

माथि उल्लिखित परिभाषाका बुँदाहरूबाट मात्र यो भ्रष्टविरोधी शास्त्र पूर्ण हुन सक्तैन । यसै पुस्तकमा प्रयोगमा आएका उपयुक्त बुँदाहरूलाई पनि परिभाषाको क्षेत्रमा समावेश गरेर हेर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयको मागअनुसार यसपछि व्याख्या तथा विश्लेषण हुँदै अध्ययन र शोधबाट निस्कने महत्वपूर्ण बुँदाहरूलाई पनि परिभाषामा समावेश गर्दै जानुपर्ने हुन्छ ।

# भ्रष्टविरोधी शास्त्रको नीतिगत सिद्धान्त तथा सूत्र
# (Ethicwise principles and formulas of Anticorruptology)

- सदाचार मान्छेको जन्मजात गुण हो ।

  – नीतिविज्ञान

- मान्छे विवेकशील प्राणी हो । ऊ सधैँ असल भएर समाजमा बाँच्न चाहन्छ ।

  – समाजशास्त्र

- व्यक्तिको सर्वपक्षीय विकास उसको मनोभावले निर्देश गरेको हुन्छ ।

  – मनोविज्ञान

- आर्थिक कारोबार र व्यवहारमा विचलन आउनु हुँदैन ।

  – अर्थशास्त्र

- मानव-समाजको विकास व्यक्तिको सद्व्यवहारले मात्र गर्दछ ।

  – मानवशास्त्र

- नीतिगत अभ्यासले असल तथा सकारात्मक सोच पैदा हुन्छ ।

  – नीतिशास्त्र

- व्यक्तिको असल सोचले नै राजनीतिक परिवर्तन हुन्छ ।

  – राजनीतिक शास्त्र

- घुस लिनु र दिनु दुवै पाप हो । यो मानव-जीवनमा वर्जित छ ।

  – धर्मशास्त्र

- घुस खाने र खुवाउने दुवै अपराधी हुन् । अपराधी कानुनबाट बच्न सक्तैन ।

  – विधिशास्त्र

यी माथिका सिद्धान्तहरू शाश्वत हुन् तथा प्रामाणिक हुन् ।

भ्रष्टविरोधी शास्त्रको सिद्धान्त तथा सूत्रलाई केलाउँदा मानव-समाजको बनोटलाई हेर्नुपर्छ । सबै समाज र मुलुकमा एक किसिमको विधि, व्यवस्था र संस्कृति सञ्चालन भएको हुँदैन, तापनि सामाजिक बनोटको एकाइतꣳव भनेको व्यक्ति नै हो । यस अध्ययनको सूत्र र सिद्धान्तलाई केलाउँदै र व्याख्या गर्दै जाँदा अन्य सिद्धान्त र सूत्रहरू पनि जन्मन सक्छन् । त्यसरी जन्मेका सिद्धान्त तथा सूत्रलाई पछि ठीक ढङ्गले पहिचान गरी समावेश गरिने नै छ । हाललाई निम्नलिखित बुँदाहरू सूत्र र सिद्धान्तमा समावेश गरिएको छ :

- जन्मँदै मान्छेले मानवीय प्रकृतिको आचार र व्यवहार साथमा ल्याएको हुन्छ । मानिसले जन्मसँगै अपराध ल्याएको हुँदैन । त्यसैले ऊ अपराधी र भ्रष्ट हुँदैन । समाजको वातावरणले मात्र मान्छेलाई भ्रष्ट बनाउँछ । यो परिवर्तित प्रवृत्ति आफ्नो पूर्वस्वभावमा फर्कन सक्छ ।
- भ्रष्टाचार र सदाचार दुवै मानिसभित्र रहने तꣳव हुन् । यी नियन्त्रित रूपमा रहन-बस्न सक्तछन् ।
- व्यक्ति नै भ्रष्टाचारको प्रारम्भ र अन्त्यको एकाइ हो । व्यक्ति नै मूल विन्दु भएको हुँदा मूल रूपमा लक्षित एकाइ पनि व्यक्ति नै हो । यसबाट व्यक्ति र व्यक्तित्वको विकासमा निगरानी राख्न सकिन्छ ।
- कुनै पनि मानिस दैवी शक्ति प्राप्त गर्न सक्ने क्षमताको हुन्छ । उसको चेतनाको स्तरले उसको आन्तरिक र बाह्य शक्ति निर्धारण गरिदिन्छ ।
- व्यक्तिबाट समाज अनि समुदाय, संस्था, सङ्घ, शासक, शासित र राजनीतिक सङ्गठन आदि निर्माण हुन्छन् । व्यक्तिद्वारा निर्मित समाजका अन्य निकायहरू सुदृढ, स्वच्छ र जिम्मेवार बन्न पुग्ने भएकाले व्यक्तिबाट नै आचारशुद्धता तथा व्यवहारशुद्धताको थालनी हुनुपर्छ ।
- व्यक्तिको स्थापित मूल्यलाई समाजले अङ्गिकार गरेको हुन्छ । त्यस्तो मूल्यलाई कायम गराउने वातावरण तयार पार्नुपर्छ ।
- भ्रष्टाचार सामाजिक समस्या हो । अर्को अर्थमा यो सामाजिक रोग पनि हो । समाजको अङ्ग व्यक्ति हो । त्यसैले व्यक्तिबाट नै सर्वप्रथम रोगनिदानका लागि उपचार सुरु गर्नुपर्छ ।

- भ्रष्टाचारको उत्पत्ति व्यक्तिको मनोभावबाट सुरु हुन्छ । मनोभाव र विचार देख्न सकिँदैन, तर महसुस गर्न सकिन्छ । कार्यान्वयनमा आएपछि प्रस्ट देख्न पनि सकिन्छ । त्यस्तो विकृत मनोरोग आचार र संस्कृतिको सुधारका माध्यमद्वारा नियन्त्रित हुन सक्छ ।
- उचित वा अनुचित छुट्याउन सक्ने क्षमता बोकेको मान्छे नै विवेकशील हो । त्यही विवेकका आधारमा उसको परिवेश निर्माण भएको हुन्छ ।
- सरुवा रोगको जस्तो प्रकृति भएको भ्रष्ट मनोदशालाई चिकित्सा उपचारपद्धतिका आधारमा निर्मूल गर्न सकिन्छ ।
- यो अनुकरणीय प्रवृत्तिको भएको हुँदा खराब कुराको अनुकरण गर्नु हुँदैन, असल कुराको गर्नुपर्छ भन्ने शिक्षा प्राथमिक तहदेखि नै नीतिगत र नैतिक शिक्षा दिने व्यवस्था गर्नुपर्छ ।
- यो पानीको प्रकृतिको भएकाले यसलाई खुला छोड्दा यसले नोक्सान गर्छ । यसलाई नदीको तटबन्धनविधिले नियन्त्रणमा राख्ता भूमि उर्वर मात्र गराउने होइन, विद्युतसमेत उत्पादन गर्न सक्ने हुन्छ । त्यसैले यसको शक्तिको पहिचान गरी यसलाई नियन्त्रणमा लिन सक्नुपर्छ ।
- व्यक्तिको स्वभावले नै समाज-विकासको गति निश्चित गर्ने हुँदा व्यक्तिमा विज्ञताको विकास गर्न सक्नुपर्छ । व्यक्तिको विज्ञताको विकास शिक्षणसंस्थाबाट मात्र सम्भव छ ।
- आधारभूत आवश्यकताको परिपूर्ति भएको अवस्थामा मात्र मान्छेको खराब पक्षलाई नियन्त्रण गर्न सकिन्छ ।
- मूलतः व्यक्ति र व्यक्तिमा देखिने आचार, विचार र व्यवहारको स्वाभाविक रूपलाई ठीक ढङ्गबाट सञ्चालन गर्न-गराउन आवश्यक विधि तथा संस्कृतिको निर्माण गर्नु-गराउनुपर्ने हुन्छ ।

आदि ।

# भ्रष्टविरोधी शास्त्रको नामकरण
# (Naming of Anticorruptology)

भ्रष्टाचार सामाजिक समस्याका रूपमा देखापरेपछि यो सामाजिक समस्यालाई गहिरिएर अध्ययन गर्नुपर्ने अवस्था आयो । निचोडस्वरूप भ्रष्टाचारको समस्या भनेको अन्य सामाजिक समस्याभन्दा बेग्लै प्रकृतिको ठहर भयो । यसलाई समाजशास्त्रकै अङ्गका रूपमा स्वीकार गरी अध्ययनको दायरा फराकिलो पार्न मिलेन । यसलाई छुट्टै विषय दिएर अध्ययन गर्नुपर्दा यसको विस्तृत अध्ययन हुनुपर्ने भयो । अध्ययनकै क्रममा के निर्णयमा पुगियो भने यो सामाजिक समस्या मात्र नभएर सामाजिक रोग नै हो । यो रोग मानवीय रोगजस्तै सरुवा किटाणुयुक्त रोग नै ठहर भयो । रोग हो भन्ने पत्ता लाग्नेबित्तिकै रोगको निदान हुन सक्छ भन्ने यकिन पनि भयो ।

भ्रष्टाचार रोग हो भन्ने निर्णयमा पुगेपछि यसको निदान पनि अवश्य छ भन्ने निष्कर्षमा पुगियो । यसको औषधोपचारको नीति-विधिको पहिचान हुँदै गएपछि चिकित्सा विज्ञान (मेडिकल साइन्स) को सिद्धान्तबमोजिम चल्नुपर्ने निश्चय भयो । रोग लाग्न नै नदिने तरिका अपनाउने, रोग लाग्न थाल्यो भने रोगको रोकथाम गर्न साधारण औषधि-उपचार सुरु गर्ने, त्यस्तो उपचार गर्दा पनि निदान भएन भने एन्टिबायोटिक्स प्रयोग गर्ने, त्यसबाट पनि रोग निको भएन भने शरीर बचाउन शरीरको कुनै सानो वा ठूलो भाग काटी फालेर पनि शरीर बचाउने भन्ने नीतिअनुसार भ्रष्टविरोधी शास्त्र विज्ञानका रूपमा बिस्तारै विकसित हुन थाल्यो ।

भ्रष्टविरोधी विज्ञान तयार भएपछि यो नवीन विज्ञानको नाम के राख्ता उपयुक्त हुन सक्छ भन्ने विषयमा विचार गर्दा निम्नलिखित नामहरूमाथि विचार गर्नुपर्ने आवश्यकता देखियो –

१. भ्रष्टाचार नियन्त्रणको विज्ञान,
२. चरित्र-विज्ञान,
३. भ्रष्टाचार नियन्त्रणको व्यवस्थापन,
४. भ्रष्टविरोधी शास्त्र ।

१. भ्रष्टाचार नियन्त्रणको विज्ञान :
भ्रष्टाचारविरुद्धको विज्ञानको नाउँ भ्रष्टाचार नियन्त्रणको विज्ञान राख्नु राम्रै देखिन्छ । भ्रष्टाचार नियन्त्रण भन्नेबित्तिकै पद्धतिको विकास गर्नुपर्ने देखिन्छ । पद्धतिको घेराभन्दा बाहिर जान नसकिने अवस्था पनि आउन सक्छ । त्यसैले यसलाई फराकिलो रूपमा फिँजिन सक्ने गरी व्याख्या गर्न र गराउन सक्ने र प्रमाणित गरेर लागू गराउन सक्नेसमेतका आधारमा विचार गर्नुपर्ने देखिन्छ । तसर्थ भ्रष्टाचार नियन्त्रणको विज्ञान भन्ने नाउँ अनुपयुक्त देखिँदैन ।

२. चरित्र-विज्ञान :
भ्रष्टाचारविरुद्धको विज्ञान व्यक्तिको चरित्रसँग पनि सम्बद्ध विषय हो । मान्छेको शारीरिक, मानसिक, आर्थिक, सामाजिक र राजनीतिक विकास नै व्यक्तिको चरित्रले निश्चित गरेको हुन्छ । चरित्रवान् मान्छे न भ्रष्ट हुन सक्छ, न भ्रष्टाचारलाई संस्थागत विकास गराउन सक्छ । चरित्र-विज्ञानले व्यक्ति, समुदाय र समाजमा कसरी जीवन सुखमय र समृद्ध बनाउन सकिन्छ भन्ने कुरा मूल रूपमै सिकाउँछ । चरित्र-विज्ञान अथवा आचार-विज्ञानअन्तर्गत तयार भएको समाजले सधैँ राम्रो र उन्नतिशील कार्य गरेको हुन्छ । त्यसैले भ्रष्टविरोधी विज्ञानमा मानव-चरित्र र आचारले महत्वपूर्ण स्थान ओगट्न सक्छ । हामी चरित्र-विज्ञानलाई नै भ्रष्टविरोधी विज्ञानका रूपमा विस्तार गर्न सक्छौँ ।

३. भ्रष्टाचार नियन्त्रणको व्यवस्थापन :
भ्रष्टविरोधी विज्ञानका लागि भ्रष्टाचार नियन्त्रणको व्यवस्थापन नाम पनि सुहाउँदो देखिन्छ । व्यवस्थापनसम्बन्धी विधिअनुसार नियन्त्रणको उपाय खोज्न पनि सजिलो छ । वास्तवमा नियन्त्रणविधिकै विकास गरी भ्रष्टाचारलाई शून्य सहनशीलताको अवस्थामा पुऱ्याउन सकिने प्रविधि व्यवस्थापनकै सिद्धान्तमा निहित देखिन्छ । भ्रष्टाचार नियन्त्रणको व्यवस्थापन सिद्धान्तअनुसार पनि भ्रष्टविरोधी विज्ञानलाई परिचित गराउन सकिन्छ ।

४. भ्रष्टविरोधी शास्त्र :
भ्रष्टविरोधी विज्ञानका लागि 'भ्रष्टविरोधी शास्त्र' उपयुक्त नाम देखिन्छ । भ्रष्टविरोधी अर्थात् भ्रष्टाचारसँग सम्बद्ध सबै किसिमका क्रियाकलापलाई अध्ययनमा समेट्न सकिन्छ । भ्रष्ट र विरोधी, यी दुई शब्द मिलेर भ्रष्टविरोधी एक शब्द भई यसले विशेष अर्थ दिन सकेको छ । 'शास्त्र' मा विषयसम्बन्धी समष्टिगत अध्ययन गर्न सकिने गरी विषय समावेश भएको

हुनुपर्छ । त्यसैले 'भ्रष्टविरोधी शास्त्र' ले भ्रष्टाचारसँग सम्बन्धित र त्यसको रोकथाम विधि, व्यवस्थापन नीति, नियन्त्रण पद्धति र अध्ययन प्रविधिसमेतको विस्तृत अध्ययन गर्ने शास्त्र भन्ने बुझाउँछ ।

माथि उल्लेख भएका (१) भ्रष्टाचार नियन्त्रणको विज्ञान, (२) चरित्र-विज्ञान, (३) भ्रष्टाचार नियन्त्रणको व्यवस्थापन, यी तीनै शीर्षक उपयुक्त नै देखिन्छन्, तापनि यी तीन शीर्षकभन्दा ४ मा उल्लिखित 'भ्रष्टविरोधी शास्त्र' नै अझ उपयुक्त र विषयसँग सुहाउँदो नाम देखिन आयो । किनभने यसभित्र अध्ययनका लागि सबै क्षेत्र समेट्न सकिने देखियो । भ्रष्टाचारविरुद्धको विज्ञान भन्नेबित्तिकै भ्रष्टाचारका सकारात्मक र नकारात्मक दुवै पक्षको विस्तृत अध्ययन गर्नुपर्ने हुन्छ । साथै, भ्रष्टाचारका विरुद्धमा अध्ययन गर्न के-कुन सूत्र प्रयोगमा ल्याउन सकिन्छ, के-कुन तत्वको विश्लेषणबाट नियन्त्रणका उपाय खोज्न सकिन्छ र के-कुन प्रविधिको विकास गर्दा भ्रष्टाचारमुक्त समाज निर्माण गर्न सकिन्छ भन्ने विस्तृत अध्ययन गर्नुपर्ने हुन्छ । भ्रष्टविरोधी शास्त्रअन्तर्गत भ्रष्टताविरुद्धका सबै पक्षलाई चाहिने सबै प्रकारको अध्ययन हुन सक्ने भएकाले भ्रष्टाचारविरुद्धको विज्ञानको नाउँ 'भ्रष्टविरोधी शास्त्र' राख्नु नै उपयुक्त देखिन्छ ।

भ्रष्टाचार विषय र मानवरोग विषयको प्रकृति एक-अर्कासँग मिलेको हुँदा भ्रष्टाचारविरुद्ध विज्ञान र चिकित्सा विज्ञान (मेडिकल साइन्स) एक-अर्कामा मिल्न गएका छन् । चिकित्सा विज्ञानको सिद्धान्त, व्याख्या, विधि, पद्धति र निर्णयजस्तै स्वरूप भ्रष्टविरोधी शास्त्रको पनि रहने भएकाले यसको अध्ययन वर्तमान अवस्थामा जे-जसरी भएको छ, भविष्यमा पनि उत्पन्न हुने रोगका आधारमा उपचारविधि थपिँदै जानेछ । यसरी समय र विषयअनुसार व्याख्या-विश्लेषण गर्दै उपचारपद्धतिको निर्माण गर्दै जानुपर्ने भएकाले यो कार्य भ्रष्टविरोधी शास्त्रले मात्र गर्न सक्ने भएको छ ।

हाल नामकरण गरिएको भ्रष्टविरोधी शास्त्रको पछि व्याख्या, विश्लेषण र निर्णय गरी अर्को नाउँ परिवर्तन नभएसम्मका लागि भ्रष्टाचारविरुद्ध विज्ञानको नाउँ 'भ्रष्टविरोधी शास्त्र' नै उपयुक्त ठहर भएको छ ।

# अध्ययनको आवश्यकता
# (Requirement of Study)

समाजको सृष्टिकालदेखि नै समाजमा अनेकानेक किसिमका समस्याहरू उत्पन्न हुन्छन् र भएका छन् । समय-समयमा उत्पन्न हुने र भएका त्यस्ता समस्याहरूको समाधानको उपाय पनि यसै समाजमा अन्तर्निहित रहेको कुरा पनि हामीले बुझेका छौँ । मानवीय समाजमा अनेकानेक समस्याहरू समयअनुसार आई क्रमशः विकसित हुँदै समाजलाई समस्याग्रस्त तुल्याएपछि त्यसको निराकरणको उपाय पनि खोजी हुने गर्छ । मानव-समाजमा उत्पन्न हुने कुनै पनि नौलो समस्याका विरुद्धमा प्रतिरोध गर्न र समाधानको बाटो पत्ता लगाई समस्याको समाधान गर्न प्रयत्न हुने गरेको छ ।

यसै क्रममा विश्वका सबैजसो मुलुकमा डरलाग्दो सामाजिक समस्याका रूपमा भ्रष्टाचारको विकसित रूप देख्न थालियो । यो समस्या विकसित हुँदै विकसित एवं विकासोन्मुख मुलुकहरूमा जीवन समाप्त गर्ने महामारीका रूपमा स्थापित हुन पुग्यो । मुलुकको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाअनुसार भ्रष्टाचारले आफ्नो प्रकृति फरक गरेर प्रवेश गऱ्यो । तर सबै मुलुकमा यसको प्रभाव कायम रह्यो ।

मानव-विकासका क्रममा मानव-जीवनलाई समाप्त गर्न समयअनुसार अनेक किसिमका रोगयुक्त महामारी फैलिएको र त्यस्तो महामारी, जस्तै : प्लेग, हैजा, बिफर र सिफलिस रोगले हजारौँ-हजार मानव-जीवनलाई समाप्त गरेको हामीले देखेका र बुझेका छौँ । जतिखेर रोग फैलिन्छ, त्यतिखेर उपचारको विधि नभए पनि रोगले अतिक्रमण गरेपछि रोगको रोकथाम गर्ने मात्र होइन, रोगलाई पूर्ण नियन्त्रण गर्ने विधि चिकित्सा विज्ञान ९:भमष्अबी क्अष्भलअभ० ले निर्माण गरेर मानव-जीवनको रक्षा गरेको छ । त्यसरी नै विश्वका सबै मुलुकमा फैलिएको यो मनोरोगलाई फैलन नदिन र नियन्त्रित अवस्थामा राख्न भ्रष्टविरोधी शास्त्र प्रादुर्भाव भएको छ र यस विषयको अध्ययन आवश्यक भएको छ ।

भ्रष्टाचार सामाजिक समस्या अर्थात् सामाजिक रोग हो । रोग भनेर यसको नामकरण गरिसकेपछि यसको निदान पनि पक्कै छ भन्ने बुझ्नुपर्ने हुन्छ । रोगको उपचार गर्न औषधिको आवश्यकता पर्छ । औषधिको उत्पादन गर्ने पनि निश्चित विधि छ । औषधिको विधि-विज्ञानबाट औषधि उत्पादन गरी उपचार गर्दा रोक नियन्त्रण भएजस्तै भ्रष्टाचारजस्तो मनोरोगलाई उपचार गर्न पनि अध्ययन-अध्यापनको विधि निर्माण गर्नुपर्ने देखिन्छ । यो विधि क्रमशः निर्माण हुन्छ । यसलाई यसरी निर्माण गर्न सकिन्छ :

१. शोधकार्यको आरम्भ २. स्नातकोत्तर तहको कक्षा आरम्भ ३. विद्यावारिधि तथा अनुसन्धान
४. भ्रष्टविरोधी विज्ञ तयार ५. पाठ्यसामग्री लेखन ६. स्कुल तहदेखि पठनपाठन सुरु

१. शोधकार्यको आरम्भ :
अध्ययनको स्थल विश्वविद्यालय भएको हुँदा उच्चशिक्षाको स्नातक वा स्नातकोत्तर तहको कक्षाका विद्यार्थीद्वारा भ्रष्टाचारविरुद्धको विषयमा शोधकार्य आरम्भ गर्नुपर्छ । जुन विषयसँग मेल खान्छ, त्यस विषयमा भ्रष्टाचार नियन्त्रणविधिलाई मूल विषय बनाई शोधकार्य गर्न-गराउन सकिन्छ । यसरी शोधकार्य गराउनु नै अध्ययनको आरम्भ हो ।

२. स्नातकोत्तर तहको कक्षा आरम्भ :
स्कुल तहमा समेत भ्रष्टविरोधी विषयको पठनपाठन नभएको हुँदा यस विषयलाई सर्वप्रथम स्नातकोत्तर तहमा पठनपाठन सुरु गर्नुपर्ने आवश्यकता देखिन्छ । यस विषयसँग मेल खाने राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, ग्रामीण विकासशास्त्र, जनप्रशासनशास्त्र, पत्रकारिता, व्यवस्थापन र कानुन आदि विषयलाई मिलाएर अध्ययन सुरु गराउन सकिन्छ । मूल विषय भ्रष्टविरोधी भएको हुँदा स्नातकोत्तर उत्तीर्ण विद्यार्थीहरू सामान्य विज्ञका रूपमा तयार हुन्छन् ।

३. विद्यावारिधि तथा अनुसन्धान :
स्नातकोत्तर तह उत्तीर्ण गरेको विद्यार्थीले विद्यावारिधिको शोधकार्य र अनुसन्धान सुरु गर्ने बाटो खुलेपछि यस कार्यमा बढी मान्छेहरूको आकर्षण बढ्नेछ ।


४. भ्रष्टविरोधी विज्ञ तयार :
यसरी स्नातकोत्तरको अध्ययन गर्दै भ्रष्टविरोधी विषयमा विद्यावारिधि गरेपछि पूर्ण विज्ञ जनशक्ति तयार हुनेछन् ।

५. पाठ्यसामग्री लेखन :

ती विज्ञ जनशक्तिहरूबाट स्कुल तहदेखि उच्चशिक्षासम्मका विद्यार्थीहरूलाई आवश्यक पाठ्यसामग्रीहरू तयार गरिनेछन् ।

६. स्कुल तहदेखि पठनपाठन सुरु :
यसरी पाठ्यसामग्री तयार भएपछि स्कुल तहदेखि उच्चशिक्षासम्म भ्रष्टविरोधी विषयको पठनपाठन सुरु हुनेछ ।

अध्ययन-अध्यापनको क्रमबद्धतालाई यसरी हेरौं –




क्रमशः (१) शोधकार्यको आरम्भ, (२) स्नातकोत्तर तहको अध्ययन आरम्भ, (३) विद्यावारिधि र अनुसन्धान, (४) भ्रष्टविरोधी विज्ञ तयार, (५) पाठ्यसामग्री लेखन, (६) स्कुल तहदेखि पठनपाठन सुरु गरेर भ्रष्टाचारका विरुद्ध अध्ययन सुरु गर्नुपर्ने आवश्यकता देखिन्छ ।

भ्रष्टविरोधी अध्ययन-अध्यापन आजको आवश्यकता हो । विश्वका सबै मुलुकहरू भ्रष्टाचारजस्तो सरुवा रोगले ग्रस्त भएका हुँदा र यो सरुवा प्रकृतिको मनोरोगको नियन्त्रण विज्ञ जनशक्ति उत्पादन गरेर मात्रै सम्भव हुने भएको हुँदा भ्रष्टविरोधी विषयको अध्ययन-अध्यापनको आवश्यकता भएको हो ।

# भ्रष्टविरोधी शास्त्रका गुण तथा अवगुण
# (Good and bad aspect of Anticorruptology)

सबै शास्त्रहरूका गुण तथा अवगुणहरू भएजस्तै भ्रष्टविरोधी शास्त्रका पनि गुण पक्ष र अवगुण पक्ष छन् । ती गुण पक्ष र अवगुण पक्षलाई हेरौँ :

भ्रष्टविरोधी शास्त्रका गुणहरू :

- मान्छेको विचारमा सकारात्मक सोच पैदा गराउँछ ।
- मान्छेभित्र रचनात्मक प्रवृत्तिको विकास गर्छ ।
- मान्छे-मान्छेबीच असल व्यवहार पैदा गराई मेलमिलाप बढाउँछ ।
- आचारयुक्त जीवनयापन गर्न मार्गनिर्देशन गर्छ ।
- समाजमा सदाचारको पाठ सिकाउँछ ।
- व्यापार र उद्योग क्षेत्रमा विधिपूर्वक कार्य गर्न लगाउँछ ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापारमा स्वच्छ र प्रभावकारी कार्य गर्न सिकाउँछ । एक क्षेत्रको अर्को क्षेत्रसँगको व्यवहारमा स्वच्छता प्रदान गर्छ ।
- व्यक्ति वा संस्थालाई पूर्ण व्यावसायिक बनाउँछ ।
- समाजमा भ्रष्टविरोधी संस्कृतिको विकास गर्छ ।
- न्याय दिने र दिलाउने क्षेत्रमा न्यायिक मनलाई स्थापित गर्छ ।
- नीति र विधिको ठीक ढङ्गले प्रयोग गर्ने-गराउने कार्य गर्छ ।
- सिद्धान्तवादी राजनीतिक समूह खडा गर्न मद्दत गर्छ ।
- नीति तथा सिद्धान्तवादी नेता तथा कार्यकर्ता उत्पादन गर्ने कार्य गर्छ ।
- राज्यप्रशासन जिम्मा लिने कर्मचारीहरूलाई पूर्ण जिम्मेवार बनाउँछ ।
- राष्ट्रसेवकलाई वास्तवमै राष्ट्रसेवकका रूपमा स्थापित गर्छ ।
- कुशल एवं स्वच्छ प्रशासनसेवा सञ्चालन गराउँछ ।
- पूर्ण रूपमा आर्थिक अनुशासन कायम राख्न मद्दत गर्छ ।
- समाज तथा राज्यव्यवस्थाको आर्थिक अनुशासन कायम राख्न मद्दत गर्छ ।
- समाज तथा राज्यव्यवस्थाको आर्थिक अवस्था सुदृढ बनाउँछ ।
- राज्यको ढुकुटीलाई बढाउने र सुरक्षा दिने काम गर्छ । मुलुक र जनतालाई समृद्ध बनाउने कार्यमा मद्दत गर्छ ।
- राष्ट्रियता समाप्त गर्ने जमातलाई अगाडि बढ्न नदिई राष्ट्रप्रति असल निर्णय लिने जनशक्ति तयार गर्छ ।
- मुलुकको आवश्यकताअनुसार शिक्षाप्रणाली लागू गर्न मद्दत गर्छ ।
- बौद्धिक जमातलाई समाज र राष्ट्रप्रति सधैँ सजग गराइराख्छ ।
- स्वास्थ्यक्षेत्रमा हुने अवाञ्छित अभ्यासलाई निरुत्साहित गर्छ ।
- सबैका लागि स्वास्थ्य भन्ने आवश्यक तत्वको बोध गराउँछ ।
- औषधिको उत्पादन र आयातमा पूर्ण नियन्त्रण कायम गर्छ ।
- मुलुकको प्राकृतिक स्रोत र साधनलाई संरक्षण गर्छ ।
- गैरसरकारी संस्थाहरूलाई पूर्ण नियन्त्रणमा राख्न मद्दत गर्छ ।
- सामाजिक र आर्थिक क्षेत्रमा हुने अपराधलाई निस्तेज गर्छ ।
- राजनीतिक क्षेत्रमा हुने ठूला वा साना अपराधलाई हटाउने कार्य गर्छ ।

भ्रष्टविरोधी शास्त्रका अवगुणहरू :

- समाजमा नकारात्मक प्रवृत्ति भएका व्यक्तिहरूमा यसप्रति घृणा पैदा हुन्छ ।
- अर्थ आर्जन गर्ने सजिलो बाटो अवरोध हुँदा त्यस्ता व्यक्ति वा समूह बेखुस हुन्छन् ।
- भ्रष्ट आचरणका व्यक्तिहरू चिन्तित हुन्छन् ।

- अवैध कारोबार गर्ने व्यक्ति वा समूहलाई आघात पर्छ ।
- घुस लिने वा दिने दुवै कार्य गरी काम बनाउने समूहलाई मर्का पर्छ ।
- अनुचित कार्य गर्ने व्यक्ति वा समूह बेखुस हुन्छन् ।
- पाएको अख्तियारको दुरुपयोग गर्ने व्यक्ति वा संस्था निराश हुन्छन् ।
- राजनीतिक दलको कार्यसञ्चालनमा कठिनाइ हुन सक्छ ।
- राजनीतिक दलका नेताका प्रति कार्यकर्ताको मोह भङ्ग हुन्छ ।
- विकासोन्मुख मुलुकका मतदातालाई नोक्सान हुन सक्छ ।
- राज्यकोषबाट मनपर्दो खर्च गर्ने पदाधिकारीको मन खुम्चिन्छ ।
- गैरसरकारी संस्था सञ्चालन गर्ने टाठाबाठाहरू विद्रोहमा उत्रिन्छन् ।
- मुलुकको सम्पदा खरिद गर्ने र गराउने एजेन्टहरू निरुत्साहित हुन्छन् ।
- रकम खर्च गरेर जातीय विभेद खडा गर्ने र धर्मसंस्कृति परिवर्तन गर्ने निकायहरूलाई अप्ठ्यारोमा पार्छ ।
- निजी क्षेत्रमा सञ्चालित शिक्षा तथा स्वास्थ्यसम्बन्धी संस्थाहरू शोषण गर्न नपाउँदा मर्कामा पर्छन् ।
- पैसाको आडमा समाज र राज्यव्यवस्था परिवर्तन गर्न तम्सने राष्ट्रिय वा अन्तर्राष्ट्रिय गिरोहहरू निरुत्साहित हुन पुग्छन् ।
- आर्थिक तथा सांस्कृतिक उपनिवेश बनाउन नपाएकोमा ठूला राष्ट्रहरूले साना राष्ट्रहरूसँग कूटनीतिक व्यवहार बिगार्छन् ।
- लागूपदार्थको उत्पादन र कारोबार गर्ने गिरोह यसका विरुद्धमा लाग्छन् ।
- कालोधनलाई वैधता दिने गिरोहको कारोबार बन्द हुन्छ ।

माथि भ्रष्टविरोधी शास्त्रको गुण तथा अवगुण पक्षलाई यथाशक्य केलाएर हेर्ने कोसिस गरियो । नवीन विचारद्वारा निर्मित शास्त्र भएको हुँदा यहाँ सीमित गुण तथा अवगुणहरूलाई मात्र हेर्ने काम भयो । यस शास्त्रको विश्वव्यापी अध्ययन सुरु भइसकेपछि मुलुकैपिच्छे बेग्लाबेग्लै किसिमबाट गुण र अवगुणहरू देखिन सक्छन् । तर पनि वर्तमान समयमा पनि यो भ्रष्टविरोधी शास्त्रको गुण पक्ष नै बढी देखिएको छ । मानव-जीवन, मानव-समाज र मानव-सङ्गठनले यस शास्त्रबाट भरपूर फाइदा लिन सक्ने टड्कारो देखिएको छ । यसको अध्ययन सुरु भएपछि अरू असल र राम्रा पक्ष उजागर हुनेछन् भन्नेमा हामी विश्वस्त छौँ ।

# यथार्थवादी र आदर्शवादी अवधारणा
# (Positive and Normative concept of Anticorruptology)

भ्रष्टविरोधी शास्त्र विज्ञान हो र कला पनि हो । विज्ञानका दुई पक्ष हुन्छन् – एक : यथार्थवादी ९एयकष्तष्खभ०, र अर्को : आदर्शवादी ९ल्यचकबतष्खभ० । भ्रष्टविरोधी शास्त्र यथार्थवादी एवं आदर्शवादी विज्ञान हो ।

१. यथार्थवादी विज्ञान :
भ्रष्टविरोधी विज्ञानलाई यथार्थवादी विज्ञान मान्नुपर्छ । विज्ञानले यो कुरा यही हो भनेर किटानसाथ प्रमाणित गर्ने गर्छ र तथ्यहरूका बारेमा मात्र वर्णन गर्ने गर्छ । यसले त्यस कुराको कारण र परिणामका बारेमा वर्णन गर्छ, तर त्यो परिणाम यस्तै हुन्छ भनेर बताउँदैन । त्यसैले यथार्थवादी विज्ञान ज्ञानदायी विज्ञान हो । यसले ज्ञानवर्द्धनका लागि बाटो देखाउने काम गर्छ । यसरी यो भ्रष्टविरोधी शास्त्रले यो विषय यो हो भन्ने सम्बन्धमा त्यसका तथ्यहरूको यथार्थ विश्लेषण गर्ने हुनाले यो भ्रष्टविरोधी शास्त्र यथार्थवादी विज्ञान हो ।

२. आदर्शवादी विज्ञान :
भ्रष्टविरोधी शास्त्रले नीतिशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र र अन्य सामाजिक शास्त्रहरूसँग निकट सम्बन्ध राख्तछ । यसले मानिस र उसको व्यवहारलाई असल र खराब, राम्रो र नराम्रो, कल्याण र अकल्याण, भ्रष्ट र अभ्रष्ट तथा लाभ र हानि आदिका बारेमा जानकारी गराउँछ । यस शास्त्रले मानिसको आचरण, विधि-व्यवहार र उद्देश्यका साथै कर्तव्यप्रति सतर्क गराउँछ । साथै, मान्छेलाई मानव-जीवनको सार्थकताका लागि अपनाउनुपर्ने आचार र जिम्मेवारीको अत्यधिक बोध गराउँछ । त्यसैले यो भ्रष्टविरोधी शास्त्र आदर्शवादी विज्ञान पनि हो ।

भ्रष्टविरोधी शास्त्रले व्यक्ति, समाज र देशमा विद्यमान भ्रष्टाचार, अनाचार, दुराचार र अत्याचारका साथै आर्थिक असमानता आदिका बारेमा अध्ययन गर्छ र तिनीहरूको कारण र तथ्य पत्ता लगाउँछ । त्यसैले यो यथार्थवादी हो । अर्कोतर्फ यस शास्त्रले माथि उल्लिखित समस्याहरूको समाधान र व्यक्ति, समाज र देशको कल्याणको वृद्धि गर्ने उपाय पत्ता लगाउँछ । त्यसैले यो आदर्शवादी पनि हो । यसरी यो भ्रष्टविरोधी शास्त्रलाई यथार्थवादी विज्ञान र आदर्शवादी विज्ञान भनिएको हो ।

# भ्रष्टाचार र भ्रष्टविरोधी शास्त्रको स्वभाव तथा कार्यक्षेत्रबारे सङ्क्षिप्त जानकारी
# (Nature and Scope of Corruption and Anticorruptology : A Brief Overview)

भ्रष्टाचारलाई नियन्त्रित अवस्थामा राख्न भ्रष्टविरोधी शास्त्रको प्रादुर्भाव भएको हो । भ्रष्टचारले समय समयमा स्वरूप बदलिरहने र त्यसको निराकरणका लागि रोकथामका अनेक उपाय रचना भएपनि भ्रष्टाचारलाई नियन्त्रण गर्न नसकेको अवस्थामा समयको माग अनुसार भ्रष्टविरोधी शस्त्रले यसको अध्ययन गरेको हुँदा भ्रष्टाचारको स्वभाव र कार्यक्षेत्र मिल्ने हुँदा विषयगत रूपमा यी दुवैले प्रभाव पार्ने क्षेत्रलाई तुलनात्मक रूपमा यसरी हेरौं :

स्वभाव

| भ्रष्टाचार | भ्रष्टविरोधीशास्त्र |
|---|---|
| ● मानव प्रवृत्तिको उपज हो । | ● मानव-प्रवृत्तिलाई सकारात्मक बाटो देखाउँछ । |
| ● सामाजिक रोग हो । | ● सामाजिक मर्यादाको बोध गराउँछ । |
| ● सरुवा प्रकृतिको रोग हो । | ● त्यस्तो सरुवा प्रवृत्तिलाई रोकथाम गर्न सक्छ । |
| ● अर्थ आर्जन गर्ने उद्योग हो । | ● यसलाई उद्योग सम्झनु हुँदैन भन्ने ज्ञान हुँदै जान्छ । |
| ● छिटो धन सङ्कलन गर्ने व्यवसाय हो । | ● यसलाई व्यवसायका रूपमा स्वीकार्नु हुँदैन । |
| ● व्यक्तिलाई अनुचित काम गर्न उत्साहित गर्छ | ● अनुचित काम गर्नु हुँदैन भनेर निरुत्साहित गर्छ । |
| ● अनुकरणीय स्वभावको भएकाले भ्रष्ट संस्कृतिको विकास गर्छ । | ● भ्रष्ट संस्कृतिलाई नष्ट गर्दै भ्रष्टविरोधी संस्कृतिको स्थापना गर्छ । |

न्याय तथा कानुन

| | |
|---|---|
| ● उचित र अनुचित छुट्याउने विवेकलाई नष्ट गर्छ । | ● उचित निर्णय गर्न सक्ने मानवीय विवेकलाई स्थापित गर्छ । |
| ● न्यायिक मनलाई विचलित गर्छ । | ● न्यायिक मनको जगेर्ना गर्छ । |
| ● न्यायक्षेत्रमा कानुनको अपव्याख्या गर्छ । | ● कानुनको सही व्याख्या हुने वातावरण तयार गर्छ । |
| ● नीति र विधिको आडमा अन्याय गर्छ । | ● नीति र विधिको ठीकसँग प्रयोग गर्न सिकाउँछ । |

राज्य र राजनीति

| | |
|---|---|
| ● राज्यसत्ता कब्जा गर्ने मोह जगाउँछ । | ● राज्यसत्तामा सेवाभावको अवस्था सिर्जना गर्छ । |
| ● सिद्धान्तहीन राजनीतिक समूह जन्माउँछ । | ● सिद्धान्तवादी राजनीतिक समूह खडा गर्न मद्दत गर्छ । |
| ● अनैतिक तथा गैरजिम्मेवार राजनीतिक नेता तथा कार्यकर्ता जन्माउँछ । | ● नीतिवान् तथा जिम्मेवार राजनीतिक नेता तथा कार्यकर्ता तयार गर्न मद्दत गर्छ । |
| ● निर्वाचन प्रणालीको नीतिगत पद्धतिलाई भत्काइदिन्छ । | ● निर्वाचन प्रणालीमा नीतिगत पद्धतिको विकास गर्न अभ्यस्त बनाउँछ । |
| ● असल राजनीतिक पद्धतिको विकासमा अवरोध खडा गर्छ। | ● असल राजनीतिक पद्धतिको विकासमा सहयोगी सावित हुन्छ । |

राज्यप्रशासन

| | |
|---|---|
| ● राज्यप्रशासनका कर्मचारीलाई गैरजिम्मेवार बनाउँछ । | ● राज्यप्रशासनका कर्मचारीलाई पूर्ण जिम्मेवार बनाउँछ । |
| ● जिम्मेवार पदाधिकारीलाई भ्रष्ट बनाई पदच्युत गर्न सक्छ। | ● पदाधिकारीले इमानदारीपूर्वक काम गर्ने वातावरण तयार हुन्छ । |
| ● राष्ट्रसेवकलाई राष्ट्रद्रोही बनाउन सक्छ । | ● राष्ट्रसेवकलाई राष्ट्रसेवककै रूपमा स्थापित गर्न मद्दत गर्छ । |

| | |
|---|---|
| • सेवाभावको कार्यलाई शोषणमा परिवर्तित गराइदिन्छ । | • सेवाग्राहीले यथासमय राम्रो सेवा प्राप्त गर्ने वातावरण तयार हुन्छ । |
| • प्रशासनसेवा पूर्ण रूपले ध्वस्त हुन सक्छ । | • कुशल र इमानदार प्रशासनसेवा सञ्चालन हुन सक्छ । |

आर्थिक

| | |
|---|---|
| • आर्थिक अनुशासनमा नरहने अवस्था सिर्जना गर्छ । | • पूर्ण रूपमा अनुशासन कायम राख्न मद्दत गर्छ । |
| • लेखाको नीतिगत पद्धतिलाई विचलित गराइदिन्छ । | • लेखाको नीतिगत पद्धतिलाई स्थापित गराइदिन्छ । |
| • राजस्व सङ्कलनमा कमी ल्याइदिन्छ । | • राजस्व सङ्कलनमा पूर्ण रूपमा मद्दत गर्छ । |
| • राज्यको ढुकुटी नै मासिन्छ । | • राज्यको ढुकुटीलाई सुरक्षा प्रदान गर्छ । |
| • समाज र राज्य दुवैको आर्थिक अवस्था नाजुक बनाइदिन्छ । | • समाज र राज्य दुवैको आर्थिक अवस्था सबल बनाइदिन्छ । |
| • मुलुक र जनतालाई आर्थिक रूपमा टाट बनाइदिन्छ । | • मुलुक र जनतालाई न्यायपूर्ण समूह बनाउने कार्यमा मद्दत गर्छ । |

सामाजिक

| | |
|---|---|
| • सामाजिक रीतिस्थिति र संस्कृति नष्ट गर्न सक्छ । | • सामाजिक रीतिस्थिति र संस्कृतिको जगेर्ना गर्छ । |
| • सामाजिक विभेद खडा गर्न सक्छ । | • सामाजिक विभेदको अन्त गर्न सक्छ । |
| • जातीय पहिचान र संस्कृति परिवर्तन गर्न सक्छ । | • जातीय पहिचान र संस्कृतिको जगेर्ना गर्छ । |
| • समाजमा अशान्ति फैलाई द्वन्द्व फैलाउन सक्छ । | • शक्ति कायम गरी सद्भाव फैलाउन सक्छ । |
| • राष्ट्रमा गृहयुद्ध सञ्चालन गर्न सक्छ । | • गृहयुद्धको अवस्था आउन दिँदैन । |

शिक्षाक्षेत्र

| | |
|---|---|
| • बौद्धिक जमातलाई विचारशून्य बनाइदिन्छ । | • बौद्धिक जमातलाई समाज र राष्ट्रप्रति सधैँ जिम्मेवार र सजग बनाइराख्छ । |
| • आवश्यक शिक्षाप्रणालीलाई नै मोडिदिन्छ र निजी क्षुद्र व्यवसायमुखी विद्यालयको विकास हुन्छ । | • सही शिक्षाप्रणाली लागू गर्न मद्दत गर्छ । |
| • निजी तथा सामुदायिक विद्यालयमा विभेद खडा गरिदिन्छ। | • सबै विद्यायलमा शिक्षा सम्बन्धमा एकरूपता कायम गरिदिन्छ । |
| • शिक्षानीतिलाई नै व्यापारीकरण गरिदिन्छ । | • अनिवार्य शिक्षाप्रणाली लागू गर्न सक्छ । |
| • एक राष्ट्रको दक्ष जनशक्तिलाई अर्को राष्ट्रमा विलय गरिदिन्छ । | • शिक्षित जनशक्तिलाई राष्ट्रभित्र नै क्रियाशील गराउँछ । |

स्वास्थ्यक्षेत्र

| | |
|---|---|
| • मानव-स्वास्थ्यका क्षेत्रमा सेवा होइन क्षुद्र स्वार्थपरक व्यापार गर्न सक्छ । | • स्वास्थ्यक्षेत्र सेवाक्षेत्र हो भनी कार्यसञ्चालन गर्न सक्छ । |
| • मानव-अङ्गको बेचबिखन सुरु गर्न सक्छ । | • मानव-अङ्ग बेचबिखन हुने वस्तु होइन भनेर संरक्षण गर्न सक्छ । |
| • अङ्ग प्रत्यारोपण र प्रजननको नाउँमा मानव-जीवन समाप्त गर्न सक्छ । | • अङ्ग प्रत्यारोपण र प्रजननकार्यलाई विधिवत व्यवस्थित गर्न सक्छ । |
| • मिसावट र नक्कली औषधि उत्पादन गर्छ । | • औषधिजस्तो महत्वपूर्ण वस्तुमा मिसावट हुन दिँदैन । |
| • स्वास्थ्यशिक्षाको नाउँमा चरम शोषण हुन्छ । | • स्वास्थ्यशिक्षाका क्षेत्रमा शोषण हुँदैन । |

| | |
|---|---|
| • देशको प्राकृतिक स्रोत-साधन अर्को देशलाई विक्री गर्न सक्छ । | • देशको प्राकृतिक स्रोत-साधनको संरक्षण गर्ने वातावरण तयार गर्छ । |
| • गैरसरकारी संस्थामार्फत देश र समाजद्रोही कार्य गराउन सक्छ । | • गैरसरकारी संस्थालाई पूर्ण राष्ट्रहितको पक्षमा सञ्चालन गराउन सक्छ । |
| • देशको परम्परागत राजनीति र संस्कृतिलाई विकृत गराउन सक्छ । | • देशको परम्परागत रीतिस्थितिको संरक्षण गर्न सक्छ । |
| • राष्ट्र र राष्ट्रियता नै समाप्त गर्न सक्छ । | • राष्ट्र र राष्ट्रियतालाई जगेर्ना गर्छ । |

आपराधिक कार्य

| | |
|---|---|
| • समाजका विभिन्न पक्षमा अपराध बढाउँछ । | • समाजमा अपराधकार्य घटाउँछ । |
| • आर्थिक क्षेत्रमा विभिन्न अपराध सिर्जना गर्छ । | • आर्थिक क्षेत्रमा अपराध न्यूनीकरण गर्छ । |
| • सत्ताप्राप्तिका लागि राजनीतिक अपराध बढाउँछ । | • राजनीतिक अपराध न्यूनीकरण गर्छ । |
| • देशमा विप्लव हुने अपराध फैलाउँछ । | • राष्ट्र बचाउने कार्य तदारुकताका साथ सञ्चालन गर्न सक्छ । |

भ्रष्टाचारबाट हुने खतरा र त्यसको बचाउमा भ्रष्टविरोधी शास्त्रले खेल्न सक्ने भूमिकाका बारेमा सङ्क्षेपमा उल्लेख गरियो । भ्रष्टाचारले माथि उल्लेख भएभन्दा बढी देश र जनताको अहित गर्न सक्छ । त्यसको संरक्षणका लागि भ्रष्टविरोधी शास्त्रले विशेष भूमिका खेल्न सक्छ भन्ने कुरा पनि माथि सङ्क्षेपमा उल्लेख गरिएको छ ।

# भ्रष्टविरोधी शास्त्रको अन्य शास्त्रसँग सम्बन्ध
# (Relationship between Anticorruptology and other disciplines)

भ्रष्टविरोधी शास्त्रलाई विकृत समाजलाई सुधार गर्ने शास्त्रको विज्ञान पनि भन्न सकिन्छ । यो शास्त्रको मानविकी शास्त्रसँग प्रत्यक्ष सम्बन्ध छ । यो शास्त्रमा मानव र मानव-समाजका विभिन्न स्वभाव, व्यवहार, परिवर्तित मनोभाव र क्रियाकलापका बारेमा अध्ययन गरिन्छ । सामाजिक जीवनमा व्यक्तिले गर्ने नैतिक वा अनैतिक क्रियाकलापलाई अन्य विभिन्न शास्त्रबाट निरीक्षण, अध्ययन र मूल्याङ्कन गर्नुपर्छ । यस्तै अध्ययन गर्ने क्रममा यस भ्रष्टविरोधी शास्त्र र अन्य सामाजिक शास्त्रहरूका बीचमा भएको र हुने सम्बन्धका बारेमा यसरी वर्णन गरिएको छ ।

१. भ्रष्टविरोधी शास्त्र र अर्थशास्त्र **(Anticorruptology and Economics)** :
अर्थशास्त्र भनेको विभिन्न किसिमका मान्छेहरूका आर्थिक क्रियाकलापका बारेमा अध्ययन गर्ने शास्त्र हो । मानिसले कसरी आमदानी प्राप्त गर्छ र कसरी खर्च गर्छ भन्ने कुराको सूक्ष्म रूपले अध्ययन गरी मानव-समाजमा आर्थिक व्यवस्थाका अनेक राम्रा र नराम्रा पक्षलाई केलाएर अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने तौरतरिका र अर्थतन्त्रको व्यवस्थित बाटो निर्माण गरी यसले अर्थव्यवस्थाको विस्तृत अध्ययन गराउँछ । त्यस्तै, भ्रष्टविरोधी शास्त्र मान्छेहरूको धन आर्जन गर्ने र आर्जित धनको प्रदर्शन गर्ने प्रवृत्ति, स्वभाव र प्रकृतिको वैज्ञानिक अध्ययन गर्ने शास्त्र हो । अर्थशास्त्रमा व्यवस्थित आर्थिक कारोबारको माध्यमद्वारा धन आर्जन गर्ने र त्यसको व्यवस्थित रूपले सदुपयोग गर्ने ज्ञान दिलाइन्छ । भ्रष्टविरोधी शास्त्रले अनैतिक र गैरकानुनी तरिकाले आर्जन गरेको धनको विपक्षमा रहेर त्यस्तो धनको नियन्त्रणसम्बन्धी विधि तयार गर्ने गरेको हुन्छ, अर्थशास्त्रले जस्तो जुनसुकै विधिबाट पनि धन आर्जन गर्न र त्यस्तो धनको व्यवस्थापन गर्न छुट दिँदैन । भ्रष्टाचार नियन्त्रणविना जनता, समाज र देशको आर्थिक उन्नति हुन सक्तैन भन्ने सिद्धान्त बोकेको यो भ्रष्टविरोधी शास्त्रले समाजमा व्याप्त भ्रष्ट व्यवहारको खुलेर विरोध जनाउँछ । अर्थशास्त्र धनलाई व्यवस्थित गर्ने शास्त्र हो भने भ्रष्टविरोधी शास्त्र खराब नियतद्वारा सङ्कलित धनका विरुद्धमा अध्ययन गर्ने शास्त्र भएको हुँदा यी दुई शास्त्रका बीचमा आर्थिक कारणले पनि अत्यन्तै घनिष्ट सम्बन्ध रहेको छ ।

२. भ्रष्टविरोधी शास्त्र र राजनीतिशास्त्र **(Anticorruptology and Political Science)** :
राजनीतिशास्त्र देश, देशको सरकार, राज्य, राज्यव्यवस्था र राजनीतिक गतिविधिका बारेमा अध्ययन गर्ने शास्त्र हो । राजनीतिशास्त्रअन्तर्गत देशमा शान्ति, सुव्यवस्था, कानुनी राज्य, लोकतन्त्रको स्थायित्व र राजनीतिक दलहरूको क्रियाकलाप, नागरिकको हक-अधिकार आदिको अध्ययन पर्दछ । त्यस्तै, भ्रष्टविरोधी शास्त्रमा देश, समाज र राजनीतिक वृत्तमा कसरी भ्रष्टाचारमुक्त स्थिति कायम गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन हुन्छ । भ्रष्टाचार नियन्त्रित समाजमा राजनीतिक शान्ति कायम हुन्छ । जुन देशमा भ्रष्टाचार व्याप्त रूपमा फैलिएको हुन्छ, त्यस देशको राजनीति अस्थिर हुन्छ । विश्वका धेरै मुलुकमा भ्रष्टाचारका कारणले राजनीतिक अस्थिरता कायम भएको देखिन्छ । अस्थिर राजनीतिक व्यवस्थाले देश र जनताको उन्नति गर्न सक्तैन । भ्रष्टाचारले प्रश्रय पाएको देशमा आर्थिक विकास शून्य भई अनेकानेक राजनीतिक समस्या उत्पन्न हुने गर्छन् । त्यस्ता समस्या समाधान गर्न जनता, समाज र सरकारलाई भ्रष्टविरोधी शास्त्रले मद्दत गर्छ । यसरी यस शास्त्रले समाजमा नैतिक मूल्यको स्थापना गरी अनुशासित र मर्यादित समाजको रचना गर्न सघाउ पुऱ्याउँछ । अनि भ्रष्टाचार नियन्त्रित समाज स्थापना भई आर्थिक विकास हुन सुरु गर्छ र जनताको जीवनस्तर उठेर देशमा राजनीतिक स्थिरता कायम हुन्छ । यसरी भ्रष्टविरोधी शास्त्र र राजनीतिशास्त्र एक-अर्कामा अन्तरनिर्भर भएकाले यी दुई शास्त्रहरूका बीचमा घनिष्ट सम्बन्ध रहेको छ ।

३. भ्रष्टविरोधी शास्त्र र समाजशास्त्र **(Anticorruptology and Sociology)** :
समाजशास्त्र भनेको समाजका सम्पूर्ण क्रियाकलापका बारेमा अध्ययन गर्ने शास्त्र हो । यस शास्त्रमा समाजको उत्पत्ति, समाजको संरचना, समाजको परम्परा, रीतिरिवाज, संस्कृति र समाज-विकासको अध्ययन हुन्छ । यसका अतिरिक्त समाजमा व्यवस्थित कुरीति र नराम्रा चालचलनलाई हटाउने उपायहरूको खोजी गरी राजनीतिक, आर्थिक, धार्मिक, ऐतिहासिक, नैतिक, न्यायिक आदि विभिन्न पक्षहरूका बारेमा अध्ययन गरिन्छ । यी सबै अध्ययन भ्रष्टविरोधी शास्त्रमा पनि हुन्छ । किनभने समाजशास्त्र र भ्रष्टविरोधी शास्त्रको अत्यन्तै निकट सम्बन्ध रहेको छ । जुन समस्या समाजशास्त्रले पहिल्याएको छ, त्यस्तो समस्याको समाधान समाजशास्त्रले गर्न नसकेको अवस्थामा यस भ्रष्टविरोधी शास्त्रले समाधानका उपायहरू उपलब्ध गराएको हुन्छ । त्यसैले समाजशास्त्र र भ्रष्टविरोधी शास्त्र एक-अर्काका पूरकका रूपमा देखिन्छन् ।

४. भ्रष्टविरोधी शास्त्र र नीतिशास्त्र **(Anticorruptology and Ethics)** :
नीतिशास्त्र भनेको मानिसले असल जीवनयापन गर्न कुन र कस्तो नीतिको पालना गर्नुपर्छ भन्ने सम्बन्धमा अध्ययन गर्ने-गराउने शास्त्र हो । यस शास्त्रले कुनै पनि राम्रो र नराम्रो, असल र खराब, उचित र अनुचित, नैतिक र अनैतिक पक्षको

सम्बन्धका बारेमा व्याख्या गर्छ र नीति व्यवस्थित गर्छ । नीतिशास्त्रले मानिसको नैतिक नियमका आधारमा मानिस र समाजको कल्याणका सम्बन्धमा अध्ययन गराउँछ । नैतिक नियम र असल आचरणका आधारमा समाजको विकास गर्नुपर्छ, त्यसले मात्र व्यक्ति र समाजको गरिमालाई उच्चतामा कायम राख्न मद्दत गर्छ भन्ने कुरा नीतिशास्त्रको सारतत्व हो । भ्रष्टविरोधी शास्त्रको मूलभूत उद्देश्य नै नीतिशास्त्रका आधारमा व्यक्ति र समाजमा नैतिक नियमको पालना गर्दै-गराउँदै आचारयुक्त व्यक्ति, स्वच्छ समाज, न्यायपूर्ण व्यवस्था र नीतियुक्त व्यवहार कायम गर्ने भएकाले नीतिशास्त्र र भ्रष्टविरोधी शास्त्रको आत्मीय सम्बन्ध गाँसिएको छ ।

५. भ्रष्टविरोधी शास्त्र र मनोविज्ञान **(Anticorruptology and Psychology)** :

मनोविज्ञान भनेको मानिसको मानसिकता तथा स्वाभाविक व्यवहारका क्रिया-प्रतिक्रियाका बारेमा अध्ययन गर्ने शास्त्र हो । यसको अध्ययन मानिसको मनोद्वेग र भावनाहरूमा आधारित हुन्छ । मानिसका सबै असल तथा खराब कामहरू उसको मानसिक स्थितिमा भर परेका हुन्छन् । मन यति चलायमान् हुन्छ कि मानिसको उन्नति, अवनति र व्यक्तित्व-विकाससमेत मनको स्थितिले निर्णय गरेअनुसार हुन्छ । मानिसको स्वभाव, संस्कार र प्रकृतिको नियन्त्रण मनोद्वेगले नै नियन्त्रित गर्ने हुँदा यो विज्ञानका रूपमा अध्ययनमा आएको हो । मानिस जन्मँदै भ्रष्ट मन तथा भ्रष्ट नियत लिएर जन्मेको हुँदैन । प्राकृतिक रूपमा मानिस स्वच्छ, पवित्र र नैतिकवान् व्यक्तिका रूपमा जन्मेको हुन्छ । तर वातावरण, परिस्थिति र सामाजिक व्यवहारले मानिसको मनमा परिवर्तन हुन्छ । यस्तै, मानिसको परिवर्तित मन र भावनाबाट उत्पन्न हुने क्रिया र प्रतिक्रियाबाट उत्पन्न भएको वा हुने समस्याको समाधान मनोविज्ञानमा खोजिएजस्तै यस भ्रष्टविरोधी शास्त्रमा पनि मानिसका त्यस्ता परिवर्तित मनोद्वेग र मनोभावनालाई नियन्त्रित स्थितिमा राख्न सकिने विधिविधानको रचना भएको हुन्छ । भ्रष्टता मन र भावनासँग सम्बन्धित भएका कारणले गर्दा भ्रष्टविरोधी शास्त्र र मनोविज्ञान एकै शरीरसँग जुटेर बसेका दुई महत्वपूर्ण अङ्गजस्ता हुन्, जसलाई अलग गर्न सकिँदैन । त्यसैले यी दुई शास्त्रको निकटतम सम्बन्ध कायम रहेको छ ।

६. भ्रष्टविरोधी शास्त्र र इतिहास **(Anticorruptology and History)** :

इतिहास भनेको अतीतका घटना र स्थितिको अध्ययन गर्ने शास्त्र हो । यो शास्त्र लिखित-अलिखितका आधारमा मात्र होइन, भौतिक संरचना, चलिआएको रीतिस्थिति र संस्कृतिबाट पनि अध्ययन गर्न सकिन्छ । कुनै पनि देशको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक र सांस्कृतिक घटनाक्रमले त्यस देशको उन्नति र अवनतिका घटना इतिहासले बताएको हुन्छ र त्यस्तो सत्य घटनाले समाजमा महत्वपूर्ण स्थान ओगटेको हुन्छ । नैतिकवान् तथा असल व्यक्तिहरूले प्रतिनिधित्व गरेको समय र अनैतिक तथा भ्रष्ट व्यक्तिहरूले नेतृत्व लिएको युगका घटित घटनालाई पनि इतिहासले सुरक्षित गरेको हुन्छ । वर्तमानको नेतृत्वदायी समूहलाई इतिहासले नै मार्गनिर्देश गर्ने गरेको हुन्छ । भ्रष्टता हिजो थियो भने त्यो कसरी नियन्त्रित थियो र आज कसरी गर्नुपर्छ भन्ने मार्गनिर्देशन इतिहासबाट नै प्राप्त हुने हुँदा हिजोको असल युगको अध्ययन इतिहासबाट गर्न सकिन्छ । त्यसैले इतिहासविना भ्रष्टविरोधी शास्त्र अधुरो हुन सक्छ ।

७. भ्रष्टविरोधी शास्त्र र पत्रकारिता **(Anticorruptology and Journalism)** :

पत्रकारिता भनेको व्यक्ति, समाज, देश र विश्वमा घटेका अनेक किसिमका सूचनाहरूलाई इमानदारीपूर्वक व्यक्ति-व्यक्तिलाई प्रवाह गर्ने व्यवसाय हो । यस व्यवसायमा सत्यतथ्य विषय र घटनालाई जस्ताको तस्तै जनतामा प्रवाहित गर्नुपर्ने हुन्छ । पत्रकारितामा बेइमानी हुन थाल्यो भने पीत पत्रकारिताको सङ्ज्ञा दिइन्छ । त्यही पीत पत्रकारितासँग यो भ्रष्टविरोधी शास्त्रको परस्पर बेमेलको सम्बन्ध देखिन्छ । पत्रकारिता मर्यादित पेसा हो । यो राज्यव्यवस्थामा अत्यन्तै शक्तिशाली रूपमा स्थापित भएको हुन्छ । त्यसैले यसलाई राज्यव्यवस्थाको चौथो अङ्गका रूपमा स्वीकार गरिएको छ । राज्यशक्तिको सन्तुलनमा पत्रकारिताले अहम् भूमिका निभाएको हुन्छ । पत्रकारिता तथा आम सञ्चार-माध्यमको नियतमा परिवर्तन हुनेबित्तिकै व्यक्ति, समाज र देशले नराम्रो नतिजाको सामना गर्नुपर्ने भएकाले भ्रष्टविरोधी शास्त्रसँग यसको अन्तरसम्बन्ध कायम भएको हो ।

८. भ्रष्टविरोधी शास्त्र र मानवशास्त्र **(Anticorruptology and Anthropology)** :

मानवशास्त्र भन्नाले मानव-विकासका सबै पक्षका तथ्यहरूको अध्ययन भन्ने बुझाउँछ । यस शास्त्रमा मानिसहरू, तिनीहरूको संस्कृति, समाजको संरचनाको समग्र अध्ययन ९ज्यष्कितष्अ कतगमथ या उभयउभि, तजभष्च अगतिगचभ बलम कतचगअतगचभ या कयअष्मतथ० हुन्छ । यसअन्तर्गत मानिसको वर्ण, जाति, धर्म, संस्कृति र मान्यता आदिको अध्ययन हुने हुँदा मान्छेको स्वभाव, प्रकृति, आचार, विचार र व्यवहारको पनि अध्ययन हुन्छ । यी सबै समयअनुसार परिवर्तन भइरहने हुँदा मान्छेको सोच, भावना र व्यवहार पनि प्रदूषित हुन्छन्, जसको भ्रष्टविरोधी शास्त्रसँग सम्बन्ध रहन्छ । विश्वभूगोलका अनेक भागमा उत्पत्ति भएका मानव-समुदायका वर्ण, जाति र तिनका भाषा पृथक्-पृथक् छन् । तिनका सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक मान्यता पनि अलग-अलग छन् । तिनका सोच, स्वभाव र व्यवहारमा फरक हुनु पनि

स्वाभाविकै हो । यही मानव-स्वभाव, सोच, भावना र व्यवहारको अध्ययन भ्रष्टविरोधी शास्त्रअन्तर्गत गर्नुपर्ने हुँदा यी दुई शास्त्रबीच विशेष सम्बन्ध स्थापित भएको छ ।

९. भ्रष्टविरोधी शास्त्र र जनप्रशासन **(Anticorruptology and Public Administration)** :
जनप्रशासन भन्नाले राज्यसञ्चालनको प्रमुख अङ्ग कार्यपालिकामार्फत गर्नुपर्ने काम-कर्तव्य र अधिकारको अध्ययन हो । यस अध्ययनमा सेवाग्राही र सेवाप्रदायकका बीचमा हुने व्यवस्थापन विधिको विस्तृत व्याख्या गर्दै तिनीहरूबीच आउने समस्याको विधिवत् समाधान कसरी गर्नुपर्छ भन्ने कुराको जानकारी गराइएको हुन्छ । जनप्रशासनमा राष्ट्र र जनताको हितमा अनेक किसिमका कार्ययोजना तयार गर्नुपर्ने हुन्छ । त्यस्तो योजना तयार गर्दा सत्तापक्ष, विपक्ष र जनतालाई लाभ वा हानि हुने नीतिनिर्माण र कार्यान्वयन हुन सक्छन् । त्यसबाट सेवाप्रदायक र सेवाग्राही दुवैबाट अधिकार र कर्तव्यको विचलन हुन सक्छ । त्यही असामान्य स्थितिलाई भ्रष्टविरोधी शास्त्रले सामान्य र विधिसम्मत अवस्था प्रदान गर्न सक्छ । त्यसैले जनप्रशासन विषय र भ्रष्टविरोधी शास्त्रको अन्तरनिहित सम्बन्ध भएको देखिन्छ ।

१०. भ्रष्टविरोधी शास्त्र र ग्रामीण विकास **(Anticorruptology and Rural Development)** :
देशको सबैभन्दा तल्लो एकाइ गाउँ भएको हुँदा गाउँको विकास नै राष्ट्रिय विकासको मेरुदण्ड हो भन्ने सिद्धान्तका आधारमा ग्रामीण विकासलाई अध्ययनको विषय बनाइएको छ । कुनै पनि देशमा नगर र गाउँ भनी बस्तीको विभाजन गरिएको हुन्छ । गाउँमा बस्ने र नगरमा बस्ने मान्छेहरूको फरक-फरक स्तर हुने भएकाले तिनीहरूमा विभेद नहोस् भन्ने उद्देश्यका साथ आवश्यकता, पहुँच, अवसर, चाहना र विकासको समानुपातिक हिसाबले स्तरवृद्धि हुन सकोस् भन्ने उद्देश्यका साथ भएको यो ग्रामीण विकासको सिद्धान्तलाई भ्रष्टविरोधी शास्त्रबाट अलग राखेर हेर्न र बुझ्न सकिन्न । किनभने ग्रामीण विकासमा सामाजिक र सांस्कृतिक विकासका अतिरिक्त आर्थिक विकासले मुख्य भूमिका निर्वाह गरेको हुन्छ । ग्रामीण विकासको मूल विकास नै आर्थिक विकास भएकाले त्यसमा आर्थिक भ्रष्टाचार विकसित हुने सम्भावना बढी भएका कारणले गर्दा पनि यो भ्रष्टविराधी शास्त्रको सिद्धान्त र कार्ययोजनाले मात्र त्यस्तो आर्थिक भ्रष्टाचार नियन्त्रण गर्न सक्ने भएकाले यो भ्रष्टविरोधी शास्त्र र ग्रामीण विकासको निकटतम सम्बन्ध रहेको छ ।

११. भ्रष्टविरोधी शास्त्र र व्यवस्थापन **(Anticorruptology and Management)** :
व्यवस्थापनशास्त्रले व्यवस्थापनको सिद्धान्तका आधारमा व्यवस्थापन विधि प्रतिपादन गर्ने तौरतरिका अध्ययन गराउँछ । यसअन्तर्गत मुख्यतया व्यवस्थापकीय व्यवस्थापन, बजार-व्यवस्थापन तथा वित्तीय व्यवस्थापनको अध्ययन आउँछन् । ती सबै व्यवस्थापनको समग्र अध्ययन नै व्यवस्थापकीय अध्ययन हो । यस अध्ययनअन्तर्गत व्यवस्थापनसँग सम्बन्धित मानव-संसाधन, उद्योग, मेसिन, उत्पादन र वितरणका अतिरिक्त प्रशासन र लेखा आदि पनि समावेश भएका हुन्छन् । व्यवस्थापनको कमी-कमजोरीका कारणले उद्योग-व्यवसाय तथा व्यापार धराशायी बन्न सक्छ । बजारमा कृत्रिम अभाव तथा नक्कली सामानको वितरणले जनतालाई धोका तथा नोक्सानी हुन सक्छ । त्यस्तै, वित्तीय कारोवार अपचलन भएमा वित्तीय क्षेत्र तहसनहस हुन सक्छ । यी सबै स्थितिलाई भ्रष्टविरोधी शास्त्रको सिद्धान्तको सही कार्यान्वयनले मात्र व्यवस्थापन सबल, सक्षम र प्रभावकारी रूपमा सञ्चालन हुन सक्ने भएकाले भ्रष्टविरोधी शास्त्र र व्यवस्थापनको विशेष सम्बन्ध स्थापित भएको छ ।

१२. भ्रष्टविरोधी शास्त्र र कानुन **(Anticorruptology and Law)** :
कानुन भन्नाले राज्यव्यवस्था सञ्चालन गर्ने लिखित विधि हो, जसलाई देशका सबै तह र तप्काका व्यक्ति, संस्था र सरकारले पनि मान्नुपर्छ । कानुनमा कुनै व्याख्या नहुने अवस्थामा अदालतद्वारा ती कानुनलाई व्याख्या गरिदिएपछि राज्यव्यवस्थाद्वारा व्यवहारमा लागू गर्दछ । कानुन अध्ययनको विषय हो । कानुनलाई स्थायित्व कायम गर्न कानुन विषयलाई अध्ययन गराइन्छ । कानुन आफैँ निर्मित अभिलेख होइन । यसलाई जनताद्वारा जनताको हितार्थ लेखाई कानुनको दस्तावेज तयार गरिन्छ र त्यही दस्तावेज राज्यव्यवस्थाको सञ्चालनमा लागू हुन्छ । तर कहिलेकाहीँ कानुन निर्माण गर्ने अधिकार पाएका जनप्रतिनिधि वा राजनीतिक दलले स्वार्थवश जनताको हितविपरीत कानुन निर्माण गरी लागू गर्ने गर्छन्, जुन कार्यद्वारा जनता र मुलुक दुवै अन्यायमा पर्छन् । त्यस समयमा यो भ्रष्टविरोधी शास्त्रले न्यायपूर्ण नियन्त्रण गर्नुपर्ने भएकाले यस शास्त्रको र कानुनको विशेष सम्बन्ध रहेको हुन्छ ।

१३. भ्रष्टविरोधी शास्त्र र संस्कृति **(Anticorruptology and Culture)** :
संस्कृति भन्नाले मानिसको रहनसहन, विधिव्यवहार, जातीय मूल्यमान्यता, परम्परादेखि चलिआएको रीतिस्थिति र जीवनयापनको पद्धतिको समग्र अध्ययन भन्ने बुझ्नुपर्छ । मानव-समुदायको जाति, वर्ग र धर्मका कारणले गर्दा विश्वमानव-समुदायको संस्कृतिमा एकरूपता छैन, तापनि त्यस्ता जाति, वर्ग र धर्ममा विभाजित मानव-समुदायको संस्कृति भने जीवन-सञ्चालनको पद्धतिसँग विशेष रूपमा गाँसिएको हुन्छ । त्यही मानवीय जीवन-सञ्चालनको पद्धति नै संस्कृति हो । यसलाई मानवीय भावना, चाहना र मान्यताले निर्देश गरेको हुन्छ, जो भ्रष्टविरोधी शास्त्रको मूल

सिद्धान्तसँग प्रत्यक्ष सम्बन्धित छ । व्यक्ति र समुदायलाई संस्कृतिले नै भ्रष्ट बनाउन सक्छ भने संस्कृतिले नै सत्यपथगामी सावित गराउन पनि सक्छ । मान्छे तथा समुदायको विकास वा पतनमा त्यसले अङ्गिकार गरेको संस्कृतिसँग प्रत्यक्ष सरोकार राखेको हुन्छ । सुसंस्कृति सत्य हो भने कुसंस्कृति अथवा विकृति असत्य र भ्रष्ट हो । त्यसैले भ्रष्टविरोधी शास्त्र र संस्कृतिको अध्ययनका बीच अत्यन्तै बलियो सम्बन्ध स्थापित भएको हुन्छ ।

१४. भ्रष्टविरोधी शास्त्र र दर्शनशास्त्र **(Anticorruptology and Philosophy)** :
दर्शनशास्त्रले मानव-जीवनको मौलिक सिद्धान्त, व्यवहार र धारणालाई विस्तृत व्याख्या गर्दै व्यक्तिको सामाजिक जीवनको सर्वोच्च मूल्यलाई प्रभावपूर्ण बनाउने कोसिस गर्छ । साथै, समयानुसार व्यक्ति र समाजमा आदर्श र नैतिक व्यवहारको स्थापना गर्ने कार्य निरन्तर गरिरहेको हुन्छ । ज्ञान र विज्ञान, अध्यात्म र भौतिक तथा पक्ष र पक्षान्तरको व्याख्या-विवेचना गरी मानव-जीवनको साथसाथै मानव-समाजलाई असल बाटोबाट हिँड्ने प्रेरणा प्रदान गर्छ । यति मात्र होइन, व्यक्ति र समाजको मागअनुसार नयाँ विषय प्रादुर्भाव गरेर त्यसको विकासको बाटोलाई कायम गर्ने विधि तथा नीति दर्शनशास्त्रमा अन्तरनिहित भएको हुन्छ । भ्रष्टविरोधी शास्त्रले पनि व्यक्ति र समाजलाई भ्रष्ट पथबाट हिँड्न रोक लगाउँछ । यसले समयको मागअनुसार नीति-विधि निर्माण गरेर भ्रष्टताको बाटोमा रोक लगाउन सक्छ । साथै, व्यक्तिको जीवनलाई नैतिकतायुक्त मूल्य र मान्यता प्रदान गर्दै मानव-जीवन र मानव-समाजको सकारात्मक तथा स्वाभाविक विकासको अपेक्षा राखेको हुन्छ । यसरी हेर्दा दर्शनशास्त्र र भ्रष्टविरोधी शास्त्रबीच अन्तर्भावको सम्बन्ध रहेको देखिन्छ ।

१५. भ्रष्टविरोधी शास्त्र र धर्मशास्त्र **(Anticorruptology and Dharma)** :
धर्मशास्त्र भन्नाले धर्म अर्थात् जीवन चलाउने जीवन-पद्धतिको शास्त्र हो । धेरैले यसलाई साम्प्रदायिक ९चभ्लष्नष्यगक० शास्त्र भनेका छन्, तर त्यो होइन । यसरी भ्रम उत्पन्न गराइएको छ । प्राज्ञिक समुदायमा पनि धर्मशास्त्र भन्नेबित्तिकै साम्प्रदायिक शास्त्र भन्ने बोध भएको छ । अब यसलाई गम्भीरताका साथ व्याख्या, विश्लेषण र परिभाषित गर्नुपर्ने भएको छ । धर्मशास्त्रको अध्ययन वैदिक सनातन पद्धतिको व्याख्या भनिएको कारणले नै साम्प्रदायिक पक्षमा विभाजित भई व्याख्या भएको छ । धर्मशास्त्र पूर्वीय दर्शनको उत्कृष्ट दर्शनशास्त्र हो, जसलाई पश्चिमी प्राज्ञिक समुदायले सहज रूपमा अङ्गिकार गरेका छैनन्, तापनि बहुसङ्ख्यक मानिसको प्रतिनिधित्व गर्ने पूर्वीय धर्म-संस्कृतिका मानव-समुदायले स्वीकार गर्नु नै पर्छ । उदारता, संयम र सहनशीलता नै पूर्वीय धर्मशास्त्रको सुगन्ध हो । मानव-विकासको इतिहासमा यस शास्त्रले उच्चतम स्थान ओगटेको छ । यही पूर्वीय धर्मदर्शनलाई विश्वका अनेकौं किसिमका धार्मिक सम्प्रदायले अनुसरण गरेका हुँदा नै यो पूर्वीय धर्मलाई पनि अन्य धर्म-सम्प्रदायको कोटिमा राखी हेरिने गरेको छ, जबकि यो पूर्वीय धर्मदर्शन मानव-कल्याणका लागि मात्र भएको हुँदा यो धर्म-दर्शनलाई अन्य साम्प्रदायिक दर्शनसँग दाँज्न मिल्दैन । पूर्वीय धर्मशास्त्र भनेको मानवीय सत्योन्मुख जीवन-पद्धतिको मूल स्रोत हो, जसलाई जीवनबाट अलग गराउनेबित्तिकै मानव-जीवन अधुरो हुन्छ । जतिखेर धर्मशास्त्रको अध्ययन यो विश्वमा सुरु भयो, त्यतिखेर वैदिक सनातन धर्म मात्र मानव-समुदायको धर्म थियो । धर्मको अर्थ जीवनमा धारणा गरिने जीवन-पद्धति हो । आगोको गुण तातो हुन्छ भने पानीको चिसो हुन्छ । त्यही धर्म भएझैं मान्छेको गुण मानवीय हुनुपर्छ । त्यसैले मानव-जीवनको जीवनयापनको पद्धति नै मानवधर्म हो । धर्मकै आडमा मानव-जीवन सुखका साथ व्यतीत हुन्छ । सदाचार, नैतिकता, अनुशासन, इमानदारी, परम्परागत रीतिस्थिति धर्मशास्त्रका मूल सिद्धान्त हुन् भने भ्रष्टविरोधी शास्त्रको मूल सिद्धान्त पनि सोही भएको हुँदा धर्मशास्त्र र भ्रष्टविरोधी शास्त्रको सम्बन्ध आपसमा स्पष्ट भएको छ ।

## १६. सार्वजानिक नीति तथा भ्रष्ट विरोधी शास्त्र (Public Policy and Anticorruptology) :

वर्तमानमा विश्वका धेरै विश्वविद्यालयहरुले सार्वजानिक नीतिलाई अध्ययनको विषय बनाई अध्ययन-अध्यापन सुरु गराएका छन् । देशको राजनीतिक अवस्था, सामाजिक बनौट, जन चाहना, जन सरोकार, परम्परागत मूल्य तथा मान्यतालाई समेत ध्यानमा राखेर विश्वविद्यालयहरुले अध्ययनको विषय निश्चित गरेको देखिन्छ । सबै विश्वविद्यालयहरुमा अध्ययनको विषयमा एकरुपता नभएपनि सार्वजानिक सरोकारका विषयमानै केन्द्रित भई पठन-पाठन हुन थालेका छन् । यस भित्र समाजमा चलेको संस्कृतिलाई कायम राख्दै आधुनिक राजनीतिक नीतिका असलपक्षले जनस्तरमा पर्ने प्रभाव र त्यसको निराकरणका उपायहरुको अध्ययन हुन्छ । समआर्थिक वितरण प्रणली, आर्थिक अनुशासन, निर्वाचन प्रणालीबाट सन्तुष्ठी, विवाह तथा सम्वन्ध, स्वास्थ, शिक्षा, सुशासन, स्वतन्त्रता आदिले जनताको स्तर कायम गर्ने तत्वको बारेमा सार्वजानिक नीतिमा अध्ययन हुन्छ । त्यसैगरी भ्रष्टविरोधी शास्त्रमा पनि जनताको यिकाई व्यक्ति भएको हुँदा व्यक्तिको सबै पक्षको व्याख्या गर्दै समाजको अध्ययनद्वारा जनचासो, जनआवश्यकता, जनहितको व्याख्या विश्लेषण गरी सार्वजानिक नीति अनुरुपनै अध्ययनको व्यवस्थापान गर्न सक्छ । त्यसैले, सार्वजानिक नीति तथा भ्रष्टविरोधी शास्त्र, यी दुवैको अध्ययनको केन्द्रविन्दु जनता हो भन्ने स्पष्ट हुन्छ ।

# भ्रष्टविरोधी शास्त्र स्वाभाविक विज्ञान
# (Anticorruptology as a Natural Science)

कुनै पनि व्यक्ति, समुदाय र सिङ्गो समाजको मनोभाव र व्यवहारजस्ता अदृश्य विषयलाई निश्चित विन्दुमा केन्द्रित गराई विज्ञानको क्षेत्रभित्र सीमाङ्कन गर्न कठिन छ, तापनि समयको मागअनुसार यसको व्याख्या, विश्लेषण र सीमा निर्धारण गर्नु आवश्यक भएको हुँदा यसलाई विज्ञानका विभिन्न आयाममा जोडेर अध्ययन गर्नुपर्ने हुन्छ । समयको परिवर्तनअनुसार तथा परम्परागत रीतिस्थिति र मान्यतासमेत परिवर्तित अवस्थामा रहेको समयमा भ्रष्टाचारविरुद्धका क्रियाकलापहरू पनि समयानुसार परिवर्तित हुँदै प्रभावकारी रूपमा लागू भइरहेका हुन्छन् । भ्रष्टाचारविरुद्धको विज्ञानलाई केलाउनका लागि त्यसका मूल्य-मान्यतालाई यसभित्र समावेश गरी निरीक्षण गर्न सक्नुपर्छ । नयाँ मान्यतालाई लागू गर्न सक्ने अवस्था भनेको पुरानो मान्यतालाई परित्याग नगरी समन्वय गर्न सक्ने अवस्था हो ।

कुनै पनि विज्ञानलाई निश्चित परिभाषाको घेरामा मात्र बन्द गर्न सम्भव छैन । प्रारम्भमा भएको त्यस विषयको परिभाषा अस्थायी पनि हुन सक्छ । किनभने कुनै पनि विचार सदाका लागि मान्य हुन सक्तैन । समय र त्यसको मागअनुसार परिमार्जित हुँदै त्यस दर्शनले पूर्णता पाएजस्तै गरी अगाडि बढिरहनुपर्छ । विगतका भोगाइहरू आजका लागि नौला तथा अध्ययनका विषयहरू हुन सक्छन्, तर वर्तमानमा मुकाबिला गर्नुपरेको समस्या भोलिका लागि अनुमानको मात्र विषय बन्न सक्छ । समय जतिजति अगाडि बढिरहेको हुन्छ, त्यसको निराकरणका लागि पनि अनेक किसिमका उपायहरू जन्मिरहेका हुन्छन् । आजको दिनमा थेग्नै नसक्ने अवस्थामा समाजमा भ्रष्टाचार बढिरहेको छ । यस्तो भ्रष्टाचारजन्य विषयलाई नियन्त्रण गर्नु भ्रष्टविरोधी शास्त्रको जिम्मेवारी हो । यो भ्रष्टविरोधी शास्त्रले समाजका अनेक तप्का र तहका व्यवहार, व्यवस्था र नीतिहरूलाई स्वच्छ र अनुशासित रूपमा सञ्चालन गर्न मद्दत गर्छ । समाजमा चलेका अनेक विधि तथा व्यवहारहरूले विज्ञानको रूप धारण गरेका हुन्छन् । ती विभिन्न विषयसँग यो शास्त्रको स्वाभाविक सम्बन्ध कायम भएको छ । जस्तै –

१. मानवीय व्यवहारको विज्ञान,
२. मानवीय सदाचारको विज्ञान,
३. सामाजिक व्यवहारको विज्ञान,
४. भौतिक विकासको विज्ञान,
५. आर्थिक समृद्धिको विज्ञान,
६. प्रशासनिक अनुशासनको विज्ञान,
७. राजनीतिक स्वच्छताको विज्ञान ।

१. मानवीय व्यवहारको विज्ञान :
विश्वमा जति पनि जीव-जीवात्मा जन्मिएका हुन्छन्, तिनीहरूको जीवनसँगसँगै तिनको स्वभाव एवं व्यवहार पनि आएका हुन्छन् । मान्छेसँग रमाउने कुकुर-बिरालोदेखि मान्छेभन्दा टाढा जङ्गलमा रहने स्याल तथा बाघको व्यवहार पनि फरक-फरक पाइन्छन् । मान्छेसँग रमाउने जीवलाई मान्छेले माया गरेको हुन्छ भने मान्छेको स्वभावसँग नमिल्ने जङ्गली जनावरहरूलाई मान्छेले तिरष्कार गर्दै टाढै बसेको हुन्छ । जीवजन्तुको व्यवहार मान्छेप्रति जस्तो हुन्छ, मान्छेले उसलाई गर्ने व्यवहार पनि उस्तै हुन्छ । जङ्गलमा रमाउने बाघ र स्यालजस्ता जन्तुहरूलाई मान्छेले माया गर्छ भन्ने सोचे पनि त्यो व्यवहार प्राकृतिक हुन सक्तैन । त्यसैले मान्छेको व्यवहार पनि मान्छेको प्रकृतिअनुसार नै आएको हुन्छ । मान्छेले मान्छेकै समूहमा बाँच्नुपर्ने भएकाले उसको व्यवहार पनि मानवोचित हुनु आवश्यक छ । मानवीय मूल्य र मान्यताभन्दा मान्छेको व्यवहार अलग्गिन्छ भने त्यो मान्छे समाजबाट अलग भएर स्थापित हुन पुग्छ । कुनै पनि मान्छेको व्यवहारले उसलाई अरू मान्छेसँग नजिक वा टाढा उभ्याइदिन्छ । मान्छेको अभ्यस्त व्यवहारले नै समाजमा मान्छेको तहको पहिचान कायम भएको हुन्छ । मानव-समाजको तल्लो तहदेखि माथिल्लो तहसम्म मान्छेको स्तर कायम गर्नमा पनि उसको व्यवहारले भूमिका खेल्दछ ।

मान्छेको व्यवहारलाई दुई भिन्न पाटाबाट हेर्न सकिन्छ – (क) असल व्यवहार, र (ख) खराब व्यवहार । असल व्यवहारको गुणले मान्छेका रूपमा समाजमा स्थापित गर्छ भने खराब व्यवहारको रूपले मान्छे अमानवीय रूपमा देखिन पुग्छ । भ्रष्टता मान्छेको खराब व्यवहारको उपज हो । त्यसैले मानव-व्यवहारको अध्ययन मानव-व्यवहारको विज्ञानको अधिनमा रहेर हेर्नु र गर्नुपर्ने भएकाले यो मानव-व्यवहारको विज्ञान हो ।

२. मानवीय सदाचारको विज्ञान :
सबै जीवहरूको आफ्नो प्रकृतिअनुसारका आचारसंहिताहरू निश्चित भएका हुन्छन र तिनै आचारसंहिताहरूको सीमाभित्र उनीहरूको जीवन निश्चित भएको हुन्छ । तर मानिसको आचार अन्य जीवको भन्दा भिन्नै किसिमबाट संस्थापित भएको हुन्छ । मानवको गुणभित्र स्थापित हुने सदाचार र त्यसको ठीक उल्टो अर्थ लाग्ने भ्रष्टाचार पनि मानवीय प्रकृतिमा समाहित भएको हुन्छ । मान्छेले मान्छे भएर बाँच्नुपर्दा सदाचारको पूर्ण अनुयायी भएर बाँच्न सक्यो भने उसको जीवन पूर्ण सफल भएको हुन्छ । सदाचारको पालन र अभ्यासले मान्छेमा हुने दुर्गुण, व्यभिचार र भ्रष्टाचारजस्ता मानवीय शत्रुहरू नाश हुन्छन् ।

सदाचारको विपरीत पाटो भ्रष्टाचार हो । मानवीय आचारका दुई पाटालाई हेरौँ – (क) सदाचार, (ख) भ्रष्टाचार । यी दुवै मानव मनस्थितिमा स्थित रहेका तaवहरू हुन् । एकको विकासमा अर्कोको शक्ति नाश हुन्छ । अर्थात् एक सबल हुँदा अर्को निर्बल हुँदै जान्छ । यो विज्ञानको नियम पनि हो । त्यसैले सदाचारका तaवहरू सशक्त रूपमा स्थापित भएको खण्डमा मात्र भ्रष्टाचारको शक्ति क्षीण हुँदै जान्छ । यसरी प्रमाणित भएका कारणले नै सदाचार भ्रष्टविरोधी विज्ञानको अङ्गका रूपमा स्थापित भएको हो ।

३. सामाजिक व्यवहारको विज्ञान :
सम्बन्धित समाजको रीतिस्थिति र संस्कृतिका आधारमा सामाजिक व्यवहार स्थापना भएको हुन्छ । समाजको ऐतिहासिक बनोट, जातीय मूल्य र मान्यता, परम्परागत रीतिस्थिति तथा संस्कृतिहरूले सामाजिक व्यवहारलाई अभ्यासमा ल्याएका हुन्छन् । त्यसैअनुरूप सामाजिक व्यवहार चलिरहेको हुन्छ । सामाजिक व्यवहारले तत्कालीन वा अल्पकालीन सम्झौता गरेर आफ्नो व्यवहारलाई परिवर्तन गर्न सक्तैन । व्यवहार आफ्नै ढङ्गले निश्चित बाटोबाट चलेको हुन्छ र लामो समयदेखि चलिआएको छ । त्यसैले पनि यो सामाजिक व्यवहार निरन्तर रूपमा चलेको र चलिरहने व्यवहार भएको हुँदा यो विज्ञानका रूपमा स्थापित भएको छ । यस्तो सामाजिक व्यवहारलाई तल-माथि हुनबाट बचाउने काम भ्रष्टविरोधी शास्त्रले गरिरहेको हुन्छ । त्यसैले यो सामाजिक व्यवहार स्थिर रूपमा सञ्चालित भएको हुन्छ ।

४. भौतिक विकासको विज्ञान :
भौतिक विकास सामाजिक उत्थानका लागि आवश्यक तaव हो । जेसुकै र जस्तोसुकै अवस्थामा पनि मान्छेले भौतिक रूपमा पूर्णताको खोजी गरिरहेको हुन्छ । आवश्यक भौतिक साधन प्राप्त भएको अवस्थामा मान्छे खुसी रहेको हुन्छ । यो मानवीय कमजोरी हो । मान्छेको चाहना भौतिक र अभौतिक दुवै प्रकारबाट आफ्नो कल्याण भएको देख्न, हेर्न र स्वीकार्न चाहन्छ । यही चाहनाका कारणले नै भौतिक विकासको पूर्वाधार तयार हुन्छ र त्यही चाहनाहरूका आधारमा मान्छेले आफ्नो आवश्यकताको परिपूर्ति गरिरहेको हुन्छ । अर्थात् भौतिक विकास क्रमिक रूपमा अगाडि बढिरहेको हुन्छ । मान्छेका असीमित चाहनाको परिपूर्ति आश्चर्यमय ढङ्गबाट भौतिक विकास भएर देखिने र प्रामाणिक रूपमा स्थापित हुने गरेकाले पनि यो विज्ञानका रूपमा प्रतिष्ठापित हुन पुगेको हो । यस्तो भौतिक विकासमा बाधा-विरोध र कुनै अवरोध आउन नदिई यसको क्रमिक विकासमा पूर्ण रूपमा सहयोग गर्ने काम भ्रष्टविरोधी शास्त्रले गरेको हुन्छ ।

५. आर्थिक समृद्धिको विज्ञान :
आधुनिक युगमा आर्थिक रूपमा सबल र समृद्ध भएको व्यक्ति वा समाज मात्र सफल भएको ठहर हुन्छ । आर्थिक सबलता र समृद्धिका लागि व्यक्ति वा समाज द्रुत गतिमा लागिरहेका हुन्छन् । यसरी आर्थिक विकासका क्रममा लागेकाहरू आर्थिक बजारमा प्रतिस्पर्द्धात्मक रूपमा प्रस्तुत भएका हुन्छन् । प्रतिस्पर्द्धा भन्नेबित्तिकै त्यहाँ स्वच्छता, नीतिगत र विधिगत मार्ग मात्र अपनाइएको हुन्छ भन्ने हुँदैन । त्यस दौरानमा तिनीहरू दूषित मार्ग पनि अवलम्बन गर्न पुग्छन् । यस्तै विधिका आडमा गरिने सबै किसिमका दूषित अभ्यासहरूले आर्थिक क्षेत्रमा विकृतिहरू पैदा गर्छन् । आर्थिक समृद्धिको कुनै निश्चित मापदण्ड हुँदैन र यसको सीमा निर्धारण भएको पनि हुँदैन । यसको सीमा भनेको सन्तुष्टि हो, समय र अवस्थाले निर्धारण गरेको निश्चितता हो । व्यक्ति, समाज वा राज्यले आर्थिक समृद्धिका लागि आकाङ्क्षा राखेका हुन्छन् र प्राप्तिका लागि योजना बनाएर अगाडि बढिरहेका हुन्छन । कमजोर विधि तथा नीतिलाई गलत व्याख्या गर्दै धेरैले आर्थिक रूपमा समृद्धि हासिल गरिरहेका हुन्छन् । यस्ता कमजोर नीति र विधिको अपचलन गर्नेदेखि लिएर जानाजान दूषित अभ्यास गरी आर्थिक सबलता कायम गरेकाहरूलाई भ्रष्टविरोधी शास्त्रले नियन्त्रित रूपमा सञ्चालन गर्न सक्छ ।

६. प्रशासनिक अनुशासनको विज्ञान :
कुनै सङ्गठित संस्था, व्यापारिक कम्पनी, गैरसरकारी निकाय र राज्यव्यवस्थाको सञ्चालन गर्न प्रशासनिक सङ्गठनको आवश्यकता पर्दछ । त्यस्तो प्रशासनिक सङ्गठन सञ्चालन गर्न तिनीहरू ऐन, नियम, विनियम तथा नीतिद्वारा निर्देशित भएका हुन्छन् । प्रशासनमा काम गर्ने व्यक्ति, प्रशासनलाई सञ्चालन गर्ने विधिविधान र प्रशासनयन्त्रलाई प्रभाव पार्ने निकाय सबै अनुशासित रूपमा सञ्चालित भएको हुनुपर्छ । तब मात्र प्रशासनिक अनुशासन कायम भएको मानिन्छ ।

प्रशासनमा अनुशासन भएन भने स्वच्छ प्रशासन सञ्चालन हुन सक्तैन । स्वच्छ प्रशासन सञ्चालन हुन सकेन भने त्यो निकाय भाँडभैलो भएर क्षतविक्षत हुन पुग्छ । प्रशासनमा भाँडभैलो हुन नदिन र स्वच्छ एवं अनुशासित प्रशासन सञ्चालन गर्न प्रशासनिक अनुशासन स्थापित भएको हुनुपर्छ । कुनै प्रशासनिक निकायमा प्रशासनिक अनुशासन कायम नभएको अवस्थामा भ्रष्टविरोधी शास्त्र प्रशासनिक अनुशासन कायम गर्न समर्थ हुन्छ ।

७. राजनीतिक स्वच्छताको विज्ञान :
राजनीतिक स्वच्छता र पवित्रता नभएको राजनीतिलाई अराजनीतिक व्यवस्था भनिन्छ । अराजनीतिक व्यवस्थाबाट राजनीतिक सत्ता अस्थिर हुन्छ र राज्यव्यवस्था सुचारु रूपले सञ्चालन गर्न सक्तैन । अराजनीतिक व्यवस्थामा गुन्डागर्दी र आतङ्क बढ्दै गएको हुन्छ । यसरी अराजनीतिक व्यवस्थाकै कारणले विकासोन्मुख मुलुकमा राजनीतिक सत्ताको बागडोर तानाशाही वा आतङ्ककारीको हातमा समय-समयमा पुग्ने गरेको हुन्छ । त्यसरी तानाशाही र आतङ्ककारीहरूको समुदायमा राज्यव्यवस्था जाँदा त्यस राज्यव्यवस्थामा अराजनीतिक र अप्रजातान्त्रिक अभ्यास बढ्दै जान्छ । त्यस्तो अराजनीतिक अभ्यासले जनता, मुलुक र राज्यव्यवस्था शोषित हुन पुग्छन् । त्यस बखत राजनीतिक स्वच्छताको अभावमा कुनै पनि मुलुकमा प्रजातान्त्रिक व्यवस्था सञ्चालित हुन सक्तैन । त्यस्तो राजनीतिक स्वच्छता कायम नभएको अवस्थामा भ्रष्टविरोधी शास्त्रले राजनीतिक स्वच्छता कायम गर्ने प्रयत्न गरेको हुन्छ ।

यस शास्त्रले समाजका विभिन्न कोण, तह, तप्का र वर्गीय दृष्टिकोणबाट समेत आफूलाई परिभाषित गर्दै भ्रष्टविरोधी सिद्धान्तअन्तर्गत समूहगत विभाजित भएको छ र विज्ञानका रूपमा आफूलाई प्रमाणित गराउँदै यो भ्रष्टविरोधी शास्त्र स्वाभाविक विज्ञानका रूपमा स्थापित हुन पुगेको छ ।

# भ्रष्टविरोधी शास्त्रको क्षेत्र
# (Scope of Anticorruptology)

भ्रष्टविरोधी शास्त्रको अध्ययन भनेको भ्रष्टविरोधी कार्यविधिको अध्ययन हो । यो कार्यविधिको परिधिभित्र यस शास्त्रमा अध्ययन गरिने सम्पूर्ण अङ्गहरू समावेश भएका हुन्छन् । यस शास्त्रले प्रथमतः भ्रष्टाचारका विविध क्षेत्रका बारेमा व्याख्या-विश्लेषण गर्ने प्रयत्न गर्छ । यसको सैद्धान्तिक तथा व्यावहारिक पक्षको व्याख्या गर्दै भ्रष्टविरोधी सिद्धान्तको निर्माण गर्छ । यस शास्त्रले भ्रष्टविरोधी क्षेत्र, त्यसका विभिन्न व्यवहार र क्रियाकलापको विस्तृत अध्ययन गर्छ । भ्रष्टविरोधी सिद्धान्तलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नका निमित्त विभिन्न नियम-उपनियमहरू बनाई त्यसका लागि अभ्यास सुरु गर्न सक्ने बाटो देखाउँछ । तिनै नियम तथा अभ्यास नै यसको व्यावहारिक पक्ष हो । यसरी भ्रष्टविरोधी शास्त्रको क्षेत्रले यसको स्वभाव, विषयवस्तु र सीमाहरू निर्धारण गर्छ –

१. भ्रष्टविरोधी शास्त्रको स्वभाव (Nature of Anticorruptology)
२. भ्रष्टविरोधी शास्त्रको विषयवस्तु (Subject Matter of Anticorruptology)
३. भ्रष्टविरोधी शास्त्रका सीमाहरू (Limitations of Anticorruptology)

१. भ्रष्टविरोधी शास्त्रको स्वभाव :

भ्रष्टविरोधी शास्त्र भनेको मानवीय क्रियाकलाप, मानवीय आचरण र मानवीय स्वभावसम्बन्धी विस्तृत तथा विश्लेषणात्मक ज्ञान हो । यो ज्ञानको स्वभावलाई सिद्धान्त र व्यवहार गरी दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ – (क) सिद्धान्त, (ख) व्यवहार ।

(क) सिद्धान्त :

यो ज्ञानको सूची हो, जसको चरणबद्ध अध्ययन हुन सक्छ र जसलाई विज्ञान पनि भन्न सकिन्छ । विज्ञान भनेको कुनै विषय वा ज्ञानको प्रामाणिक अध्ययन गर्ने विधि हो । वैज्ञानिक सूत्रलाई नै सिद्धान्त भनिन्छ भने सिद्धान्तका आधारमा प्रमाणित गर्न सकिने विधिलाई विज्ञान भनिन्छ ।

(ख) व्यवहार :

व्यवहार भनेको काम गर्ने तरिका हो, जसलाई कला पनि भन्ने गरिन्छ । कलाले नै मानव-जीवन र मानव-समाजलाई सुन्दरता प्रदान गरेको हुन्छ, जसमा मान्छे रमाएर जीवनका राम्रा र नराम्रा प्रत्येक क्षणहरूलाई स्वीकार गर्दै आनन्दले जीवन यापन गरेको हुन्छ । त्यसैले कलाको महaेव मानव-जीवनसँग गाँसिएको छ र मानव-जीवनको व्यवहार कलासँग जुटेको छ ।

भ्रष्टविरोधी शास्त्र विज्ञान हो **(Anticorruptology is a Science)** :

भ्रष्टविरोधी शास्त्र विज्ञान हो । विज्ञान भनेको ज्ञानको क्रमबद्ध अध्ययन गर्ने सूची हो । विज्ञानका प्रक्रिया र नियमहरू निश्चित तरिकाले चलेका हुन्छन् र सबै ठाउँ र अवस्थामा एकै किसिमबाट क्रियाशील हुने गर्छन् । भौतिक विज्ञानका नियमहरू यसका उदाहरण हुन् । यसले कारण र परिणामका बीच सम्बन्ध स्थापित गर्छ । भ्रष्टविरोधी शास्त्रले मानिसको स्वभाव, प्रकृति, आचरण, सामाजिक तथा आर्थिक व्यवहार र क्रियाकलापहरूका कारण र परिणामबीचको सम्बन्ध स्थापित गर्दै अध्ययन गर्ने हुनाले यो सामाजिक विज्ञान हो ।

भ्रष्टविरोधी शास्त्र कला हो **(Anticorruptology is a Art)** :

भ्रष्टविरोधी शास्त्र कला पनि हो । कलाले काम गर्ने तौरतरिका, नीतिनिर्माण र व्यावहारिक पक्षको ज्ञान प्रदान गर्छ । यसले विभिन्न किसिमका नीति र आचरणविरुद्ध उत्पन्न भएका समस्याहरूको समाधान गर्ने तरिका सिकाउँछ । यस शास्त्रले मानिसको भौतिक तथा अभौतिक अवस्था सुधार्ने काममा व्यावहारिक रूपले मद्दत गर्छ । तसर्थ व्यावहारिक ज्ञान दिलाउने यो भ्रष्टविरोधी शास्त्र कला पनि हो ।

भ्रष्टविरोधी शास्त्र विज्ञान मात्र हो वा कला मात्र हो भनेर छुट्याएर व्याख्या गर्न सकिँदैन । यसले विज्ञानका रूपमा नीति तथा आचरणका विरुद्धका विभिन्न समस्याहरूका लागि भ्रष्टविरोधी नीतिहरूको निर्माण गर्छ । यसरी भ्रष्टविरोधी शास्त्रले मानिसलाई सैद्धान्तिक ज्ञान प्रदान गर्नुका साथै व्यावहारिक तरिकामा पनि अभ्यस्त गराउँछ । भ्रष्टविरोधी शास्त्र कला र विज्ञान दुवै हो । त्यसैले कला र विज्ञानको सम्मिश्रण यस शास्त्रको स्वभाव हो ।

२. भ्रष्टविरोधी शास्त्रको विषयवस्तु **(Subject Matter of Anticorruptology)** :

भ्रष्टविरोधी शास्त्रको विषयवस्तुलाई हालको परिभाषाका आधारमा निर्धारण गर्नुपर्ने हुन्छ । तर यसको विषयवस्तुका आधारमा हेर्नुपर्दा दुई अवधारणालाई हेर्नुपर्छ – (क) परम्परागत अवधारणा ९त्चबमष्तष्यलबि ब्उउचयबअज०, र (ख) आधुनिक अवधारणा ९ःयमभचल ब्उउचयबअज० ।

(क) परम्परागत अवधारणा **(Traditional Approach) :**

परम्परागत अवधारणाबाट यस शास्त्रको विषयवस्तुलाई हेर्नुपर्दा मानिसमा विकसित हुने भ्रष्टता नियन्त्रण गर्ने प्रयासहरू र त्यसद्वारा सृजित समाजको अवस्थालाई हेर्नुपर्ने हुन्छ । यसलाई यसरी विभाजन गरी हेर्न सकिन्छ –

(१) पाप र धर्मको सीमानिर्धारणबाट नियन्त्रित,
(२) सामाजिक मान्यताबाट नियन्त्रित,
(३) परिवार र समुदायबाट नियन्त्रित,
(४) मानवीय सद्गुणबाट नियन्त्रित,
(५) सत्तापक्षबाट नियन्त्रित ।

(१) पाप र धर्मको सीमानिर्धारणबाट नियन्त्रित :

भ्रष्टाचार गर्ने व्यक्ति पापी हुन्छन् र ती पापी व्यक्तिहरू ईश्वरका प्रिय हुन सक्तैनन् । तिनीहरू त्यही पापका कारणले गर्दा स्वर्गमा जान सक्तैनन् । स्वर्ग जाने हो भने भ्रष्टाचार गर्नु हुँदैन भन्ने सबैजसो धार्मिक ग्रन्थमा लेखिएको हुँदा मानिसहरूले भ्रष्टाचार गर्दैनथे ।

(२) सामाजिक मान्यताबाट नियन्त्रित :

समाजमा सबै प्रकारका मान्छेहरूको बसोबास हुने र एक-अर्कासँग सम्बन्ध कायम हुने हुँदा सामाजिक मूल्य-मान्यता र संस्कृतिका आधारमा एक-अर्कासँग गाँसिएका हुन्छन् । एकजनाले गरेको अनैतिक कार्य अर्कोले स्पष्ट देख्न र अनुभव गर्न सक्ने भएका कारण त्यस्ता भ्रष्ट कार्यमा लिप्त व्यक्तिलाई समाजले बहिष्कार गर्ने भएकाले पनि त्यस्तो सामाजिक अपराध गर्न रोकिएको हुन्छ । कुनै सामाजिक अपराधलाई सभ्य समाजले छुट दिएको हुँदैन । त्यसैले सामाजिक मूल्य-मान्यता र संस्कृतिले त्यस्तो भ्रष्ट स्थितिको नियन्त्रण गरेको हुन्छ ।

(३) परिवार र समुदायद्वारा नियन्त्रित :

परिवार र समुदाय भनेको समाजको सानो एकाइ हो । त्यो सानो घेरामा भ्रष्ट र अनैतिक व्यक्ति चाँडै नै पहिचान हुने हुँदा त्यस्ता भ्रष्ट व्यक्तिहरूलाई आफ्नै परिवार र समुदायबाट अपहेलित हुने डर हुन्छ । त्यसैले पनि त्यस्तो भ्रष्ट आचारबाट मानिसहरू सतर्क भई त्यस्तो भ्रष्ट कार्यबाट अलग्गिने कोसिस गरेका हुन्छन् ।

(४) मानवीय सद्गुणबाट नियन्त्रित :

मानवीय सद्गुण भनेको मानिसको आचार, विचार र संस्कार हो । यसभित्र इमानदारी, सत्यता, विवेक र विश्वासजस्ता मानवीय गुणले मानिसलाई भ्रष्ट आचरण गर्नबाट रोक लगाएको हुन्छ । वास्तवमा मान्छे आफ्नै सद्गुणद्वारा नियन्त्रित हुन्छ र हुनुपर्छ । त्यसपछि मात्र मानिस हो भन्ने प्रमाणित हुन्छ ।

(५) सत्तापक्षबाट नियन्त्रित :

मानव-समाजमा राज्य र राज्यव्यवस्था स्थापना भएदेखि नै राज्य-सञ्चालन गर्ने सत्तापक्षबाट भ्रष्टताजस्ता अमानवीय क्रियाकलापको नियन्त्रण हुँदै आएको छ । राज्यको सर्वोच्च व्यक्ति वा निकाय जहिले पनि भ्रष्टाचारको विरोधमा उभिएको इतिहासले बताएको छ । त्यसैले भ्रष्टाचारविरोधी क्रियाकलाप परम्परागत रूपमा नै सञ्चालित व्यवस्था हो भन्न सकिन्छ ।

(ख) आधुनिक अवधारणा **(Modern Approach)** :

आधुनिक युगको विकाससँगसँगै मानिसहरू बिस्तारै व्यक्तिवादी हुँदै गएका छन् । मानिसले समाजभन्दा समुदाय, समुदायभन्दा परिवार र परिवारभन्दा आफू हुँदै मानववादी सिद्धान्तबाट नै खुम्चँदैछन् । मानव-समाजमा केकस्तो मूल्य तथा मान्यताको स्थापना हुनुपर्ने हो, कस्तो अवस्थाको विकास भइरहेको छ, समाजको जिम्मेवार निकायका रूपमा रहेको समुदाय तथा परिवारले त्यसलाई कसरी हेरिरहेको छ र समुदाय तथा परिवारको जिम्मेवारी के हो, यी सबै जिम्मेवारी र मूल्य-मान्यतामाथि मानिसको चासो हराउँदै गएको छ । मानव-समाजमा यस्तो व्यक्तिवादिताको सुरुवात भएर सम्पूर्ण मानव-समाजमा जरो गाड्न थालेको छ । यस्तो व्यक्तिवादी अवस्थाको विकासले मानिस, त्यसको समुदाय र सामाजिक परिवेशलाई तीव्र रूपमा भ्रष्ट बनाउँदै अन्तमा समाजका सबैजसो पक्षमा विभेद पैदा गर्छ, जो मानव र मानवीय

विकासको शत्रु हो । यसलाई नियन्त्रित अवस्थामा राख्न आवश्यक भएको हुँदा निम्नलिखित अध्ययनलाई स्वीकार गर्नुपर्ने देखिन्छ – (क) असल शासन, (ख) कानुनी राज्य ।

(क) असल शासन **(Good Governance)** :
कुनै पनि मुलुकमा असल शासन हुनका लागि कानुनले तोकेको कार्य सम्बन्धित निकायबाट समयमै कानुनअनुसार सम्पन्न गर्ने-गराउने व्यवस्था हुनुपर्छ । कुनै पनि राज्यव्यवस्थाको नीति बनाउने र निर्णय कार्यान्वयन गर्ने संयन्त्रमा भ्रष्टाचार रहेसम्म असल शासनको परिकल्पना गर्न सकिँदैन । त्यसैले असल शासन-पद्धतिको विकासका लागि नीति, नियम र कानुनको पूर्ण रूपमा पालना भएको अवस्था हुनुपर्छ । (यसको विस्तृत अध्ययन असल शासनसम्बन्धी परिच्छेदमा उल्लेख भएको छ ।)

२. कानुनी राज्य **(Legal State)** :
आधुनिक अवधारणामा कानुनी राज्यव्यवस्थाको आवश्यकता महसुस भएर नै वर्तमानको प्रजातान्त्रिक व्यवस्थामा कानुनी राज्यको अवधारणा आएको हो । (यसको विस्तृत अध्ययन पनि असल शासनसम्बन्धी परिच्छेदमा उल्लेख भएको छ ।)

# भ्रष्टविरोधी शास्त्रका सीमाहरू
# (Limitations of Anticorruptology)

भ्रष्टविरोधी शास्त्र मानव-आचरणको व्याख्या गर्ने विज्ञान हो । भ्रष्टविरोधी विज्ञानको सीमा निर्धारण गर्न कठिन छ, तापनि अध्ययनलाई व्यवस्थित गर्न यस शास्त्रको सीमालाई निर्धारण गर्नुपर्ने हुन्छ । भ्रष्टाचारको फैलावट अत्यन्त व्यापक छ । यसमा सानोतिनो घुस लिने-दिनेदेखि लिएर देशको राष्ट्रिय कोष नै समाप्त पार्ने आर्थिक घोटालासम्मलाई समावेश गर्नुपर्ने हुन्छ । मान्छेको नियत, नैतिकता, व्यवहार, अधिकार, कर्तव्य र जिम्मेवारी जस्ता संवेदनशील विषयदेखि अख्तियारको दुरुपयोगसमेतलाई हेर्नुपर्ने हुन्छ । भ्रष्टता त्यसरी असीमित रूपमा फैलँदै गएको छ, तापनि भ्रष्टतालाई भ्रष्टविरुद्ध शास्त्रले सीमा निर्धारण गरी हेर्नुपर्ने हुन्छ । हाललाई यस शास्त्रमा निम्न महaेवपूर्ण सीमाहरू तोकिएको छ –

१. मानव-व्यवहार, आचरण र मनस्थिति,
२. सेवादायी तथा सेवाग्राहीका बीचमा हुने घुसपैठ,
३. योजना सञ्चालन हुँदा र सञ्चालित हुने अवस्थामा हुने चलखेल,
४. राजनीतिक दल तथा राज्यव्यवस्थाको सम्बन्ध,
५. संविधान तथा प्रचलित कानुनलाई संशोधन,
६. अर्को देशबाट स्वार्थवश आउने घुसपैठ,
७. आन्तरिक राज्यव्यवस्थामा हुने अव्यवस्था ।

१. मानव-व्यवहार, आचरण र मनस्थिति :

मानव-व्यवहार, आचरण र मनस्थिति देखिने वस्तु होइनन् । यी सबै महसुस गरिने तaेव हुन् । त्यसैले यी मानवीय भावनाका विषय भएका हुँदा यस विषयमा देखिने वा लेखिने प्रमाण तयार गर्न कठिन हुन्छ । यो बुझाइसँग मात्र सम्बन्धित हुन्छ । जसले बुझेको छ वा स्थितिबाट निश्चित भएको छ, त्यो व्यक्ति वा संस्थाले मात्र प्रमाण तयार गर्नुपर्ने भएकाले यो कार्य र व्यवहार आफैँमा प्रमाणित हुन सक्तैन । यस्तो अवस्थामा त्यो व्यवहार, आचरण र मनस्थिति बुझेको, अनुभूत गरेको वा जानकारी पाएको दोस्रो पक्षले नै प्रमाणका रूपमा प्रस्तुत हुनुपर्ने हुन्छ । यस विषयलाई स्पष्ट तथा सतही रूपमा व्याख्या, विश्लेषण वा प्रमाण जुटाउन कठिन हुन्छ । तर पनि मानव-व्यवहार, आचार र मनस्थितिलाई भ्रष्टविरोधी शास्त्रले व्याख्या गर्न सक्छ ।

२. सेवादायी तथा सेवाग्राहीका बीच हुने घुसपैठ :

कुनै पनि सरकारले सर्वसाधारण जनतालाई सेवा उपलब्ध गराउने नीतिगत व्यवस्था गरेको हुन्छ । त्यस्तो सेवा प्रदान गर्नका लागि सरकारले तलब-भत्ता सुविधा दिएको कर्मचारीलाई खटाउँछ । त्यसरी खटिएका पदाधिकारी वा कर्मचारीले नागरिकलाई निःशुल्क एवं सेवाभावले ओतप्रोत भई सेवा प्रदान गर्नुपर्छ । तर गरिब देशका त्यस्ता सेवादातृ पदाधिकारी तथा कर्मचारीहरूबाटै धेरै वा थोरै विषयगत आधारमा घुस लिने-दिने क्रियाकलाप भइरहेका हुन्छन् । देश, काल र परिस्थितिअनुसार सेवाग्राहीले घुसपैठ गरी छिटो र सुलभ तरिकाले सेवा लिने प्रयत्न गरेका हुन्छन् । यस कार्यमा सेवादातृ तथा सेवाग्राही दुवै बराबर रूपमा दोषी देखिन्छन् ।

३. योजना सञ्चालन हुँदा र सञ्चालित हुने अवस्थामा हुने चलखेल :

कुनै पनि मुलुकले सञ्चालन गर्नुपर्ने साना, मझौला तथा ठूला आयोजना सञ्चालन हुनुपूर्व नै कमिसनको भागबन्डाका लागि चलखेल सुरु भएको हुन्छ । साना आयोजनामा सरकारका पदाधिकारीको चासोमा कमिसन रकम बाँड्ने वा छुट्याउने कार्य सुरु हुन्छ । कुनै आयोजनालाई सम्पन्न गर्नुछ वा समाप्त गर्नुछ भने पनि सरकारी पदाधिकारीले कमिसनलाई तलमाथि बढाउने वा घटाउने कार्य निरन्तर रूपमा गरिरहेका हुन्छन् । ती पदाधिकारीले त्यस्तो कार्य गर्दा राजनीतिक शक्तिको आडमा वा इसारामा यस्ता अनैतिक कार्यलाई बढावा दिइरहेका हुन्छन् । यसरी आन्तरिक मात्र नभएर बाह्य क्षेत्र अर्थात् आयोजनाका प्रवर्द्धक वा समर्थक राष्ट्र वा सहयोगीका रूपमा देखिने अन्तर्राष्ट्रिय दातृसंस्थाका पदाधिकारीको चाख र चासोमा पनि आयोजनाको खर्च लागत बढ्ने कार्य हुन्छ । यति मात्र होइन, त्यस्ता आयोजनाबाट ती गरिब देश ठगिन्छन् र धनी देश तथा सहयोगीका रूपमा देखिने संस्था तथा निकायका पदाधिकारीले भने बढीभन्दा बढी लाभ लिने कार्य भएको हुन्छ । त्यसैले गरिब देशमा सञ्चालन हुने वा भएका आयोजनाहरूमा हुने चलखेललाई रोक्ने कार्यविधि निर्माण गर्नु आवश्यक हुन्छ ।

४. राजनीतिक दल तथा राज्यव्यवस्थाको सम्बन्ध :

राज्यव्यवस्था सञ्चालन हुने निश्चित विधिविधान हुन्छ । त्यही विधिविधानअनुसार स्वच्छ र हस्तक्षेपमुक्त असल शासन-प्रणालीद्वारा शासन-व्यवस्था चलेको हुनुपर्छ । तर गरिब देशको राज्यव्यवस्थालाई विधिविधानले होइन, राजनीतिक शक्तिले शासन गरिरहेको हुन्छ । यसरी राज्यव्यवस्थामा राजनीतिक शक्ति हावी भएपछि राज्यव्यवस्था कमजोर हुन पुग्छ । राज्यव्यवस्था कमजोर भएपछि सरकारको नेतृत्वमा अस्थिरता आउँछ । छोटो अवधिका लागि सत्तामा आउने राजनीतिक शक्तिले प्रभावकारी रूपमा काम गर्न सक्तैन । गरिब देशमा राजनीतिक दलका नेताहरू बढी अवसरवादी बनेर राज्यव्यवस्थालाई नै शोषण गर्ने गरेका हुन्छन् । किनभने उनीहरूले तोकिएको समयसम्म शासन गर्न सक्ने अवस्था नै रहँदैन । राजनीतिक दल र राज्यव्यवस्थाका बीच यस्तो अस्वाभाविक सम्बन्धको अन्त नभएसम्म राज्यव्यवस्था स्वच्छ, सशक्त र विधिसम्मत रूपमा चल्न सक्तैन ।

५. संविधान र प्रचलित कानुनमा संशोधन :

संविधान भनेको देशको मूल कानुन हो । त्यसैको जगमा अन्य आवश्यक कानुनहरू निर्माण हुन्छन् । लिखित कानुन अस्पष्ट र दोहोरो अर्थ लाग्ने किसिमको हुनु हुँदैन । कानुनको भाषा जहिले पनि स्पष्ट र सटिक निर्देश गर्न सक्ने हुनुपर्छ । तर गरिब देशको कानुनको बनोट स्पष्ट र एकै अर्थ लाग्ने हुँदैन । कानुन-निर्माणमा धनी देशहरूको हस्तक्षेप हुने हुँदा कानुनलाई आवश्यकताअनुसार व्याख्या गर्ने परिपाटी पनि रहेको हुन्छ । यस्तो अपारदर्शी कानुन प्रचलनमा रहेका देशहरूमा राजनीतिक दलका नेताहरूको स्वार्थबमोजिम संविधान र कानुनमा संशोधन गर्दै आफ्नो अनुकूल बनाउने कार्य भइरहन्छ । छोटो अवधिका लागि शासनसत्तामा जाने राजनीतिक दलका नेताहरूले राज्यव्यवस्थामा रहेको कानुनलाई आफ्नो स्वार्थअनुकूल परिवर्तन गरी राज्यकोषको रकम हिनामिना गर्ने, सत्ताच्युत भए पनि शक्ति कायम रहने र जनता तथा मुलुकलाई असीमित शोषण गर्ने कार्य गरिरहेका हुन्छन् । यसरी विधिको शासन देखाई जनता र मुलुकलाई शोषण गर्ने प्रवृत्तिको विकास हुने हुँदा यसको रोकथाम हुनुपर्ने देखिन्छ ।

६. अर्को देशबाट स्वार्थवश आउने घुसपैठ :

विकासोन्मुख देशहरूमा अर्को देशबाट स्वार्थवश घुसपैठ आउने गरेका हुन्छन् । त्यस्तो घुसपैठले त्यस देशको परम्परागत रीतिस्थिति, परम्परागत मूल्य-मान्यता र चलिआएको संस्कृतिलाई बिगार्ने काम गर्छ । अर्को देशबाट आउने त्यस्तो घुसपैठले राजनीतिक क्षेत्रका नेताहरूलाई आर्थिक प्रलोभन दिई आफ्नो पक्षमा वकालत गर्न लगाउँछ भने मुलुकको प्राकृतिक स्रोत तथा सम्पदालाई नै अर्को देशको व्यापारिक निकाय वा अन्य व्यक्ति वा निकायलाई सुम्पने काम गर्छ । गरिब एवं कमजोर मुलुकहरूलाई आर्थिक रूपले सबल एवं शक्तिसम्पन्न देशहरूले आफ्नो प्रभावमा पार्दै आफूमुखी बनाउँछन् । अर्थात् ठूला मुलुकले स्वार्थवश साना एवं विकासोन्मुख मुलुकहरूमा घुसपैठ गरी आफ्नो प्रभावमा राख्ने काम गर्छन् । । त्यसैले यससम्बन्धी अध्ययनको आवश्यकता महसुस गरिएको हो ।

७. आन्तरिक राज्यव्यवस्थामा हुने अव्यवस्था ।

वर्तमान लोकतान्त्रिक व्यवस्थामा आन्तरिक राज्यव्यवस्थामा अत्यन्तै अनियमित तथा गैरकानुनी कार्यहरू हुन्छन् । राज्यव्यवस्था अनुशासन र नीति-विधिअनुसार सञ्चालन हुनुपर्नेमा खास गरी विकासोन्मुख देशहरूमा अत्यन्तै छाडा रूपमा चलेका हुन्छन् । लोकतन्त्रको नारा दिएर अलोकतान्त्रिक अभ्यास गर्ने राज्यव्यवस्था प्रचुर मात्रामा सञ्चालन भइरहेका हुन्छन् । राज्यसञ्चालनभित्रका ती अव्यवस्थालाई व्यवस्थित नीति, मूल्य र मान्यताको अधिनमा चलाउने व्यवस्था सञ्चालन गर्न सक्नुपर्छ । आन्तरिक राज्यव्यवस्थामा हुने अव्यवस्थाको अन्त गर्न सक्नुपर्छ । तर वर्तमानको छाडा राजनीतिक व्यवस्थाले गर्दा राज्यव्यवस्थाभित्र अनुशासनहीनता, गैरजिम्मेवारीपन र मनपर्दी कार्य हुने हुँदा आन्तरिक राज्यव्यवस्थामा अव्यवस्था बढेको छ । यसलाई विशेष रूपले नियन्त्रण गरी सन्तुलनको नीतिअनुरूप सञ्चालन हुने संयन्त्र तयार पार्नुपर्ने हुन्छ ।

भ्रष्टविरोधी शास्त्रको अध्ययनको सीमा असीमित छ, तापनि गरिब देशहरूमा रहेका उल्लिखित महaवपूर्ण बुँदाहरूलाई भ्रष्टविरोधी शास्त्रको अध्ययनको सीमा निर्धारण गरी हेर्नुपर्ने देखिन्छ ।

# भ्रष्टविरोधी शास्त्रको अवधारणा
**९ऋयलअभउत या ब्लतष्अयचचगउतययिनथ०**

भ्रष्टाचारमुक्त समाजको स्थापना नै भ्रष्टविरोधी शास्त्रको मूल लक्ष्य हो । यस लक्ष्यको प्राप्तिका लागि स्पष्ट अवधारणा हुनु आवश्यक हुन्छ । भ्रष्टाचारमुक्त समाजको स्थापनाका लागि विभिन्न जिम्मेवार निकायहरूले यस अवधारणाअनुकूल तदारुकताका साथ काम गरेमा मात्र लक्ष्यमा पुग्न सकिन्छ । त्यसमा पनि यस कार्यको सफलताका लागि मुख्य दुई जिम्मेवार तaेवहरू पूर्णतया क्रियाशील हुनुपर्छ । ती हुन् –

१. नागरिक समाज,
२. त्यस समाजमा स्थापित राजनीतिक दलहरू ।

कुनै पनि मुलुकमा भ्रष्टाचार नियन्त्रित समाज स्थापना गर्नुपर्दा त्यहाँका नागरिकहरू पूर्ण जिम्मेवार हुनुपर्छ । किनभने त्यसको प्रतिफल तिनै नागरिकहरूले उपभोग गर्न पाउँछन् । तिनै नागरिक समुदायहरूबाट नै कुनै राजनीतिक सिद्धान्तबाट प्रेरित भएर समूह विभाजन भएपछि राजनीतिक दलको स्थापना हुन्छ । त्यो राजनीतिक दलमा त्यहीँका नागरिकहरू संलग्न भएर समूह गठन हुने भए तापनि राज्यसत्तामा गएर शक्तिवर्द्धन गर्ने मोहले गर्दा नागरिक र राजनीतिक दलहरूबीच विश्वासयुक्त सम्बन्ध स्थापना नहुन सक्छ । यसरी सत्तामदमा परेका राजनीतिक दलहरूले आफ्ना पक्षका कार्यकर्तालाई पोषण गर्नुपर्ने भएकाले पनि नागरिक समूह उपेक्षित हुन सक्छन् । त्यसैले नागरिक समाज र राजनीतिक दललाई बेग्लाबेग्लै राखेर हेर्नुपर्ने र जिम्मेवारी दिनुपर्ने हुन्छ । यसलाई दुई शीर्षकमा विभाजित गरौँ –

क. स्वच्छ एवं अनुशासित समाजको सिर्जना,
ख. राष्ट्रवादी राजनीतिक दलहरूको स्थापना ।

क. स्वच्छ एवं अनुशासित समाजको सिर्जना :

कुनै पनि मुलुकमा अवस्थित समाज नै मुलुकको सर्वपक्षीय विकासका लागि जिम्मेवार हुन्छ । समाज भनेको त्यस समाजमा सम्बन्धित नागरिक समूह नै हो । जुन समाजमा नागरिक समुदाय आबद्ध भएर बसेको हुन्छ, त्यही समाजको कर्तव्य हो कि समाजको उत्थानका लागि क्रियाशील रहनु । यसरी क्रियाशील रहँदा समाजको कर्तव्यलाई नागरिक समूहले भुल्नु हुँदैन । नागरिक समाजले पालना गर्नुपर्ने कर्तव्यहरूलाई यसरी हेर्न सकिन्छ :–

१. नैतिक चेतना,
२. सत्कार्य,
३. राष्ट्रवादी भावना,
४. स्वच्छ आचरण,
५. जिम्मेवारी बहन ।

१. नैतिक चेतना :

कुनै पनि व्यक्तिको व्यक्तित्वको मापन उसको चेतनाको स्तरमा कायम भएको हुन्छ । चेतना सबैमा हुन्छ, तर कुन स्तरको र कुन परिवेशको चेतना हो भन्ने कुराले विशेष महaेव राख्तछ । त्यसमा पनि नैतिक चेतनाले त व्यक्तिको व्यक्तित्व मात्र होइन, उसको जीवनस्तरलाई नै उच्च विन्दुमा लगेर केन्द्रित गरिदिन्छ । त्यसैले नैतिक चेतनाको विशेष महaेव भएको हो । नैतिक चेतनायुक्त व्यक्तिहरूको जुन समाजमा बाहुल्य हुन्छ, त्यो समाज मानव-हित, मानव-कल्याण तथा सर्वतोमुखी मानव-विकासको सम्वाहकका रूपमा चम्केका हुन्छन् । मानव-चेतनालाई नैतिक तथा अनैतिक दुवै तaेवहरूले शासन गरेका हुन्छन् । तर जसले अनैतिकतालाई त्याग गरी नैतिक मूल्य-मान्यतालाई स्वीकारेको हुन्छ, त्यो नै सच्चा मानवीय गुणयुक्त व्यक्ति ठहर हुन्छ । त्यसैले यस्तै नैतिकतायुक्त चेतना भएको नागरिक मात्र राष्ट्र, राष्ट्रियता र समाज-उत्थानका लागि प्रमुख भूमिका निर्वाह गर्न समर्थ भएको हुन्छ ।

२. सत्कार्य :

समाजको कुनै पनि सदस्य जन्मेदेखि मृत्युपर्यन्त कुनै न कुनै कार्यमा क्रियाशील रहेको हुन्छ । उमेरको अवस्थाअनुसार उसको कार्य निर्धारण भएको हुन्छ । मान्छेले बाल्यकालपछिको जीवनमा भने जीवनरक्षाको कार्यदेखि राष्ट्र र अन्तर्राष्ट्रको समस्यालाई पनि आफ्नै समस्या सम्झी क्रियाशील भएको हुन्छ । मान्छेको जीवनमा गर्नुपर्ने सत्कार्य पनि त्यही हो । सत्कार्यमा क्रियाशील व्यक्तिले मात्र आफ्नो परिवार, आफू बसेको समाज र आफू जन्मेको राष्ट्रको सेवा गरेको हुन्छ । सत्कार्यमा क्रियाशील नागरिक समाज राष्ट्रको निधि हो, गरिमा हो र राष्ट्रकै गौरव हो ।

३. राष्ट्रवादी भावना :

मान्छेको जब जन्म हुन्छ, उसको दायित्व पनि सँगसँगै आएको हुन्छ । मान्छे जन्मेपछि प्रारम्भकालमा परिवारको जिम्मेवारीमा हुर्केको हुन्छ । बाल्यकालबाट युवा अवस्थामा प्रवेश गरेपछि समाजका अन्य सदस्यहरूसँग सहकार्य गर्दै पूर्ण युवा अवस्थामा पुग्छ । तब उसलाई ज्ञान हुन्छ – परिवार, परिवारबाहिरको समाज र विश्वराजनीतिको भूगोलमा आफ्नो राष्ट्रको अवस्था । त्यति बेला कसलाई प्राथमिकता दिई कार्य आरम्भ गर्ने हो भनेर उसले दायित्वबोध गर्छ । त्यही समयमा उसले क्रमशः दायित्वबोध गर्दा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय विकासमा नै आफ्नो उन्नति हुने सम्झेपछि उसमा राष्ट्रवादी भावना जन्मन्छ । कुनै पनि देशको सर्वतोमुखी विकासका लागि त्यसका नागरिकले राष्ट्रवादी भावनालाई आत्मसात गरेको अवस्था हुनुपर्छ । जुन देशका नागरिक राष्ट्रवादी छन्, त्यो देशको सबै क्षेत्रमा विकास भएको पाइन्छ । त्यसैले नागरिकमा रहेको राष्ट्रवादी भावना नै मुलुकको उन्नतिको मूल आधार हो ।

४. स्वच्छ आचरण :
स्वच्छ आचरण भन्नु नै नैतिक आचरण हो, जुन मानिसले व्यक्तित्व-निर्माण तथा विकासका लागि अहम् भूमिका निर्वाह गरेको हुन्छ । मान्छेको आचरण राम्रो या नराम्रो हुन सक्छ । नराम्रो आचरण अर्थात् अनैतिक आचरण गर्ने व्यक्तिले आफू, आफ्नो परिवार र आफ्नो समाजलाई प्रदूषित बनाएको हुन्छ । त्यसको प्रभाव राष्ट्रलाई पनि परेको हुन्छ । त्यसैले समाज तथा राष्ट्रिय विकासका लागि नागरिकमा स्वच्छ आचरण भरपुर रूपमा विकसित भएको हुनुपर्छ । तब मात्र समाज तथा राष्ट्रको विकास हुन सक्छ ।

५. जिम्मेवारी बहन :
एउटा व्यक्ति जति आफ्नो परिवारप्रति जिम्मेवार हुन्छ, त्यति नै जिम्मेवार समाज र राष्ट्रप्रति पनि हुनुपर्छ । जिम्मेवारी बहन गर्न नसक्ने नागरिक सच्चा नागरिक कहलिन सक्तैन । गैरजिम्मेवार नागरिक समाज र राष्ट्रका लागि घातक सावित हुन सक्छ । किनभने उसको गैरजिम्मेवारीपूर्ण क्रियाकलापले उसको परिवार मात्र होइन, ऊ बसेको समाज र राष्ट्रलाई नै नोक्सानी हुन सक्छ । त्यसैले कुनै पनि देशको नागरिक ऊ बसेको समाज र राष्ट्रप्रति पूर्ण जिम्मेवार हुनुपर्छ ।

ख. राष्ट्रवादी राजनीतिक दलहरूको स्थापना :
वर्तमानमा सञ्चालित राज्यव्यवस्थाहरू पहिलेका भन्दा पृथक् रूपमा सञ्चालन हुन थालेका छन् । विश्वका सबैजसो मुलुकहरूका राज्यव्यवस्थामा राजनीतिक दलहरूको बाहुल्य कायम हुन थालेको छ । राजनीतिक दल भन्नाले निश्चित राजनीतिक सिद्धान्तको अनुसरण गर्दै राज्यव्यवस्था सञ्चालन गर्न अग्रसर रहेको समूहलाई मान्नुपर्छ । त्यस्तै राजनीतिक समूहले राज्यसञ्चालन गर्ने तौरतरिका, नीति-विधि निश्चित गरी आफू सङ्गठित भएको नागरिक समुदायमा आफू राज्यसत्तामा जान सक्ने र सत्ता प्राप्त गरेपछि गरिने सेवा र विकासका कार्यहरू घोषणा गरेका हुन्छन् । ती घोषित कार्यक्रम आंशिक वा शतप्रतिशत पूरा गर्न पनि सक्छन्, नगर्न पनि सक्छन् । त्यसैको आडमा सत्तामा टिक्ने वा नटिक्ने अवस्था निश्चित भएको हुन्छ । यस्तै क्रमबाट राजनीतिक दल सत्तामा आउने वा जाने गर्छन् । जुन राजनीतिक दलले जनपक्षीय तथा राज्यपक्षीय सिद्धान्तलाई अँगालेर सत्ता सञ्चालन गरेको छ, त्यो राजनीतिक दल लामो समयसम्म सत्तामा बस्न पाएको हुन्छ । जनता अर्थात् नागरिकका आवश्यकताहरू पूरा गर्न नसक्ने र राज्यको विकास गर्न नसक्ने राजनीतिक दल छोटो अवधिमा नै सत्ताबाट बाहिरिन सक्छ । यसरी छोटो अवधिमा सत्ता परिवर्तन हुँदा मुलुकको राजनीतिक व्यवस्था अस्थिर हुन्छ । राजनीतिक अस्थिरताले द्वन्द्व निम्त्याउँछ । त्यसैले राष्ट्र र जनतालाई माया गर्ने र सेवा गर्ने राष्ट्रवादी राजनीतिक दलको स्थापना हुन सकेमा मात्र जनता र मुलुकको विकास सम्भव हुनेछ । यसका लागि निम्नलिखित तaवहरू आवश्यक हुन्छन् –

१. सिद्धान्त,
२. राष्ट्रिय विकास,
३. राष्ट्रिय चिन्तन,
४. आर्थिक पारदर्शिता,
५. जवाफदेहिता ।

१. सिद्धान्त :
राजनीतिक दलको गठन नै सिद्धान्तका आधारमा हुनुपर्छ । कुनै पनि राजनीतिक दल अन्तर्राष्ट्रिय हुन सक्तैन । अन्तर्राष्ट्रिय स्वरूप ग्रहण गर्न खोज्ने राजनीतिक दल आफ्नै देशमा असफल हुन्छ । त्यसैले कुनै पनि मुलुकमा त्यस देशको भूगोल, इतिहास, परम्परा, संस्कृति र समाजको बनावटका आधारमा मुलुकसुहाउँदो राजनीतिक दलले सिद्धान्त अख्तियार गरेका खण्डमा त्यस्तो राजनीतिक दल लामो समयसम्म क्रियाशील हुन सक्छ । विश्वका धेरै विकसित मुलुकहरूमा कमभन्दा कम राजनीतिक दल क्रियाशील भई लामो समयदेखि राजनीतिमा संलग्न भएर राज्यव्यवस्थामा जाने-आउने गरेको देखिन्छ । तर गरिब तथा विकासोन्मुख मुलुकहरूमा भने बढीभन्दा बढी राजनीतिक दलहरू क्रियाशील

हुने र राजनीतिक सिद्धान्तभन्दा गुटको अवसरवादी सिद्धान्तले काम गर्ने हुँदा सधैँ अस्थिर राजनीतिक व्यवस्थालाई स्वीकार गर्नुपरेको हुन्छ । राजनीतिक दलले सफलताको उचाइमा पुग्न मुलुक र जनतासुहाउँदो दृढ तथा स्थिर राजनीतिक सिद्धान्त अपनाउनुपर्छ ।

२. राष्ट्रिय विकास :
राजनीतिक दलको मूल एजेन्डा नै राष्ट्रिय विकास हुनुपर्छ । विकासोन्मुख मुलुकका राजनीतिक दलहरू राष्ट्रिय विकासलाई भन्दा आफ्नो दलका नेता तथा कार्यकर्ताको स्वार्थअनुरूप संलग्न भएका हुन्छन् । त्यसै कारणले पनि ती राजनीतिक दलहरू जनताद्वारा तिरस्कृत हुने गरेका छन् । त्यसैले जुन राजनीतिक दल मुलुक तथा जनताको वृहत्तर विकासमा जुटेको हुन्छ, त्यस्तो दल मुलुक र जनताको प्रिय भएको हुन्छ र लामो समयसम्म टिकेको हुन्छ ।

३. राष्ट्रिय चिन्तन :
राजनीतिक दलका नेता तथा कार्यकर्तामा राष्ट्रिय चिन्तन हुनु आवश्यक छ । राष्ट्रिय चिन्तन नभएका राजनीतिक दलहरू राष्ट्रवादी पनि ठहर हुन सक्तैनन् । राष्ट्रवादिता नभएका राजनीतिक दलहरूले त्यस मुलुकको वृहत्तर हितका बारेमा सोच्न र बुझ्न पनि सक्तैनन् । त्यसैले राजनीतिक दलहरूमा राष्ट्रवादी चिन्तन हुनु अत्यन्तै आवश्यक छ, जसका कारणले मुलुक र जनताको उच्चतम विकासका लागि क्रियाशील हुन मद्दत गरेको हुन्छ ।

४. आर्थिक पारदर्शिता :
राजनीतिक दलहरूमा आर्थिक पारदर्शिता हुनुपर्छ । आर्थिक पारदर्शिता नभएको खण्डमा राजनीतिक दलका नेताहरू धनाढ्य हुने मात्र होइनन्, नवसामन्ती प्रवृत्ति विकसित हुँदै तानाशाही नै बन्न पुग्छन् । विकासोन्मुख मुलुकको मूल रोग नै राजनीतिक दलमा आएको आर्थिक विचलन हो । यसबाट विस्तारित रूपमा अर्थसङ्कलन गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । ती सङ्कलित रकम निर्वाचनका समयमा खर्च गर्ने र बाँकी रकम नेताहरूले आफ्नो प्रयोजनका लागि राख्ने प्रचलन बढेको देखिन्छ । यस्तो प्रवृत्तिले राजनीतिक दलसँग सम्बद्ध व्यक्तिहरू धनी हुँदै जाने र जनता भने अभावग्रस्त जीवनयापन गर्न बाध्य हुने स्थितिको सिर्जना हुने गर्छ । विकासोन्मुख मुलुकका राजनीतिक दलका नेताहरूमा एउटै सोच हुन्छ, त्यो हो निर्वाचनको प्रयोजनका लागि ठूलो धनराशीको आवश्यकता पर्छ । त्यसैले ती नेता तथा कार्यकर्ता कुनै पनि तरिकाले धन सङ्कलन गर्नुपर्छ भन्ने मनस्थितिले ग्रस्त हुन पुगेका हुन्छन् । यसै सोचको आडमा राजनीतिक दलहरू धन सङ्कलन गर्न क्रियाशील हुन्छन्, जो प्रजातान्त्रिक व्यवस्थाका लागि घातक हो । धन सङ्कलन गर्दा पारदर्शी भएको खण्डमा त्यसको व्यवस्थापन सही ढङ्गबाट हुन सक्छ । त्यसैले राजनीतिक दल आर्थिक रूपले पूर्ण पारदर्शी हुनुपर्छ ।


५. जवाफदेहिता :
जवाफदेहिता यो वर्तमान युगको नवीन सिद्धान्त हो । जो व्यक्ति वा संस्थाले जुन कार्यको अधिकार पाएको हुन्छ, त्यो व्यक्ति वा संस्थाले आफूले कर्तव्य निर्वाह गर्ने क्रममा हुन गएको परिणामको जवाफदेहिता ग्रहण गर्न सक्नुपर्दछ । कार्य निर्वाह गर्ने क्रममा भएका राम्रा वा नराम्रा नतिजाको जिम्मेवारी बोक्नु नै जवाफदेहिता हो । यही सिद्धान्तका आधारमा राजनीतिक दलले राज्यव्यवस्थामा प्रत्यक्ष वा परोक्ष रूपमा गरेभएको कार्यको जिम्मेवारी बहन गर्न सक्नुपर्छ र जनतालाई जवाफ दिन सक्नुपर्छ । तर विकासोन्मुख मुलुकका राजनीतिक दलहरू जवाफदेहिताको सिद्धान्तअनुसार जवाफदेही भएका हुँदैनन् । विकसित मुलुकमा क्रियाशील रहेका राजनीतिक दल जसरी जनताप्रति जवाफदेही हुन्छन्, त्यसै गरी विकासोन्मुख मुलुकका राजनीतिक दलहरू पनि जनता र राज्यव्यवस्थाप्रति जवाफदेही हुनुपर्ने हुन्छ ।

नागरिक समाज र राजनीतिक दलका दायित्वहरू माथि बेग्लाबेग्लै रूपमा उल्लेख गरिए तापनि तिनीहरूलाई समायोजित रूपमा राख्ता नागरिक समाज र राजनीतिक दलका दायित्वहरू उस्तै-उस्तै देखिन्छन् । वास्तवमा यी दुवैको दायित्व एउटै भएमा मात्र भ्रष्टविरोधी शास्त्रको अवधारणा स्पष्ट हुन्छ । यसलाई क्रमशः राखेर हेरौँ :

| नागरिक समाज | | राजनीतिक दल |
|---|---|---|
| १. नैतिक चेतना | = | सिद्धान्त |
| २. सत्कार्य | = | राष्ट्रिय विकास |
| ३. राष्ट्रवादी भावना | = | राष्ट्रिय चिन्तन |
| ४. स्वच्छ आचार | = | आर्थिक पारदर्शिता |
| ५. जिम्मेवारी बहन | = | जवाफदेहिता |

माथि क्रमशः राखिएको तालिकाबाट नागरिक समाजले राजनीतिक दललाई निर्देश गरेको देखियो । नागरिक समाजले माथिको सैद्धान्तिक नीतिलाई उल्लङ्घन गर्दा नागरिकको अस्मितामा दाग लाग्ने र सजाय भोग्नुपर्ने अवस्था पनि सिर्जना


हुन सक्छ । तर राजनीतिक दलले माथिका नीति तथा सिद्धान्त अवलम्बन नगर्दा निर्वाचनको पर्खाइबाहेक नागरिकहरूले भने कुनै किसिमको दण्ड-जरिवाना गर्न सक्तैनन् । त्यसैले राजनीतिक दललाई दायित्वबोध गराई माथि उल्लिखित नीति तथा सिद्धान्तको अनुयायी बनाउन सक्नुपर्छ । चित्रका माध्यमबाट यसलाई हेरौं :




नागरिक समाज र राजनीतिक दल एउटै पिण्डमा भए पनि फरक खण्डमा विभाजित भएका छन् । यसरी फरक आकारमा रहेका नागरिक समाज र राजनीतिक दलका दायित्वहरू भने एक-अर्कामा मिल्दाजुल्दा देखिएका छन् । माथिको चित्रबाट प्रमाणित हुन्छ कि स्वच्छ एवं अनुशासित समाजको सिर्जना तथा राष्ट्रवादी राजनीतिक दलहरूको स्थापना नै भ्रष्टविरोधी शास्त्रका अवधारणाहरू हुन् ।

# भ्रष्टविरोधी शास्त्रका अङ्गहरू
# (Component of Anticorruptology)

भ्रष्टविरोधी शास्त्रका अङ्गहरू भन्नाले यस शास्त्रलाई जीवन्त राख्न सफल भूमिका निर्वाह गर्ने निकायहरूलाई सम्झनुपर्छ । जसरी मानव-शरीरलाई स्वस्थ रूपमा सञ्चालन गर्न शरीरका विभिन्न अङ्गहरू क्रियाशील हुनुपर्ने हुन्छ, भ्रष्टविरोधी शास्त्रका अङ्गहरू पनि त्यसै गरी स्वसञ्चालित हुनुपर्छ । यसरी महa्वपूर्ण अङ्गहरू स्वचालित भएमा भ्रष्टविरोधी शास्त्रले प्रभावकारी रूपमा सफलता हासिल गर्न सक्ने हुन्छ । समय, परिस्थिति र विशेष अवस्थामा यो भ्रष्टविरोधी शास्त्रको अङ्गका रूपमा अर्को निकाय वा तa्व सबल रूपमा प्रवेश नगरेसम्म वर्तमान अवस्थामा यस शास्त्रलाई शक्ति प्रदान गर्ने तa्वहरू हुन् – प्रविधि, विधि, नीति तथा पद्धति । यी चार प्रमुख अङ्गहरूलाई यसरी जोडेर हेरौँ –




माथि चित्रमा प्रविधि मस्तिष्कका रूपमा रहेको छ भने प्रविधि शरीरको मुख्य अङ्गका रूपमा रहेको देखिन्छ । यी दुई प्रविधि र पद्धतिलाई बल प्रदान गर्ने विधि तथा नीति सहायक अङ्गका रूपमा रहेका देखिन्छन् । यसरी प्रविधि, विधि, नीति र पद्धतिलाई विषयमा विभाजित गरौँ –

प्रविधि = अध्ययन तथा अध्यापन
विधि = रोकथाम
नीति = कारवाही तथा पुरस्कार
पद्धति = राजनीति
अर्थात्

१. अध्ययन तथा अध्यापन प्रविधि
२. रोकथाम विधि
३. कारवाही तथा पुरस्कारको नीति
४. राजनीतिक पद्धति

हामीले स्वीकार गरेका यी चार अङ्गहरूलाई अब सविस्तार व्याख्या गरिहेरौँ –

१. अध्ययन तथा अध्यापन प्रविधि :
भ्रष्टविरोधी शास्त्र भन्नेबित्तिकै यसले अध्ययन र अध्यापनको बाटो खोलेको छ । यसभन्दा पहिले यो भ्रष्टविरुद्धको विषय अध्ययन तथा अध्यापनमा स्पष्ट रूपमा नआएको अवस्था भएकाले यसलाई अध्ययनको विषय बनाउन असजिलो महसुस भएको थियो । तर भ्रष्टविरोधी शास्त्रको प्रादुर्भाव भएपछि यो भ्रष्टविरोधी विषय विश्वको प्राज्ञिक समाजमा अध्ययन-अध्यापनमा आउन समर्थ भएको छ । अब यसलाई अध्ययनको विषय बनाई क्रमिक रूपमा विकास गर्नुपर्ने आवश्यकता भएको हुँदा विद्यालय स्तरदेखि महाविद्यालय स्तरसम्म पूर्ण रूपमा पठनपाठन विकास नभएसम्म उच्चशिक्षाबाट नै यो भ्रष्टविरोधी विषयमा अध्ययन सुरु गर्नुपर्ने देखिन्छ । यसरी अध्ययन सुरु गर्दा प्रारम्भिक तथा स्थायी प्रविधिका माध्यमद्वारा यसको विकास गर्न सकिन्छ ।

(क) प्रारम्भिक अवस्था :
भ्रष्टविरोधी विषयलाई प्रारम्भिक अवस्थामा अध्ययन सुरु गर्दा विश्वविद्यालयमा मानविकी, व्यवस्थापन तथा कानुन सङ्कायको स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई भ्रष्टविरोधी विषयमा आफ्नो विषय जोडी शोधकार्य गर्न

लगाउने र त्यस्तो शोधकार्य गर्ने विभिन्न सङ्कायका विद्यार्थीहरूलाई स्नातकोत्तर उत्तीर्ण भएपछि भ्रष्टविरोधी विषयमा विद्यावारिधि गर्न लगाउने गर्नुपर्छ । यसरी भ्रष्टविरोधी विषयमा जोड्न सकिने राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, ग्रामीण विकास, जनप्रशासन, व्यवस्थापन, मनोविज्ञान, नीतिशास्त्र, पत्रकारिता एवं कानुनलगायतका विषयमा पहिले शोधकार्य र पछि विद्यावारिधि गरेपछि भ्रष्टविरोधी विज्ञ तयार हुन्छन् ।

भ्रष्टविरोधी विज्ञ तयार भएपछि विद्यालय तहदेखि महाविद्यालय तहसम्म पठनपाठन गराउनका लागि आवश्यकताअनुसार ती विज्ञ व्यक्ति वा समूहबाट पाठ्यपुस्तक अर्थात् पाठ्यसामग्री तयार गर्ने-गराउने व्यवस्था गर्नुपर्छ । यसरी जुन विषयमा जसले अध्ययन गरेको छ, त्यस विषयसँग भ्रष्टविरोधी विषयको अध्ययन, व्याख्या र विश्लेषणका माध्यमद्वारा विषयलाई पूर्णता दिने कार्य पनि उनै अध्येताबाट गराउन सकिन्छ ।

(ख) स्थायी व्यवस्था :

भ्रष्टविरोधी विषयले पूर्णता पाएपछि समाजमा यसको स्थायीत्व हुन सक्ने व्यवस्था तयार गर्नुपर्छ । यसअन्तर्गत प्राथमिक विद्यालय तहदेखि नै भ्रष्टाचार मानव-विकासको शत्रु हो भन्नेजस्ता सूत्रहरूको बीजारोपण गर्दै विद्यालयको अध्ययनको स्तरअनुसार भ्रष्टता तथा भ्रष्टविरोधीबीचको फरकका सम्बन्धमा भरपुर ज्ञान दिन सकिने पाठ्यसामग्री तयार गरी पठनपाठनमा विषयलाई प्रवेश गराउनुपर्छ । यसै गरी उच्चशिक्षामा भ्रष्टविरोधी विषयलाई शोध, व्याख्या र विश्लेषण गर्दै-गराउँदै र यसको नवीन सिद्धान्तको परिचय गराउँदै भ्रष्टविरोधी विषयलाई समाजमा विस्तार गर्न सकेमा मात्र यस विषयले स्थायीत्व पाउन सक्छ ।

२. रोकथाम विधि :

भ्रष्टविरोधी शास्त्रको सार्थक सञ्चालनका लागि भ्रष्टताको फैलिने प्रवृत्तिलाई रोकथामको विधिद्वारा नियन्त्रणमा लिन सक्नुपर्छ । अन्यथा यसको बढ्ने प्रकृतिलाई रोक्न कठिन हुन्छ । भ्रष्टाचार मानवरोगको सरुवा हुने किटाणुजस्तै हो । समाजमा रहेको एकजनामा त्यो भ्रष्टाचारको किटाणुले प्रवेश गरेपछि बिस्तारै अन्य सदस्यमा पनि सरुवा हुँदै अन्तमा पूरै समाजलाई भ्रष्ट बनाउन समर्थ हुन्छ । एक-दुई व्यक्तिमा भ्रष्टाचारको किटाणु देखिएपछि औषधि-उपचार गरेर व्यक्तिलाई स्वस्थ बनायो भने अर्कोलाई सर्दैन । यो उपचार भनेको कारवाहीको विधि हो । कारवाही नै गर्नु नपर्ने अवस्था सिर्जना गर्न सक्नु भनेको रोकथाम विधि हो । रोकथाम विधिलाई राम्ररी पालना गर्न सक्यौँ भने समाजमा भ्रष्टाचार हुने कार्य रोकिन सक्छ । यो रोकथाम विधिलाई तीन प्रकारबाट सञ्चालन गर्न सकिन्छ :

(क) नागरिक चेतना

(ख) भ्रष्टविरोधी विषयको प्रचार-प्रसार

(ग) सामाजिक घृणा ।

(क) नागरिक चेतना :

भ्रष्टाचार गर्नु हुँदैन भन्ने कुराको भरपुर जानकारी नागरिकमा गराउनुपर्छ र भ्रष्टविरोधी कार्यमा नागरिक स्वयं लाग्न सक्नुपर्छ भन्ने चेतनाको विकास पनि साथसाथै गराउन सक्नुपर्छ । यसरी नागरिकहरूमा भ्रष्टविरोधी चेतनाको विकास गर्न सकियो भने समाजका ती चेतनशील नागरिकहरूले आफ्नो समाजमा भ्रष्टाचारलाई फैलन नदिन अनेक किसिमका क्रियाकलापहरू सुरु गर्नेछन् । समाजका सचेत नागरिकहरूमा भ्रष्टताविरुद्धको ज्ञान भएमा तिनीहरूले भ्रष्टाचारका विरुद्धमा लड्ने दस्ता तयार गर्नेछन् । हुन त यस्तै चेतनशील नागरिक नै भ्रष्टाचारमा लिप्त हुने मनस्थितिले सताइएका हुन्छन्, तर त्यसो भनेर उनीहरूलाई उपेक्षा गर्नु हुँदैन । यो समुदायलाई जिम्मेवारपूर्ण नागरिक चेतना दिने-दिलाउने कार्य गरेर भ्रष्टाचार रोकथामको विधि अगाडि बढाउनुपर्छ ।

(ख) भ्रष्टविरोधी विषयको प्रचार-प्रसार :

भ्रष्टाचार रोकथाम गर्ने कार्यमा भ्रष्टविरोधी विषयलाई बढीभन्दा बढी प्रचार-प्रसारमा ल्याएर जनचेतना जगाउने कार्य गर्नुपर्दछ । पत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेट र टेलिफोनका माध्यमद्वारा भ्रष्टाचार मनोरोग हो जो मान्छेबाट नै पैदा हुन्छ र मान्छेको मनस्थितिमा अतिक्रमण गर्छ, त्यसैले यसबाट सबै सजग भई मान्छेले भ्रष्टविरोधी बाटोमा हिँड्नुपर्छ भन्ने सूचना निरन्तर प्रवाहित गर्नुपर्छ । यसरी सञ्चारका सबै किसिमका माध्यमद्वारा यस्ता सूचना प्रचार, प्रवाह र प्रसारण गरिदिने व्यवस्था भएको खण्डमा रोकथाम नीति प्रभावकारी रूपमा लागू हुन सक्छ ।

(ग) सामाजिक घृणा :

मान्छेका लागि सबैभन्दा महaेवपूर्ण स्थान उसको समाज हो । समाजमा हरेक व्यक्तिले सम्मानपूर्वक बस्ने अवसरको खोजीमा अनेक राम्रा कामहरू गर्ने प्रयत्न गरेको हुन्छ । जुन समाजमा मान्छे जन्मिएको छ, त्यो नै उसको परिवार हो । आफू र आफ्नोभन्दा बाहिरको समाजले उसको प्रतिष्ठाको मूल्याङ्कन गर्न सक्तैन र यस्तो मूल्याङ्कनको उसका लागि कुनै अर्थ पनि रहँदैन । त्यसैले कुनै पनि भ्रष्ट व्यक्ति आफ्नो परिवार वा समाजमा आफू भ्रष्ट भएको देखिन चाहँदैन । यसै

सूत्रका आधारमा भ्रष्टाचारीलाई सामाजिक सम्बन्ध, सम्पर्क र व्यवहारलाई टाढा राखी घृणाको दृष्टिकोणले हेर्ने कार्य भयो भने समाजका सदस्यहरू भ्रष्टाचारजन्य कार्य गर्न निरुत्साहित हुन्छन् । अझ भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने विधि नै निर्माण हुने हो भने समाजमा भ्रष्टाचारजस्तो कार्य निरुत्साहित हुन्छ । भ्रष्टाचारीलाई सामाजिक घृणा वा सामाजिक बहिष्कारको विधिलाई अवलम्बन गर्नुपर्ने देखिन्छ ।

३. कारवाही तथा पुरस्कारको नीति :

कारवाहीको नीति विस्तार गर्दा कानुनका आधारमा नै विस्तार गर्नुपर्छ । आज विश्वका सबैजसो मुलुकमा लोकतान्त्रिक राजनीतिक व्यवस्था छ । जहाँ लोकतन्त्र हुन्छ, त्यहाँ कानुनको शासन चलेको हुनुपर्छ । कानुनले दिएको अधिकार मात्र प्रयोग हुने व्यवस्थामा भ्रष्टाचारीलाई कारवाही गर्दा पनि कानुनमा उल्लेख भएअनुसार गर्नुपर्ने हुन्छ । विश्वका धेरै मुलुकमा भ्रष्टाचारीलाई कानुनबमोजिम अनुसन्धान गर्ने, घटनाको तहकिकात गर्ने र कानुनबमोजिम कारवाही गर्नका लागि सम्बन्धित निकायमा माग गर्ने जस्ता साधारण कानुनी कारवाही सबैजसो मुलुकमा चलेको व्यवस्था हो । त्यसका साथै भ्रष्टविरुद्ध कार्य गर्ने व्यक्ति तथा समूहलाई पुरस्कृत गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । कुनै-कुनै मुलुकमा भ्रष्टाचारजन्य कार्यमा कारवाही गर्ने निकायलाई मुलुकको मूल कानुन संविधानको अङ्गका रूपमा पनि स्वीकार गरिएका छन् । यसरी कानुनमा उल्लेख भएअनुसार भ्रष्टाचारजन्य कार्य गर्ने व्यक्ति वा समुदायलाई कारवाही गर्नुपर्दा निम्नानुसार गर्दा प्रभावकारी हुन सक्छ –

(क) घुस खाँदाको अवस्था
(ख) निरीक्षण-अनुसन्धानबाट कारवाही,
(ग) उजुरी तथा कारवाही ।

(क) घुस खाँदाको अवस्था :

घुस लिने र दिने कार्यले भ्रष्टाचारको विकासमा बढावा दिएको हुन्छ । सेवाप्रदायक निकाय सरकारी वा गैरसरकारी क्षेत्रमा सानोदेखि ठूलोसम्मको घुस लेनदेन हुने गर्छ । त्यसमा पनि कतिपय क्षेत्रमा टेबलमुनिबाट अर्थात् लुकाएर हुन्छ भने कतिपय क्षेत्रमा टेबलमाथि अर्थात् खुला घुसको लेनदेन हुने गर्छ । यो कार्य विकासोन्मुख मुलुकमा प्रचलित छ । त्यस्तो घुसको लेनदेनलाई निरुत्साहित गर्न घुस लेनदेनकै अवस्थामा कानुनद्वारा समातेर कारवाही गर्नुपर्छ । यसरी घुस लिँदालिँदै घुस खाने व्यक्ति वा समूहलाई रङ्गेहात समाउन कठिन पनि हुन्छ । त्यसका लागि कारवाही गर्ने निकायले घुस खाने व्यक्ति ठहर गरेपछि आफ्नै पैसा वा वस्तु तयार गरी नाटकीय ढङ्गले घुस लेनदेन भएको देखाई घुस्याहा व्यक्ति वा समुदायलाई रङ्गेहात पक्डेको भनेर पनि कारवाही गर्ने चलन छ । तर यस्तो प्रायोजित कारवाहीले इमानदार व्यक्ति वा समुदाय पनि दण्डित हुन सक्छ । यो घुस्याहालाई जबर्जस्ती दण्डित गर्ने नीति हो । यो स्वच्छ विधिमा व्याख्या हुन सक्तैन, तापनि बाठा र चलाख घुस्याहाहरूलाई कारवाहीको घेरामा ल्याउने एउटा तरिका हो ।

(ख) निरीक्षण र अनुसन्धानबाट कारवाही :

भ्रष्टाचार एक सामाजिक अपराध हो । कुनै पनि देशमा अपराधका विरुद्ध सरकारले मात्र कारवाही गर्न पाउँछ । त्यसैले भ्रष्टाचारको विरुद्ध कारवाही गर्न सरकारले विभिन्न निकायहरूलाई कानुनद्वारा स्थापित गरेको हुन्छ । त्यसरी कानुनद्वारा स्थापित निकायले देशभित्रका विभिन्न क्षेत्रमा भएका भ्रष्टाचारजन्य कार्यको निरीक्षण, अनुगमन र अनुसन्धान गर्ने गरेको हुन्छ । त्यस निकायले भ्रष्टाचारजन्य कार्यको परिमाण हेरेर त्यसलाई सतर्क गराउने, नसिहत दिने वा दण्डनीय कारवाही गर्ने निर्णय गर्छ । यसरी कानुनी कारवाही गर्दा न्यायिक परीक्षण हुनुपर्ने हुँदा साधारण अदालत वा विशेष अदालतबाट भ्रष्टाचारजन्य कार्यको ठहर हुने गर्छ ।

(ग) उजुरी तथा कारवाही :

भ्रष्टाचारीलाई कारवाहीको दायराभित्र ल्याउन उजुरी लिने र दिने प्रचलन छ । भ्रष्टाचार भएगरेको विषयमा लिखित उजुरी परेपछि त्यस उजुरीउपर अनुसन्धान र तहकिकात गरी कानुनमा भएबमोजिम बिगो भराउने, बिगोबमोजिम दण्ड गर्ने वा जेलसजाय दिने निर्णय गरी कानुनी परीक्षणका लागि मुद्दा दायर गर्ने काम सरकारी निकायबाट नै हुने गर्छ । भ्रष्टाचार गर्ने वा पाएको अधिकारको दुरुपयोग गर्ने दुवै किसिमका अपराधलाई कारवाही गर्ने अधिकार कानुनद्वारा सुरक्षित राखिएको हुन्छ । अनुचित कार्य वा भ्रष्टाचार भएगरेको बारेमा उजुरी परेपछि अनुसन्धान तथा कानुनी परीक्षण गर्न लामो समय लिने हुँदा यो त्यति प्रभावकारी रूपमा सञ्चालन भएको देखिँदैन । ठूला विकसित मुलुकहरूमा होस् वा विकासोन्मुख मुलुकहरूमा होस्, भ्रष्टाचारजन्य कार्य भएगरेको घटना समाजको स्मृतिबाट हट्न लाग्दा मात्र कानुनी परीक्षणको नतिजा निस्कने हुँदा त्यस्तो नतिजाले उत्साह प्रदान गर्न सक्तैन । न्यायिक परीक्षणमा हुने ढिलासुस्तीका कारण भ्रष्टाचारीहरूले चलखेल गर्न सक्ने सम्भावना पनि बढी हुने गर्छ । त्यसैले उजुरी तथा कारवाही छिटोभन्दा छिटो हुने कानुनी व्यवस्था गर्नुपर्ने अनिवार्य देखिएको छ ।

४. राजनीतिक पद्धति :

कुनै पनि मुलुक एक निश्चित राजनीतिक पद्धतिका आधारमा सञ्चालन भएको हुन्छ । परम्परागत रूपमा व्यवस्थित भएको राजनीतिक व्यवस्था होस् वा आधुनिक राजनीतिक व्यवस्था होस्, दुवैमा प्रजातान्त्रिक राजनीतिक व्यवस्था सञ्चालन भएका हुन्छन् । राज्यको शासकीय स्वरूप जस्तोसुकै पद्धतिको भए पनि वर्तमान युग भनेको प्रजातन्त्रको युग हो । राजाले सञ्चालन गरेको होस् वा सैनिकले सञ्चालन गरेको होस् वा कुनै एक दलले सञ्चालन गरेको देश होस्, त्यहाँ पनि प्रजातान्त्रिक व्यवस्था नै भनिएको हुन्छ । त्यसैले वर्तमानको राज्यव्यवस्थामा प्रजातन्त्रलाई छोड्न मिल्दैन । जनताले राज्यसत्तामा कसरी प्रवेश पाएका छन् र कति प्रतिशत जनताको राज्यव्यवस्थामा पहुँच छ भन्ने मात्र मूल कुरा हो । वर्तमानमा चलेको राजनीतिक पद्धतिलाई यसरी हेर्न सकिन्छ –

(क) निर्दलीय राजनीतिक पद्धति,

(ख) एकदलीय राजनीतिक पद्धति,

(ग) बहुदलीय राजनीतिक पद्धति ।

(क) निर्दलीय राजनीतिक पद्धति :

निर्दलीय राजनीतिक पद्धति भन्नाले राजनीतिक दलविना राजनीतिक व्यवस्था सञ्चालित व्यवस्था हो । यो निर्दलीय व्यवस्थामा दलको अस्तित्व हुँदैन । देशभरिका सबै नागरिक एक मत एक सिद्धान्तमा लागेर देश र आफ्नो विकासमा जुटेका हुन्छन् । यस्तो किसिमको निर्दलीय राजनीतिक पद्धति लामो अवधिसम्म सञ्चालन हुन सक्यो भने देशको सर्वपक्षीय उन्नति चाँडै नै हुन्छ । बहुराजनीतिक सिद्धान्त भएका मुलुकहरूले प्रत्यक्ष वा परोक्ष रूपले अतिक्रमण गर्ने गर्छन् जसको कारणले गर्दा निर्दलीय राजनीतिक व्यवस्था लामो अवधिसम्म चल्न दिँदैनन्, तर निर्दलीय राजनीतिक व्यवस्था चल्न सक्यो भने नतिजा राम्रै हुन्छ ।

(ख) एकदलीय राजनीतिक पद्धति :

प्रजातन्त्रलाई नयाँ व्याख्या गर्दै जनतन्त्रको नाउँमा विश्वका धेरै मुलुकहरूमा एकदलीय राजनीतिक व्यवस्था सञ्चालन भएका छन् । यो बीसौँ शताब्दीको नौलो प्रयोग हो । यस्तो राजनीतिक पद्धतिले एक समूहलाई फाइदा हुन्छ, जो सत्ता सम्हाल्ने दलमा सम्मिलित हुन्छ । वामपन्थी राजनीतिक विचार लिएको समूहले मुलुकका सबै जनताहरूलाई आफ्नो समूहभित्र समाहित गर्न यस्तो एकदलीय प्रणाली लागू गरेका हुन्छन् । तर यस्तो राजनीतिक प्रणालीले लामो समयसम्म देशको राज्यव्यवस्था सञ्चालन गर्न सक्तैन । एकदलीय राजनीतिक प्रणालीमा राजनीतिक सिद्धान्तको साटो राष्ट्रिय विकासको सिद्धान्तलाई सर्वोपरि राखी एकदलीय राजनीतिक पद्धति सञ्चालन हुने हो भने धेरै हदसम्म मुलुक र जनताको विकास हुन सक्छ ।

(ग) बहुदलीय राजनीतिक व्यवस्था :

विश्वका प्रायः धेरै मुलुकहरूमा बहुदलीय राजनीतिक पद्धति चलेको छ, तर विकासोन्मुख र विकसित देशहरूमा भने यो प्रणालीले बेग्लै नतिजा दिएको छ । विकसित मुलुकहरू बहुदलीय व्यवस्थामा रमाएका छन् र विकास पनि गर्न समर्थ भएका छन् भने विकासोन्मुख मुलुकहरू भने बहुदलीय राजनीतिक व्यवस्थाबाट पीडित भएका छन् । त्यसैले बहुदलीय व्यवस्थामा किन यस्तो फरक पर्‍यो भनेर हेर्नु जरुरी छ –

१. विकसित मुलुकहरूमा चलेको बहुदलीय व्यवस्था,

२. विकासोन्मुख मुलुकहरूमा चलेको बहुदलीय व्यवस्था ।

१. विकसित मुलुकहरूमा चलेको बहुदलीय व्यवस्था :

विकसित मुलुकहरूमा बहुदलीय राजनीतिक व्यवस्था सञ्चालन हुँदा जुनसुकै शासकीय स्वरूप भएको भए पनि सफल रूपमा सञ्चालन भएको देखिन्छ । कारण, त्यहाँ मुख्य राजनीतिक दल दुई वा तीन हुन्छन् र अन्य दल भए पनि नगन्य रूपमा रहेका हुन्छन् । अझ मुख्य दुई दलले मात्र सत्तामा जाने मौका पाएका हुन्छन् । त्यसैले त्यहाँ राजनीति स्थिर अवस्थामा विद्यमान भएको देखिन्छ । एउटा राजनीतिक दलले चारदेखि आठ वर्षसम्म काम गरेपछि अर्को राजनीतिक दललाई मौका दिने प्रचलनले गर्दा आफ्नो कार्यकालमा कसरी राम्रो काम गरौँ भन्ने प्रतिस्पर्द्धात्मक वातावरणले पनि स्थिर राजनीतिक व्यवस्था सञ्चालन हुन गएको हुन्छ । बहुदलीय राजनीतिक व्यवस्थामा दुईदेखि बढीमा चार राजनीतिक दल भएको स्थितिमा मात्र बहुदलीय राजनीतिक व्यवस्था राम्रो गरी सञ्चालन हुन सक्दो रहेछ भन्ने कुरा विकसित देशमा सञ्चालन भएका विभिन्न राजनीतिक पद्धतिहरूले प्रमाणित गरेका छन् ।


२. विकासोन्मुख मुलुकहरूमा चलेको बहुदलीय व्यवस्था :

विकासोन्मुख मुलुकहरूमा चलेको बहुदलीय व्यवस्थाले त्यस मुलुकमा समस्या नै समस्या उब्जाएको देखिन्छ । शासकीय स्वरूप, राजनीतिक दल र त्यस देशका जनताको चेतनाको स्तर मिल्न नसकेको कारणबाट राजनीतिक वातावरण अस्थिर

देखिने गरेको छ । त्यस्तो अस्थिरतामा समय-समयमा द्वन्द्व हुने र समय-समयमा सैनिकले सत्ता कब्जा गर्ने किसिमको अराजनीतिक क्रियाकलापद्वारा राजनीतिक परिवर्तन पनि भएको देखिन्छ । विकासोन्मुख मुलुकहरूको प्राकृतिक सम्पदा र संस्कृति ती मुलुकको वैभव हो तर त्यसैमाथि विकसित एवं ठूला देशहरूको कुदृष्टि परिरहनु हो । त्यसरी ठूला देशहरूबाट हस्तक्षेप भएपछि साना देशको सम्पदाको उपभोग ठूला देशहरूले गर्ने मात्र होइन, त्यस देशमा सांस्कृतिक परिवर्तन गराएर उनैले फाइदा लुटिरहेका हुन्छन् । यसरी साना देशहरूले आफ्नो प्राकृतिक सम्पदा उपभोग गर्न नपाउँदा गरिब हुँदै जान्छन् भने अर्काको संस्कृति स्वीकार गर्दा दुःखमा जीवन यापन गर्न बाध्य हुन पुग्छन् ।

ठूला तथा धनी राष्ट्रहरूले आफ्नो राजनीतिक क्रीडास्थल बनाउन विकासोन्मुख देशहरूमा विभिन्न राजनीतिक दलहरूलाई जन्माउँछन् । विभाजित गर र नियन्त्रणमा लेऊ भन्ने सिद्धान्तलाई प्रयोग गरी जति मान्छेको समुदाय, त्यति नै राजनीतिक दलहरू खोल्न लगाई आपसमा झगडा लगाउने कार्य गरेर फाइदा लुटिरहेका हुन्छन् । विकासोन्मुख तथा साना देशहरूमा सयौँको सङ्ख्यामा राजनीतिक दलको अस्तित्व रहेको देखिन्छ ।

हामीले माथि भ्रष्टविरोधी शास्त्रको अङ्गका विषयमा विस्तारपूर्वक चर्चा गर्‍यौँ । अब विकसित एवं विकासोन्मुख दुवै मुलुकहरूमा सञ्चालित राजनीतिक व्यवस्थाले स्वीकार गर्ने भ्रष्टविरोधी शास्त्रका अङ्गहरूलाई चित्रका माध्यमद्वारा पनि हेरौँ ।




यो माथिको चित्र मानवरूपी अङ्गजस्तै देखिन्छ । मस्तिष्कमा रहेको अध्ययन-अध्यापनको क्रियाकलापको नतिजा शरीररूपी राजनीतिक पद्धतिले ग्रहण गरी दैनिक कार्य सञ्चालन गर्ने हुँदा शरीरको मूल अङ्गका रूपमा स्थित भएको राजनीतिक पद्धति सन्तुलित रूपमा सञ्चालन भएमा मात्र पूर्ण शरीरले काम गर्न सक्ने अवस्था स्पष्ट देखिन्छ । त्यसैले भ्रष्टविरोधी शास्त्रको अङ्गका रूपमा रहेको अध्ययन-अध्यापन प्रविधि, रोकथाम विधि, कारवाही तथा पुरस्कारको नीति र राजनीतिक पद्धति, यी चारै अङ्ग सक्षम भएमा भ्रष्टविरोधी शास्त्रले पूर्णता पाउनेछ भन्ने तथ्य स्पष्ट हुन्छ ।

# भ्रष्टाचारको स्तर-निर्धारण
# (Level Determination of Corruption)

विश्वका कुनै पनि मुलुकमा भ्रष्टाचार कुन र कस्तो स्तरमा निर्धारित भएर बसेको छ भनेर बुझेपछि मात्र भ्रष्टाचार नियन्त्रणका उपायहरूको खोजी गर्न सकिन्छ । एक देशको भ्रष्टाचारको प्रकृति अर्को देशमा पनि शतप्रतिशत मिल्नुपर्छ भन्ने छैन । भिन्न-भिन्न देशको भिन्न-भिन्न राजनीतिक, सामाजिक र आर्थिक अवस्था हुने र जातीय संस्कृति पनि बेग्लै हुने भएकाले भ्रष्टाचारको प्रकृति पनि बेग्लाबेग्लै किसिमबाट निर्धारण भएको हुन्छ । तर पनि हरेक देशमा आफ्नो स्थिति र अवस्थाअनुसार भ्रष्टाचारको स्तर निर्धारित भएर बसेको हुन्छ । यसरी भ्रष्टाचारको स्तर निर्धारित हुँदा विकसित मुलुक र विकासोन्मुख मुलुकको भ्रष्टाचारको स्तर फरक प्रकृतिको हुन्छ । विकसित मुलुकले भन्दा विकासोन्मुख मुलुकले भ्रष्टाचारका कारणले बढी जोखिम उठाउनुपर्ने हुन्छ ।

भ्रष्टाचारको स्तर निर्धारण गर्न कठिन छ । किनभने भ्रष्टाचारको उद्‌गमस्थल भनेको व्यक्तिको मन हो । मान्छेको मन अत्यन्तै संवेदनशील हुन्छ र मनोभावनाको उतारचढावले प्रवृत्ति निश्चित हुन्छ । यी मनोभावका तरङ्गहरू देख्न सकिँदैनन्, तर महसुस भने गर्न सकिन्छ । यस्तो महसुस गर्न सक्ने प्रविधिको विकास भ्रष्टविरोधी विज्ञानले गर्न सक्छ । यो विज्ञानको सिद्धान्तलाई मजबुत एवं सबल बनाउन भ्रष्टाचारको स्तर निर्धारण हुनुपर्ने देखिन्छ । विकसित देश र विकासोन्मुख देशको भ्रष्टाचारको स्तर निर्धारण फरक किसिमबाट गर्नुपरे तापनि यस अध्ययनमा विकासोन्मुख मुलुकहरूको भ्रष्टाचारको स्तर निर्धारण गर्ने प्रयत्न गरिएको छ ।
१. साधारण घुसको लेनदेन,
२. प्रशासनिक क्षेत्रबाट हुने भ्रष्टाचार,
३. सरकारी ठेक्कापट्टा वा सम्झौतामा हुने भ्रष्टाचार,
४. न्यायिक क्षेत्रमा हुने भ्रष्टाचार,
५. संस्थागत रूपमा हुने भ्रष्टाचार,
६. स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाबाट हुने भ्रष्टाचार,
७. सामाजिक क्षेत्रमा हुने भ्रष्टाचार,
८. आर्थिक क्षेत्रमा हुने भ्रष्टाचार,
९. राजनीतिक क्षेत्रमा हुने भ्रष्टाचार ।

१. साधारण घुसको लेनदेन :
साधारण घुसको लेनदेन विश्वभरि चलेको व्यवहार हो, यो भ्रष्टाचारको कोटीमा नै पर्छ । किनभने घुसको अर्थ चाहेर वा नचाहेर गर्नुपर्ने लेनदेन व्यवहार पनि हो । यो प्रचलन विश्वव्यापी रूपमा चलेको छ । कसैले नगदकै लेनदेन गर्छन् भने कसैले वस्तुको लेनदेन गर्छन् । जेजो किसिमबाट लेनदेन भए पनि काम गरेबापत हुने लेनदेन भएकाले यसलाई भ्रष्टाचारजन्य कार्यको प्रारम्भिक रूप मान्नुपर्दछ । यसलाई हामीले निम्न तीन भागमा वर्गीकरण गरेर पनि हेर्न सक्छौँ –
(क) नियतवश गरिने लेनदेन वा घुस,
(ख) प्रचलनमा गरिने लेनदेन वा घुस,
(ग) आवश्यकताका आधारमा गरिने लेनदेन वा घुस ।

(क) नियतवश गरिने लेनदेन वा घुस :
सरकारी वा गैरसरकारी सेवामूलक कार्यमा संलग्न मान्छेहरूले सेवा दिएबापत सेवाग्राहीबाट रकम वा कुनै वस्तु नियतवश असुल गर्ने कार्यलाई घुस लिएको भनिन्छ । यस्तो स्थितिमा घुस दिनेले पनि चाहेर वा नचाहेर घुस दिएर आफ्नो काम सम्पन्न गर्ने गर्छन् । यस्तो किसिमको घुस लिने र दिने दुवै कानुनका दृष्टिले अपराधी हुन् । सानो परिमाणको घुसको लेनदेन भए पनि यो भ्रष्टाचारको प्रारम्भिक अवस्था हो । यो व्यवस्था विश्वका सबै मुलुकमा प्रायः चलेको हुन्छ ।

(ख) प्रचलनमा गरिने लेनदेन वा घुस :
सेवाप्रदायक व्यक्ति वा निकायले सेवा दिएबापत लाग्ने कर वा शुल्कभन्दा केही प्रतिशत बढी रकम दिने व्यवस्थालाई प्रचलनका रूपमा स्वीकार गरिएको छ । यस्तो किसिमको कार्य घाटगद्दी वा सीमास्तरीय प्रहरी चेकपोस्ट वा मुलुकको सीमामा रहेको भन्सारमा हुने गर्छ । अतिरिक्त शुल्क उठाउने यस्तो कार्यमा पैसा वा वस्तु दुवै प्रयोगमा आएका हुन्छन् । यो प्रचलन समाजस्वीकार्य हो, तापनि यो भ्रष्टाचार नै हो ।

(ग) आवश्यकताका आधारमा गरिने लेनदेन वा घुस :
सेवाकार्यमा संलग्न व्यक्तिहरूलाई उसको आवश्यकताअनुसार तलब-भत्ता दिइएको छैन भने उसले आफ्नो आवश्यकता पूर्ति गर्न सेवाग्राहीबाट केही निश्चित रकम इमानदारीपूर्वक असुल गर्नुपर्ने हुन्छ । विकासोन्मुख मुलुकका सरकारी कर्मचारी, शिक्षक र डाक्टरले समेत अतिरिक्त सेवा प्रदान गरेर सेवा दिएबापत अतिरिक्त रकम वा वस्तु प्राप्त गर्ने गरेका हुन्छन् । यो पनि भ्रष्टाचार बढाउने स्रोत हो ।

२. प्रशासनिक क्षेत्रबाट हुने भ्रष्टाचार :
प्रशासनिक क्षेत्रलाई नागरिक सेवा क्षेत्र पनि भनिन्छ । वर्तमान समयमा प्रशासनमा काम गर्ने समूहलाई नागरिकको नोकर पनि भन्ने गरिन्छ, तर ठीक उल्टो ती समूहहरूले मालिकका रूपमा काम गरेका हुन्छन् । सरकारी कामकाजको जिम्मा लिएको व्यक्ति, निकाय वा समुदायले नागरिकहरूको प्रत्यक्ष सेवा गर्नुपर्ने हुन्छ । विकासोन्मुख मुलुकहरूमा सरकारी सेवाप्रदायकले शक्ति सञ्चय गर्ने पनि भएको हुँदा उनीहरूको निर्णयले नागरिकलाई हानि वा फाइदा हुने हुनाले नागरिकहरू फाइदा पाउनका लागि घुस दिन तयार हुन्छन् र उनीहरूमा पनि घुस लिएर निर्णय गर्ने प्रवृत्ति विकसित भएको हुन्छ ।

भ्रष्टाचार फैलिन सक्ने क्षेत्र प्रशासन क्षेत्र नै हो, जसलाई निम्नलिखित रूपमा व्याख्या गरिएको छ –
(क) सेवाग्राही र सेवादायीको सम्बन्ध,
(ख) निर्णयको कार्यान्वयन,
(ग) निकासा, बेरुजू र असुली,
(घ) अर्धन्यायिक अधिकारको प्रयोग ।

(क) सेवाग्राही र सेवादायीको सम्बन्ध :
शासक र शासितको सम्बन्धलाई वर्तमानमा सेवाग्राही र सेवादायी भनिए तापनि विकासोन्मुख मुलुकमा प्रशासनिक अधिकारप्राप्त निकाय शासककै रूपमा क्रियाशील भएका हुन्छन् । ऐन, नियम, कानुन र परम्परागत रीतिस्थितिका आडमा प्रशासनिक निकायले नागरिकमाथि शासन सञ्चालन गरेको हुन्छ । शक्तिप्राप्त र शक्तिहीनका बीचको सम्झौता भनेको भ्रष्टाचार हो ।

(ख) निर्णयको कार्यान्वयन :
कुनै पनि सरकारले जनहितका लागि गर्ने निर्णयको कार्यान्वयन प्रशासनिक क्षेत्रबाट नै हुन्छ । निर्णय गर्ने र कार्यान्वयन गर्ने दुवै अधिकार पाएको प्रशासन जहिले पनि निरङ्कुश हुन्छ । त्यही निरङ्कुशताका कारणले नै भ्रष्टाचार बढ्ने गरेको हुन्छ ।

(ग) निकासा, बेरुजू र असुली :
आर्थिक क्षेत्रको जिम्मा पनि प्रशासनलाई नै हुने हुँदा विकास रकमको निकासा र ठेक्कापट्टा खर्चको हिसाब पनि प्रशासनले नै राख्ने गर्छ । त्यस्तो आर्थिक कारोबार गर्ने अधिकार पाएको प्रशासनमा संलग्न व्यक्ति वा निकाय आर्थिक प्रलोभनमा पर्नु स्वाभाविक हो । त्यस्तै कर-असुलीदेखि विभिन्न सरकारी असुलीसमेत प्रशासनकै अधिकारक्षेत्रभित्र पर्ने हुँदा पनि असुली गर्दा वा सहुलियत प्रदान गर्दा स्वार्थले काम गर्ने हुँदा त्यहाँ भ्रष्टाचार बढ्ने कार्य हुन्छ ।

(घ) अर्धन्यायिक अधिकार :
प्रायः सबै मुलुकहरूमा प्रशासनलाई अर्धन्यायिक अधिकार पनि प्रदान गरिएको हुन्छ । मुलुकको कानुनअनुसार सानोदेखि ठूलोसम्मको न्यायिक निर्णय गर्ने अधिकार पाएको प्रशासनले समय, परिस्थिति र घटनाका आधारमा निर्णय गर्ने परम्पराले पनि न्याय हुन्छ नै भन्न सकिँदैन । यसरी न्याय नहुँदा भ्रष्टाचार हुने सम्भावना बढी मात्रामा हुने गर्छ ।

३. सरकारी ठेक्कापट्टा वा सम्झौतामा हुने भ्रष्टाचार :
विकासको जिम्मा प्रशासनको हुन्छ भने देशको प्राकृतिक सम्पदाको जिम्मा पनि प्रशासनलाई नै हुन्छ । विकसित मुलुक होस् वा विकासोन्मुख मुलुक, यी दुवै किसिमका मुलुकहरूको सरकारी ठेक्कापट्टा र सम्झौतामा ठूलो भ्रष्टाचार हुन्छ । विकसित मुलुकको ठेक्कापट्टामा दसदेखि पन्ध्र प्रतिशतसम्म कमिसनको लेनदेन हुन्छ भने विकासोन्मुख देशहरूमा पचासदेखि पचहत्तर प्रतिशतसम्म कमिसनको लेनदेन हुन्छ । अर्थात् वास्तविक कार्य पच्चीस प्रतिशतभन्दा पनि कम हुन्छ । कहिलेकाहीँ योजना कार्यान्वयन नै नभए पनि योजना सम्पन्न हुन्छ ।

त्यसै गरी प्राकृतिक सम्पदाको प्रयोगको सम्झौतामा भने असीमित भ्रष्टाचार हुने गर्छ । यसको विस्तृत रूपलाई हेरौँ । यसमा विकासोन्मुख देशको मात्र विचार गरौँ –
(क) ठेक्कापट्टा बन्दोबस्त र लाइसेन्स वितरण,
(ख) विदेशी ठेकेदार र सम्झौता,
(ग) साझेदारी निर्माण ।

(क) ठेक्कापट्टा बन्दोबस्त र लाइसेन्स वितरण :
मुलुकका अनेक किसिमका विकासमा विकासकार्यको सम्पन्नताका लागि ठेक्कापट्टा बन्दोबस्त गर्नुपर्ने हुन्छ । यसरी ठेक्कापट्टाको व्यवस्था गर्दादेखि योजना सम्पन्न हुँदासम्ममा लामो समय विभिन्न तह र तप्काबाट हुने भ्रष्टाचारले विकासकार्यमा निकासा भएको रकमको पचास प्रतिशत पनि निर्माणकार्यमा लगाउँदैनन् । बाँकी रकम त्यस कार्ययोजनामा संलग्न व्यक्ति वा समुदायले लिने-खाने काम गर्छन् । त्यस्तो प्रशासनबाट वितरण हुने आयात-निर्यात वा अन्य कार्यका लागि लाइसेन्स वितरण गर्दा ठूलो धनराशीको चलखेल हुने गर्छ ।

(ख) विदेशी ठेकेदार र सम्झौता :
धेरै विकासोन्मुख मुलुकमा ठूला-ठूला आयोजना सम्पन्न गर्न विदेशी ठेकेदारहरूको बन्दोबस्त गर्ने चलन छ । ठूलो रकम खर्च हुने आयोजनामा ठूलै रकमको भ्रष्टाचार हुने गरेको हुन्छ । त्यस्तो योजना प्रायः बाह्य ऋण वा सहयोगमा सम्पन्न हुने हुँदा दाताको चासो र संलग्नतामा योजनाको प्रारम्भिक कार्यदेखि अन्तिम कार्यसम्म सम्पन्न हुने गरेको हुन्छ । कुनै-कुनै आयोजनामा त विदेशीले नै प्रतिफल पाउने सम्झौता पनि हुने हुँदा त्यस्तो किसिमको सम्झौताले मुलुक र जनता घाटामा पर्ने र विदेशी दाता (सहयोगी) निकाय भने फाइदामा हुने हुन्छ ।

(ग) साझेदारी निर्माण :
साझेदारी निर्माणको अर्थ हुन्छ त्यस देशको सरकार र त्यसै देशको व्यक्ति वा निकाय वा बाह्य देशको व्यक्ति वा निकायसँग मिली निर्माणकार्य गर्ने र त्यसको आम्दानी पनि साझेदारी रूपमै बाँडफाँड हुने कार्य । अर्थात् गरिब देशले देशभित्र रहेको खनिज वा कुनै प्राकृतिक सम्पदाको भरपुर उपयोग गर्न सक्तैन । त्यस्तो अवस्थाको देशमाथि सामन्ती प्रवृत्तिका व्यक्ति वा निकायहरूले त्यस देशको सत्तामा बस्ने व्यक्ति वा राजनीतिक दलहरूलाई हात लिई फाइदा लुट्ने कार्य गरेका हुन्छन् । त्यस्तो साझेदारी विकासकार्यमा सम्बन्धित देश घाटामा पर्ने हुन्छ भने साझेदारी लगानी गर्ने व्यक्ति, समुदाय वा देश अत्यधिक फाइदामा हुन्छन् । गरिब देशको सत्तासिन व्यक्ति वा राजनीतिक दलले थोरै रकम भ्रष्टाचार गरी देशभित्रको सम्पदालाई प्रयोग गर्न दिने सम्झौता वा साझेदारी गर्ने कार्यले त्यस देशलाई ठूलो नोक्सान पुऱ्याएका हुन्छन् ।

४. न्यायिक क्षेत्रमा हुने भ्रष्टाचार :
विकासोन्मुख मुलुकमा न्यायिक क्षेत्रमा ठूलो भ्रष्टाचार हुने गर्छ । त्यस क्षेत्रमा भ्रष्टाचार हुनुको कारण न्यायव्यवस्था देश, काल र जनतासुहाउँदो न्यायपद्धति नहुनु हो भन्न सकिन्छ । न्यायिक व्यवस्थामा निम्न चार तâवहरूले काम गरेका हुन्छन् र ती तâवहरूको विकास युरोपेली शैलीअन्तर्गत विकास भएका कारणले पनि विकासोन्मुख मुलुकको न्यायक्षेत्र प्रभावकारी रूपमा सञ्चालित हुन नसकेको हो ।
(क) कानुनी व्यवस्था,
(ख) न्याय प्रदान गर्ने पद्धति,
(ग) न्यायाधीश,
(घ) वकिल ।

(क) कानुनी व्यवस्था :
धेरै विकासोन्मुख मुलुकहरूमा युरोपका विभिन्न देशले अरू देशमा राज गर्दा बनाएका कानुन ती देशहरूमा आजसम्म पनि लागू रहेका छन् । केही मुलुकहरूले नयाँ राजनीतिक परिवर्तनको आडमा केही कानुन परिवर्तन गर्न खोजे पनि ती पुराना कानुनले पिछा गर्न छाडेका छैनन् । देश, काल र परिस्थितिअनुसार धेरै मुलुकहरूमा कानुन बन्न सकेको छैन । किनभने वर्तमान कानुनी व्यवस्थाको जननी युरोपका मुलुक ग्रेट ब्रिटेन, फ्रान्स, स्पेन र जर्मनी जस्ता मुलुकहरूले लागू गरेका कानुनी व्यवस्थाहरू विश्वका सबै मुलुकमा चलिरहेका छन् ।

(ख) न्याय प्रदान गर्ने पद्धति :
युरोपीय साम्राज्यवादले सोह्रौँ-सत्रौँ शताब्दीमा लागू गरेको न्याय प्रदान गर्ने पद्धति आजसम्म लागू भएको छ । जुन देशमा त्यो न्याय प्रदान गर्ने पद्धति थिएन, त्यस्तो देशमा समेत बीसौँ शताब्दीमा आएर त्यस्तो युरोपेली न्याय प्रदान गर्ने पद्धति

लागू हुँदै आयो । सायद यसलाई न्यायक्षेत्रले न्याय दिने वैज्ञानिक पद्धति सम्झेर हुन सक्छ, तर विकासोन्मुख मुलुकका लागि भने यो न्याय प्रदान गर्ने पद्धति अभिशाप सावित भएको छ ।

(ग) न्यायाधीश :

'न्यायाधीश' शब्दले एउटा यस्तो व्यक्तित्वको कल्पना हुन पुग्छ, जो सौम्य, इमानदार, विवेकी र ईश्वरीय शक्तिपुञ्ज व्यक्तित्व होस् । तर आज एक्काइसौं शताब्दीका न्यायाधीशहरूमा हामी त्यो व्यक्तित्व पाउनै सक्तैनौं । विकासोन्मुख मुलुकमा न्यायाधीशको नियुक्ति, पदोन्नति र सेवा-सुविधा पनि निजामती सेवाको जस्तै हुने हुँदा न्यायाधीशमा गुणात्मक रूपमा व्यक्तित्वको विकास नभएको हुन सक्छ । जिम्मेवारी र अधिकार ठूलो तर तलब-भत्ता कम भएका कारणले पनि वकिलहरूको साँठगाँठमा न्यायाधीशहरू लच्कने गरेका हुन्छन् ।

(घ) वकिल :

न्यायक्षेत्रको खम्बाका रूपमा रहेका वकिलहरू नै न्यायसम्पादनका संवाहक हुन् । यो क्षेत्र शुद्ध र इमानदार भइदिएको खण्डमा न्यायिक निर्णय पनि न्यायिक ठहर हुन्छ । तर धेरै वकिलहरूले न्यायालय र पीडित जनता दुवैलाई प्रयोग गर्ने अवसर पाएका हुन्छन् । त्यस्तो अवसरलाई धन आर्जन गर्ने स्रोत बनाएका हुन्छन् । विकासोन्मुख मुलुकमा न्याय माग्न जाँदा वकिललाई भनेजति रकम तिरेर खरिद गर्नुपर्ने हुन्छ । यो प्रचलन न्यायिक पद्धतिको कालो पाटो हो ।

५. संस्थागत रूपमा हुने भ्रष्टाचार :

संस्थागत भ्रष्टाचार भन्नाले समूहगत रूपमा, व्यवस्थित कानुनलाई अपव्याख्या गरेर वा भ्रष्टाचार गर्नलाई नै कानुन बनाएर गर्ने भ्रष्टाचारलाई बुझ्नुपर्छ । यो संस्थागत भ्रष्टाचारमा स्पष्ट भ्रष्टाचार गरेको नदेखिए तापनि भित्री रूपमा भ्रष्टाचारको विकराल रूप कायम भएको हुन्छ । संस्थागत रूपमा हुने भ्रष्टाचारले देशको आर्थिक अवस्था मात्र तहसनहस गर्दैन, यसले मुलुकको अस्तित्वलाई नै समाप्त गर्न सक्छ । त्यसैले संस्थागत रूपमा हुने भ्रष्टाचार अरूजस्तो सामान्य भ्रष्टाचार नभएर यो मुलुक र जनतालाई नै समाप्त गर्न सक्ने ठूलो अपराधका रूपमा प्रमाणित हुन सक्छ । संस्थागत रूपमा हुने भ्रष्टाचारलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(क) समूहगत रूपमा,
(ख) राजनीतिक दलका रूपमा,
(ग) व्यवस्थित कानुनको अपव्याख्या गरेर,
(घ) नयाँ कानुन बनाएर ।

(क) समूहगत रूपमा :

व्यक्तिले व्यक्तिसँग घुस लेनदेनको विकसित रूप नै समूहगत भ्रष्टाचार हो । यो समूहगत भ्रष्टाचार हुन थालेपछि यसलाई संस्थागत भ्रष्टाचार भन्न थालिएको हो । यसलाई सेतो अपराधका रूपमा स्वीकार गर्नु अनिवार्य भयो । विकसित देशदेखि विकासोन्मुख देशहरूमा यो समूहगत भ्रष्टाचार सुरु भएको छ । केही देशहरूले यसलाई ऐन-नियमले ढाकछोप गरेका छन् भने केहीले अभ्यासमा ल्याएर समूहगत भ्रष्टाचारलाई स्वीकार गरेका छन् । यस्तो समूहगत भ्रष्टाचारले गरिब मुलुकहरू सताइएका छन् ।

(ख) राजनीतिक दलका रूपमा :

राजनीतिक दलको कुनै आम्दानीको स्रोत हुँदैन । चन्दा, दान र सहयोगबाट सञ्चालित हुनुपर्ने हुन्छ राजनीतिक दलहरू । निश्चित सिद्धान्तका आधारमा सञ्चालित हुने राजनीतिक दलमा सबै नेता तथा कार्यकर्ता निःशुल्क सेवामा सम्मिलित भएका हुन्छन् । तर विकासोन्मुख देशहरूमा सञ्चालित प्रायः राजनीतिक दलहरू सत्ताप्राप्तिका लागि मात्र क्रियाशील रहेका हुन्छन् । जसरी पनि सत्ता प्राप्त गर्ने उद्देश्य राखेका त्यस्ता दलहरूले समाजका विभिन्न निकायबाट जबर्जस्ती धन जुटाउने कार्य गर्छन् । त्यसरी सत्ता प्राप्त भइसकेपछि मुलुक र जनताको शोषण गर्न थाल्छन् । यसरी दलगत रूपमा हुने भ्रष्टाचारजन्य कार्यलाई सर्वसाधारण जनताले भने बुझ्न सकेका हुँदैनन् ।

(ग) व्यवस्थित कानुनको अपव्याख्या गरेर :

सत्तामा पुगेका व्यक्ति, समूह वा राजनीतिक दलका नेता तथा कार्यकर्ताले व्यवस्थित कानुनको अपव्याख्या गर्दै लाभ लिने गरेका हुन्छन् । उदाहरणका लागि राष्ट्रको अचल सम्पत्ति र प्राकृतिक सम्पदालाई सोझै हस्तान्तरण गर्न मिल्दैन, तर सम्झौताका आधारमा लिजमा दिन सकिन्छ । त्यस्तो लिजमा दिँदा बढी समय राखेर दिने कार्यले सम्पत्ति हस्तान्तरण गरेसरह नै हुन्छ । त्यसैले यस्ता अनेकौं भ्रष्टाचार गर्ने कार्य सत्तामा पुगेकाले गर्ने गर्छन्, जो भ्रष्टविरोधी शास्त्रका लागि जघन्य अपराध ठहर्न सक्छ ।

(घ) नयाँ कानुन बनाएर :
प्रायः सबै देशहरूमा राष्ट्रकोषको रकम कानुन नबनाई झिक्न र मास्न पाइँदैन । सत्तामा पुगेका व्यक्ति, समूह वा राजनीतिक नेता तथा कार्यकर्ताले राज्यकोषको रकम झिकेर बाँडफाँड गरी आफू र आफ्नो दललाई आर्थिक रूपले सम्पन्न गराउन चाहेका हुन्छन् । यही उद्देश्यप्राप्तिका लागि आफूलाई फाइदा हुने ऐन-नियम बनाई राज्यकोषको रकम झिक्ने र त्यसबाट बढीभन्दा बढी सुविधा लिने काम गर्छन् । त्यस्तै, नयाँ ऐन बनाई देशको खनिज एवं प्राकृतिक सम्पदा अर्कालाई हस्तान्तरण गर्छन् । यो देशप्रतिको गद्धारी हो साथै ठूलो भ्रष्टाचार हो ।

६. गैरसरकारी संस्थाबाट हुने भ्रष्टाचार :
सरकारले गर्नुपर्ने कार्य नगरेर नागरिकको समूहबाट गराउने उद्देश्यका साथ पश्चिमी मुलुकमा गैरसरकारी संस्था खडा भए । त्यसरी खडा भएका संस्थाहरू केही आ-आफ्नै देशमा क्रियाशील भए भने केही संस्थाहरू विकासोन्मुख मुलुकको सहयोगका नाउँमा आफ्नो देशभन्दा बाहिर पनि क्रियाशील हुन थाले । विकासोन्मुख मुलुकमा विदेशी संस्थाहरूले आफ्नो स्वार्थपूर्तिका लागि र आफ्नो प्रभाव जमाउनका लागि रकमको ओइरो लगाइदिन थाले । गरिब देशका केही पढेलेखेकाहरू त्यस्ता संस्थाको पिछा लाग्दै उनीहरूको औजारका रूपमा प्रयोग हुन थालेपछि गरिब समाजमा भ्रष्टाचारको ठूलो चलखेल सुरु भयो ।

विकासोन्मुख मुलुकहरूमा प्रायः कानुनी मान्यताप्राप्त गैरसरकारी संस्थाहरू छैनन् । सामाजिक संस्था वा अन्य सेवामूलक संस्थालाई नै अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संस्थाले आफ्नो प्रतिनिधिका रूपमा प्रयोग गर्न थालेपछि गरिब मुलुकमा त्यस्ता सामाजिक संस्थाहरू गैरसरकारी संस्थाका रूपमा परिचित हुन थालेका हुन् ।

७. सामाजिक क्षेत्रमा हुने भ्रष्टाचार :
विकासोन्मुख मुलुकमा विविध संस्कृति र वर्गको सम्मिश्रित स्वरूपका रूपमा सामाजिक संरचना बनेको हुन्छ । धनी र अति धनी एक वर्ग हुन्छन् भने गरिब र अति गरिब अर्को वर्ग हुन्छन् । त्यहाँ समन्वयको कडी भनेको परम्परादेखि चलेको संस्कृति हो । तर अब पुरातन पद्धति बिस्तारै विस्थापित हुन थालेपछि सामाजिक समस्या बढ्दै जान थालेको छ । सामाजिक स्तरमा आउन थालेका समस्यालाई यसरी केलाऊँ, जसलाई समाजमा भ्रष्टाचार हुन उत्प्रेरणा दिने माध्यमहरूका रूपमा लिन सकिन्छ :
(क) धर्म-संस्कृति,
(ख) सामुदायिक सङ्गठन,
(ग) शिक्षा,
(घ) स्वास्थ्य,
(ङ) धनी र गरिबको विभेद ।

(क) धर्म-संस्कृति :
धर्म-संस्कृति भनेको जीवनयापनको पद्धति हो । जीवन सुखमय बनाउन धारण गरिने पद्धति नै धर्म हो भने त्यसलाई निरन्तरता दिएर जीवन सञ्चालन गर्ने पद्धति नै संस्कृति हो । युगौंदेखि चलिआएको यस्तो धर्मसंस्कृतिको पद्धतिलाई नयाँ धार्मिक सम्प्रदायले अनेक अर्थ लगाई अतिक्रमण गर्न थालेपछि धर्मसंस्कृतिमा विचलन आउन थाल्यो । त्यसबाट सामाजिक समस्या खडा भयो । धनी समुदायले मान्यता दिएको संस्कृतिलाई गरिब समुदायले मान्नुपर्ने बाध्यता सिर्जना हुन थाल्यो र पैसाको आडमा संस्कृति बदलिन थाल्यो ।

(ख) सामुदायिक सङ्गठन :
समुदायभित्र विभिन्न वर्गीय, क्षेत्रीय र जातीय हितका लागि सङ्गठन सुरु हुन थाल्यो । क्षेत्रीय सङ्गठनको नाउँमा गुन्डा सङ्गठन पनि सुरु हुन थालेको देखियो । समाजका विभिन्न क्षेत्रहरूमा बेग्लाबेग्लै माफिया सङ्गठनहरू स्थापित हुन थाले । यसरी सामाजिक क्षेत्रमा भ्रष्टाचार बढ्ने क्रममा यस्ता विभिन्न सङ्घसंस्थाले टेवा दिन थालेको महसुस भयो ।

(ग) शिक्षा :
शिक्षा सर्वोपरि आवश्यक तaेव हो मानव-विकासका लागि । तर विकासोन्मुख मुलुकहरूमा शिक्षाको नाउँमा व्यापार सुरु हुन थाल्यो । निःशुल्क शिक्षा प्रदान गर्नुपर्नेमा निजी क्षेत्र व्यावसायिक रूपमा शिक्षाक्षेत्रमा लाग्दा समाजबाट बढीभन्दा बढी आर्थिक शोषण गर्न थाले । शिक्षाक्षेत्र व्यावसायिक भएको हुँदा सर्वसाधारण जनता यसबाट पीडित हुन थाले । निजी क्षेत्रका विद्यालयहरूले ठूलो आर्थिक चलखेल गरी भ्रष्टाचारजन्य कार्यलाई बढावा दिन थाले ।

(घ) स्वास्थ्य :

जीवनको रक्षा स्वास्थ्योपचार प्रणालीले गर्छ । स्वास्थ्योपचार निःशुल्क हुनुपर्छ । तर विकासोन्मुख मुलुकहरूमा स्वास्थ्योपचारका लागि ठूलो धनराशी खर्च गर्न सक्नुपर्छ । विकासोन्मुख मुलुकमा निजी क्षेत्रका उपचारकेन्द्र खुलेर महँगो शुल्क तिरी स्वास्थ्योपचार गराउनुपर्छ ।

(ङ) धनी र गरिबको विभेद :

धनी र गरिबको विभेद विकासोन्मुख मुलुकको सरकारले हटाउन नसक्ता सामाजिक समस्याको सामना गर्नुपर्ने भएको हुन्छ । धनी र गरिबको विभेद कायम रहेकै कारण हरेक गरिब व्यक्ति जुनसुकै तरिकाले पनि धन आर्जन गर्न चाहेर अनेक अपराधमा संलग्न हुन पुग्छ र समाजलाई अनेक कोणबाट सताउने काम गर्छ । समाजमा धेरै संवेदनशील पक्षलाई नोक्सानी पुऱ्याएर उसले धन आर्जन गर्छ, तर उसको विरोधमा अर्को गरिब व्यक्ति विद्रोह गर्न थाल्छ । उसलाई त्यो थाहा हुँदैन । यसरी धनी र गरिबको विभेदले सामाजिक समस्यालाई बढाइरहेको हुन्छ ।

८. आर्थिक क्षेत्रमा हुने भ्रष्टाचार :

कुनै पनि समाज र राष्ट्रको विकासको मापन नै आर्थिक क्षेत्रमा भएको उन्नति र अवनतिले निश्चय गर्छ । अर्थको कारोबार, हानि तथा नोक्सानी र विकासको तथ्याङ्क पनि यसै क्षेत्रसँग हुने भएकाले मुलुकको विकासमा यो क्षेत्रको महaेव बढेको हो । यो क्षेत्र भ्रष्टाचारको मापनका लागि पनि उपयुक्त क्षेत्र हो । यस क्षेत्रमा के, कुन किसिम र निकायबाट भ्रष्टाचार बढेको हुन्छ भनेर हेरौँ :

(क) परम्परागत लेनदेन,<br>
(ख) वित्तीय संस्था,<br>
(ग) बजार,<br>
(घ) उद्योग,<br>
(ङ) अन्तर्राष्ट्रिय कारोबार ।

(क) परम्परागत लेनदेन :

बैङ्कको स्थापना नहुँदा पनि परम्परागत रूपमा लेनदेन अर्थात् वस्तु अथवा वित्तीय कारोबार चलेकै थियो । कृषकले धानको खेतीको समयमा धानको बिउ सापट लिने र धान उत्पादन भएपछि ब्याजसहित सापट बुझाउने काम कृषिक्षेत्रमा चलेको प्रचलन हो । व्यापारिक क्षेत्रमा पनि व्यवसाय बढाउन ऋण लिने र दिने प्रचलन थियो । त्यस्तै चाडपर्व र आवश्यकताअनुसार सापट लिने र ब्याजसहित फिर्ता गर्ने चलनले चर्को ब्याज असुल गर्ने र ऋणीलाई दुःख दिने कार्य सुरु भएपछि यो परम्परागत लेनदेनमा भ्रष्टता सिर्जना भयो ।

(ख) वित्तीय संस्था :

वित्तीय कारोबार गर्ने संस्थाहरू सञ्चालनमा आएपछि परम्परागत लेनदेनमा कमी आए पनि वित्तीय संस्थाले पनि समाजलाई राहत प्रदान गर्न सकेन । वित्तीय कारोबार गर्ने सङ्गठित संस्था 'बैङ्क' नामले परिचित हुँदै छोटो अवधिमै विश्वका सबै मुलुकमा फैलियो । तर त्यसमा पनि निजी क्षेत्र, पब्लिक क्षेत्र र सरकारी क्षेत्रमा कुन क्षेत्रको लगानीमा खुलेको बैङ्कले मुलुक र जनतालाई राहत दिलाउन सक्छ भन्ने निर्णयमा विश्वको वित्तीय क्षेत्र अझै पनि अनिर्णयको स्थितिमा छ । विकसित मुलुकमा बैङ्किङ क्षेत्रले विकास गरेको छ भने त्यहाँभित्र भएको भ्रष्ट नीतिले बैङ्कहरू टाट पनि पल्टिएका छन् । त्यस्तै, विकासोन्मुख मुलुकमा बैङ्किङ कारोबार बढेको देखिन्छ । मात्र बैङ्क फस्टाएको हुन्छ, जनताले बैङ्कबाट अपेक्षित लाभ पाउन नसकेको अवस्था देखिन्छ । विकासोन्मुख मुलुकहरूमा चलेका बैङ्कहरूले ब्याजमाथि स्याज अर्थात् सामन्ती प्रवृत्तिअनुसार चक्रवृद्धि ब्याज लगाउने चलनले ऋणीहरू पीडित भएका छन् ।

त्यस्तै, बीमा कम्पनीहरूले समाजमा शोषण गर्दा पनि विकासोन्मुख मुलुकका सत्ताधारी सरकारहरूले कारवाही गर्ने अवस्था रहँदैन । किनभने एक देशको बीमा कम्पनीको सम्बन्ध अर्को देशको कम्पनीसँग रहेको हुन्छ । यसरी वित्तीय क्षेत्रमा भएको खुला भ्रष्टताले मुलुकको आर्थिक क्षेत्र आक्रान्त भएको हुन्छ । यद्यपि कुनै-कुनै मुलुकमा केही ख्यातिप्राप्त वित्त कम्पनीहरू छन् र तिनको नतिजासमेत राम्रै देखिएको छ, तर पनि अधिकतम वित्त कम्पनीहरू उद्देश्यअनुरूप चलेका देखिँदैनन् ।

(ग) बजार :

'आजको आवश्यकता बजारमुखी अर्थतन्त्र' भन्ने नाराले पनि बजारको महaेव बढेको छ । विकासोन्मुख देशको बजार अनियन्त्रित रूपमा सञ्चालन भएको हुन्छ । विकसित मुलुकको बजार प्रतिस्पर्द्धात्मक नीतिमा विस्तारित हुनुपर्छ भन्ने नीतिलाई गरिब मुलुकमा पनि लागू हुँदा बजार अव्यवस्थित रूपमा सञ्चालित हुन पुगेको हो । कालोबजारी, मुनाफाखोरी

र माफियातन्त्रले बजार सञ्चालनमा कब्जा जमाएको हुन्छ । त्यसैले प्रायः धेरै विकासोन्मुख मुलुकका सरकारको नियन्त्रणभन्दा बजार बाहिर रहेको देखिन्छ, जो आर्थिक सिद्धान्तको प्रतिकूल अवस्था हो ।


(घ) उद्योग :
गुणस्तरीय वस्तु उत्पादन गर्ने उद्योगहरू कम हुँदैछन् भने गुणस्तरहीन वस्तु उत्पादन गर्ने उद्योगको सङ्ख्या बढ्दो छ । यो नै विकासोन्मुख मुलुकका लागि अभिशाप हो । गुणस्तर कायम गर्ने कानुन छ, तर मिसावटी उत्पादन बजारमा पुग्छ । ऐन-नियम भएर पनि निजी क्षेत्रमा सञ्चालित उद्योगहरूलाई नियन्त्रण गर्ने व्यवस्था नभएको हुँदा उद्योगहरू अनियन्त्रित अवस्थामा सञ्चालन भएका छन् । जीवन बचाउने औषधिदेखि जनताको दैनिक उपभोग्य सामग्रीमा समेत मिसावट हुन थालेको हुँदा जनताको ज्यान नै जोखिमपूर्ण हुन गएको छ । गरिब राष्ट्रमा बसोबास गर्ने नागरिकका लागि यो अत्यन्तै पीडाको अवस्था हो ।

(ङ) अन्तर्राष्ट्रिय कारोबार :
वर्तमान समय भनेको विश्वका सबै देशहरूसँग सुसम्बन्ध कायम गरी आवश्यताअनुसारको कारोबार सञ्चालन गर्ने समय हो । अन्तर्राष्ट्रिय कारोबार हुँदा एक देशको कानुनले मात्र कारोबारलाई नियन्त्रण गर्न सक्तैन । त्यसैले यस्तो कारोबार जोखिमपूर्ण पनि हुन सक्छ । यस्तो अन्तर्राष्ट्रिय कारोबारमा प्रायः गरिब देशले मार खानुपर्ने हुन्छ र नोक्सानी सहनुपर्ने हुन्छ । यो क्षेत्र कमजोर भएको खण्डमा आर्थिक क्षेत्र मात्र होइन, मुलुकलाई नै क्षति पुग्न सक्छ ।

९. राजनीतिक क्षेत्रमा हुने भष्टाचार :
राजनीतिक दलहरूको एउटा निश्चित सिद्धान्तले त्यस राज्यमा सत्ता सञ्चालन गर्न राजनीतिक दलको जन्म भएको हुन्छ । राज्य सञ्चालन गर्न जन्मिएको राजनीतिक दल स्वच्छ, पवित्र एवं विश्वासयुक्त हुनुपर्छ । यही नै सिद्धान्त हो । तर विकासोन्मुख मुलुकहरूमा भने काम नभएका, राम्ररी व्यवसायमा स्थापित हुन नसकेका एवं सत्तामा गई हैकम चलाउने महाaेवाकाङ्क्षा बोकेकाहरूको झुन्ड नै राजनीतिक दल हो भन्ने देखिएको छ । केही मुलुकमा त्यो पनि पचासौं वर्षको अन्तरालमा राजनेताको जन्म भएको देखिए तापनि धेरै मुलुकमा गैरजिम्मेवार एवं महaेवाकाङ्क्षी व्यक्तिहरू नै राजनीतिक दलहरूको नेतृत्व तहमा रहेको देखिन्छ ।
कुनै पनि राजनीतिक दलको प्रारम्भिक काल एक विचार तथा राजनीतिक सिद्धान्तमा जुटेका कार्यकर्ताबाट लेवी उठाएर सञ्चालन भएको देखिन्छ । ती राजनीतिक दलहरू सत्तामा पुगेपछि वा सत्ताको नजिक वा प्रतिपक्षमा पुगेपछि कार्यकर्ताबाट हुँदै आएको आर्थिक अनुदान बन्द हुन पुग्छ । कारण आफ्नो दल सत्तामा पुगेपछि मुलुकको राज गरौंला भन्ने उद्देश्यका साथ तिर्न थालिएको लेवीको प्रतिफल पाउने आशा कार्यकर्तामा बाँचिरहेको हुन्छ । लाखौं कार्यकर्तामा केही दर्जन व्यक्तिहरू सत्तामा पुगेपछि अरू कार्यकर्ता चिढिन पुग्छन् । यस्तै अवस्थामा राजनीतिक दललाई आर्थिक भार बढेको हुन्छ । आर्थिक आम्दानीको स्रोत नखुलेको राजनीतिक दलको अर्थ सङ्कलनका विधिहरू विभिन्न हुन्छन् । उदाहरणका लागि जबर्जस्ती चन्दा असुल गर्ने, विदेशी नीतिलाई लागू गर्ने सर्तमा विदेशीहरूसँग रकम अनुदान लिने, आफू सत्तामा पुगेपछि सरकारबाट प्रदान हुने नयाँ-नयाँ लाइसेन्स निष्काशन गर्ने, नयाँ उद्योग खोल्न स्वीकृति दिने, राष्ट्रिय सम्पदालाई प्रयोग गर्न पाउने गरी लिजमा दिने वा प्राकृतिक स्रोत-साधनलाई व्यापारमा परिवर्तित गरी व्यक्ति वा समूहलाई सुम्पने आदि । यी सबै मुलुक र जनता गरिब हुने र राजनीतिक दल धनी हुने विधि हुन् ।

राजनीतिक दलहरूलाई ठूलो खर्चको आवश्यकता पर्छ । पूर्णकालीन कार्यकर्ता अर्थात् तलब दिएर कार्यकर्ता राख्न सक्नुपर्छ । आफ्नो विचार र घोषणापत्र जनसमक्ष पुऱ्याउन सञ्चार-माध्यमको प्रयोग गर्न सक्नुपर्छ । प्रचार-प्रसारको सामग्रीदेखि जनतालाई झुक्याउन अनेक-अनेक प्रभावकारी योजना बनाएर जनतामा गइरहनुपर्छ । यसका अतिरिक्त निर्वाचनमा ठूलो धनराशी खर्च गरेर भोट बटुल्न पनि सक्नुपर्छ । यी सबै विकासोन्मुख मुलुकहरूमा सञ्चालित राजनीतिक दलहरूले गर्नुपर्ने अनिवार्य कार्य हुन् । यसरी राजनीतिक दलहरूले गरेका क्रियाकलापहरूलाई अन्य आपराधिक सङ्ज्ञा दिनुभन्दा यी सबै कार्यलाई भ्रष्टाचारको नै सङ्ज्ञा दिनु उपयुक्त देखिन्छ ।

भ्रष्टाचारको स्तर निर्धारणलाई ग्राफिक चित्रमा हेरौं :-




१ देखि ९ तहको स्तरमा विकास भएको भ्रष्टाचारले १ बाट क्रमशः बढ्दै ९ मा पुग्दा चुलिएको भए तापनि ५ अङ्कले केन्द्रीय भूमिका निर्वाह गरेको प्रमाणित गरेको छ । ५ अङ्कको अर्थ हो संस्थागत रूपमा हुने भ्रष्टाचार । वास्तवमा यी सबै तहका भ्रष्टाचारहरूलाई बिस्तारै हटाउन, दबाउन र नियन्त्रण गर्न सकिन्छ, तर संस्थागत रूपमा फैलिएको भ्रष्टाचारलाई भने हटाउन, दबाउन वा नियन्त्रण गर्न कठिन हुन्छ । किनभने त्यसले वैधता पाएको हुन्छ । भ्रष्टविरोधी शास्त्रको लक्षित केन्द्र नै संस्थागत रूपमा फैलिएको भ्रष्टाचार निर्मूल गर्नुपर्ने हुन्छ ।

# भ्रष्टाचारका पृष्ठपोषकहरू
# (Back forces of Corruption)

भ्रष्टाचार आफैँ विकसित हुन सक्तैन । यसलाई विकसित रूप दिनका लागि राज्यव्यवस्थाभित्रका विभिन्न तह र तप्काबाट गरिने अनेक किसिमका क्रियाकलापहरूका आधारमा खडा हुने तàवले बल प्रदान गरेको हुन्छ । भ्रष्टाचार बढाउने तàवहरूले जानेर वा नजानेर, समर्थन गरेर वा दबाब दिएर र स्वार्थपूर्ति वा अवसर प्राप्त गर्न गरिने कार्य गरेर नै भ्रष्टाचार बढिरहेको हुन्छ, जसलाई यहाँ पृष्ठपोषकका रूपमा व्याख्या गरिएको छ । विश्वका कुनै पनि मुलुकमा राज्यसञ्चालन तथा राज्यविकासका लागि क्रियाशील रहेका विशेष तàवहरू हुन्छन् । ती तàव नै राज्यको उन्नति तथा अवनतिमा जिम्मेवार हुन्छन् । ती जिम्मेवार तàवहरूले आफ्नो जिम्मेवारी बहन नगर्दा वा आफ्नो स्वार्थलाई मात्र हेर्दा त्यस देशको समाज र राज्यलाई भ्रष्टाचारले सताउन थालेको हुन्छ, अर्थात् भ्रष्टाचार विकसित रूपमा फैलन थालेको हुन्छ । यस्ता भ्रष्टाचार बढाउने तàवहरूले आफैँले प्रत्यक्ष भ्रष्टाचार नगरे पनि भ्रष्टाचारका लागि पृष्ठपोषकका रूपमा कार्य गरेका हुन्छन् र मुलुकमा भ्रष्टाचार बढाउन मद्दत गर्छन् । यी भ्रष्टाचार बढाउने धेरै पृष्ठपोषकहरू भए पनि मुख्य-मुख्य पृष्ठपोषकलाई वर्गीकरण गरेर हेरौँ :

१. अस्थिर सरकार,
२. नीति-विधि निर्माण क्षेत्र,
३. विकासकार्य क्षेत्र,
४. व्यापारिक क्षेत्र,
५. एनजीओ समूह,
६. सञ्चार क्षेत्र,
७. राजनीतिक दलीय क्षेत्र ।

१. अस्थिर सरकार :

विकासोन्मुख मुलुकमा प्रायः सरकार अस्थिर हुन्छ । जुन मुलुकमा सरकार अस्थिर हुन्छ, त्यस देशमा भ्रष्टाचारको परिमाण बढेको हुन्छ । भ्रष्टाचार बढेको मुलुकमा स्थिर सरकार स्थापना हुन सक्तैन । भ्रष्टाचार र अस्थिर सरकार एक-अर्काका परिपूरकका रूपमा स्थापित भएका हुन्छन् । त्यसैले अस्थिर सरकार भ्रष्टाचारको पृष्ठपोषकका रूपमा खडा भएको हुन्छ ।

२. नीति-विधि निर्माण क्षेत्र :

राज्यसञ्चालनका लागि नीति तथा विधि विधिसम्मत निर्माण हुनुपर्छ । विधिसम्मत नबनेको नीति तथा विधि लामो समयसम्म टिक्न सक्तैन र टिक्यो भने पनि देश, राज्यव्यवस्था र जनतालाई त्यसले नोक्सानी पुऱ्याएरै छाड्छ । यसकारण राज्यको तेस्रो अङ्गका रूपमा स्थापित विधायिकाले विधि निर्माण गर्दा देश, राज्यव्यवस्था र जनताको हितमा विधि निर्माण गर्न सक्नुपर्छ । त्यस्तै नीतिनिर्माणकर्ता कार्यपालिकाले पनि मुलुक र जनताको हितमा क्रियाशील हुन सक्ने नीति निर्माण गर्न सघाउ पुऱ्याउन सक्नुपर्छ । विधि तथा नीति निर्माण गर्ने अधिकार पाएका सबै निकायले देश र जनताको सर्वोतोमुखी हित हुन सक्ने नीति-विधिलाई निर्माण गरी लागू गर्न सकिने अवस्था सिर्जना गर्नुपर्छ । होइन भने यही नीति-विधि निर्माण गर्ने अधिकार पाएका निकायहरू नै भ्रष्टाचारका पृष्ठपोषक ठहरिन सक्छन् । विकासोन्मुख मुलुकहरूमा नीति-विधि निर्माण गर्ने निकायहरूलाई नै भ्रष्टाचारजन्य कार्य संस्थागत रूपमा विकास गर्ने वा कानुनले ढाकछोप हुने अवस्थाको सिर्जना गर्न धेरै व्यक्ति वा समुदाय लागेका हुन्छन् । त्यस्ता निकायहरूलाई नाटकीय रूपले भ्रष्टविरोधी आवरणले छेक्न, छोप्न र विधिमुखी बनाउन प्रयत्नशील रहेका हुन्छन् । त्यसैले यी नीति-विधि निर्माण गर्ने निकायहरू भ्रष्टाचारयुक्त कार्य गराउन र त्यसको विकास हुन सकोस् भन्ने मनसायले लागेका हुन्छन् । किनभने यी निकायहरूको प्रत्यक्ष सम्बन्ध राजनीतिक दलहरूसँग रहेको हुन्छ । निर्वाचित विधायिका सभा होस् वा सरकारमा सम्मिलित राजनीतिक नेता होऊन्, यी सबै राजनीतिक संयन्त्रसँग प्रत्यक्ष सम्बन्धित हुन्छन् ।

३. विकासकार्य क्षेत्र :

विकासकार्य क्षेत्र भन्नाले मुलुकभित्र विकास-निर्माणमा क्रियाशील क्षेत्रलाई मान्नुपर्छ । विकासकार्य भन्नाले गाउँस्तरमा निर्माण हुने कृषिजन्य आवश्यक भौतिक पूर्वाधारदेखि राष्ट्रिय स्तरका मुलुकका सम्पदा, जस्तै : खनिज र जलविद्युतको विकासलाई लिन सकिन्छ । ससाना विकासकार्यमा स्थानीय टाठाबाठा अर्थात् राजनीतिक दलसँग सम्बद्ध व्यक्तिहरूले हस्तक्षेप गरेका हुन्छन् भने ठूला राष्ट्रिय आयोजनामा सत्ताधारी नेताहरूले आफ्नो चाखअनुसार योजना सञ्चालन गराएका हुन्छन् । सानो गाउँस्तरीय विकासदेखि राष्ट्रिय स्तरका ठूला आयोजनामा भ्रष्टाचारजन्य कार्य पूर्ण रूपमा क्रियाशील भएका हुन्छन् । विकासोन्मुख मुलुकमा जस्तै विकसित देशमा पनि कमिसनको खेल चल्ने हुँदा निर्माणकार्यमा भ्रष्टाचार

हुने कार्य रोकिन सक्ने अवस्था देखिँदैन । निर्माणकार्यमा बोलकबोलको प्रतिस्पर्द्धा देखिए तापनि कार्यसम्पादनमा कमिसनको अनिवार्य लेनदेन हुने कार्यले विकास-निर्माणमा भ्रष्टाचार खुला रूपमा हुने गर्छ । विकासकार्य क्षेत्र भ्रष्टाचार बढाउने पृष्ठपोषकका रूपमा स्थापित भएको देखिन्छ ।

४. व्यापारिक क्षेत्र :
व्यापारिक क्षेत्र नै त्यस्तो क्षेत्र हो, जो भ्रष्टाचारको मूल स्रोत हो । व्यापारिक क्षेत्रलाई आन्तरिक व्यापार र वैदेशिक व्यापार गरेर दुई वर्गमा विभाजित गरेर हेर्नुपर्छ । त्यसका अतिरिक्त मुनाफा कमाउने कुनै पनि व्यवसायलाई व्यापारिक क्षेत्रमा राखेर हेर्नुपर्ने हुन्छ । वाणिज्यक्षेत्र, जस्तै : सामानको माग तथा आपूर्तिका आधारमा बजार व्यवस्थापन गर्ने तथा खरिद-मूल्यका आधारमा बिक्री-मूल्य कायम गर्ने, सामानको खरिद-बिक्री गर्ने क्षेत्रदेखि सेवामूलक कार्य गर्ने डाक्टर, इन्जिनियर, वकिल, शिक्षक तथा कुनै पनि विषयको सेवा गर्ने वा परामर्श दिने क्षेत्रलाई व्यापारिक क्षेत्र मान्नुपर्छ । व्यापारिक क्षेत्र मुनाफा आर्जन गर्ने क्षेत्र हो । यो मुनाफा आर्जन गर्ने सिद्धान्त नै भ्रष्टाचार बढाउने मूल केन्द्र हो । किनभने बढी मुनाफाका कारणले नीति तथा नैतिक जिम्मेवारीलाई पन्छाइन्छ । जब नीति तथा नैतिकता पन्छाइन्छ, त्यहाँ अनैतिक व्यवहार सुरु हुन्छ, जसका कारणले भ्रष्टाचारजन्य कार्य बढ्छ । सामानको लेनदेनमा होस् वा सेवाको लेनदेनमा होस्, व्यवसायगत रूपमा कार्य हुँदा त्यहाँ बढी रकम आर्जनको प्राधान्य रहेको हुन्छ । त्यहीँ नै नैतिकता तथा जिम्मेवारीमा कमी आई भ्रष्टाचारजन्य कार्य प्रोत्साहित हुन्छ ।


५. गैरसरकारी समुदाय (एनजीओ) :
गैरसरकारी समुदाय भन्नाले सरकारले गर्नुपर्ने कार्य सरकारले गर्न छोडेपछि समाजमा रहेका जिम्मेवार व्यक्तिहरूले समूहमा विभाजित भई मुलुक तथा समाजको आवश्यकताअनुसार गर्नुपर्ने कार्य गर्ने नागरिकको समुदायलाई मान्नुपर्छ । यो गैरसरकारी समुदायको विकास तथा विस्तार विकसित मुलुकमा प्रारम्भ भए तापनि वर्तमानमा विकासोन्मुख मुलुकमा यस्तो किसिमको संस्थाले फैलने तथा विकसित हुने मौका पाएको छ । विकसित देशका त्यस्ता संस्थाहरूले विकासोन्मुख मुलुकमा हस्तक्षेप गर्ने गरेको हुँदा विकासोन्मुख देशहरू भने गैरसरकारी संस्थाको सिद्धान्त तथा कामगराइले सताइएका छन् । विकासोन्मुख मुलुकमा सञ्चालित गैरसरकारी संस्था प्रत्यक्ष वा परोक्ष रूपमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग आबद्ध हुने कारणले पनि भ्रष्टाचार बढ्ने कार्यले तीव्रता पाएको हो । विकासोन्मुख मुलुकमा सञ्चालन भएका गैरसरकारी संस्थाको क्रियाकलापले गर्दा पनि भ्रष्टाचारको विकास भएको भन्न सकिन्छ । अन्तर्राष्ट्रिय संस्थासँग सम्बन्धन प्राप्त गरी सञ्चालित त्यस्ता संस्थाहरू आफ्नो-आफ्नो संस्कृति, इतिहास, सामाजिक व्यवहार र स्वार्थलाई सर्वोपरि राखी चलेका हुन्छन् । ती सबै आफ्ना विषय र वस्तुलाई गरिब मुलुकमा पनि लागू गर्न योजनाबद्ध रूपमा लागेका हुन्छन् । त्यसरी लाग्दा पैसाको ठूलो चलखेल हुन्छ र पैसाको आडमा गरिब देशका बाठा मान्छेलाई किनेर आफ्नो योजना सफल गराउने प्रयत्न गरिरहेका हुन्छन् । गरिब मुलुकको हितका लागि कम योजना बन्छन् भने धनी मुलुकको स्वार्थसिद्ध हुने योजनाहरू बढी बन्ने गर्छन् । त्यसैले गैरसरकारी संस्था गरिब मुलुकको हितमा त्यति राम्रो काम गर्न सक्तैनन्, कारण हो अशिक्षा र गरिबी । अन्तर्राष्ट्रिय सम्बन्धका आधारमा गरिब मुलुकका सञ्चालित धेरैजसो गैरसरकारी संस्थाले परनिर्भर बनाउनुका साथै भ्रष्टाचारलाई बढावा दिएका हुन्छन् ।

६. सञ्चार :
सञ्चारको विकासबाट नै युगको विकासको स्तर निर्धारण गरिएको हुन्छ । आज सञ्चारको विकासले गर्दा विश्व-समुदाय नै एक भएको देखिन्छ । वास्तवमा सञ्चारले धेरै विकास गरेको छ र भोलि भविष्यमा पनि विकासको क्रम जारी रहनेछ । तर सञ्चारको गलत प्रयोग भयो भने त्यसको नतिजा पनि नराम्रोसँग पर्छ भन्ने कुरा पनि भुल्नु हुँदैन । सञ्चारलाई सञ्चालन गर्ने र प्रयोग गर्ने समूह तथा समुदायको नैतिक जिम्मेवारीमा सञ्चार-माध्यमको गुण र दोषको मात्रा निर्भर गरेको हुन्छ । विकासोन्मुख मुलुकमा सञ्चालित सबै किसिमका सञ्चारका माध्यमहरू, जस्तै : पत्रिका, रेडियो, टेलिभिजन, इन्टरनेट सन्जाल र टेलिफोनहरू निःस्वार्थ रूपमा सञ्चालित भएका हुँदैनन् । उनीहरूको मूल स्वार्थ मुनाफा कमाउनु हो । त्यसरी मुनाफामुखी कार्य गर्दा नीति तथा सिद्धान्तको अनुसरण गरिँदैन । विदेशी वा स्वदेशी हस्तक्षेपमा पनि त्यस्ता सञ्चार-माध्यमहरू लपेटिने गर्छन् पैसाको चलखेलका आधारमा । त्यसैले सञ्चारक्षेत्रलाई कोरा आँखाले हेर्दा जति सेतो तथा सफा देखिन्छ, गहिरिएर हेर्दा त्यति नै कालो पनि देखिन्छ । कुनै पनि स्थिति, घटना, व्यक्ति वा समूहलाई उचाल्ने, थचार्ने, दबाउने, उक्साउने र अनर्गल प्रचार गर्ने-गराउने काम सञ्चार-माध्यमबाट नै हुन सक्छ । त्यस्ता कार्यहरू स्वार्थवश कुनै व्यक्ति, समूह, समुदाय वा राजनीतिक दल वा अन्तर्राष्ट्रिय नियोगबाट पनि प्रायोजित रूपमा गर्ने-गराउने कार्य हुन्छ । सञ्चारको आचारसंहिता पालना नगर्ने विकासोन्मुख मुलकहरूमा यस्तो कार्यले निरन्तरता पाएको हुन्छ । त्यसैले विकासोन्मुख मुलुकमा सञ्चालित सबैजसो सञ्चार-माध्यम भ्रष्टाचार बढाउने पृष्ठपोषकका रूपमा सञ्चालित भएका देखिन्छन् ।

७. राजनीतिक दलीय क्षेत्र :

विश्वका सबैजसो मुलुकहरूमा राजनीतिक दलको आफ्नै दलीय क्षेत्र विकसित भएको देखिन्छ । विकसित मुलुकमा दुई वा चार राजनीतिक दल राजनीतिक दलीय क्षेत्रमा क्रियाशील हुन्छन् भने विकासोन्मुख मुलुकमा दर्जनौं मात्र होइन, सयौं राजनीतिक दल खडा भएर राजनीतिक दलीय क्षेत्रमा क्रियाशील हुन खोजेका हुन्छन् । यसरी अधिकतम राजनीतिक दल क्रियाशील भएका मुलुकको राजनीतिक अवस्था पूर्ण रूपमा अस्थिर हुन्छ । राजनीतिक दलको सङ्ख्या जति बढी हुन्छ, अस्थिरताको अनुपात पनि त्यहीअनुरूप बढ्ने गरेको हुन्छ । राजनीतिक स्थिति अस्थिर हुँदा सत्तामा पुगेको राजनीतिक दलले राज्य सञ्चालन गर्ने मौका पाउनेबित्तिकै राज्यकोषलाई कमजोर बनाउँदै दलीय कोषमा धन जम्मा गर्न थाल्छ । यसरी सत्तासिनबाट राज्यकोषको लुट भएको देखेपछि बाहिर रहेका राजनीतिक दल विरोधमा उत्रन्छन् । राज्यसत्ताबाट भ्रष्ट राजनीतिक दललाई सत्ताच्युत गराई अर्को दल सत्तामा पुग्छ । त्यसले पनि त्यही रकम सङ्कलन गर्ने काम गर्छ र लामो समय टिक्न सक्तैन, सत्ताच्युत हुन पुग्छ । यसरी सत्तामा जाने अधिकार राजनीतिक दललाई मात्र भएको हुँदा दुई दलदेखि पचासौं दलसम्म पनि मिलीजुली सरकारको नाउँमा सत्तामा जान आतुर हुन्छन् र सानो खटपटले पनि मिलीजुली सरकार भङ्ग हुन पुग्छ । यसरी विकासोन्मुख मुलुकमा राजनीतिक दलले प्रयोगका रूपमा सत्तामा आउने-जाने गर्दा मुलुकको नीति-विधि निर्माण गर्ने निकाय राजनीतिक दलमुखी हुन पुग्छ । मुलुकमा तल्लो तहदेखि माथिल्लो तहसम्म हुने साना वा ठूला विकासकार्यमा अवरोध खडा हुन्छ । आन्तरिक र बाह्य व्यापारमा मन्दी आएर व्यापारक्षेत्र तहसनहस हुन्छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको हस्तक्षेपबाट मुलुकभित्र सञ्चालित गैरसरकारी संस्था प्रभावित हुन्छन्, साथै सञ्चारक्षेत्र मुलुकको नीति तथा आचारबाट च्युत भएर अर्काको मुखपत्रका रूपमा प्रस्तुत हुन पुग्छन् । जुन मुलुकका टाठाबाठाहरू राजनीतिक दलमा विभाजित भई सङ्ख्यात्मक रूपमा बढी राजनीतिक दल स्थापित गरेर मुलुक सञ्चालन गर्न खोज्छन्, तिनीहरू त्यस देशको राजनीति सञ्चालन गर्न सक्तैनन् । विकासोन्मुख मुलुकका टाठाबाठाले राजनीतिक दल स्थापित गर्ने हुँदा त्यस्ता दलहरू क्रियाशील भएको मुलुकमा राजनीतिक दलीय क्षेत्र प्रदूषित भएको हुन्छ । प्रदूषित राजनीतिक दलीय क्षेत्रले मुलुकमा भ्रष्टाचार बढाउने काम गर्छ ।

भ्रष्टाचारको पृष्ठपोषक तàवलाई कोष्ठमा विभाजित गरेर हेरौं ।




भ्रष्टाचारको पृष्ठपोषकका रूपमा माथि सात कोष्ठमा विभाजित भएर बसेका सात क्षेत्रको केन्द्रविन्दुका रूपमा राजनीतिक दलीय क्षेत्र रहेको छ । मूल विन्दुमा केन्द्रित राजनीतिक दलीय क्षेत्र नै भ्रष्टाचारको मूल आधारमा स्थित रहेको देखिन्छ ।

हामीसँग माथि कोष्ठमा विभाजित १, २, ३, ४, ५, ६ र ७ अङ्क छन् । चित्रमा केन्द्रित ७ अङ्कले प्रथम नै १ र २ लाई प्रभावित पारेको देखिन्छ । १ + २ = ३ अर्थात् ३ = ३ + ४ + ५ + ६ = १८ । ७ – ३ = ४ । १ देखि ७ सम्मको यो २८ हुन्छ । २८ लाई ७ ले भाग गर्दा ४ अङ्क नतिजा निस्कन्छ । २८ ÷ ७ = ४ । यो ४ अङ्कले व्यापारक्षेत्रलाई केन्द्र बनाउन खोजेको देखिन्छ । हुन पनि व्यापारको अर्थ लाभदायी हो । राजनीतिक दलीय क्षेत्र लाभहानिको सिद्धान्तमा चल्दा १ र २ को अवस्था सिर्जना हुँदो रहेछ भन्ने कुरा हामी बुझ्न सक्छौं ।

# भ्रष्टविरोधी शास्त्र अध्ययनको उपागम
# (Approach to the study of Anticorruptology)

भ्रष्टविरोधी शास्त्रको अध्ययनको उपागमको अध्ययनविधिलाई विभिन्न कोणबाट हेर्नुपर्ने हुन्छ । प्राज्ञिक इतिहासको पृष्ठभूमिमा भ्रष्टविरोधी शास्त्र नवीन अध्ययनको विषय हो । यो विषयको उपयोगिता र महaेवका बारेमा विशेष अध्ययनको सामग्री जुट्नु आवश्यक छ । विषयको उपागमले निश्चित विषयगत अध्ययनको ढोका खोलेको हुन्छ । त्यसमा पनि भ्रष्टविरोधी शास्त्र सत्यताको विज्ञानका रूपमा वर्तमान मानव-समाजमा प्रस्तुत हुन खोजेको हुँदा यसको अध्ययनको कोणलाई महaेव दिएर केलाउनुपर्ने र विश्लेषण गर्नुपर्ने आवश्यकता देखिएको छ । यस विषयलाई हामीले यतिखेर जसरी देखेका छौँ र विश्लेषण गरेका छौँ, पछि हुने अध्ययनले यसका बारेमा विशेष अध्ययन गरी समयानुकूल व्याख्या गर्ने नै छ । वर्तमानमा यसको अध्ययनको उपागमलाई दुई कालमा विभक्त गरेर हेर्नुपर्ने हुन्छ –

(क) परम्परावादी उपागम (Traditional Approach),

(ख) वर्तमानको उपागम (Present Approach) .

(क) परम्परावादी उपागम :

परम्परावादी उपागम भन्नाले भ्रष्टविरोधी क्षेत्रमा क्रियाशील रहेका मूल्य-मान्यता, आधार र मानव-विकाससँगसँगै चलिआएको संस्कृति र धर्मले निर्देश गरेको रीतिस्थितिलाई सम्झनुपर्छ । इतिहासलेखनको थालनीभन्दा अगाडिदेखि नै भ्रष्टविरोधी नीति-नियमको पालना भएको र त्यसको विकास हुँदै मानव-समाजमा स्थापित भएको पाइन्छ । त्यसरी लिखित वा अलिखित अवस्थामा पनि मानव-आचरणसँग सम्बन्धित यावत् गुण वा अवगुणको व्याख्या र निर्णय हुने व्यवस्थाले पनि यो भ्रष्टविरोधी क्षेत्र मानव-विकासको अभिन्न अङ्ग हुँदै आएको देखिन्छ । यस्तो परम्परागत उपागमलाई निम्नअनुसार विभाजन गरी हेर्न सकिन्छ –

१. ऐतिहासिक,
२. दार्शनिक,
३. धार्मिक तथा सांस्कृतिक,
४. व्यावहारिक तथा मनोवैज्ञानिक,
५. कानुनी ।

१. ऐतिहासिक :

इतिहास लिखित रूपमा प्रस्तुत भएका हुन्छन्, साथै अलिखित रूपमा पनि समाजमा प्रतिबिम्बित भएका हुन्छन् । इतिहासलाई पूर्वकार्यका विषय वा घटनालाई प्रमाणका रूपमा स्वीकार गरिएको हुन्छ । भ्रष्टविरोधी विषयलाई प्राचीन तथा अर्वाचीन समयदेखि नै मानव-समाज-विकासले अङ्गिकार गरेको थियो र वर्तमानसम्म पनि अङ्गिकार गरेको छ । सदाचार मानवीय गुण हो भने भ्रष्टाचार मानवीय अवगुण हो । इतिहासले मानव-विकासका क्रममा मानव-जीवनसँगै आएका गुण वा अवगुणलाई मूल्याङ्कन गरेको हुन्छ र त्यसलाई भविष्यका लागि मार्गदर्शकका रूपमा निर्देशित पनि गरेको हुन्छ । विश्वका पूर्वीय र पश्चिमी क्षेत्रमा विकसित भएको सभ्यता र व्यवहारलाई इतिहासले चिनारी गरेको छ । भ्रष्टता सदैव पराजित भएको देखिन्छ भने सदाचारले सबै दिन विजय हासिल गरेको देखिन्छ । तसर्थ भ्रष्टविरोधी विषयलाई मानवसृष्टिसँगसँगै मान्छेले अङ्गिकार गरेको देखिन्छ । इतिहासको कालखण्डमा भ्रष्टताको खुलेर विरोध भएको देखिन्छ । साथै सदाचारको खुलेर समर्थन भएको पाइन्छ । त्यसैले इतिहासले भ्रष्टविरोधी शास्त्र विकास हुनमा मद्दत गरेको छ ।

२. दार्शनिक :

ज्ञान र त्यसको अन्तर्निहित सिद्धान्तको व्याख्यालाई दर्शन भनिन्छ । कुनै पनि दर्शनले विचारको मूल सिद्धान्तको प्रकृतिलाई व्यवस्थित व्याख्या गरी सत्यको रहस्य उद्घाटन गर्छ । दर्शन भनेको सबै ज्ञानको मुहान हो । त्यसैले दर्शनलाई सत्यको विज्ञान भनिन्छ । भ्रष्टता मानव र मानव-समाजको कमजोर पक्ष हो । यो कमजोर पक्षलाई बढ्न दिनु हुँदैन भन्ने दृष्टिकोणले यसको विपक्षमा अनेक किसिमका विचारहरू समय-समयमा आए र त्यस्ता विचारले मानवगुणको सबल तथा सक्षम पक्षलाई स्थापित गर्दै गए । मानव-समाजको हित तथा विकासका लागि यस्ता दार्शनिक दृष्टिकोणले विशिष्ट स्थान ओगटेका छन् । यो भ्रष्टविरोधी शास्त्रको विकासका लागि पनि समय-समयमा दार्शनिक दृष्टिकोणले निर्देशन गरेका विचार तथा सिद्धान्तले यथेष्ट मार्गनिर्देश गरेको हामीले पाएका छौँ ।

३. धार्मिक तथा सांस्कृतिक :

धर्म भनेको जीवनलाई समुचित तरिकाले यापन गरिने जीवनपद्धति हो । धर्मले आफूभित्रको आत्मा र आफूभन्दा परको परमात्मा दुवैलाई आत्मसात गरेर धर्मलाई स्वीकार गरेको हुन्छ । विश्वमा मानव-जीवनसँगसँगै धर्म पनि जन्मिएको हो र मानव-जीवनको अभिन्न अङ्गका रूपमा सञ्चालित भएको छ । धर्मको परिभाषामा धार्मिक सम्प्रदायको उल्लेख भए पनि धार्मिक सम्प्रदाय नै धर्म होइन । धर्म त शाश्वत सत्य हो, जो मानव-जीवनसँग अलग हुनै सक्तैन । यही मानवधर्मलाई निरन्तरता दिने पद्धति नै संस्कृति हो । धर्म र संस्कृति अलग देखिए तापनि यी दुवै एकै तaवबाट सञ्चालित छन् । विश्वमानव-समुदायमा विभिन्न धर्म तथा संस्कृतिको प्रतिपादन भएको देखिन्छ । तर धर्म तथा संस्कृतिको लक्ष्य भनेको मानव-समुदायको जीवन-पद्धतिलाई सभ्य तथा सुसंस्कृत तुल्याउनु हो । त्यसैले धर्म तथा संस्कृतिले व्यक्ति, समुदाय तथा समाजलाई भ्रष्ट बनाउन सक्तैन । व्यक्ति, समुदाय तथा समाजमा भ्रष्टता बढ्न खोज्यो भने त्यसको नियन्त्रणको उपाय तुरुन्त खोजेर समाजमा स्वच्छ तथा विश्वासयुक्त समाजको सिर्जना गर्ने कोसिस गरिरहेको हुन्छ । भ्रष्टविरोधी पक्षमा सधैँ उभिनु धर्म तथा संस्कृतिको गुण हो ।

४. व्यावहारिक तथा मनोवैज्ञानिक :

मानवीय व्यवहार र मानवीय मनोविज्ञानलाई विधिशास्त्रीय दृष्टिकोणले अलग किसिमबाट हेरिए तापनि भ्रष्टविरोधी क्षेत्रका लागि यसलाई समावेश गरी हेर्नुपर्ने हुन्छ । व्यवहार मान्छेको प्रकृति हो, यस्तै संस्कार र संस्कृति पनि हो । मान्छेको व्यवहार सकारात्मक र नकारात्मक दुवै प्रवृत्तिबाट सञ्चालन भएका हुन्छन् । जुनसुकै प्रवृत्तिबाट व्यवहार सञ्चालन भए तापनि भ्रष्टतालाई भने अङ्गिकार गरेको पाइँदैन । किनभने व्यावहारिक प्रवृत्तिको भ्रष्ट मनोवेगसँग सम्बन्ध स्थापित भएको हुँदैन । साथै, मनोविज्ञानको शाश्वत प्रवृत्तिले पनि भ्रष्टतालाई साथ दिएको हुँदैन । तर यति हुँदाहुँदै पनि व्यक्ति तथा समुदायमा भ्रष्टताका पक्षमा क्रियाशील रहनुपर्दा व्यवहार र प्रवृत्तिमा परिवर्तन देखिएको हुन्छ । यी व्यवहार तथा प्रवृत्ति कृत्रिम हुन्छन् । त्यसैले मानवीय व्यवहार र मनोविज्ञानका दृष्टिले सधैँ भ्रष्टविरोधी क्रियाकलापमा सघाउ पुऱ्याइरहेका हुन्छन् ।

६. कानुनी :

नीति, सत्यता, व्यवहार अलिखित हुन्छन् भने त्यही नीतिलाई कार्यान्वयन गर्ने कानुन लिखित दस्तावेजका रूपमा स्थापित भएका हुन्छन् । विश्वका धेरै राष्ट्रहरूमा राज्यव्यवस्था सञ्चालन गर्ने नीति तथा व्यवहारलाई लिखित दस्तावेज तयार गरेर लागू गरिएको हुन्छ । ती लिखित दस्तावेजहरू नै कानुन हुन् । हजारौँ वर्षपहिलेदेखि नीति, सत्यता र व्यवहारलाई सुसज्जित तरिकाले लागू गर्ने लिखित दस्तावेज तयार भई कार्यान्वयन भएर आएका छन् । मानवीय सद्गुणका पक्षमा स्थापित भएको कानुनले भ्रष्टतालाई नियन्त्रित स्थितिमा राख्नुपर्ने अवस्था कायम गरेको हुन्छ । सामाजिक न्यायको मान्य सिद्धान्तलाई दस्तावेजका रूपमा कानुनले रक्षा गरेको हुन्छ, जो सत्यताको पक्षमा हुन्छ र असत्यताको विपक्षमा हुन्छ । त्यसैले भ्रष्टविरोधी सिद्धान्तलाई कानुनले रक्षा गर्दै आएको छ ।

(ख) वर्तमानको उपागम :

स्वच्छ समाजको विकासका लागि भ्रष्टता जटिल समस्याका रूपमा देखिन थालेपछि समाजका जिम्मेवार निकायले भ्रष्टताको विभिन्न तरिकाले विरोध गर्नुपर्ने र भ्रष्टविरोधी कार्यलाई समयसुहाउँदो रूपमा व्यवस्थित गर्नुपर्ने महसुस गऱ्यो । परम्परागत स्थितिलाई कायम गर्दै वर्तमान युगले माग गरेअनुसार भ्रष्टविरोधी उपागमको थप व्यवस्था गरी भ्रष्टाचारमुक्त समाजको रचना गर्न तत्परता देखायो । यस परिप्रेक्ष्यमा विभिन्न नीति तथा सिद्धान्त प्रयोगका रूपमा आएको देखियो । ती प्रयोगहरू विभिन्न मुलुकमा गरिए तापनि मुख्य निम्न उपागमले स्थितिलाई निर्देश गर्ने निर्णय गऱ्यो । ती हुन् –

१. संवैधानिक व्यवस्था,
२. असल शासनविधि,
३. समन्वयात्मक विधि,
४. अध्ययन तथा अध्यापन,
५. प्रयोगात्मक पद्धति ।

१. संवैधानिक व्यवस्था :

वर्तमान विश्वका सबैजसो मुलुकले राज्यव्यवस्था सञ्चालन गर्ने राजनीतिक पद्धतिलाई लोकतान्त्रिक आधारमा स्थापित गरेका छन् । लोकतन्त्रको सबैभन्दा महaवपूर्ण पक्ष हो शक्ति-पृथक्कीकरणको सिद्धान्त । शक्ति-पृथक्कीकरणको सिद्धान्तअनुसार कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका पूर्ण रूपमा स्वतन्त्र हुनुपर्छ । अर्थात् एकले अर्काको शक्तिमा हस्तक्षेप गर्न नमिल्ने व्यवस्था भएको हुनुपर्छ । यस्तो किसिमको व्यवस्थामा भ्रष्टाचारका विरुद्धमा क्रियाशील रहने निकाय पनि स्वतन्त्र र स्वायत्त हुनुपर्छ भन्ने सिद्धान्तका आधारमा त्यस्तो निकायलाई संविधानको अङ्गका रूपमा स्वीकार गरी संविधानमा नै त्यसको काम, कर्तव्य र अधिकार सुनिश्चित भएको हुनुपर्छ । तब मात्र भ्रष्टताविरुद्ध क्रियाशील हुनुपर्ने

निकाय सबल, सक्षम र प्रभावकारी हुन सक्छ । विश्वमा केही मुलुकहरूले यस सिद्धान्तलाई स्वीकार गरी भ्रष्टविरोधी निकायलाई मुलुकको संविधानमा व्यवस्था गरेका छन् भने केही मुलुकहरूले यसलाई कार्यपालिकाको दायित्वका रूपमा नै कायम राखेका छन् । राज्यव्यवस्थामा कार्यपालिका नै मुख्य सत्तासञ्चालक हुने हुँदा कार्यपालिका क्षेत्र नै भ्रष्टाचार मौलाउने केन्द्र बनेको हुन्छ । त्यसैले भ्रष्टतालाई कार्यपालिका क्षेत्रको जिम्मेवारी तथा दायित्वभित्र नराखी संविधानको अङ्गका रूपमा नै स्थापित गर्नुपर्ने हुन्छ ।

२. असल शासनविधि :

कुनै पनि मुलुकमा सञ्चालित शासन-व्यवस्था असल हुनुपर्छ । तर शासकले आफ्नो शासन-व्यवस्थालाई सबैभन्दा उत्कृष्ट शासन-व्यवस्था हो भनेर भनेका हुन्छन् भने शासनशक्तिबाट बाहिर बसेका सबै निकायले शासन-व्यवस्था खराब भयो भनेर आलोचना गरिरहेका हुन्छन् । यसै आधारमा शासनमा रहेका शासकहरू पदच्युत हुन्छन् र नयाँ शासकको जन्म हुन्छ । यसरी राजनीतिक अस्थिरता हुँदा भ्रष्टाचार बढ्ने कार्य जारी रहेको हुन्छ । असल शासनको अर्थ साँच्चिकै असल शासन हो । सत्तामा संलग्न भएका वा सत्ताबाहिर रहेका दुवैथरिले मुलुकमा चलेको शासन-व्यवस्थालाई असल शासन सञ्चालन भएको छ भन्ने महसुस गर्ने व्यवस्था नै असल शासन हो । वर्तमानको असल शासनविधिले राज्यव्यवस्थामा अपनाउनुपर्ने वा अपनाएको कानुनको शासन, पारदर्शिता, सार्वजनिक दायित्व, सूचनाको हक, भ्रष्टाचार नियन्त्रण गर्ने निकाय र कानुन तथा स्थानीय स्वायत्त शासन र विकेन्द्रीकरण जस्ता सिद्धान्त पालन भएको अवस्था नै असल शासनको व्यवस्था हो । यस्तो असल शासनको विधिले भ्रष्टविरोधी शास्त्रको सिद्धान्त लागू गर्न पूर्ण सहयोग गरेको हुन्छ । त्यस्तै, भ्रष्टविरोधी शास्त्रको सिद्धान्त, विधि तथा पद्धति लागेको मुलुकमा असल शासन सञ्चालन भएको हुन्छ । वर्तमानमा भ्रष्टविरोधी शास्त्र र असल शासनविधि एक-अर्काका पूरकका रूपमा देखिएका छन् ।

३. समन्वयात्मक विधि :

समन्वयात्मक विधिको अर्थ हो एकले अर्काको महaेव तथा अस्तित्वलाई स्वीकार गर्दै विषयमा मिलान गरी नयाँ शक्तिको प्रादुर्भाव गर्नु । जसरी संस्कृति जीवन-पद्धतिसँग जोडिएको हुन्छ, त्यसै गरी समन्वयात्मक विधिले पनि वर्तमानमा समाज सञ्चालनको जिम्मेवारी लिएका सबै निकायलाई जोडेर लान सक्छ । भ्रष्टविरोधी कार्यका लागि माथि उल्लिखित संविधान, असल शासन, प्रयोगात्मक पद्धति र अध्ययन तथा अध्यापनका अतिरिक्त अन्य धेरै विषयहरू छन् । ती सबै विषयलाई समन्वयात्मक तरिकाले भ्रष्टविरोधी कार्यमा संलग्न गराउन सक्नुमा नै समन्वयात्मक विधि सार्थक भएको मानिन्छ । यो समन्वयात्मक विधिले भ्रष्टविरोधी शास्त्रलाई ऊर्जा प्रदान गर्नेछ । यो विधिले प्रभावकारी रूपमा काम गर्न सकेको खण्डमा भ्रष्टविरोधी सबै किसिमका तaेवहरू सक्रिय रूपमा क्रियाशील हुँदै समन्वयात्मक विधिमा समाहित हुन पुग्छन् । यसरी नै यो समन्वयात्मक विधि सशक्त रूपमा क्रियाशील हुन पुग्छ ।

४. अध्ययन तथा अध्यापन :


अध्ययन तथा अध्यापन, यी दुई विपरीत शब्द हुन्, तर एकै धर्मका भएका हुनाले नतिजा एकै प्राप्त हुन्छ । अध्ययनको अर्थ ज्ञान हासिल गर्नु हो भने अध्यापनको अर्थ आर्जित ज्ञानलाई विकास गर्नु हो अर्थात् ज्ञानको भण्डार भर्नु हो । लिखित दस्तावेज तयार नभएको अवस्थामा पनि ज्ञानको विकास श्रुतिपरम्पराअनुसार हुने गरेको थियो । तर वर्तमान युगमा ज्ञान तथा विज्ञान लिखित दस्तावेजका रूपमा आएपछि प्राज्ञिक विकास भएको छ । कुनै पनि नवीन विषयमा ज्ञानको निरन्तर अध्ययनले त्यसले लिएको लक्ष्य हासिल हुन सक्छ । भ्रष्टविरोधी विषय सामाजिक समस्या भएको हुँदा सामाजिक समस्याका रूपमा देखापरेको यो विषयलाई अध्ययन तथा अध्यापनमा समावेश गरी बढीभन्दा बढी व्यक्तिहरूलाई अध्ययनमा सामेल गराउन सक्नुपर्नेछ । तलदेखि अध्ययनको कक्षा यस विषयमा आकर्षित गर्नुपर्ने हो, तापनि पाठ्यसामग्रीको अभावले तलको कक्षादेखि यो विषयलाई अध्ययन गराउन सकिँदैन । त्यसैले विश्वमा भएका सबै विश्वविद्यालयहरूले यस विषयमा स्नातकोत्तर तहमा कक्षा सञ्चालन गर्नुपर्ने हुन्छ । त्यस्तो कक्षा सञ्चालन गर्नुअगावै अर्धविज्ञ र विज्ञ जनशक्ति तयार गर्नुपर्ने भएकाले मानविकी विभागमा पर्ने सबै सङ्कायका स्नातकोत्तर स्तरका विद्यार्थीहरूलाई यस विषयमा शोधकार्य गराउने कार्यले अर्धविज्ञ जनशक्तिको उत्पादन गर्न सकिन्छ । त्यसै गरी त्यस्ता अर्धविज्ञ विद्यार्थीलाई विद्यावारिधि गर्न लगाई विज्ञ तथा दक्ष जनशक्तिको उत्पादन गर्न सकिन्छ । त्यस्ता विज्ञ जनशक्तिबाट प्राथमिक तहदेखि उच्चमाध्यमिक तहसम्म भ्रष्टविरोधी विषयमा पाठ्यसामग्री तयार गर्न लगाई तल्लो तहका विद्यार्थीलाई पनि भ्रष्टविरोधी विषयको ज्ञान दिलाउन सकिन्छ । यसरी अध्ययन तथा अध्यापनको कार्यक्षेत्र विस्तार गरी भ्रष्टविरोधी शास्त्रलाई सहयोग पुऱ्याउन सकिन्छ भने भ्रष्टविरोधी शास्त्रको अध्ययनबाट अध्ययन तथा अध्यापनको विश्वव्यापी रूपमा विकास गर्न सकिन्छ ।

५. प्रयोगात्मक पद्धति :

प्रयोगात्मक पद्धति भनेको प्राकृतिक विज्ञानमा मात्र अपनाउने पद्धति होइन । यो प्रयोगात्मक पद्धति सामाजिक विज्ञानसँग सम्बन्धित अन्य शास्त्रहरूमा पनि प्रयोग गर्न सकिन्छ । प्रयोगशालामा परीक्षण गरी वैज्ञानिक निष्कर्ष निकाल्ने पद्धति नै

प्रयोगात्मक उपागम हो । कुनै पनि समाजशास्त्रको प्रयोगशाला भनेको त्यसै मुलुकभित्र रहेको समाज हो । तर भ्रष्टविरोधी शास्त्रको प्रयोगशाला भनेको समाज मात्र नरहेर त्यो मुलुक सञ्चालन गर्ने कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका अतिरिक्त मुलुकको शासन-व्यवस्थासँग सम्बद्ध राजनीतिक दलका साथै शासन-व्यवस्थासँग जोडिएका सबै निकायहरू हुन्, जहाँ भ्रष्टविरोधी शास्त्रको विधिअनुसार निरीक्षण, परीक्षण र अनुगमन गरी भ्रष्टताको मापन गर्न सकिन्छ र निष्कर्षमा पुगी त्यसको परिणामलाई प्रमाणीकरण गर्न सकिन्छ । प्रयोगात्मक पद्धतिमा अपनाउनुपर्ने निरीक्षण, परीक्षण, अनुगमन र निर्णयविधिलाई भ्रष्टाचारको प्रकृति र आकारअनुसार निश्चित गर्नुपर्ने हुन्छ । यसरी प्रयोगात्मक विधि निश्चित भई लागू भएको अवस्थामा भ्रष्टताको पहिचान गरी भ्रष्टाचार बढ्ने प्रकृतिलाई रोक्न वा नियन्त्रण गर्न सकिन्छ ।

चित्राङ्कित स्थिति र प्रभाव :




माथि दिइएको चित्रलाई यसरी विभाजित गरी हेरौं । एक-अर्कासँग रेखा र दिसा कायम गरी पूर्ण रूपमा आकर्शित एवं प्रभावित भएको देखिन्छ ।

| <u>वर्तमान</u> | | <u>परम्परागत</u> |
|---|---|---|
| १. संविधान | = | १. ऐतिहासिक |
| २. असल शासनविधि | = | २. दार्शनिक |
| ३. समन्वयात्मक विधि | = | ३. धार्मिक तथा सांस्कृतिक |
| ४. अध्ययन तथा अध्यापन | = | ४. व्यावहारिक तथा मनोवैज्ञानिक |
| ५. प्रयोगात्मक पद्धति | = | ५. कानुन |

यसरी १ = ५, २ = ४, ३ = ३, ४ = २ र ५ = १, समानान्तर रूपमा स्थित भए पनि एकले अर्कालाई पूर्ण रूपमा प्रभावित गरेका छन् र समाहित भएका छन् । यो नै वैज्ञानिक तथ्य हो, प्रामाणिक सत्य हो । त्यसैले हिजो र आजको उपागममा त्यति तात्विक फरक देखिँदैन । केवल समयले विषयगत नाम दिए तापनि कार्यसिद्धान्तमा फरक देखिँदैन । यसबाट स्पष्ट हुन्छ कि परम्परागत उपागमको मार्गनिर्देशमा नै वर्तमानको उपागम निश्चित भएको देखिन्छ । वर्तमानकालको उपागमकै आधारमा पूर्वस्थिति निश्चित भई चलेको रहेछ र परम्परागत आधारमा वर्तमानको उपागम निश्चित भएको रहेछ ।

# समाजको बनोट र वर्गपरिवर्तन
# (Structure of society and change of social class)

विश्वका सबै देशहरूमा भिन्नाभिन्नै किसिम र तहबाट समाज सङ्गठित भएर रहेको हुन्छ । एक देशको समाजको बनोट अर्को देशसँग भिन्न देखिए तापनि मानव-समाजको वास्तविक बनोट लगभग उस्तै-उस्तै प्रकारको हुन्छ । विकसित देशको समाजको बनोट र विकासोन्मुख देशको समाजको बनोट पनि एकै किसिमको हुन्छ । कुनै पनि समाजको बनोट त्यस स्थानमा चलेको संस्कृतिले पनि केही भिन्न किसिमबाट स्थापित भएको हुन्छ । समाजको बनोटलाई प्रभावित गर्ने अर्को तaेव भूगोल र प्राकृतिक वातावरण पनि हो । समाजको बनोटको प्रकृति भिन्न देखिए पनि मानव-स्वभाव, प्रवृत्ति र व्यवहार समान हुने हुँदा समाजलाई वर्गीकरण गरेर हेर्नुपर्दा उस्तै-उस्तै पाइन्छ । जसरी हातका औँला समान लम्बाइ र मोटाइका हुँदैनन्, तर कुनै वस्तु समात्नुपर्‍यो वा कुनै काम गर्नुपर्‍यो भने एक-आपसमा पूर्ण रूपमा जुटेर काम गर्छन्, त्यस्तै मानव-समाजको वर्गको निर्माण पनि एक-आपसमा मिलेर चल्न सक्ने व्यवस्थाबाट लामो समयदेखि चलिआएको देखिन्छ । पछिसम्म पनि यस्तै वर्गीय व्यवस्था कायम हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ ।

विकसित देशहरू होउन् वा विकासोन्मुख देशहरू होउन्, सबै देशहरूको सामाजिक बनोट भने एकै किसिमको भएको पाइन्छ । यस्तो सङ्गठित समाजलाई वर्गीकरण गरेर हेर्नुपर्दा साधारणतया यसरी हेर्न सकिन्छ :
१. उच्च वर्ग,
२. मध्यम वर्ग,
३. निम्न वर्ग ।


मानव-समाजको सृष्टिसँगसँगै वर्गीकृत भएर रहेको यो सामाजिक बनोटलाई एकै वर्गमा रूपान्तरण गर्न सकिँदैन र हुँदैन ।

१. उच्च वर्ग :
उच्च वर्ग भन्नाले समाजमा प्राप्त सबै किसिमका सुविधा प्राप्त गर्न सक्ने शक्तिशाली समूहलाई मान्नुपर्छ । उच्च वर्गले नै समाजमा संस्कृति र धर्मको संरक्षण, आर्थिक विकास, सामाजिक विकास र समाज सञ्चालनका अन्य आवश्यक पूर्वाधारको विकास गर्ने गरेको हुन्छ । त्यसले समाजको सर्वपक्षीय विकासको अग्रणी भूमिका पनि निर्वाह गरेको हुन्छ ।

२. मध्यम वर्ग :
समाजको उन्नति र अवनतिका लागि महaेवपूर्ण भूमिकाको निर्वाह मध्यम वर्गले गरेको हुन्छ । यो वर्ग उच्च र निम्नको बीचमा रहेको हुनाले उच्च र निम्न वर्गलाई जोड्ने कडीका रूपमा रहेको हुन्छ । त्यसैले पनि यो वर्ग समाज विकासका लागि जिम्मेवार हुन्छ । यो वर्ग शिक्षित हुन्छ, जानकार हुन्छ, जिम्मेवार हुन्छ र चेतनशील पनि हुन्छ । यही वर्गका व्यक्तिहरू राम्रा वा नराम्रा कार्यमा लागेका हुन्छन् । छोटो अवधिमै सामाजिक व्यवस्थाको परिवर्तन गर्ने वा यथास्थितिमा सञ्चालन गर्ने-गराउने कार्यमा पनि यही वर्गको मुख्य हात हुन्छ । यो वर्गका सदस्यहरू विद्वान्, चिन्तक, समाजसुधारक, विकासप्रेमी र राष्ट्रवादी हुन्छन् । मुलुकको राजनीतिक कार्यमा पनि क्रियाशील हुन सक्ने यो वर्ग आफ्नो देशको समस्या समाधान गर्दै सत्ताको नजिक पनि पुग्ने गर्छन् । प्रायः यो वर्गको बसोवास सुविधायुक्त नगरमा नै केन्द्रित हुन्छ ।


३. निम्न वर्ग :
निम्न वर्ग भन्नाले समाजको तल्लो तहमा रहेको समुदायलाई जनाउँछ, जसले श्रमलाई जीवन चलाउने आधार बनाएको हुन्छ । यो वर्ग गरिब हुन्छ, अर्थात् आर्थिक रूपले कमजोर हुन्छ, तर पनि बाँचेको हुन्छ । कहिलेकाहीँ आफ्नो जीवनयापनका आवश्यक वस्तुहरू पनि पाउन वञ्चित भएको हुन्छ, तर पनि जसोतसो जीवनलाई चलाएकै हुन्छ । समाजको कमजोर समुदायमा रहेको यो वर्ग अशिक्षित, बेरोजगार, असक्षम र निमुखो हुन्छ । मजदुरी र कृषिकार्य गर्ने यो वर्गमा जीवनयापनका आधारभूत आवश्यकताको अभाव हुन्छ । त्यसैले यो वर्ग गरिब कहलिन्छ, तापनि समाजको अभिन्न अङ्गका रूपमा स्थापित भएको हुन्छ ।

प्राचीन समयदेखि नै मुख्य रूपमा समाज तीन वर्गमा विभाजित भएर रहेको छ । यसलाई चित्रमा हेरौँ :




माथि चित्रमा देखाइएको समाजको बनोट प्राचीन कालदेखि नै चलिआएको हो । यो स्वाभाविक समाजको बनोट हो । यो वर्गीय व्यवस्था हेरफेर हुन सक्तैन । भयो भने पनि लामो अवधि टिक्न सक्तैन । जसरी शरीर स्वसञ्चालित हुन टाउको, शरीर र हातखुट्टाको आवश्यकता पर्छ, त्यस्तै समाजरूपी शरीर सञ्चालन हुन पनि यी तीन अङ्ग आवश्यक पर्छन् । तर भ्रष्टाचारयुक्त समाजमा भने यी तीन वर्गबाट बढ्दै चार, पाँच र छ वर्गसम्म पनि वर्गीकरण हुन सक्छ । विकसित वा विकासोन्मुख दुवै किसिमका मुलुकहरूमा भ्रष्टाचार हुने हुँदा भ्रष्टाचार विकसित भएको अनुपातमा वर्ग बढ्ने कार्य निश्चित हुन्छ ।

भ्रष्टाचार बढ्न थालेपछि समाज बनोटको असाधारण अवस्थालाई ग्राफमा हेरौं :




माथिको ग्राफबाट जुन अनुपातमा समाजमा भ्रष्टाचार बढ्छ, त्यहीअनुसार वर्ग मात्र बढ्ने होइन, सामाजिक समस्या पनि त्यही अनुपातमा बढ्छ भन्ने कुरा प्रमाणित हुन्छ । समस्याको प्रतिशत जति बढ्दै जान्छ, त्यो समाजको विकासको गति पनि त्यही अनुपातमा रोकिने हुन्छ ।

समाजमा भ्रष्टाचार बढेपछि क्रमिक रूपमा भ्रष्ट समुदाय सङ्गठित हुँदै समाजमा अनावश्यक वर्गको विकास हुन्छ भन्ने कुरा हामीले माथि अध्ययन गरिसक्यौं । विकसित देशहरू तथा विकासोन्मुख देशहरूमा कुन प्रकारले सामाजिक बनोट परिवर्तन हुन्छ भन्नेतर्फ पनि विचार गर्नुपर्ने देखियो । जुन देशमा भ्रष्टाचार बढ्न थालेको हुन्छ, त्यो देशमा मध्यम वर्ग विभाजित देखिन थाल्छ । सामान्यतः मध्यम वर्ग दुई वर्गमा विभाजित हुन पुग्छन् –

१. उच्चमध्यम वर्ग,
२. निम्नमध्यम वर्ग ।

१. उच्चमध्यम वर्ग :

उच्चमध्यम वर्ग भन्नाले त्यो मध्यम वर्ग त हो नै, तर उच्च वर्गको हाराहारीमा उसले रहनसहन र स्तर बढाउँदै बढीभन्दा बढी सुविधा उपभोग गर्न थाल्छ । सरकारी उच्च पदाधिकारी, राजनीतिक नेता, व्यापारी, उद्योगी र भ्रष्टाचारजन्य कार्यलाई बढावा दिई समाजमा भ्रष्टाचारको प्रदूषण फैलाउने व्यक्ति वा समुदाय नै उच्चमध्यम वर्गमा स्तरोन्नति हुने गरेका हुन्छन् । अर्थात् भ्रष्ट पदाधिकारी तथा नेता, कर छल्ने व्यापारी तथा उद्योगी, विदेशीसँग सम्बन्ध

राखी सेवामुखी कार्य सञ्चालन गर्ने अधिकारकर्मी र सञ्चारसँग सम्बन्धित व्यक्तिहरू नै उच्चमध्यम वर्गमा परिवर्तित भएका हुन्छन् । यो वर्गको राज्यसत्तासँग निकटतम सम्बन्ध हुन्छ र राज्यसत्ता परिवर्तन गर्नमा यिनीहरूको प्रमुख हात रहन्छ ।


विश्वको परिप्रेक्ष्यमा समाजको बनोटलाई अध्ययन गर्दा यो उच्चमध्यम वर्ग स्थापित भएको धेरै समय भएको छैन । विकसित एवं विकासोन्मुख दुवै मुलुकमा यो उच्चमध्यम वर्गले वर्तमान समाजमा बलियो ढङ्गले प्रभाव जमाउन थालेको छ । यो वर्ग अस्वाभाविक रूपमा उत्पन्न भएको हुँदा यसको स्थिरता कायम भएको छैन र यसको प्राकृतिक स्वभाव पनि कायम हुन सकेको छैन । किनभने यो वर्ग उच्च वर्ग र मध्यम वर्गका बीचमा स्थापित हुन चाहेकाले यसको प्राकृतिक स्वभाव कायम हुन केही समय लाग्ने देखिन्छ । वर्तमानमा यो उच्चमध्यम वर्ग चलायमान् भएको हुँदा यसको स्थिरता कायम नभएसम्म यसको अस्तित्व यो समाजमा कसरी कायम हुन्छ, भन्न सकिने अवस्था छैन । जे होस्, यो वर्गले विकसित देशमा राम्रो गरेको देखिए तापनि विकासोन्मुख देशमा भने केही समस्या उत्पन्न गरेको छ । स्पष्ट भन्नुपर्दा थोरै राम्रो गरे तापनि धेरै प्रतिशतले समस्या उत्पन्न गरेको देखिन्छ । यो नवनिर्मित उच्च वर्गलाई नियन्त्रित रूपमा सञ्चालन गर्न र यसको आकार-प्रकारलाई निश्चित गर्न भ्रष्टविरोधी शास्त्रले प्रभावकारी कार्य गर्न सक्नेछ ।

२. निम्नमध्यम वर्ग :
निम्नमध्यम वर्ग भन्नाले यो पनि मध्यम वर्ग नै हो, जो प्राचीन समयदेखि समाजको बनोटमा मध्यविन्दुमा स्थित थियो । यो जिम्मेवार मध्यम वर्गलाई निम्नमध्यम वर्ग भनेर नामकरण गर्नुपर्नाको कारण के हो भने यसै वर्गबाट विभाजित भएर उच्चमध्यम वर्ग समाजमा देखिन थाल्ने हुँदा यसलाई निम्नमध्यम वर्ग भनी भन्नुपरेको हो । यो वर्ग स्वाभाविक रूपमा स्थापित वर्ग भएको हुँदा यो वर्गमा मानवीय सम्पूर्ण सद्गुणहरू विद्यमान भएका हुन्छन् । त्यसैले यो वर्ग समाज-विकासका लागि जिम्मेवार सावित भएको छ । यो वर्ग सक्षम, इमानदार, समाज र राष्ट्रहितका लागि क्रियाशील हुने हुँदा समाजमा यसको जिम्मेवारी कम हुने छैन ।

मध्यम वर्ग दुई वर्गमा विभाजित हुने कारक तaेव हो भ्रष्टाचार । सबै क्षेत्रमा भ्रष्टाचार हुन थालेपछि भ्रष्टाचारजन्य कार्यमा संलग्न व्यक्ति वा समूहको आर्थिक पक्ष बलियो भयो । आर्थिक सबलताका कारणले गर्दा ती व्यक्ति वा समूहको मानसिक पक्ष पनि बलियो हुँदै गयो, जसको फलस्वरूप महaेवाकाङ्क्षी समुदायको जन्म हुन पुग्यो । यो वर्गको अनुकरण गर्ने मध्यम वर्ग र निम्नमध्यम वर्गका सदस्यहरू पनि यो वर्गमा संलग्न हुँदै गएपछि समाजमा सत्यताभन्दा अवसरको खोजीमा व्यक्ति वा समुदायको आकर्षण बढ्दै गयो ।

वर्तमानको सामाजिक बनोटलाई भ्रष्टविरोधी शास्त्रीय दृष्टिकोणले हेरौं :


समाजको बनोट र भ्रष्ट वर्गको अन्तरसम्बन्ध




समाजको बनोटमा भ्रष्ट वर्गको अन्तरसम्बन्धलाई माथि देखाइएको छ । मध्यम वर्ग विभाजित भई उच्चमध्यम वर्ग कायम भएको छ । त्यो उच्चमध्यम वर्ग उच्च वर्गतर्फ आकर्षित हुँदैछ । त्यस्तै निम्नमध्यम वर्ग निम्न वर्ग अर्थात् गरिब

वर्गमा आकर्षित भइरहेको छ । भ्रष्ट वर्ग र भ्रष्टविरोधी शास्त्र विपरीत दिशामा रहेका छन् । दुवैले मध्यम वर्गलाई लक्षित गरी आ-आफ्नो प्रभावमा लिन खोजेका छन् । यी विपरीत दिशामा रहेका भ्रष्ट वर्ग र भ्रष्टविरोधी शास्त्रमध्ये कुन तàवले बढी प्रभावकारी कार्य गर्न सक्छ, समाजको अवस्था त्यहीअनुसार परिवर्तित हुने निश्चित छ । यस्तो अन्तरसम्बन्धले विकासोन्मुख मुलुकको समाजको बनोटलाई कस्तो प्रभाव पार्छ भन्नेतर्फ हेरौं :

वकासोन्मुख मुलुकमा समाजको बनोट





माथि देखाइएको चित्रमा भ्रष्ट वर्गले मध्यम वर्गलाई अतिक्रमण गरी मध्यम वर्गलाई विभाजित गर्न समर्थ भएको छ भने त्यसको प्रतिक्रियास्वरूप निम्न वर्ग (गरिब) बाट अभावग्रस्त हुँदै अतिनिम्न वर्ग अर्थात् अतिगरिब वर्गको उत्पत्ति भएको देखिन्छ । यो अतिगरिब भन्नाले जीवनयापनका लागि चाहिने अत्यावश्यक बास, गाँस र कपास बडो मुस्किलले जुटाउन सक्ने वर्ग हो । बास, गाँस र कपास भन्नाले घाम-पानी ओत्ने छानो, पेटभरि खान पाउने अन्न, शरीर ढाक्न सक्ने कपडा बुझाउँछ । अतिगरिब वर्गले जीवनयापनका अत्यावश्यक वस्तु पाउन सकेनन् भने विद्रोह सुरु हुन्छ र तिनीहरूले समाजलाई समस्याग्रस्त अवस्थामा पुर्‍याइदिन्छन् ।
वर्तमान युगमा पनि विकासोन्मुख मुलुकहरूको समाजको बनोटमा यो वर्ग थपिनु भनेको मानव मात्रका लागि अभिशाप हो । यस्तो अत्यन्तै निन्दनीय अवस्था भ्रष्टाचारजन्य कार्यले प्रादुर्भाव गर्छ । त्यसैले विकासोन्मुख मुलुकहरूमा भ्रष्टविरोधी शास्त्रको प्रभाव चाँडोभन्दा चाँडो पार्न सके मात्र अतिगरिब वर्ग उत्पन्न हुनमा रोक लाग्न सक्छ ।

यसरी भ्रष्टाचारले वर्ग उत्पन्न गर्ने क्रमसँगसँगै गुन्डा समूह अर्थात् माफिया पनि उत्पन्न गरेको छ । विकासोन्मुख मुलुकहरूका नगरक्षेत्र, देशको सीमाक्षेत्र र मुख्य नाकाहरूमा गुन्डा समूहको बोलवाला चलेको हुन्छ । गुन्डा समूह सक्रिय भएको क्षेत्रमा मुलुकको कानुन निस्तेज हुने गर्छ । यो माफिया प्रवृत्तिको बीजारोपण युरोपेली मुलुकहरूमा भएको हो । यसरी युरोपका विभिन्न मुलुकबाट हाल यो गुन्डा समूहको प्रवृत्ति सर्दै र बढ्दै विश्वका सबैजसो विकासोन्मुख मुलुकमा पुगी यसले आफ्नो प्रभाव जमाइसकेको छ । अर्थात् समाजको बनोटमा गुन्डा वर्ग पनि थपिएको छ । यो वर्गले अराजनीतिक नेताहरू जन्माउँछ भने त्यस्ता नेताहरूले यो वर्गको संरक्षण गरेका हुन्छन् ।

वर्तमानमा विकासोन्मुख मुलुकहरूमा पुरानो सामाजिक संरचना ध्वस्त भई नयाँ संरचना तयार हुन थालेको हुँदा विकासोन्मुख मुलुकले विभिन्न सामाजिक समस्याहरूसँग मुकाबिला गर्नुपरेको छ । यसरी समाजमा वर्ग विभाजन भई भिन्न अस्तित्वको वर्ग तयार हुनु समाजको सामाजिक गठबन्धन तथा विकासका लागि बाधक सावित हुन्छ । त्यसैले वर्ग परिवर्तन हुने र नयाँ वर्ग स्थापित हुने कार्यलाई रोक्न सक्नुपर्छ । वर्ग परिवर्तित भई नयाँ वर्ग स्थापना हुने समस्याको समाधान भ्रष्टविरोधी शास्त्रले लिएको नीतिले गर्न सक्छ भन्ने विश्वास गरिएको छ । अस्वाभाविक तरिकाले निर्माण भएको वर्गलाई स्वाभाविक बाटोबाट हटाउन सकिन्छ ।

मुलुकको भूगोल, भूराजनीतिक अवस्था, प्राकृतिक सम्पदा तथा राजनीतिक नेतृत्वको आडमा समाज वर्गीकृत भएर पनि सङ्गठित भएको हुन्छ । उच्च वर्ग २% देखि ५% र निम्न वर्ग ३५% भन्दा माथि पनि हुन सक्छ । तर अनुमान गरौं र उच्च वर्ग १५% र निम्न वर्ग १५% भएको सामाजिक बनोटलाई चित्रमा हेरौँ :




माथिको चित्रले देखाउँछ कि समाजको स्वाभाविक बनोटभित्र सन्तुलित समाज सङ्गठित भएर बसेको छ । १५% + ७०% + १५% = १००% । यस्तो सन्तुलित समाजभित्र उच्च वर्गको र निम्न वर्गको सङ्ख्या घटाउँदै आदर्श समाजको स्थापना गर्नु नै आजको प्रजातान्त्रिक युगको माग हो । यसरी बिस्तारै मध्यम वर्गको बाहुल्य रहेको समाज निर्माण गर्न सक्नुपर्छ । समाजको बनोट र गठबन्धनमा तल-माथि भयो भने समस्या उत्पन्न हुन्छ । चित्रमा समाजको स्वाभाविक बनोटबाट बाहिर गएर अतिरिक्त वर्ग निर्माण भएको देखिन्छ । चिकित्सा विज्ञान ९:भमष्अबि क्अष्भलअभ० मा यस्तो अस्वाभाविक निर्माण हुने पदार्थलाई ट्युमर ९तगmयच० भनिन्छ, जसलाई काटेर फ्याँक्ता शरीर स्वस्थ हुन्छ । यहाँ पनि विकासोन्मुख मुलुकमा समाजको स्वाभाविक बनोटको घेराको बाहिर अतिरिक्त वर्गको निर्माण भएको देखिन्छ । त्यस्तो वर्गलाई भ्रष्टविरोधी शास्त्रको नीति तथा सिद्धान्तका आडमा समाप्त गरी समाजको स्वाभाविक बनोटको रक्षा गर्न सकिन्छ । किनभने अतिनिम्न वर्ग र उच्चमध्यम वर्गले समाजमा द्वन्द्व, अन्याय, अत्याचार, दुराचार र भ्रष्टाचार जस्ता मानवीय शत्रुहरूको संरक्षण गर्छ । त्यसैले विकासोन्मुख मुलुकमा अस्वाभाविक रूपमा निर्माण हुने र भएको अतिरिक्त वर्गलाई उपचार गर्ने विधि भ्रष्टविरोधी शास्त्रमा विद्यमान छ ।

# २१. भ्रष्टाचारविरुद्ध शास्त्रको विकासक्रम
# (Development series of Anticorruption)

भ्रष्टाचारविरुद्ध शास्त्रको विकासक्रम भन्नाले यस शास्त्रको उत्पत्तिकालदेखि यसको लक्ष्य हासिल गर्ने गन्तव्यविन्दुसम्मको क्रमिक विकासलाई लिनुपर्छ । विकासको योजना तर्जुमा गर्दा यसको थालनीको आवश्यकतादेखि यो के-कस्तो अवस्थामा परिवर्तित हुँदै गयो भनेर हेरी यसको स्वाभाविक परिवर्तनलाई मनन गर्दै र क्रमशः यसको विकसित रूपलाई विश्लेषण र व्याख्या गर्दै यसको क्रमिक विकासलाई स्वीकार्नुपर्ने हुन्छ । कुनै पनि विषय वा योजनाको विकास अनायास हुन सक्तैन । विषय वा योजनाको विकास क्रमिक रूपमा हुने हुँदा यो भ्रष्टाचारविरुद्ध शास्त्रको विकास पनि क्रमिक रूपमा हुन्छ । यसको विकासक्रमलाई यसरी हेर्न सकिन्छ –

१. भ्रष्टविरोधी विषयमा प्राज्ञिक बहस,
२. उच्च तहका विद्यार्थीबाट शोधकार्य आरम्भ,
३. विषयगत पहिचान तथा विश्लेषण,
४. स्नातकोत्तर तहमा पठनपाठनको तयारी,
५. भ्रष्टविरोधी शास्त्रको चिनारी,
६. सबै तहका पाठ्यपुस्तकको तयारी,
७. विज्ञ जनशक्तिको निर्माण,
८. राज्यव्यवस्थाको क्षेत्रमा नीति तथा विधि निर्माण,
९. भ्रष्टाचार नियन्त्रित समाजको सिर्जना ।

१. भ्रष्टविरोधी विषयमा प्राज्ञिक बहस :
भ्रष्टाचार व्याप्त रहेको समाजमा भ्रष्टाचारजन्य सबै प्रकारका कार्यहरू देश, समाज र राष्ट्रको उन्नतिको बाधकका रूपमा खडा भएका हुन्छन् । सबै क्षेत्रको उन्नति रोकिएपछि, बाधा-व्यवधान देखिन थालेपछि, एक-अर्कामाथि अविश्वासको सिर्जना हुन थालेपछि, अवसरवादी प्रवृत्तिको जन्म भएपछि र गैरजिम्मेवार जमात खडा भएपछि समाजमा सामाजिक, आर्थिक र राजनीतिक सङ्कट पैदा हुन्छ । यस्तो अवस्थामा बौद्धिक क्षेत्र आन्दोलित हुन्छ र स्वजिम्मेवारी महसुस गर्छ । जब बौद्धिक जगत् चिन्तित हुन्छ र पीडाबोध गर्छ, तब उसले यस्तो अवस्थाबाट व्यक्ति, समाज र राष्ट्रलाई मुक्ति दिलाउने प्रयत्न सुरु गर्छ । यो प्रयत्न भनेको प्राज्ञिक चिन्तन हो, बहस हो र निर्णय हो । यसरी भ्रष्टाचारविरुद्धका विषयमा क्रियाशील हुन प्राज्ञिक बहस सुरु हुन्छ । यो नै प्रारम्भिक अवस्था हो । गन्तव्य निर्णय गर्ने प्रारम्भिक विन्दु पनि यही नै हो ।

२. उच्च तहका विद्यार्थीबाट शोधकार्य आरम्भ :
भ्रष्टाचारविरुद्ध विषयको प्राज्ञिक बहसले यस विषयलाई प्राज्ञिक विश्लेषण, शोध तथा अनुसन्धानको आवश्यकता महसुस गराउँछ । यसैअनुसार प्राज्ञिक शोधकार्य गर्दा स्नातकोत्तर तहका विद्यार्थीले गर्न पाउँदा यसको विषयको गम्भीर्यलाई पहिचान गरी सूक्ष्म रूपले शोधकार्य गर्न सक्ने अवस्था सिर्जना भएको हुन्छ । माध्यमिक तथा उच्चमाध्यमिक विद्यालयका विद्यार्थीबाट यस्तो गहन विषयमा शोधकार्य हुन सक्तैन । उच्च तहको अध्ययनमा मात्र भ्रष्टाचारविरुद्धको अध्ययन तथा शोधकार्य हुन सक्ने हुँदा स्नातकोत्तर तहका विद्यार्थीहरूबाट यसका विषयमा शोधकार्य गर्न-गराउन सक्नुपर्दछ । तसर्थ सामाजिक तथा मानविकी सङ्कायसँग सम्बन्धित विषयबाट यसका विषयमा शोधकार्य गर्न-गराउन सकिन्छ, जस्तै : राजनीतिशास्त्र, समाजशास्त्र, अर्थशास्त्र, व्यवस्थापन, जनप्रशासन, स्थानीय विकासशास्त्र, पत्रकारिता तथा कानुन आदि विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूबाट भ्रष्टाचारविरुद्धको विषयलाई मूल विषय बनाई शोधकार्य गर्नु-गराउनुपर्छ ।

३. विषयगत पहिचान तथा विश्लेषण :
शोधकार्यद्वारा विषयगत पहिचान र विश्लेषण गरी भ्रष्टविरोधी शास्त्रलाई अन्य विषयसँग मिलान गर्ने कार्य हुन्छ । जुन-जुन विषयले पूर्णता पाउन सकेका छैनन्, तत्-तत् विषयमा विषयगत पहिचान तथा विश्लेषण गरी पूर्णता दिने काम पनि यसले गरेको हुन्छ । विषयको ठीक-ठीक पहिचान र विषयको विश्लेषणले यसको विकासका लागि आवश्यक तa्वको बोध गराइदिन्छ ।

४. स्नातकोत्तर तहमा पठनपाठनको तयारी :
विषयगत पहिचान र अन्य शास्त्रसँगको यसको सम्बन्ध जुट्न सक्ने अवस्था सिर्जना भएपछि स्नातकोत्तर तहको पठनपाठनको तयारी गर्नुपर्ने हुन्छ । पाठ्यसामग्रीको अभाव भएको अवस्थामा विद्यालय स्तरको तल्लो तहदेखि नै

पठनपाठन गराउन सम्भव नहुने भए पनि माथिल्लो स्तरको कक्षा सञ्चालन गर्न सकिने वातावरण सबैजसो विश्वविद्यालयमा विद्यमान हुन्छ । किनभने विषयगत पहिचान भनेको नै सञ्चालनमा आएका अन्य विषयसँगको सम्बन्धन स्थापना हो । भ्रष्टता समाजमा उत्पत्ति हुने एक विकृति हो । त्यसैले यो सामाजिक समस्या हो । समाजको विकास र उत्थानसँग सम्बन्ध राख्ने सबै पठनपाठनको विषयसँग यसको निकटतम सम्बन्ध कायम भएको हुन्छ । यही सूत्रका आधारमा ती सम्बन्धित विषयहरूलाई यस विषयसँग जोड्दै विषय तयार गरी उच्च तहको कक्षा सञ्चालन गर्न सकिन्छ । अन्य पठनपाठनको विषय तल्लो तहबाट सुरु हुने भए पनि यो विषय भने माथिल्लो तहबाट सुरु गर्नुपर्ने हुन्छ । किनभने यो विषय नयाँ विषय भएर विश्वको प्राज्ञिक इतिहासमा उपस्थित हुन खोजेको छ ।

५. भ्रष्टविरोधी शास्त्रको चिनारी :

भ्रष्टाचार सामाजिक रोग हो । रोग भएका कारण यो रोग निदान हुन सक्छ । रोग निदान गर्न औषधिको आवश्यकता पर्छ । त्यो औषधि भनेको भ्रष्टाचार नियन्त्रण गर्ने नीति, विधि, पद्धति र सिद्धान्त हुन्, जुन नीति, विधि, पद्धति र सिद्धान्तका आधारमा अनुसन्धान, विश्लेषण र व्याख्या गर्दा सूत्रपात भएका तaवहरूको समूह नै भ्रष्टविरोधी शास्त्र हो । भ्रष्टविरोधी शास्त्र भन्नाले भ्रष्टाचारविरुद्धको विज्ञान हो भन्ने सम्झनुपर्छ । भ्रष्टाचारविरुद्धको विज्ञानको चिनारी नै भ्रष्टविरोधी शास्त्रले गर्नेछ । यो नयाँ विचार र दर्शनले विश्वका मानव-समाजमा फैलिएका भ्रष्टताको सन्जाललाई काटेर टुक्राटुक्रा पारिदिनेछ र भ्रष्टताको सन्जाललाई मेटाइदिनेछ । मानव-समाजमा रोगका रूपमा फैलिएको भ्रष्टतालाई बिस्तारै समाप्त गरी भ्रष्टाचार नियन्त्रित समाजको स्थापना गर्न भ्रष्टविरोधी शास्त्र सक्षम हुन सक्छ ।

६. सबै तहका पाठ्यपुस्तकको तयारी :

प्राथमिक विद्यालयदेखि माध्यमिक र उच्च तहको महाविद्यालयसम्मका लागि भ्रष्टविरोधी विषयको पठनपाठनका निम्ति पाठ्यपुस्तक तयार नभएसम्म विषयलाई विद्यार्थीमाझ चिनारी गराउन सकिन्न । जुन-जुन तहका विद्यार्थीका लागि जुन स्तरको विषयलेखनको आवश्यकता छ, त्यही-त्यही स्तरको पाठ्यपुस्तक तयार गर्नुपर्ने भएकाले विषयगत विज्ञद्वारा नै पाठ्यपुस्तक उत्पादन गर्नुपर्छ र समयानुसार परिमार्जित गर्दै जानुपर्छ । त्यसरी प्राथमिक तहका विद्यार्थीहरूले नै भ्रष्टविरोधी विषयको अध्ययन गर्ने अवसर प्राप्त गर्न सकेको अवस्थामा चाँडोभन्दा चाँडो भ्रष्टाचार नियन्त्रित समाजको सिर्जना हुन सक्छ । त्यसैले तल्लो तहका विद्यालयबाट नै भ्रष्टविरोधी विषयको पठनपाठन सुरु गर्न तदनुसारका पाठ्यपुस्तक तयार गर्नुपर्ने हुन्छ ।

७. विज्ञ जनशक्तिको निर्माण :

विज्ञ जनशक्ति भन्नाले भ्रष्टाचारका सबै किसिमका रूप, त्यसको स्वभाव र त्यसले पार्ने प्रभावका बारेमा राम्ररी विश्लेषण र व्याख्या गरी त्यसको निराकरणको उपायसमेत पहिल्याउन सक्ने क्षमतावान् जनशक्ति हो भन्ने बुझ्नुपर्छ । विज्ञ जनशक्तिको निर्माणबाट नै भ्रष्टविरोधी शास्त्रको विस्तार तथा विकास हुन सक्ने हुँदा प्राज्ञिक क्षेत्रबाट नै यसको थालनी गर्नुपर्छ । प्रारम्भिक अवस्थामा विश्वविद्यालय स्तरमा सुरु भएको पठनपाठनले अर्द्धविज्ञ जनशक्ति मात्र तयार हुने हुन्छ । तर भ्रष्टविरोधी शास्त्रको परिचयपछिको पठनपाठनले पूर्णता ग्रहण गर्न सक्ने भएकाले विज्ञ जनशक्ति निर्माण हुन सक्छ । यसरी भ्रष्टविरोधी शास्त्रका आधारमा विषयगत छनोट गरी अध्ययनको विधि तथा सिद्धान्त निर्माणका आधारमा विश्वविद्यालय स्तरमा स्नातकोत्तर तथा विद्यावारिधिसमेतको अध्ययन तथा अध्यापन सुरु गरी भ्रष्टविरोधी विज्ञ जनशक्तिको निर्माण गर्नुपर्ने हुन्छ ।

८. राज्यव्यवस्थाका क्षेत्रमा नीति तथा विधि निर्माण :

राज्यव्यवस्थाले भ्रष्टाचार नियन्त्रणका लागि नीति-नियम तथा विधि निर्माण गरेर समाजमा भ्रष्टाचार नियन्त्रित अवस्थाको सिर्जना गर्नुपर्छ । त्यस्तो नीति तथा विधि निर्माण गर्न राज्यव्यवस्थाले भ्रष्टाचार विषयको पूर्ण अध्ययन गरेर कुन-कुन क्षेत्रमा कुन-कुन प्रकारको भ्रष्टाचारसम्बन्धी अपराध हुन सक्छन्, तत्तत् क्षेत्र र विषयमा अपराध ठहर हुने किसिमको ऐन तथा कानुन निर्माण गरी भ्रष्टाचारजन्य कार्यमा स्पष्ट सम्बोधन गरेर त्यसलाई कारवाहीको दायराभित्र ल्याउन सक्नुपर्छ । राज्यव्यवस्थाले नीति तथा विधि निर्माण गर्दा भ्रष्टविरोधी शास्त्रले निर्देश गरेबमोजिम गर्नुपर्ने हुन्छ । यो युग कानुनको युग हो । कानुनले मात्र समाजलाई दिशाबोध गराउन सक्छ । त्यसैले भ्रष्टाचारका विरुद्धमा सशक्त नीति-नियम तथा विधिको निर्माण हुनुपर्नेछ । भ्रष्टाचारका विरुद्धमा राज्यव्यवस्थाले कानुन तर्जुमा गर्न सकेन भने त्यो राज्यव्यवस्था असफल सावित हुन्छ । त्यसैले राज्यव्यवस्थाका क्षेत्रमा भ्रष्टाचारविरुद्धको नीति तथा विधि निर्माण हुनुपर्नेछ ।


९. भ्रष्टाचार नियन्त्रित समाजको सिर्जना :

भ्रष्टाचार नियन्त्रित समाजको सिर्जना भन्नाले समाजमा पूर्णरूपेण भ्रष्टाचारजन्य कुनै पनि प्रकारको कार्य नहुने अवस्था हो । यो भ्रष्टाचार नियन्त्रित अवस्था भनेको भ्रष्टविरोधी शास्त्रको मूल लक्ष्य पनि हो । भ्रष्टविरोधी शास्त्रको प्रभावकारी सञ्चालन भए मात्र भ्रष्टता समाजबाट बहिर्गमन हुन्छ । भ्रष्टाचार नियन्त्रित समाजलाई भ्रष्टाचारमुक्त समाज पनि भनिन्छ । यो भ्रष्टाचार नियन्त्रित समाजको सिर्जना गर्न भ्रष्टविरोधी शास्त्र पूर्ण रूपमा क्रियाशील भएको हुनुपर्छ ।


यस्तो भ्रष्टाचार नियन्त्रित समाजको सिर्जनाले भ्रष्टाचारमा शून्य सहनशीलताको अवस्था सिर्जना गर्छ । त्यसैले, भ्रष्टाचार नियन्त्रित समाज भन्नु नै भ्रष्टाचारका विषयमा शून्य सहनशीलताको अवस्था हो ।

भ्रष्टाचारव्याप्त समाजको धरातलबाट उठेको विकासक्रमले नौ अवस्था पार गर्दै अन्त्यमा शून्य सहनशीलताको अवस्थामा पुगेको तलको चित्रबाट अध्ययन गर्न सकिन्छ । अङ्कगणितीय हिसाबमा पनि प्रयोग भएका छन् – १ देखि ९ र पछि ० को अवस्थामा पुगेर नै भ्रष्टाचारको शून्य सहनशीलतामा स्थिति परिवर्तन भएको देखिन्छ ।

भ्रष्टविरोधी शास्त्रको विकासक्रमलाई चित्रका माध्यमद्वारा यसरी हेर्न सकिन्छ –




यसलाई रेखागणितीय हिसाबले पनि हेर्न सकिन्छ । तल रेखात्मक चित्र प्रस्तुत छ –




माथि रेखात्मक चित्रमा होरिजेन्टल रेखा १ देखि ५ विन्दुमा बराबर रूपमा विभाजित छन् । त्यस्तै भर्टिकल रेखा पनि ५ को विन्दुबाट उठेर ९ सम्म बराबर विभाजित भएर बसेको छ । १ को विन्दुबाट उठेको भर्टिकल रेखा र ९ को विन्दुबाट उठेको होरिजेन्टल रेखाको मिलनविन्दु नै ० हो, जो ५ को विन्दुसँग स्पष्ट सम्बन्ध राख्छ । साथै, ५ लाई केन्द्र बनाई १ ले ९ सँग, २ ले ८ सँग, ३ ले ७ सँग र ४ ले ६ सँग स्पष्ट सम्बन्ध जुटाएका छन् । यसरी एक विन्दुको अर्को विन्दुसँग कोण तथा आयतनमा पनि बराबर रूपमा सम्बन्ध स्थापित गरेका छन् । अर्थात् १ को विन्दुले सुरु गरेको प्राज्ञिक बहसले ९ को विन्दुको भ्रष्टाचार नियन्त्रित समाजको निर्माण गर्न सक्छ, यदि उसले ५ को विन्दुमा रहेको भ्रष्टविरोधी शास्त्रका आधारमा खडा हुन सक्यो भने । यसबाट स्पष्ट हुन्छ कि भ्रष्टविरोधी शास्त्रको विकासको मूल केन्द्रविन्दु भनेको भ्रष्टविरोधी शास्त्रको चिनारी हो । यसको अन्तिम गन्तव्य भनेको भ्रष्टाचारमा शून्य सहनशीलताको अवस्था कायम गर्नु हो ।

यो सूत्रलाई अङ्कगणितीय दृष्टिले पनि हेरौँ ।

भ्रष्टविरोधी शास्त्रको विकासलाई हामीले १ देखि ९ अङ्कमा विभाजित गरी विस्तार गर्‍यौँ । त्यसैले यसलाई अङ्कगणितीय दृष्टिबाट पनि हेर्नु उपयुक्त नै हुन्छ । हामीसँग १, २, ३, ४, ५, ६, ७, ८ र ९ अङ्क छन् । यी अङ्कलाई गणितीय सूत्रका आधारमा विभाजित गरी हेरौँ ।

# नव-उपनिवेशवाद
# (Neo-Colonialism)

यो विश्वको भूभागमा राज्यव्यवस्था खडा भएदेखि नै उपनिवेशवाद स्थापित भएको देखिन्छ । एक राज्यले अर्को राज्यसँग राजनीतिक, आर्थिक, सामाजिक र सामरिक सन्तुलन मिलाउन शक्तिको आडमा गरिने सम्झौताले नै उपनिवेशवादलाई जन्म दिएको हो । एक शक्तिशाली देशले अर्को कमजोर शक्ति भएको देशलाई प्रभावमा पारेर त्यो कमजोर देशको प्राकृतिक स्रोतसाधन तथा श्रमसाधनमाथि समेत आधिपत्य जमाई शोषण गर्न थाल्यो । कमजोर शक्ति भएका राज्यहरूले शक्तिवान् राज्यहरूलाई प्रत्यक्ष कर तिर्नुपर्ने प्रथा पनि जारी रह्यो । प्राचीन कालदेखि चलेको यो व्यवस्था रूपान्तरित हुँदै कमजोर एवं नयाँ मुलुकहरूलाई प्रत्यक्ष राजकाज चलाउने व्यवस्था हुन थाल्यो । वर्तमानको संयुक्त राज्य अमेरिकादेखि साना-ठूला राज्यहरूमा प्रत्यक्ष शासन सञ्चालन गर्ने संयुक्त अधिराज्य बेलायतले आफ्नो राज्यलाई सूर्य अस्त नहुने स्थितिमा स्थापित गर्न समर्थ भयो । युरोपका फ्रान्स, जर्मनी, स्पेन र पोर्चुगल जस्ता देशहरूले दक्षिण अमेरिका, अफ्रिका र एसियाका गरिब मुलुकहरूमा अधिपत्य जमाएर उपनिवेशवादलाई लामो समयसम्म कायम गराएका थिए ।

ईस्वीको सत्रौँ शताब्दीदेखि आएको राजनीतिक जागरणका कारण त्यस्ता उपनिवेश राज्यहरू आर्थिक, सामाजिक र राजनीतिक रूपले बिस्तारै स्वतन्त्र बन्दै गए, तर पनि पूर्ण रूपले सबै राज्यहरू स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राज्य बन्न सकेका छैनन् । यसरी राजनीतिक हस्तक्षेपबाट ससाना राज्यहरू मुक्त भएको देखिए तापनि कुनै न कुनै किसिमबाट ती गरिब राष्ट्रहरू धनी एवं विकसित राष्ट्रको अधिनबाट छुट्न सकेका छैनन् । वर्तमान अवस्थामा राजनीतिक हस्तक्षेपमा उदार देखिए तापनि अधिनायकवादी प्रवृत्तिका कारणले विभिन्न तरिकाले नवउपनिवेशवादलाई स्थापित गर्न ती शक्तिशाली राष्ट्रहरू उद्यत देखिएका छन् ।

नवउपनिवेशको स्थापनाका लागि शक्तिशाली राष्ट्रहरूले विभिन्न तौरतरिका अपनाई आफ्नो प्रभुत्व कायम गर्न पछि हटेका छैनन् । जस्तै :

१. आर्थिक प्रलोभन,
२. सामाजिक आकर्षण,
३. सांस्कृतिक परिवर्तन,
४. राजनीतिक दबाब,
५. कूटनीतिक चाल ।

१. आर्थिक प्रलोभन :

विकासोन्मुख देशहरूमा आर्थिक प्रलोभनको नीति स्थापित गर्ने कार्यअन्तर्गत विकसित राष्ट्रले ऋण दिने-दिलाउने, सोझै आर्थिक सहयोग अनुदानस्वरूप दिने र दिएको ऋणलाई माफी गर्ने-गराउने कार्य गरेर गरिब देशहरूलाई आर्थिक तथा मानसिक रूपमा कमजोर बनाउँदै लैजाने कार्य गरेका हुन्छन् । यसरी आर्थिक सहयोगको नाउँमा विश्व बैङ्क र अन्य अन्तर्राष्ट्रिय बैङ्कद्वारा पनि ऋण तथा अनुदानको कार्ययोजनामा फसाउने कार्य हुन्छ । त्यसका अतिरिक्त कुनै राजनीतिक दलसँग सम्बद्ध निकाय वा सहयोग नियोगका क्षेत्रबाट पनि गरिब राष्ट्रलाई आर्थिक प्रलोभनमा पारी आफूमूखी बनाउने काम भएको हुन्छ । यस नीतिअन्तर्गत निम्न तरिकालाई अवलम्बन गरिएको हुन्छ –

(क) राष्ट्रले नै कुनै निश्चित योजनाका लागि प्रत्यक्ष अनुदान दिने कार्य ।
(ख) निश्चित उद्देश्यप्राप्तिका लागि अन्य गैरसरकारी निकायबाट सहयोग उपलब्ध गराउने कार्य ।
(ग) वित्तीय संस्थाबाट निश्चित कार्य सम्पन्न गर्नका लागि गराइने सहयोग ।
(घ) ज्यादै कमजोर एवं अस्थिर राजनीति भएको राष्ट्रमा त्यहाँका बुद्धिजीवीलाई बढीभन्दा बढी आर्थिक सहयोग उपलब्ध गराएर तिनको बोलीलाई आफूमुखी बनाउने कार्य ।
(ङ) राजनीतिक नेताहरूलाई व्यक्तिगत आर्थिक सहयोग उपलब्ध गराउने कार्य ।

यसरी आर्थिक सहयोग उपलब्ध गराई गरिब देशका सबै किसिमको शक्ति क्षीण बनाउने योजना विकसित राष्ट्रहरूको रहेको हुन्छ ।

२. सामाजिक आकर्षण :

विकसित देशहरूले गरिब एवं विकासोन्मुख देशहरूमा भएका सामाजिक मूल्य-मान्यतालाई परिवर्तित गर्न अनेक किसिमका कार्ययोजना सञ्चालन गरेका हुन्छन् । ती गरिब देशका नागरिकहरूका रहनसहन, सामाजिक विधि-व्यवहार तथा सामाजिक विचारसमेत आफ्नो अनुकूल होस् भन्नका लागि देखावटी रूपमा विभिन्न किसिमका समाजको हित हुने

किसिमका कार्ययोजना सञ्चालन गरेका हुन्छन् । छुवाछुत तथा जातीय र लैङ्गिक विभेदलाई लक्षित गर्दै उपनिवेशवादी मुलुकहरू उग्र नाराका साथ ती गरिब देशका जनतासामु प्रस्तुत भएका हुन्छन् ।

कुनै पनि समाजको बनोट र विकास त्यस समाजको परम्परागत रीतिस्थिति तथा स्थापित विधिविधानले सञ्चालन गरेको हुन्छ । त्यस्तो समाजसञ्चालित क्रियालाई त्यही समाजका सीमित एवं विकसित रीतिस्थितिले निर्देशित गरेका हुन्छन् । त्यसैले कुनै पनि समाजको सामाजिक बनोटलाई परिवर्तन गर्न खोज्दा विकृत समाजको स्थापना हुन पुग्छ । स्थापित पद्धतिलाई छाड्ने र नवागन्तुक स्थितिलाई पूर्ण रूपले स्वीकार गर्न नसक्ने अवस्थामा रहँदा समाज अन्तरिम अवस्थामा रहन्छ, जसले समाजमा चलेको र चलिआएको प्राकृतिक अवस्थालाई ध्वस्त बनाउन सक्छ । त्यस्तो अन्तरिम अवस्थाको समाजमा रहने मान्छेहरूको मनस्थिति विकृत हुन पुग्छ । उपनिवेशवादी मुलुकहरू यसरी नै विकासोन्मुख मुलुकको सामाजिक अवस्था बिगार्न उद्यत रहेका हुन्छन् ।

३. सांस्कृतिक परिवर्तन :

विकासोन्मुख वा गरिब देशमा चलेको संस्कृतिलाई परिवर्तन गरी परम्परागत रूपमा चलिआएको संस्कृति समाप्त गर्न सकियो भने त्यो गरिब देशको समाज आधारहीन अवस्थामा उभिन पुग्छ भन्ने मान्यताका साथ शक्तिसम्पन्न एवं धनी राष्ट्रहरू गरिब देशको संस्कृतिलाई समाप्त गर्न क्रियाशील हुन्छन् । यस्तो संस्कृति परिवर्तन गर्ने क्रममा जातीय धर्म, रीतिस्थिति र परम्परागत रूपमा चलिआएका सामाजिक व्यवहारलाई नै मास्ने किसिमको कार्ययोजना बनाएर धनी राष्ट्रहरूले कार्यक्रम विस्तार गरेका हुन्छन् । यसअन्तर्गत यसरी क्रियाशील रहेका हुन्छन् –

(क) आफ्नो देशमा चलेको धर्म ती गरिब देशमा पनि लागू हुन सकोस् भन्ने योजनाअन्तर्गत धर्मप्रचारका संयन्त्रहरू बढीभन्दा बढी परिचालन गरेर विशेष प्रभाव पार्ने कोसिस भएका हुन्छन् ।
(ख) शक्तिराष्ट्रहरूले बोल्ने भाषालाई गरिब राष्ट्रमा जबर्जस्ती लाद्ने काम भएको हुन्छ ।
(ग) कपडा तथा पोसाकको प्रयोगमा पनि आफ्नो अनुकूल पहिरन होस् भन्ने उद्देश्यका साथ पोसाकको प्रचार गर्ने काम पनि सम्पन्न राष्ट्रले नीतिकै रूपमा लागू गर्न प्रयत्नरत रहन्छन् ।
(घ) गरिब राष्ट्रले चलाइआएका चाडबाड, जात्रा, भोजभतेर तथा सामाजिक सद्भावलाई परिवर्तित गरी आफ्नो समाजअनुकूल चलाउनका लागि धनी राष्ट्र सदैव क्रियाशील भइराखेका हुन्छन् ।

४. राजनीतिक दबाब :

विकसित मुलुकहरूले राम्रा वा नराम्रा तथा सफल वा असफल जस्तासुकै राजनीतिक पद्धतिहरूको सञ्चालन गरे तापनि त्यस्तो राजनीतिक पद्धति विकासोन्मुख मुलुकमा लागू होस् भनेर दबाब दिइरहेका हुन्छन् । त्यस्ता शक्तिसम्पन्न राष्ट्रहरूले गरिब राष्ट्रका राजनीतिक महाaेवाकाङ्क्षी व्यक्ति वा समुदायमा घुसपैठ गरी आफ्नो अनुकूलको राजनीतिक व्यवस्था लागू गर्न क्रियाशील गराइरहेका हुन्छन् । प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र वा जनतन्त्र जस्ता नाराका आधारमा जस्तोसुकै राजनीतिक पद्धति पनि लागू गर्न सकिन्छ । गरिब देशहरूमा मानवहितविरोधी राजनीतिक पद्धति पनि लागू भएका छन्, तर ती राजनीतिक पद्धति भने लामो समयसम्म टिक्न वा लागू हुन सकेका छैनन् ।

दलीय व्यवस्थाको जननी युरोप हो । सबै किसिमका राजनीतिक वादहरू युरोपमा जन्मिएका हुन्, तर लागू हुँदा गरिब देशमा प्रयोगका रूपमा लागू हुँदै सफल वा असफल भएपछि समस्याका रूपमा युरोप फर्केका छन् । यस्तो प्रक्रियाले युरोपका मुलुकहरूलाई पनि कमजोर र अस्थिर राजनीतिक व्यवस्थाको विस्तारमा सहयोग गरिरहेको छ, जो तिनीहरूका लागि पनि हानिकारक हुन सक्छ । विकसित मुलुकहरूमा लागू भएका राजनीतिक पद्धतिहरूले ती देशको उत्थान गरे कि गरेनन् भन्ने कुरा छुट्टै अध्ययनको विषय छ । किनभने आर्थिक विकास मात्रलाई समग्र विकास मान्न सकिन्न । समाज-विकासका लागि आर्थिक विकास एक पक्ष मात्र हो । त्यसका अतिरिक्त सामाजिक, सांस्कृतिक र नैतिक विकाससँगसँगै चेतनाको विकासले पनि महaेव राखेको हुन्छ । यो चेतनाको विकास भ्रष्टविरोधी शास्त्रको सिद्धान्तको प्रतिपादनले मात्र गर्न सक्छ । राजनीतिक दबाबका विभिन्न स्वरूपहरूमध्ये मुख्य यी हुन् –

(क) राजनीतिक सिद्धान्त अक्षरशः लागू,
(ख) अस्थिर राजनीतिक व्यवस्था कायम गर्न घुसपैठ,
(ग) स्वार्थका लागि छिमेकी देशसँग असैद्धान्तिक सम्बन्ध,
(घ) आर्थिक विकासका लागि अनुदान,
(ङ) सामाजिक तथा सांस्कृतिक हस्तक्षेप ।

(क) राजनीतिक सिद्धान्त अक्षरशः लागू :

धनी देशहरूले गरिब देशमा राजनीतिक दबाब दिँदै कुनै राजनीतिक सिद्धान्तको आडमा सञ्चालन हुने राजनीतिक पद्धति अक्षरशः लागू गर्नुपर्ने दबाब दिएर उनीहरूले चाहेको राजनीतिक व्यवस्था लागू गराएका हुन्छन् । बहुसङ्ख्यक निरक्षर

भएको मुलुकमा पनि सचेत नागरिकले मात्र उपभोग गर्न सक्ने राजनीतिक पद्धति लगाएर गरिब मुलुकमाथि तिनीहरूले हैकम जमाएका हुन्छन् ।

(ख) अस्थिर राजनीतिक व्यवस्था कायम गर्न घुसपैठ :
गरिब देशमा अस्थिर राजनीतिक अवस्था कायम नै रहोस् भनेर अनेक किसिमका घुसपैठका कार्ययोजनाहरू लागू गराइरहेका हुन्छन् धनी देशहरूले । राजनीतिक दलका नेताहरूलाई आफ्नो प्रभावमा पारेर होस् वा दल सञ्चालन गर्न आर्थिक र राजनीतिक सहयोग उपलब्ध गराएर होस्, गरिब देशमा राजनीतिक अस्थिरता कायम रहोस् भन्ने धनी देशको नीति नै रहेको हुन्छ । राजनीतिक नेताहरूमा उनीहरूको पहुँच पुगेन भने गरिब देशका स्थानीय बुद्धिजीवीहरूलाई आर्थिक सहयोग गरी आफूमुखी बनाएर राख्छन् । त्यति मात्र होइन, गरिब देशका सञ्चार-माध्यमहरूलाई समेत आर्थिक अनुदान दिई नियोजित किसिमबाट समाचार सम्प्रेषण गराई गरिब देशका राष्ट्रवादी मानिसहरूको मनोबल घटाउनेसम्मका काम गरेका हुन्छन् ।

(ग) स्वार्थका लागि छिमेकी देशसँग असैद्धान्तिक सम्बन्ध :
छिमेकी वा क्षेत्रीय देशहरूमा आफ्नो प्रभाव कायम राख्न सैद्धान्तिक रूपमा मतभिन्नता भए पनि स्वार्थको परिपूर्तिका लागि धनी देशले असामान्य तथा असैद्धान्तिक सम्बन्ध कायम गरेका हुन्छन् । धनी देशहरू गरिब देशलाई आफ्नो अधिनमा चलाउन आफ्नो राजनीतिक सिद्धान्तलाई पन्छाएर पनि गरिब देशमा आफ्नो हैकम जमाउन क्रियाशील रहेका हुन्छन् ।

(घ) आर्थिक विकासका लागि अनुदान :
गरिब देशमा आर्थिक विकासका लागि अनेक किसिमका अनुदान दिने योजना धनी देशको हुन्छ । धनी देशले विकासका लागि अनुदान वा ऋण दिँदा ससर्त दिने गरेको हुन्छ, जसका कारण गरिब देश अनुगृहीत भएको हुन्छ । यस्तो स्थितिमा धनी देशले गरिब देशका सबै प्रकारका प्राकृतिक सम्पदाहरूलाई प्रयोग गर्ने नीति निर्माण गर्दै गरिब देशलाई शोषण गर्दै निर्धनको स्तरमा परिवर्तन गरिदिन्छ ।

(ङ) सामाजिक तथा सांस्कृतिक हस्तक्षेप :
गरिब देशको लाममा उभिएको देशको जस्तोसुकै राम्रो एवं प्रभावकारी रूपको सामाजिक तथा सांस्कृतिक स्थिति रहे पनि धनी देशको हस्तक्षेपमा परेपछि तिनका सम्पूर्ण सबल पक्ष बिस्तारै कमजोर हुँदै जान्छन् । विश्वको पूर्वीय दर्शनद्वारा सिर्जित मानव-सभ्यता, संस्कृति र धर्मलाई सम्पन्न कहलिएका पश्चिमा देशहरूले बिस्तारै समाप्त गर्ने योजना रचना गर्न थालेका छन् । त्यसरी धनी देशका क्रियाकलापहरूले गरिब देशहरूलाई कमजोर एवं शिथिल बनाउन सक्छन् ।

५. कूटनीतिक चाल :
यो विश्वको भूभागमा राज्यको अस्तित्व स्थापित भएदेखि नै कूटनीतिक व्यवस्था सुरु भएको हो । कूटनीति भन्नाले भित्री अभिप्राय जेसुकै भए तापनि बाहिर देखिने व्यवहार मर्यादित एवं शिष्ट हुने भन्ने बुझिन्छ । राज्यव्यवस्था सफल बनाउनका लागि सार्थक कूटनीतिक व्यवहार अवलम्बन गर्नुपर्छ । प्राचीन कालदेखि नै चल्दै आएको यो कूटनीतिक चाल वर्तमानसम्म पनि त्यसैअनुरूप चलिरहेको छ। कूटनीतिक चालका दुई पक्ष छन्। ती हुन् –
(क) परोक्ष कूटनीतिक प्रतिनिधिहरू,
(ख) अपरोक्ष कूटनीतिक दस्ताहरू ।

(क) प्रत्यक्ष कूटनीतिक प्रतिनिधिहरू :
प्रत्यक्ष कूटनीतिक प्रतिनिधिमा राजदूतलगायत श्रम, सैनिक र प्राविधिक सहचारी आदि पर्दछन्, जो खुला रूपमा सम्बन्धित देशको प्रत्यक्ष प्रतिनिधित्व गर्छन् । कुनै पनि राजनीतिक, आर्थिक, सामाजिक, सामरिक एवं प्राविधिक आदि समस्या परेमा खटिएर आएका पदाधिकारीले सुल्झाउने कोसिस गर्छन् । एक देशको अर्को देशसँगको कूटनीतिक सम्बन्ध ती प्रत्यक्ष रूपमा खटिइआएका पदाधिकारीको जिम्मामा रहेको कुरा स्पष्ट देख्न सकिन्छ । तिनीहरूले गरेका क्रियाकलापहरूमा कुनै शङ्काको ठाउँ उपस्थित भएमा ती पदाधिकारीलाई सम्बन्धित देशले निकालाको घोषणा पनि गर्न सक्छ । अर्थात् प्रत्यक्ष रूपमा देखिएका कूटनीतिक नियोगका पदाधिकारी तथा कर्मचारी स्वच्छ एवं इमानदार हुन सक्तैनन् भन्ने यो प्रमाण पनि हो ।

(ख) अपरोक्ष कूटनीतिक दस्ताहरू :
धनी मुलुकले अपरोक्ष कूटनीतिक दस्ता खडा गरेका हुन्छन् । ती अघोषित कूटनीतिज्ञहरू अर्को देशमा लुकेर-छिपेर बसेका हुन्छन् । ती नचिनिने अवस्थाका क्रियाशील कूटनीतिज्ञहरू विभिन्न तहमा विभाजित भएर रहेका हुन्छन् । धनी देशका

केन्द्रीय अनुसन्धानका प्रतिनिधिहरूदेखि सैनिक, प्रहरी र गुप्तचर विभागका मान्छेहरू यस कार्यमा क्रियाशील र संलग्न हुन्छन् । त्यस्तो अपरोक्ष कूटनीतिको कार्यमा संलग्न मान्छेहरू व्यापारी, धर्मगुरु, समाजसेवी वा साधारण व्यक्तिका रूपमा क्रियाशील भएर रहेका हुन्छन् । यस्तो अपरोक्ष कूटनीतिज्ञको सङ्गठन गरिब राष्ट्रलाई थाहा हुँदैन । सबै किसिमका योजना बनाउनुपर्दा धनी देशले अपरोक्ष रूपमा क्रियाशील निकायको प्रतिवेदनलाई महaेव दिएका हुन्छन् । यसबाट प्रत्यक्ष कूटनीतिक नियोगभन्दा अप्रत्यक्ष कूटनीतिक नियोग बलवान् रहेको स्पष्ट हुन्छ ।

उल्लिखित तथ्य र विवरणका आधारमा उपनिवेशवादी राष्ट्रहरूले गरिब देशमा नवउपनिवेशनीति स्थापित गरेका हुन्छन् । साम, दान, दण्ड र भेद, यी चारै नीतिहरूलाई अवलम्बन गर्दै र गराउँदै उपनिवेशवादीहरू क्रियाशील रहेका हुन्छन् । उपनिवेशको अर्थ नै दबाब र शोषण हो । आर्थिक, राजनीतिक र सांस्कृतिक शोषणले गरिब मुलकका जनता सताइएका हुन्छन् । त्यस्ता पीडित देशका केही बाठा मान्छेहरू भने त्यसबाट फाइदा बटुलिरहेका हुन्छन् । भ्रष्टविरोधी शास्त्रको नीति, विधि र पद्धतिलाई प्रभावकारी रूपमा लागू गराउन सकियो भने युगौँदेखि चलिआएको यस्तो उपनिवेशवादका अतिरिक्त वर्तमानको नवउपनिवेशवादलाई पनि अन्त्य गर्न सकिनेछ ।

# गरिबी
# (Poverty)


गरिबी त्यस्तो अवस्था हो, जसलाई मानवीय जीवन-यापनको अवस्थाले निश्चित गरेको हुन्छ । व्यक्तिको न्यूनतम आवश्यकताको परिपूर्तिको आधार, उसले गर्ने उपभोग र उसको आम्दानीको स्तरबाट उसको आर्थिक अवस्थाको मापन हुन्छ । गरिबी सङ्गठित समाजको घेराभित्र रहेर पनि जीवनका लागि आवश्यक न्यूनतम आधारभूत आवश्यकताहरू पूरा गर्न नसक्ने स्पष्ट अलग देखिने एक समुदाय हो । त्यस्तो समुदायको बहुआयामिक समस्या नै गरिबी हो । गरिबीको प्रकृति, स्वरूप, चक्रीय अवस्था र दूरी बदलिँदो परिवेशअनुसार फरक-फरक हुन्छन् । त्यसमा पनि देश, काल र परिस्थितिले तिनको अवस्था, प्रकृति र स्वभावमा अलग-अलग स्तर कायम गरेका हुन्छन् । गरिबीले गरिबीलाई जन्म दिन्छ, साथै अपराधका अनेक प्रवृत्तिलाई पनि स्वीकार गर्दै जान्छ ।

गरिबीको किसिमलाई हेर्नुअघि गरिबीको रेखालाई हेरौँ । गरिबीको रेखाले नै गरिबीका बारेमा अध्ययन तथा विश्लेषण गर्न सकिन्छ ।

गरिबीको रेखालाई हेरौँ ।

गरिबीको रेखा **(Poverty Line)**

गरिबीको रेखा तथा अवस्था




कुनै व्यक्ति तथा समुदायको आम्दानी वा उपभोगको स्तर न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न आवश्यक आम्दानीभन्दा तल छ भने ती व्यक्ति वा समुदायलाई गरिब भनिन्छ । त्यही न्यूनतम आयको रेखालाई गरिबीको रेखा भनिन्छ । गरिबीको रेखा छुट्याउने आधारहरू, समय र प्रकृति अनि देशको परिस्थितिअनुसार फरक-फरक हुन्छन् ।

गरिबीका किसिमहरू :
गरिबी भन्नेबित्तिकै त्यो व्यक्ति वा समुदायको स्तर कायम हुन सक्तैन । गरिबीका पनि किसिम हुन्छन् । तिनका स्तर र किसिमहरूलाई निम्नलिखित रूपमा हेर्न सकिन्छ –
१. सापेक्ष गरिबी,
२. निरपेक्ष गरिबी,

३. अति गरिबी ।

१. सापेक्ष गरिबी **(Relative Poverty)**
कुनै व्यक्ति, वर्ग वा समुदायको तुलनामा अर्को कुनै व्यक्ति, वर्ग वा समुदाय कति गरिब छ भन्ने तुलनात्मक अध्ययनबाट सापेक्ष गरिबी निश्चित हुन्छ । व्यक्ति वा समुदायका बीचमा रहेको असमानता र राष्ट्रहरूका बीचमा हुने जीवनस्तरको असमानताले यस्तो गरिबीलाई जन्म दिएको हुन्छ । सापेक्ष गरिबी भनेको यस्तो अवस्था हो, जहाँ व्यक्ति वा समुदायको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति भए पनि उन्नतशील जीवनका अवसरहरूबाट व्यक्ति वा समुदाय वञ्चित भएका हुन्छन् ।

२. निरपेक्ष गरिबी **(Absolute Poverty)**
मानिसलाई जीवन-यापनका लागि चाहिने दैनिक आवश्यक पर्ने वस्तु तथा सेवा-सुविधाको अभाव हुनु नै निरपेक्ष गरिबी हो । जीवन-यापनका लागि नभई नहुने खाद्यान्न, कपडा र आवासलगायत स्वास्थ्य, शिक्षा र अन्य आधारभूत आवश्यकताको पूर्तिका लागि आवश्यक आम्दानी नहुने व्यक्ति वा समुदायलाई गरिबीको रेखामुनि परेको भनिन्छ ।

३. अति गरिब **(Hard, Ultra Poor)** :
अति गरिब भन्नाले निरपेक्ष गरिबको भन्दा कम आर्थिक अवस्था भएको र मानव-उन्नतिका अवसरहरूबाट वञ्चित भएको व्यक्ति वा समुदायलाई जनाउँछ । अति गरिब व्यक्ति वा समुदाय समाज-विकासका लागि अभिशापका रूपमा खडा भएका हुन्छन् ।

भ्रष्टविरोधी शास्त्र र गरिबी :
सापेक्ष, निरपेक्ष र अति गरिबी, यी तीनै अवस्थाका गरिबीले भ्रष्ट कार्यको विकासमा सहयोगी भूमिका निर्वाह गरेका हुन्छन् । जहाँ अभाव हुन्छ, त्यहाँ आवश्यक वस्तुको परिपूर्तिका लागि अनेक किसिमको प्रयत्न गरिएको हुन्छ । सहज रूपमा त्यस्तो आवश्यक वस्तु परिपूर्ति भएन भने जुनसुकै स्थिति र अवस्थामा पनि ती वस्तुहरूको परिपूर्ति गर्ने प्रयत्न व्यक्ति वा समुदायले गरिरहेको हुन्छ । त्यहाँ जायज-नाजायज वा वैधानिक-अवैधानिक वा नैतिक-अनैतिक वा इमानदारी-बेइमानीलाई कुनै पनि व्यक्ति वा समुदायले हेर्दैन । त्यस्तो व्यक्ति वा समुदायले आफ्नो आधारभूत आवश्यकता परिपूर्तिका लागि जुनसुकै निर्णय पनि लिन सक्छ । भोको पेटले सधैँ असल सिद्धान्त पालना गर्न सक्तैन । त्यसैले कुनै पनि तहको गरिबीले आफ्नो दुरवस्थालाई बिर्सेर जनता र राज्यसत्ताको हितमा उभिनुपर्छ भन्ने छैन । त्यसैले ती गरिब समुदायले आफ्नो हितका लागि उठाएको कदम अन्य वर्ग र समुदायलाई पच्न सक्तैन । अनि अवसरवादी तaवहरूले ती गरिबहरूको कमजोर पक्षको आडमा साना-ठूला भ्रष्ट कार्य गर्न-गराउन सक्छन् । उदाहरणका लागि स्थानीय विकास र जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास-योजनालाई हेर्न सकिन्छ । अझ चुनावमा त व्यक्ति वा समुदायमा निर्वाचन मतको मूल्य नै निर्धारण हुन्छ । अज्ञानताले गरिबी बढाउँछ र गरिबीले मानवीय मूल्य-मान्यताका नीतिगत सिद्धान्त र निर्णय गर्ने शक्तिलाई छायामा परिदिन्छ । यस्तै, गरिबीको अवस्थाले प्रत्यक्ष वा परोक्ष रूपमा भ्रष्टाचारलाई बढावा दिइराखेको हुन्छ । त्यसैले गरिबी निवारण नै भ्रष्टाचार नियन्त्रणको मूल आधार हो । व्यक्ति वा समुदायबाट भ्रष्ट आचरण र भ्रष्ट कार्यलाई नियन्त्रणमा राख्न अति गरिबी र निरपेक्ष गरिबीलाई सापेक्ष गरिबीमा परिणत गर्न सक्नुपर्दछ । अर्थात् गरिबीको वर्गलाई कम गर्न सक्नुपर्छ ।

आधारभूत आवश्यकताहरूको पूर्ति वा मानवीय आवश्यकताको पूर्ति गर्न सक्ने न्यूनतम क्रयशक्ति र त्यस्तो क्रयशक्ति स्थापित गर्न सक्ने न्यूनतम आम्दानीको स्रोत भएको व्यक्ति वा समुदायलाई सापेक्ष गरिबीको स्तरमा लिन सकिन्छ । त्यसैले अति गरिबी र निरपेक्ष गरिबीलाई सापेक्ष गरिबीमा रूपान्तरण गर्न सक्ने आयोजनाहरू राज्य र राज्यव्यवस्थाले लागू गर्न सक्नुपर्दछ । आर्थिक स्तरको सुधारका साथसाथै शिक्षा र स्वास्थ्यको पनि सुधारका आयोजनाहरू सँगसँगै सञ्चालन गर्नुपर्दछ । यसरी गरिबीको वर्गविभाजनलाई समाप्त गरी केवल श्रमिक र किसान वर्गको निर्माण गर्नुपर्ने भएको हुँदा भ्रष्टविरोधी शास्त्रको नीति तथा सिद्धान्तलाई गरिबी निवारणको कार्यमा लगाउनुपर्ने हुन्छ । गरिब वर्गको अर्थ श्रमिक र कृषक वर्ग मात्र हो, शोषित एवं पीडित वर्ग होइन भन्ने प्रमाणित गर्न सक्नुपर्छ ।

# विकसित एवं विकासोन्मुख मुलुकका विशेषताहरू
# (Characteristics of developed and developing countries)

विश्वमा रहेका साना-ठूला देशहरूलाई वर्गीकृत गर्नुपर्दा विभिन्न वर्गमा विभाजित हुन सक्छन्, जस्तै : अविकसित, विकासशील, विकसित र अतिविकसित । तर वर्तमानका सबै मुलुकमा आधुनिक उपकरणहरू प्रयोगमा आइसकेका हुँदा दुई वर्गमा विभाजन गरेर हेर्नुपर्ने हुन्छ –

१. विकसित देशहरू,
२. विकासोन्मुख देशहरू ।

अब यी दुई वर्गमा विभाजित भएका देशहरूको विशेषतालाई विचार गरौँ । किनभने भ्रष्टविरोधी शास्त्रका आधारमा यी दुई वर्गका विशेषताहरूलाई केलाई हेर्नुपर्ने हुन्छ । तिनका विशेषताहरूका आधारमा नै यो भ्रष्टविरोधी शास्त्रको नीतिनिर्माण गर्नुपर्ने हुन्छ । त्यसैले यसका विशेषतालाई यसरी हेरौँ –

विकसित देशका विशेषताहरू **(Characteristics of developed countries)** :

१. कृषिका साथै औद्योगिक विकास,
२. आधुनिक प्रविधि र सुव्यवस्थापन,
३. जनसङ्ख्यावृद्धिको नियन्त्रण तथा रोजगारीको व्यवस्था,
४. नियन्त्रित बजार तथा आर्थिक सबलता,
५. कानुनी राज्यको स्थापना ।

१. कृषिका साथै औद्योगिक विकास :

विकसित देशहरूमा कृषिका साथै औद्योगिक विकास भएको छ । कृषिक्षेत्रमा आधुनिक यन्त्र र प्रविधिको प्रयोग गरी व्यवस्थित किसिमबाट कृषि उत्पादन गरिन्छ । त्यस्तै, औद्योगिक विकासमा पनि समयको मागबमोजिम अत्याधुनिक प्रविधिको प्रयोग भएर औद्योगिक विकास भएको देखिन्छ । जुन मुलुक सबल आर्थिक, कुशल प्राविधिक तथा आवश्यक स्रोतसाधनसम्पन्न हुन्छ, त्यस्तो देशलाई मात्र विकसित देश भनिने हुँदा युरोप र अमेरिकाका केही देशहरू र अस्ट्रेलिया विकसित देशमा पर्दछन् ।

२. आधुनिक प्रविधि र सुव्यवस्थापन :

जुन देशमा आधुनिक प्रविधिको प्रयोग र सुव्यवस्था स्थापना भएको हुन्छ, ती देशहरूलाई विकसित देश भन्नुपर्छ । विकसित देशहरूले विकासका पूर्वाधारका रूपमा स्वीकार गरिएका बाटो र बिजुलीको परिपूर्ति गरेपछि समयसुहाउँदो प्रविधिको विकास गरी त्यसलाई सञ्चालन गर्न व्यवस्थापकीय सुधार गर्दै देशलाई आत्मनिर्भर गराएका हुन्छन् ।

३. जनसङ्ख्यावृद्धिमा नियन्त्रण तथा रोजगारीको व्यवस्था :

विकसित देशहरूले जनसङ्ख्याको वृद्धिदरमा नियन्त्रण गरी जुन अनुपातमा जनसङ्ख्या वृद्धि भएको छ, त्यसै अनुपातमा रोजगारीको व्यवस्था गरेका हुन्छन् । अर्थात् देशभित्रका सबै नागरिकले आफ्नो सीप र श्रमका आधारमा काम पाएका हुन्छन् । देशभित्र नपुग मानवीय श्रम र साधन मात्र भि|याएका हुन्छन् । विकसित देशमा श्रमको उचित मूल्य निर्धारण पनि भएको हुन्छ ।

४. नियन्त्रित बजार तथा आर्थिक सबलता :

नियन्त्रित बजार तथा आर्थिक सबलता नै विकसित देशको सफल पक्ष हो । बजारमा आवश्यक वस्तुहरूको सुलभ आपूर्ति र मूल्यनियन्त्रित अवस्था नै असल बजार-व्यवस्थाको लक्षण हो । देशका सबै मानिस र समुदायले बजारबाट सन्तुष्टि प्राप्त गरेका हुन्छन् ।

५. कानुनी राज्यको स्थापना :

विकसित मुलुकमा कानुन पूर्ण रूपमा क्रियाशील भएको हुन्छ । जुन देशमा सबल कानुनी व्यवस्था लागू भएको हुन्छ, त्यस देशमा मात्र कानुनी राज्यव्यवस्था सञ्चालन भएको मान्नुपर्छ । यस्तो व्यवस्थामा नागरिक र नागरिक समुदायको अभिभावकका रूपमा कानुन स्थापित भएको हुन्छ । कानुन सर्वोपरि हुन्छ र कानुनका दृष्टिमा सबै समान हुन्छन्, जसलाई असल शासनको व्यवस्था पनि भनिन्छ ।

विकासोन्मुख देशका विशेषताहरू **(Characteristics of developing countries) :**
आर्थिक अवस्था कमजोर तथा औद्योगिक विकास नभएका देशहरूलाई विकासोन्मुख वा अविकसित देश भनिन्छ । त्यस्ता देशहरू ल्याटिन अमेरिका, अफ्रिका, युरोप र एसिया महादेशमा छरिएर रहेका छन् । त्यस्ता देशहरूमा प्राकृतिक स्रोत-साधन प्रशस्त भए पनि ती स्रोत-साधनहरूको उचित परिचालन भएको हुँदैन, भए पनि ती स्रोत-साधनहरू विकसित मुलुकको अतिक्रमणबाट सताइएका हुन्छन् । विकासोन्मुख, अल्पविकसित वा अविकसित देशहरूमा त्यस देशका नागरिकहरूको प्रतिव्यक्ति आमदानी एकदमै कम हुने हुन्छ । नागरिकहरू रोजगारीको अवसरबाट वञ्चित भएका हुन्छन् । साथै शिक्षा, स्वास्थ्य, पौष्टिक आहार र आवासजस्ता आधारभूत आवश्यकता पनि परिपूर्ति भइरहेका हुँदैनन् । विकासोन्मुख, अल्पविकसित वा अविकसित देशहरूका विशेषताहरूलाई निम्नानुसार हेर्न सकिन्छ –
१. कृषिमा आधारित व्यवसाय,
२. परम्परागत कार्यशैली,
३. गरिबी तथा पुँजीको अभाव,
४. उच्च जनसङ्ख्या वृद्धिदर,
५. बेरोजगारी,
६. आम गरिबी,
७. आयमा विभेद,
८. अनियन्त्रित बजारको विकास,
९. गैरसरकारी संस्थाको हस्तक्षेप,
१०. गैरजिम्मेवार समूहको निर्माण,
११. संस्थागत भ्रष्टाचार,
१२. राजनीतिक दल तथा नेताका अन्तर्राष्ट्रिय क्रियाकलापहरू ।

१. कृषिमा आधारित व्यवस्था **(Agro-based profession)** :
प्रायः विकासोन्मुख देशहरूको प्रमुख पेसा कृषि नै हुन्छ । कृषि-व्यवसाय नै समुदायको मूल आम्दानीको स्रोत हुने हुँदा कृषकहरूको बसोबास गाउँमा हुने गर्छ । यी व्यवसायी कृषकहरू आफ्नै देशभित्रका नगरवासीभन्दा कमजोर हुन्छन् । किनभने उनीहरू बजारमा बाहुल्य कायम गर्ने नगरवासीको शोषणमा पर्ने गरेका हुन्छन् । त्यसैले कृषि-व्यवसायमा संलग्न समाजको मनस्थिति कमजोर अवस्थामा रहेको हुन्छ ।

२. परम्परागत कार्यशैली **(Traditional technologies of working) :**
विकासोन्मुख मुलुकहरूको कार्यशैलीमा परिवर्तन हुन सक्तैन । आधुनिक शैलीको विकास गर्नका लागि मान्छेहरूमा क्रयशक्ति पनि त्यसैअनुरूप बढेको हुनुपर्छ । विकसित हुँदै गइरहेको भौतिक संयन्त्रलाई अपनाउन नसकेसम्म आधुनिक शैलीलाई अङ्गिकार गर्न सकिँदैन । न्यून आय भएका मान्छेहरूले त्यो प्राप्त गर्न सक्तैनन् । त्यसैले तिनीहरू परम्परागत कार्यशैलीलाई तुरुन्त छाड्न सक्तैनन् ।

३. गरिबी तथा पुँजीको अभाव **(Poverty and lack of capital)** :
गरिबी भनेको मानवोचित जीवन-यापनका लागि आवश्यक स्रोत-साधनको कमी हो भने पुँजीको अभाव भनेपछि त्यसले जीवन-यापन तथा व्यवस्थित जीवनको व्यवस्थापन गर्न नसक्ने अवस्थालाई जनाउँछ । अर्थशास्त्रीय सिद्धान्तअनुसार पुँजी भनेको उत्पादनको साधन हो । पुँजी बचतमा भर पर्छ र बचत आम्दानीमा भर पर्छ । विकासोन्मुख देशका मानिसहरूले जति आर्जन गर्छन्, ती सबै जीवन-यापनमा नै खर्च हुने हुँदा बचत नरहने अवस्था हुन्छ । त्यसैले पुँजीको सङ्कलन गर्न नसक्ने मान्छे गरिब हुन्छ । पुँजीबाट वञ्चित व्यक्ति नै गरिब हुन्छ भने गरिब मान्छेसँग पुँजीको अभाव हुन्छ ।

४. उच्च जनसङ्ख्या वृद्धिदर **(High population growth rate)** :
विकासोन्मुख देशमा जनसङ्ख्यावृद्धिमा कुनै नियन्त्रण नहुने भएकाले अनियन्त्रित रूपमा जनसङ्ख्या बढिरहेको हुन्छ । शिक्षा र जनचेतनाको कमीले गर्दा त्यस्ता देशहरूमा मानिसहरूले धेरै सन्तान जन्माउँछन्, जसले गर्दा जनसङ्ख्या वृद्धिदर उच्च हुन्छ । देशको आयस्रोतले नै थाम्न नसक्ने किसिमबाट जनसङ्ख्या बढ्न थालेपछि त्यस समाजमा गरिबी बढ्नु स्वाभाविक हो । जहाँ गरिबी हुन्छ, त्यहाँ इमान र नैतिकताको ह्रास हुन्छ । मानिसहरूको मस्तिष्कमा विकृतिको विकासको कारण नै गरिबी हो ।

५. बेरोजगारी **(Unemployment)** :
बेरोजगारी भनेको काम गर्न सक्ने सक्षम व्यक्तिले काम नपाउने अवस्था समाजमा विद्यमान रहेको स्थिति हो । विकासोन्मुख देशको मूल समस्या नै बेरोजगारी हुन्छ । देशभित्रका काम गर्न सक्ने सक्षम नागरिकलाई आफ्नो देशमा

काम दिन नसकेपछि ती देशको जनशक्ति अन्य देशमा पनि जान सक्ने अवस्था हुन्छ । यो स्थिति कुनै पनि देशका लागि राम्रो होइन । कुनै पनि देशको बेरोजगारको प्रतिशत बढी भएको समयमा मान्छेहरू बेइमान र अवसरवादी हुँदै जान्छन् । बेरोजगारीले मान्छेहरूलाई मानवीय मूल्य र मान्यताबाट च्युत गराउन सक्छ । त्यसैले बेरोजगारीले गरिबी र गरिबीले अभाव सिर्जना गर्छ भने गरिबी र अभावले मान्छेको आचरणमा भ्रष्टता आउन सक्छ ।

६. आम गरिबी **(Mass poverty)** :
विकासोन्मुख देशहरूको प्रमुख समस्या नै आम गरिबी हो । गरिबीको अवस्थालाई सुधार गर्ने कुनै ठोस योजना हुन नसक्ने कारणले नै देशभित्र आम गरिबीको समस्या मौलाएको हुन्छ । त्यही गरिबीका कारणले नै मानिसहरूको आचरणमा विचलन आउँछ, जसबाट भ्रष्टाचार बढिरहेको हुन्छ ।

७. आयमा विभेद **(Discrimination in the income)** :
विकासोन्मुख मुलुकहरूका व्यक्तिहरूको आयमा विभेद हुन्छ । रोजगारीको अवसर पर्याप्त नहुने र काम पाए पनि उचित ज्याला नपाउने व्यवस्थाले गर्दा आम जनता गरिबीले सताइएका हुन्छन् । एक व्यक्तिले जति काम गर्छ, अर्को व्यक्तिले त्यति नै काम गर्दा पनि पहिलो व्यक्तिले प्राप्त गर्ने आयभन्दा दोस्रो व्यक्तिको आय सय गुणा घटी वा बढी हुने गर्छ, जसका कारण व्यक्तिहरूको आयमा विभेद भएको हुन्छ । यस्तो अवस्थाले व्यक्ति-व्यक्तिमा नैराश्य जागरण भई समाजमा अविश्वासको वातावरण सिर्जना हुन्छ ।

८. अनियन्त्रित बजारको विकास **(Development of uncontrolled market)** :
विकासोन्मुख देशहरूमा बजार अनियन्त्रित रूपमा विकसित भइरहेको हुन्छ । बजार टाठाबाठाहरूको नियन्त्रणमा हुने हुँदा आपूर्ति र मागको तथा मूल्य-नियन्त्रणको सिद्धान्तले काम गर्न सकेको हुँदैन । कृत्रिम अभावले वस्तुको स्थिर मूल्यलाई तल वा माथि लाने काम गर्छ र मूल्य अनियन्त्रित भइदिन्छ । यसरी बजार अनियन्त्रित भएपछि उपभोक्ताहरूमा आर्थिक भार बढ्न जान्छ भने बजार-व्यवसायीहरूचाहिँ आर्थिक रूपले सबल हुँदै जान्छन् । यस्तो अनियन्त्रित बजारको विकासले हुने र नहुनेका बीचको दूरी बढ्दै जान्छ । यो प्रणालीका कारणले गर्दा बहुसङ्ख्यक व्यक्तिहरू गरिब हुन पुग्छन् ।

९. गैरसरकारी संस्थाहरूको हस्तक्षेप **(Supression of non-governmental organizations)** :
विकासोन्मुख मुलुकमा विकसित मुलुकमा रहेका गैरसरकारी संस्थाहरूले सिधा हस्तक्षेप गर्ने गरेका हुन्छन् । त्यस्तो हस्तक्षेपका कारण त्यस देशको धर्म, संस्कृति र परम्परागत रीतिरिवाजमा परिवर्तन ल्याई जीवन-पद्धतिलाई नै बदल्ने कोसिस गर्ने गरिन्छ, जुन कुराले गर्दा त्यस देशमा बसोबास गर्ने मानिसहरूमा विकृति फैलिने गर्छ । यो विश्वको कुनै पनि कुनामा उत्पत्ति भएको समुदाय वा समाजले आफ्नै रीतिस्थिति, परम्परागत मान्यता, संस्कार र संस्कृतिका आडमा विकसित भएका सामाजिक मूल्य र मान्यताका आधारमा मानवोचित जीवनयापन गरेका हुन्छन् । यस्तो सामाजिक विकास शताब्दीयौँदेखि चल्दै आएको छ । कुनै पनि समुदाय वा समाजले अङ्गिकार गरेको रीतिस्थिति र संस्कृतिलाई अर्को मुलुकको समुदायले चलाउनु हुँदैन, तर विकसित मुलुकका गैरसरकारी संस्थाहरूले विकासोन्मुख देशमा प्रत्यक्ष हस्तक्षेप गरेका कारणले समाजका आफ्ना मूल्य-मान्यता र सांस्कृतिक अवस्थाहरू परिवर्तन हुन थालेका हुन्छन् । विकासोन्मुख मुलुकमा बसोबास गर्ने टाठाबाठाहरूलाई प्रलोभनमा पारेर समाज-सुधारका नाउँमा गरिने कुनै पनि गैरसामाजिक खेतीले समाजलाई कमजोर र परमुखी बनाएको हुन्छ ।

१०. गैरजिम्मेवार समूहको निर्माण **(Irresponsible community)** :
समाजको उत्थान गर्न जिम्मेवार समुदाय सङ्गठित रूपमा क्रियाशील भएको हुनुपर्छ । जो जुन सङ्गठन वा निकायले जुन जिम्मेवारी पाएको हुन्छ, त्यसप्रति त्यो समूह वा निकाय पूर्णतया जिम्मेवार हुनुपर्छ । साथै, आफूले गरेको कामको जवाफदेही हुन सक्नुपर्छ । तर विकासोन्मुख मुलुकहरूमा त्यस्तो जिम्मेवार समूह वा निकाय स्थापित हुन कठिन हुन्छ । त्यसैले विकासोन्मुख मुलुकका सबैजसो क्षेत्रमा गैरजिम्मेवार समूह वा निकाय सङ्गठित रूपमा सञ्चालन भएको देखिन्छ । सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा मात्र होइन, राज्यव्यवस्था सञ्चालन गर्ने प्रशासनलगायतका सबै क्षेत्रमा गैरजिम्मेवार समूहको बाहुल्य कायम भएको पाइन्छ । यो नै देश र जनताको विकासका लागि अवरोधक हो ।

११. संस्थागत भ्रष्टाचार **(Institutionalized corruption)** :
विकासोन्मुख देशहरूमा भ्रष्टाचारले संस्थागत रूपमा विकास गरेको हुन्छ । एकजनाभन्दा बढी व्यक्ति मिलेर गरिने भ्रष्टाचारलाई संस्थागत रूपमा भएको भ्रष्टाचार भनिन्छ । त्यस्तै, ऐन-नियम बनाएर वा कुनै निर्णयद्वारा हुने वा भएको भ्रष्टाचारलाई पनि संस्थागत भ्रष्टाचार भएको भन्नुपर्छ । आन्तरिक वा बाह्य दबाबका कारणले देशमा भएका प्राकृतिक स्रोत-साधनको परिचालन र हस्तान्तरण हुने गर्छ । त्यस्तो राष्ट्रिय स्वार्थका विपरीत गर्ने-गराउने कार्यलाई पनि संस्थागत भ्रष्टाचार भनिन्छ । विकसित मुलुकका व्यापारिक संस्था र निकायहरूले विकासोन्मुख देशहरूमा त्यस्ता व्यापारिक

सन्जाल निर्माण गरेर गरिब राष्ट्रको शोषण गरिरहेका हुन्छन् । यी शोषित देशका स्वार्थी एवं बाठा मानिसहरूले देश, जनता र राष्ट्रियतालाई संस्थागत भ्रष्टाचारको सफेद नीतिको निर्माण गरी शोषण गरिरहेका हुन्छन् ।

१२. राजनीतिक दल र नेताका अराष्ट्रिय क्रियाकलाप **(Antinationalism activities of political parties or leaders) :**

विकासोन्मुख देशहरूमा राजनीतिक दल तथा राजनीतिक नेताहरूका अराष्ट्रिय क्रियाकलापहरू अनियन्त्रित रूपमा चुलिएर गएका हुन्छन् । लोकतन्त्रको नाउँमा राजनीतिक दल र दलका नेताहरूले गरेका हरेक निर्णय देश र जनताको हितमा भएको हुन्छ भन्ने भ्रम फैलाइएको हुन्छ र त्यही राजनीतिक भ्रमको माध्यमद्वारा राजनीतिक दल तथा राजनीतिक नेताहरूले आफ्नो स्वार्थ पूरा गरी देश र जनताको शोषण गरिरहेका हुन्छन् । राजनीतिक दल तथा राजनीतिक नेताहरूले जतिसुकै अराष्ट्रिय कार्य गरे-गराए पनि त्यस देशका सर्वसाधारण नागरिकले तिनीहरूका विरुद्ध बोल्न सक्ने वा विरोध गर्न सक्ने अवस्था रहँदैन । राजनीतिक नेताले गरेको निर्णय दलको जिम्मामा जान्छ र दलले अख्तियार गरेको बाटो नै जनताका लागि मार्गनिर्देश हुने हुँदा राजनीतिक नेताको निर्णय नै जनताको निर्णय हो भन्ने सावित भइरहेको हुन्छ, त्यो हुनु हुँदैनथ्यो । त्यसैले विकासोन्मुख देशहरूमा राजनीतिक नेताहरू नै निर्णायक स्रोत सावित भएका हुन्छन् । यसरी तानाशाही प्रवृत्तिको विकास भएर जनता र देश दुवैका विरुद्धमा राजनीतिक दल तथा राजनीतिक नेता स्थापित भएका हुन्छन् । यिनीहरूबाट नै भ्रष्टाचारको मुहान खोल्ने काम हुने हुँदा चौतर्फी भ्रष्टाचारजन्य कार्यले फैलिने मौका पाएको हुन्छ ।

विकसित तथा विकासोन्मुख मुलुकहरूको विशेषता माथि सङ्क्षेपमा उल्लेख गरियो । गरिब मुलुक अर्थात् विकासोन्मुख मुलुकले विकसित मुलुकको हाराहारीमा पुग्न कठिन हुने कुरा पनि स्पष्ट देखियो । तर विश्वका सबै मुलुकले समान अवसर र सन्तुलित विकास गर्नु त्यस मुलुकको नैसर्गिक अधिकार हो । विकासोन्मुख मुलुकका समस्याहरूको समाधान भ्रष्टविरोधी शास्त्रले मात्र गर्न सक्छ भन्ने कुरा पनि माथिको अध्ययनबाट स्पष्ट भयो ।

# सकारात्मक सोच र समाजको बनोट
## (Positive attitudes and social structure)

कुनै पनि समाजका व्यक्तिहरूको सोच र क्रियाकलापले त्यस समाजको स्तर निर्धारण गरेको हुन्छ । समाजको पहिचान नै त्यस समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्ति र उसको व्यक्तित्वले गराउँछ । समाजको उन्नति वा अवनतिको स्रोत पनि व्यक्तिको सोच नै हो । मानव-समाजको संस्कृति तथा सभ्यताको विकास पनि व्यक्तिको सोचका आधारमा निश्चित भएको हुन्छ ।

वर्तमान अवस्थामा कुनै पनि उन्नत वा अवनत समाज एउटा मुलुकको राजनीतिक घेराभित्र जकडिएको हुन्छ । राजनीति पनि त्यही समाजभित्रका नागरिकको सकारात्मक वा नकारात्मक सोचले नै निर्माण भएको हुन्छ । राज्यभित्र बसोबास गर्ने नागरिकहरूको सोच नै मुलुकको राजनीतिक व्यवस्था निर्धारित गर्ने तaव सावित भएको हुन्छ । त्यसैले प्रत्येक नागरिकको सोच सकारात्मक भएमा समाज पनि सकारात्मक हुँदै मुलुकको उन्नति भएको हुन्छ । नकारात्मक सोचको बाहुल्य भएमा त्यसले समाजमा व्यभिचार, अहिंसा र आतङ्क निम्त्याउँछ । त्यसैले समाजको उन्नतिका लागि सकारात्मक सोचको आवश्यकता पर्छ र सकारात्मक सोचले सद्भाव, सदाचार र मैत्रीभावको स्थापना गर्छ ।

व्यक्ति यान्त्रिक होइन, जसलाई यन्त्रद्वारा नियन्त्रण गर्न सकियोस् । व्यक्ति प्राकृतिक भएको हुँदा उसका सबै गतिविधि, व्यवहार र सोच पनि प्राकृतिक नै हुन्छन् । समय, स्थान र वातावरणले व्यक्तिको सोचमा फरक आउन पनि सक्छ । त्यसैले भ्रष्टविरोधी शास्त्रको सूत्रहरूका माध्यमद्वारा व्यक्तिको सोचमा परिवर्तन गर्न सकिन्छ ।

व्यक्तिलाई उसको व्यक्तित्वले स्थापित गरेको हुन्छ । व्यक्तिको पहिचान र व्यक्तिको स्तर कायम गर्नमा पनि उसको व्यक्तित्वले भूमिका निर्वाह गरेको हुन्छ । अर्थात् व्यक्तिको व्यक्तित्व उसको सोचको स्तरले कायम गरेको हुन्छ । त्यसैले समाज, व्यक्ति र व्यक्तित्वमा व्यक्तिको सोचको विशेष महaव हुन्छ ।

व्यक्तिको सोचलाई यसरी हेर्न सकिन्छ :
(१) सकारात्मक सोच,
(२) मिश्रित सोच,
(३) नकारात्मक सोच ।

(१) सकारात्मक सोच :
सकारात्मक सोचलाई असल सोच पनि भनिन्छ । सद्भाव, सदाचार र मैत्रीभाव आदि यिनका गुण हुन् । असल सोच र सकारात्मक चिन्तनलाई असल चिन्तन पनि भनिन्छ । सकारात्मक तथा असल चिन्तन मानवीय गुण पनि हो । मान्छे भनेर पहिचान हुने वा मान्छेका रूपमा व्यक्तित्वलाई बढाएर समाजमा स्थापित गर्नका लागि सकारात्मक चिन्तन रहनु अनिवार्य हुन्छ । जो मान्छे सकारात्मक चिन्तन लिएर समाजमा क्रियाशील भएको हुन्छ, त्यो मान्छे नै समाजको नेतृत्व लिन समर्थ भएको हुन्छ । असल सोच भएको मान्छेले तत्काल समाजको नायकत्व ग्रहण गर्न नसके तापनि पछिका समयमा उसले लिएको सोच र सकारात्मक क्रियाकलापको मूल्याङ्कनका आधारमा उसका व्यक्तित्वहरू स्थापित हुन सक्छन् । त्यसैले सकारात्मक सोच वा असल चिन्तनले व्यक्तिको व्यक्तित्वलाई मात्र स्थापित गराउने होइन, समाजको बनोट र स्तरलाई पनि परिवर्तन गराउन सक्छ ।


(२) मिश्रित सोच :
व्यक्तिको सोचको स्तरलाई सकारात्मक, नकारात्मक र मिश्रित सोचमा वर्गीकरण गरेर हेर्दा मिश्रित सोच भनेको सकारात्मक र नकारात्मक दुवै सोचको मिश्रित रूप हो भन्ने मान्नुपर्छ । मिश्रित सोचलाई बहुसङ्ख्यक व्यक्तिले स्वीकार गरेका हुन्छन् । शिक्षित वा अशिक्षित दुवै वर्गले सहज रूपमा स्वीकार गर्ने यो मिश्रित सोच नै हो भन्न सकिन्छ । किनभने सकारात्मक सोच मात्र वा नकारात्मक सोच मात्र राख्ने व्यक्ति समाजमा न्यून हुन्छन् । त्यसैले मिश्रित सोच राख्ने अर्थात् साधारण चिन्तन गर्ने मान्छेको जमातले नै मानव-समाजमा बढी ठाउँ ओगटेको हुन्छ । मिश्रित सोच राख्ने अथवा मिश्रित चिन्तन गर्ने समूहले नै मानव-समाजमा बाहुल्य कायम राखेको हुन्छ ।

(३) नकारात्मक सोच :
नकारात्मक सोच भन्नाले सकारात्मक सोचका विरुद्धको सोच हो । नकारात्मक सोच राख्ने मान्छे स्वार्थी स्वभावको हुन्छ, अनि आफ्नो हित र अर्काको अहित कसरी गर्न सकिन्छ भनेर सदैव चिन्तित भइरहने हुन्छ । यस्तो सोच राख्ने मान्छेले

समाजको सबै पक्षमा अहित चिताउँछ अनि देश र जनताका लागि पनि नोक्सानी हुने कार्यमा संलग्न भइरहने हुन्छ । यस्तो व्यक्ति अति शङ्कालु र निर्दयी स्वभावको हुने हुँदा हरेक क्षणमा प्रश्न उठाउने र त्यसमा चिन्तित हुने गर्दछ, जसका कारणले ऊ प्रसन्न रहन सक्तैन । चिन्ताग्रस्त मस्तिष्क भएका कारण समाजमा द्वन्द्व र आतङ्क फैलिएको अवस्था देख्न चाहने हुन्छ । त्यसैले नकारात्मक सोचले सधैँ र सबै क्षेत्रमा बाधा र व्यवधान खडा गर्ने हुँदा यस्तो सोच व्यक्ति, समुदाय, समाज र राष्ट्रको उन्नतिको शत्रुका रूपमा स्थापित भएको हुन्छ ।

माथि उल्लेख भएका सकारात्मक, नकारात्मक र मिश्रित सोच राख्ने व्यक्ति परिवारको एकाइदेखि समुदाय र समाजमा पाइन्छ । ती एकाइभित्र सबै एकै सोच राख्ने हुँदैनन् । कुनै पनि समूह वा समाजमा सकारात्मक र नकारात्मक सोच राख्ने कम हुन्छन् भने मिश्रित सोच राख्ने अर्थात् मिश्रित सोच र चिन्तन गर्ने व्यक्ति बढी हुन्छन् । ती सोचधारी समूहलाई समय र वातावरणले सकारात्मक पक्षले समेट्ता समाज उन्नति र विकासको बाटोमा लम्कन्छ र नकारात्मक पक्षले मोड्दा अवनति र अस्थिरतातर्फ लागेको हुन्छ । अर्थात् मिश्रित सोचको पक्ष नै निर्णायक पक्ष साबित भएको हुन्छ ।

व्यक्तिको सोच र समाजको निर्माणलाई चित्रमा हेरौँ :





(व्यक्ति, व्यक्तित्व र सामाजिक बनोट)

उपर्युक्त चित्रले व्यक्तिबाट सकारात्मक, मिश्रित र नकारात्मक सोचहरू उत्पत्ति भएर व्यक्तिको व्यक्तित्व समाजमा प्रवेश गरेको हुन्छ भन्ने देखाउँछ । समाजको बनावटमा सकारात्मक र नकारात्मक सोच राख्नेहरू क्रमशः करिब दस-दस प्रतिशत हुन्छन् भने मिश्रित सोच राख्नेचाहिँ असी प्रतिशत हुन्छन् । ती असी प्रतिशत साधारण नागरिकहरूलाई दस प्रतिशतमा उच्च वा नीच अवस्थामा रहेका व्यक्तित्वहरूले आफ्नो प्रभावमा पारेर समाजको बनावट निश्चित गरेका हुन्छन् । उन्नति र विकासको बाटोमा लम्केको मुलुकले उच्च क्षेत्रको प्रभावमा परेर साधारण क्षेत्रलाई प्रभावित पारी सकारात्मक दिशातर्फ समाजलाई लगाउन समर्थ भएको हुन्छ । त्यस्तै अउन्नत, अस्थिर र द्वन्द्वको भुमरीमा फसेको नीच क्षेत्रमा रहेको समाजको प्रभावमा परेर साधारण क्षेत्रलाई घेराभित्र पारी समाजको ९० प्रतिशत क्षेत्र ओगटेको हुन्छ । अर्थात् सकारात्मक पक्षको उच्च क्षेत्र वा नकारात्मक पक्षको नीच क्षेत्र नै त्यस्ता महaवपूर्ण क्षेत्रहरू हुन्, जसले अधिकतम क्षेत्र ओगटेको साधारण क्षेत्रलाई आफूमुखी बनाएर समाजमा पहिचान कायम गर्ने सामर्थ्य राखेको हुन्छ ।

शिक्षित वा अशिक्षित दुवै किसिमका वर्गमा विभाजित व्यक्तिको सोचको प्रकृतिमा खासै फरक हुँदैन । शिक्षित समाजमा सकारात्मक सोचले बढी स्थान पाएको हुन्छ भने अशिक्षित समाजमा थोरै । त्यस्तै विकसित तथा विकासोन्मुख दुवै किसिमका मुलुकहरूका व्यक्ति, समुदाय र समाजको प्रकृति पनि उस्तै किसिमको हुन्छ ।

सोचका दृष्टिले समाजको उन्नति र अवनतिलाई चित्रमा यसरी हेर्न सकिन्छ :



माथि दिइएको चित्रमा समाजको बनोटलाई उच्च अर्थात् सकारात्मक सोच राख्ने १० प्रतिशत र नीच अर्थात नकारात्मक सोच राख्ने १० प्रतिशत देखाइएको छ भने ८० प्रतिशत साधारण अर्थात् मिश्रित सोच राख्ने गरी वर्गीकरण गरिएको छ । साधारण वर्गमा बहुसङ्ख्यक देखिए तापनि यो वर्ग उच्च वा नीच वर्गद्वारा प्रभावित भएर त्यही न्यून वर्गसँग घुलमिल हुन पुग्दछ । त्यसरी न्यून वर्गसँग घुलमिल हुँदा समाजको उन्नति वा अवनतिको मार्ग निर्देश हुन्छ । अर्थात सकारात्मक सोचको न्यून वर्गले मिश्रित वर्गलाई आफ्नो वर्गभित्र समेट्ता समाज अग्रगामी हुँदै समयानुकूल विकास गर्न पुग्छ । त्यस्तै, नकारात्मक वर्गले मिश्रित वर्गलाई समेट्ता समाजमा प्रतिगमन मात्र होइन, द्वन्द्व, आतङ्क र अस्थिरता कायम राख्छ । यसरी अस्थिरताको पृष्ठभूमिमा भ्रष्टाचार विकसित हुन्छ ।

विकसित देशको सामाजिक बनोट अग्रगामी हुन्छ भने विकासोन्मुख देशको सामाजिक बनोट प्रायः प्रतिगामी हुन्छ । त्यसैले प्रतिगमनकारी अउन्नत समाजलाई उन्नत र अग्रगामी समाजमा परिवर्तन गर्नुपर्ने हुन्छ ।

सकारात्मक सोचबाट विवेकशील निर्णय :

सकारात्मक सोचको उपज भनेको विवेकशील निर्णय हो । जो व्यक्तिले विवेकपूर्ण निर्णय दिन सक्छ, त्यो व्यक्ति समाजमा महान् व्यक्तिका रूपमा परिचित हुन्छ । निर्णय नागरिक तहबाट भएको होस् वा कुनै राज्यको अधिकारप्राप्त पदाधिकारीको तहबाट भएको होस्, त्यस्तो निर्णयले विशेष महâव राखेको हुन्छ । समाजमा एक कुनामा रहेको सकारात्मक सोच राख्ने वर्गले गरेको विवेकपूर्ण निर्णय र क्रियाकलापले सम्पूर्ण समाजलाई दिशानिर्देश गर्न सक्छ र पूरा समाजलाई सकारात्मक निर्णयको बाटोमा हिँडाउन समर्थ हुन सक्छ । त्यसैले सकारात्मक सोच विवेकशील निर्णय हुन सक्छ भन्ने कुरा हामी बुझ्न सक्छौं । विवेकशील निर्णय समाज-विकासको मेरुदण्ड हो ।

नकारात्मक सोचबाट समाजविरोधी व्यवहार :

नकारात्मक सोचबाट समाजविरोधी व्यवहार उत्पन्न हुन्छ । समाजविरोधी व्यवहारलाई सामाजिक विकृति पनि भनिन्छ । साथै यसलाई मनोविकृतिपूर्ण व्यवहार पनि भनिन्छ । नकारात्मक सोच राख्ने व्यक्तिमा नैतिकताको अभाव हुन्छ र स्वार्थी मनोवृत्तिको विकास पनि भएको हुन्छ । यस्तो सोच भएको व्यक्ति झूटो बोल्ने, अरूलाई सम्मान नगर्ने र अरूलाई क्षति पुऱ्याउँदा रमाउने प्रवृत्तिको हुन्छ । त्यसैले यस्तो किसिमको समाजविरोधी व्यवहारले समाज र राष्ट्रको उन्नति हुन सक्तैन । यसले द्वन्द्व, अपराध र आतङ्कलाई बढाउने काम गर्छ ।

माथि उल्लिखित विवेकशील निर्णय सकारात्मक सोचको उपज हो भने समाजविरोधी व्यवहार नकारात्मक सोचको उपज हो । यिनीहरूलाई पृथक् रूपमा राखेर विश्लेषण गर्नुपर्छ । अर्थात् यी दुवै पक्ष र विपक्षलाई पृथक् रूपमा व्याख्या गरेर दुवै पक्षलाई सही किसिमबाट सञ्चालन गर्नुपर्ने हुन्छ । सकारात्मक सोचलाई कसरी समाजमा दिगो रूपमा स्थापित गर्न सकिन्छ भन्ने कुरा र नकारात्मक सोचलाई कसरी समाजमा निरुत्साहित गर्न सकिन्छ भन्ने कुरा पनि भ्रष्टविरोधी शास्त्रले तय गर्न सक्छ । त्यसैका लागि यस विषयको अध्ययनको आवश्यकता महसुस गरिएको हो ।

# भ्रष्टविरोधी संस्कृतिको विकास
# (Development of culture against corruption)

व्यक्तिको जिउने जीवनपद्धतिलाई समाजमा चलेको संस्कृतिले निश्चय गरेको हुन्छ । जुन समाजमा जस्तो किसिमको संस्कृतिको विकास भएको छ, त्यस समाजमा बस्ने मान्छेको जीवनपद्धति पनि त्यसै प्रकारको हुन्छ । उदाहरणका लागि माछामासु नखाने वर्गका मान्छेहरूले सबै किसिमका जीवजन्तुहरूलाई आफूसरह नै मानेर लालनपालन र माया गरेका हुन्छन् । जुन किसिमको संस्कृतिमा मान्छे जन्मेको छ र अनुसरण गरेको छ, त्यही संस्कृतिबाट निर्देशित जीवनयापन गर्न मान्छे रुचाउँछ । जन्मँदै मान्छेले मान्छेको संस्कृति लिएर आएको हुँदैन । जुन परिवार वा समाजमा मान्छे जन्मियो वा हुर्कियो, त्यही संस्कृतिमा ऊ अभ्यस्त हुन पुग्छ । त्यसै गरी भ्रष्टाचारविरोधी संस्कृतिको स्थापना गरी विकास गर्ने योजना तयार गरियो भने समाजमा भ्रष्टविरोधी क्रियाकलापमा व्यक्ति, परिवार वा समुदाय अभ्यस्त हुन सक्छ । त्यसैले विश्वव्यापी रूपमा फैलिएको भ्रष्टाचारलाई न्यूनीकरण गर्न र त्यसको नियन्त्रण गर्न भ्रष्टाचारविरुद्धको संस्कृति विकास गर्नुपर्ने भएको छ ।

नीति तथा संस्कृति :

नीति तथा संस्कृतिलाई अलग-अलग गरी वा नगरी पनि हेर्न सकिन्छ । मानव तथा मानव-समाजको विकासको मूल आधारका रूपमा रहेको नीति तथा संस्कृतिलाई भ्रष्टविरोधी शास्त्रमा समावेश गरी गहनतम अध्ययन गर्नुपर्ने हुन्छ । नीतिलाई नीतिशास्त्रले व्याख्या-विश्लेषण गरेको छ भने संस्कृतिलाई मानव-संस्कृतिको विज्ञानले विस्तृत अध्ययनमा ल्याएको छ । यी दुवै नीति तथा संस्कृति मानवीय जीवनयापनको पद्धतिका लागि आदर्श मार्गका रूपमा प्रमाणित भएका छन् । नीति र संस्कृति सधैँ असल पक्षका हुन्छन् । नीति र संस्कृति खराब हुनेबित्तिकै समाज विपरीत दिशामा मोडिन्छ । त्यसैले नीति तथा संस्कृति सकारात्मक पक्षमा हुन्छन् र परिणाम पनि सकारात्मक नै हुन्छ । नीतिले मानव-जीवनमा विविध व्यवहार कायम गर्न दिशानिर्देश गर्छ भने संस्कृतिले मानवीय जीवनपद्धतिलाई व्यवस्थित गर्छ ।

नीति तथा संस्कृतिलाई छुट्याएर विचार गरौँ ।

नीति :

नीति भन्नाले विभिन्न समयमा समाजका अगुवाहरूले मानवहितका लागि निर्माण गरेका नीति तथा उनीहरूले अँगालेका विधि-व्यवहारलाई सम्झनुपर्छ । साथै, यसलाई जीवन आनन्द र सफल रूपमा सञ्चालन गर्न सकिने विधि मान्नुपर्छ । यसलाई जीवनोपयोगी रूपमा सञ्चालन गर्नका लागि निर्धारित आचरण, आचारसंहिता र नीतिनियमलाई सम्झनुपर्छ । प्राचीन कालदेखि मानव-सभ्यताको विकासका लागि कुनै जाति, वर्ण र सम्प्रदायका प्रवर्तकहरूबाट स्थापित नीतिनियम तथा सिद्धान्तलाई पनि नीतिशास्त्रले परिभाषित गरेको छ । नीतिविज्ञानले मानव-चरित्र, मानव-आचरण र मानव-व्यवहारका लागि आवश्यक नीतिगत सिद्धान्तलाई व्याख्या गरेको हुन्छ । नीतिका बारेमा सङ्क्षेपमा भन्नुपर्दा नीतिको पालनाले उच्चतम मानवीय गुण प्रदर्शित हुन्छ ।

संस्कृति :

संस्कृति भन्नाले कुनै जाति, वर्ग तथा समाजको सञ्चालन र क्रियाकलाप व्यवस्थित गर्न बनेको व्यवहारको परिष्कृत एवं सभ्य रूपलाई सम्झनुपर्छ । व्यक्ति तथा समुदायको सामाजिक जीवन, कला-कौशल, आचार-विचार, रहन-सहन र व्यवहारलाई पनि संस्कृतिको अभिन्न अङ्गको रूप हो भन्ने मान्नुपर्छ ।

जुन समाजमा संस्कृतिले जीवनयापनको पद्धतिलाई संस्कारित एवं परिष्कृत गर्दै उच्चतम जीवनयापनको मार्ग प्रशस्त गर्छ, त्यो समाजलाई उच्चकोटिको विकसित समाज भनेर मान्नुपर्छ । यसरी संस्कृतिले मानव-जीवनको जीवन-पद्धतिलाई व्यवस्थित रूपमा सञ्चालन गरेर मानव-व्यवहारलाई स्थायित्व प्रदान गरेको हुन्छ ।

नीति र संस्कृति बेग्लै प्रकृतिका देखिए पनि तिनीहरूको परिणाम भने एकै किसिमको निस्कने भएकाले तिनीहरूलाई तलको चित्रले चित्रण गरेको छ । ती दुई बेग्लै भएर पनि एकै छन्, एकै भएर पनि बेग्लै छन् । हेरौँ :




चित्र नं. १

माथिको चित्रले प्रमाणित गर्छ कि मानवहितका लागि निर्मित नीति तथा पालना गरिएको संस्कृति एकै ठाउँमा अर्थात् एकै घेराभित्र बस्न सक्छ तर नीति तथा संस्कृति एक-अर्कामा घुलमिल हुन सक्तैनन् । तर भ्रष्टाचारविरुद्धको संस्कृति विकास गर्ने क्रममा भने नवीन नीतिको निर्माण गरी संस्कृतिको व्यवहारमा घुलमिल गराउन सकिन्छ । त्यसैले परम्परागत नीतिसिद्धान्तको आडमा नवीन नीति निर्माण गर्न सकियो भने नवीन संस्कृति निर्माण भएर एक-आपसमा घेराबन्दी कायम गर्न सक्छन् । यसरी दुवै तàव केन्द्रित रहेको संस्कारित एवं परिष्कृत पद्धतिको निर्माण गर्न सकिन्छ भने सभ्य तथा सुसंस्कृत जीवनपद्धतिको विकास पनि गर्न सकिन्छ ।

भ्रष्टविरोधी संस्कृतिको विकास :

सभ्य तथा सुसंस्कृत जीवनपद्धतिको विकासका लागि आवश्यक नीति तथा संस्कृतिको निर्माण हुनुपर्ने व्यहोरा माथिको अध्यायमा उल्लेख भयो । अब भ्रष्टविरोधी संस्कृतिको विकासका लागि कस्तो नीति निर्माण गर्नुपर्छ भन्नेतर्फ विचार गरौं । हामीसँग मानव-कल्याण र मानवीय जीवन-पद्धतिका शाश्वत नीति तथा सिद्धान्तहरू छन् । यही भएका र चलेका नीति तथा सिद्धान्तहरूलाई सतर्कताका साथ लागू गर्न सकिएमा भ्रष्टविरोधी संस्कृतिको विकास हुन सक्छ भन्ने सत्यतालाई पनि हामीले बुझेका छौं । त्यसैले भ्रष्टविरोधी संस्कृतिको विकासका लागि नवीन सिद्धान्तको प्रादुर्भाव गर्नुपर्ने आवश्यकता पनि देखिएन । मानवीय जीवनयापनका लागि चलिआएको संस्कृतिलाई जीवन-पद्धतिमा ढाल्न तथा समाजमा चलेका नीति-नियमलाई अपनाउन सक्ने व्यक्ति, वर्ग र समुदायलाई मात्र हामी भ्रष्टविरोधी संस्कृतिका लागि मार्गनिर्देश गर्न सक्छौं । विश्वका विकसित एवं विकासोन्मुख सबै मुलुकहरूमा अभावग्रस्त जीवन बिताउन बाध्य व्यक्ति र समुदायहरू छन् । तिनलाई यो नवीन संस्कृतिले प्रभावित गर्न सक्तैन । तर जुन मुलुकका मान्छे सुसंस्कृत, सभ्य र जीवनयापनको विधिमा अनुशासित छन्, ती व्यक्ति तथा समुदायहरू यो नवीन भ्रष्टविरोधी संस्कृतिबाट प्रभावित हुन सक्छन् ।

भ्रष्टविरोधी संस्कृतिको विकास गर्दा यसको लक्षित एकाइलाई पहिचान गर्न सक्नुपर्छ । यसको लक्षित एकाइ भनेको व्यक्ति हो, त्यसपछि समुदाय वा समाज हो । संस्कृतिलाई व्यक्तिले धारण गर्दा त्यसलाई जीवनपद्धति भनिन्छ भने समुदायले धारण गर्दा त्यसैलाई संस्कृति भनिन्छ । त्यसैले व्यक्तिले संस्कृतिलाई केवल सम्हाल्ने कोसिस मात्र गर्छ । व्यक्तिले समाजमा विद्यमान संस्कृतिको अनुसरण गर्छ र पालना गर्ने प्रयत्न गर्छ ।

भ्रष्टविरोधी संस्कृतिको विकास तथा संरक्षण समुदाय वा समाजबाट मात्र सम्भव छ । यसका सार्थक तàवहरूलाई बुझ्न हामीले निम्नलिखित तीन प्रश्नहरूलाई केलाउन सक्छौं :

(१) सामूहिक स्वार्थलाई प्राथमिकताका साथ कसरी अघि बढाउने ?
(२) सामूहिक रूपमा शक्तिवान् कसरी बन्न सक्ने ?
(३) समृद्ध समाज (राष्ट्र) को कसरी निर्माण गर्ने ?

यी माथिका समस्याको समाधानका लागि कुनै नवीन सिद्धान्त निर्माण गर्नुपर्ने देखिँदैन । मानव-समाजमा अभ्यासमा रहेका र अभ्यास गरिनुपर्ने केही छोडिएका नीति तथा सिद्धान्तलाई पालना गर्नु-गराउनुपर्ने वातावरणको सिर्जना गर्नुपर्ने हुन्छ । मानव-जीवनले शदियौंदेखि अङ्गिकार गर्दै आएका शाश्वत सत्यहरू हुन् सदाचार र सद्विचार । सदाचार तथा सद्विचार नै मानवीय मूल्य-मान्यतालाई स्थापित गर्ने तàवहरू भएका हुँदा यिनैका आडमा व्यक्तिगत स्वार्थ त्याग गर्ने प्रवृत्तिको विकास भएको खण्डमा समाजमा सजिलैसँग भ्रष्टविरोधी संस्कृतिको विकास हुन सक्छ ।

भ्रष्टविरोधी संस्कृतिको विकासका लागि निम्नलिखित तथ्यलाई लिएर कुनै पनि माध्यमद्वारा सर्वसाधारण नागरिकमा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । त्यस किसिमको कार्यक्रमको प्रचारप्रसारले व्यक्तिलाई सदैव सतर्क गराइराखेको हुन्छ । उदाहरणका लागि :

(१) भ्रष्टाचारबाट कमाएको धन कुनै पनि दिन राष्ट्रियकरण हुन्छ । त्यसरी धन मात्र हरण हुने होइन, जीवनभर कारावासको सजाय भोग्नुपर्छ ।
(२) पाएको अधिकार नजानेर दुरुपयोग गर्दा योग्यतामा प्रश्न मात्र आउने होइन, सजाय पनि पाइन्छ । जानेर अख्तियार दुरुपयोग गरेको छ भने दण्ड र जरिवाना दुवैको भागिदार बन्नुपर्छ ।

(३) भ्रष्ट व्यक्तिलाई सामाजिक बहिष्कार गरिने हुँदा त्यसको असर उसको परिवारका सबै सदस्यमा पर्ने हुन्छ ।
(४) छिटो र द्रुत गतिमा धन आर्जन गर्ने कोही पनि व्यक्ति वा समुदाय भ्रष्टचारीको दायराभित्र पर्नेछन् ।
(५) कुनै प्रायोजित ऐनले सम्पत्तिको शुद्धीकरण गर्दैमा भ्रष्टचारी सदाचारीमा परिवर्तित हुन सक्तैन भन्ने कुराको ज्ञान सबैमा जानकारी भएको हुनुपर्छ ।
(६) साथै, आधुनिक युगमा राजनीतिकर्मी र सञ्चारकर्मी शक्तिवान् भएका हुन्छन् । मूलतः राजनीतिक नेता तथा सञ्चारगृह, यी दुवैलाई आर्थिक अनुशासन कायम गर्ने आचारसंहिताको निर्माण गरी त्यसभित्र बाँध्न सक्नुपर्छ ।

यी माथिका बुँदाहरू अक्षरशः परिपालनाभएको खण्डमा भ्रष्टविरोधी संस्कृतिको विकासका लागि नयाँ क्षितिज उघ्रन्छ । यसरी क्रमशः भ्रष्टाचारका विरुद्धमा समाजमा भ्रष्टविरोधी संस्कृतिको विकास आरम्भ हुन सक्छ ।

हामीले बुझ्न सक्नुपर्छ कि भ्रष्टाचार व्यक्तिको एकल निर्णयबाट सुरु भएर अन्य व्यक्तिहरूमा सर्ने हुन्छ । यसरी एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै भ्रष्टहरूको समूह नै निर्माण हुन्छ । त्यसैले भनिन्छ समूहले भ्रष्टाचार गर्दैन । तर वर्तमान युगमा व्यक्तिभन्दा भ्रष्टाचारमा समूह नै फस्ने गरेको हुन्छ । समूह तथा समाजलाई ठीक बाटोमा डोहोऱ्याउन सजिलो छ । त्यो हो कडा कानुनको निर्माण र कानुनको पालना भए-नभएको तदारुकताका साथ अनुगमन ।
(१) कानुन निर्माणको अर्थ हो नीतिको निर्माण ।
(२) पालनाको अर्थ हो संस्कृतिको विकास ।

माथि चित्र नं. १ को अवस्थालाई फेरि यसरी चित्र नं. २ मा पनि हेर्न सकिन्छ :




कानुनको निर्माण र त्यसको अनुगमन भएको खण्डमा एकातर्फ समाजमा सतर्कता एवं सचेतनाको विकास भई कानुनको पालना हुने देखिन्छ भने अर्कोतर्फ भ्रष्टविरोधी संस्कृतिको विकास भएको देखिन्छ । त्यसैले भ्रष्टविरोधी संस्कृतिको विकासका लागि आवश्यक नीति निर्माण गर्नुपर्ने रहेछ, साथै त्यसलाई लागू गर्न संस्कृतिको विकास गर्नुपर्ने रहेछ भन्ने बुझिन्छ ।

नीतिगत संस्कृतिको विकास :
भूगोल, जाति र समयले स्वीकार गर्न सक्ने संस्कृति नै विकसित एवं विकासोन्मुख मुलुकको समुदाय र समाजमा प्राचीन कालदेखि विभिन्न तौरतरिकाले स्थापित भएको देखिन्छ । एक समूह वा समुदायको संस्कृति अर्कोसँग मिलेको पनि देखिँदैन, तर मानव-कल्याण र उन्नतिका दृष्टिले भने धेरै नीति तथा सिद्धान्त मिलेको पनि देखिन्छ । जुन समुदायको संस्कृति नीतिगत रूपमा विकसित भई स्थापित भएको छ, त्यो समुदाय र समाज उन्नत तथा सुखी पनि देखिएको छ । कतिपय समाजमा विकृत संस्कृतिले प्रश्रय पाएका हुन्छन् । त्यस्तो संस्कृति अँगाल्ने समुदाय तथा समाज दुःखमय जीवन व्यतीत गर्न बाध्य भएको हुन्छ । त्यसैले नीतिगत संस्कृतिको विकासले मात्र व्यक्ति, समुदाय र समाज उन्नत भएको हुन्छ ।

नीतिले असल संस्कृति स्थापना गर्छ भने संस्कृतिले सभ्यता । सभ्य र सुसंस्कृत व्यक्ति तथा समाजले नीतिगत सिद्धान्तको स्थापना गर्छ । नीतिगत सिद्धान्तले सदाचारी समाजको स्थापना गर्न मद्दत गर्छ । यो चक्रीय सिद्धान्तको आडमा भ्रष्टाचारविरुद्धको नीतिगत संस्कृतिको विकास गर्न सकियो भने व्यक्ति, समुदाय तथा समाजमा भ्रष्टविरोधी संस्कृतिको विकास हुन्छ । त्यसैले भ्रष्टविरोधी शास्त्र भ्रष्टाचारविरोधी संस्कृतिको विकास गर्न समर्थ हुन सक्छ ।

# मनोदशाका असल र खराब पक्षहरू
# (Good and bad aspects of state of mind)

मानवमनको विश्लेषण तथा व्याख्या मनोविज्ञानशास्त्रले गर्छ । मनोविज्ञानशास्त्रकै परिधिभित्र रही यो भ्रष्टविरोधी शास्त्रले पनि मानव-मनोदशाका असल र खराब पक्षको विश्लेषण गर्छ । अध्ययनको आवश्यकताअनुसार मनोदशाको विश्लेषण गर्नुपर्ने भएकाले सीमित परिधिमा रहेर मानव-मनोदशाको विश्लेषण गरिएको छ । मानव-प्रकृति एवं मनोसोचलाई विचार गर्दा मानव-मनोदशालाई पाँच वर्गमा विभक्त गरी हेर्न सकिन्छ । मानव-मनोदशा विभक्त हुन सक्ने ती पाँच वर्ग हुन् – आचार, विचार, कर्म, भाव र प्रवृत्ति । यी पाँच तàवहरू मानवीय मनोदशाका मूल तàवहरू हुन् र यी सकारात्मक प्रकृतिका हुन्छन् । यी तàवहरूलाई हेरौँ :

(क) आचार,
(ख) विचार,
(ग) कर्म,
(घ) भाव,
(ङ) प्रवृत्ति ।

(क) आचार :
आचारबाट मानवीय जीवनयापनको पद्धति निश्चित भएको हुन्छ । आचार भनेपछि त्यसबाट मान्छेको असल जीवनयापन गर्ने नियम तथा सिद्धान्तअनुसार पालना गर्नुपर्ने आचरण तथा व्यवहार भन्ने बुझिन्छ । आचरणभित्र बस्ने र आचरण पालना गर्ने व्यक्तिले नै समाजमा विशेष स्थान ओगटेको हुन्छ । साथै, समाजमा उसले मर्यादा प्राप्त गरेको हुन्छ । आचारलाई मानव-आचरण तथा व्यवहारको परिष्कृत रूप र नैतिक रूपमा हेरिने भएकाले मानव-जीवनमा यसको विशेष महàव रहेको हुन्छ ।

(ख) विचार :
मानवसोचको विकसित रूप विचार हो । मानवमनमा कुनै समस्या, विषय वा स्थितिबारे गहिरिएर सोच्ने कामलाई विचार भनिन्छ । विचारले अठोट, सङ्कल्प र ठहर गर्ने भएकाले विचारले व्यक्तिको व्यक्तित्वलाई नै परिवर्तन गरिदिन्छ । विचार नै व्यक्ति हो र विचार नै व्यक्तित्व हो ।


(ग) कर्म :
कर्मको अर्थ कर्तव्य अर्थात् काम हो । मान्छेले भौतिक शरीर पाएको हुन्छ कामका लागि, र उसले शरीरका माध्यमले काम गर्छ । मान्छेले काम २ प्रकारले गर्छ – एक : मानसिक, र अर्को : शारीरिक । यी दुवै कामको उत्तिकै महàव हुन्छ । कामले नै व्यक्तिको व्यक्तित्व विकास हुन्छ ।

(घ) भाव :
मान्छेको मस्तिष्कमा उर्लने चिन्तन वा कल्पनाको तरङ्गको उपज नै भाव हो । भावले विचार पैदा गर्छ भने विचारले भाव उत्पन्न गर्छ । मान्छेको गुणमा रहने श्रद्धा, आस्था र सद्भावना पनि भावको परिधिभित्रै समेटिएका हुन्छन् ।

(ङ) प्रवृत्ति :
प्रवृत्ति मान्छेको स्वाभाविक गुण हो । मान्छेको मनको लगन र व्यवहारले उब्जाउने स्वभाव प्रवृत्ति हो । मान्छेको प्रवृत्तिले मान्छेको आचरण र विचारलाई बढावा दिएको हुन्छ । त्यस्तै, मान्छेको लक्ष्य तथा इच्छा प्रवर्द्धन गर्न पनि मान्छेको मानसिक झुकाव विशेष कार्यतर्फ बढेको हुन्छ । मान्छेको आचार र विचारले मान्छेको प्रवृत्तिलाई निश्चित गरेको हुन्छ ।

यी माथि उल्लिखित पाँच तàवहरू व्यक्तिमा विकास भएमा व्यक्तित्व परिवर्तन हुने कार्य जारी रहन्छ ।

यसलाई चित्रमा हेरौँ :




व्यक्तिको आचार र विचारले कर्म निर्धारण गर्छ । साथै, भाव र प्रवृत्तिले पनि कर्म निश्चित हुन्छ । व्यक्तिको कर्मले नै व्यक्तित्व स्थापित हुन्छ । व्यक्तिको आचार, विचार, भाव र प्रवृत्ति असल भएको खण्डमा उसको कर्म असल हुन्छ । कर्म असल भएपछि व्यक्तिको व्यक्तित्व पनि तदनुसार स्थापित हुन्छ भन्ने तथ्यलाई माथिको चित्रले देखाएको छ ।

मनोदशाका सकारात्मक एवं नकारात्मक पक्ष :
माथि उल्लेख भएका (क) आचार, (ख) विचार, (ग) कर्म, (घ) भाव र (ङ) प्रवृत्ति यी पाँचै तàवहरू आफैँमा सकारात्मक छन् । यी सकारात्मक हुन् एवं साधन मात्र हुन्, तर साध्य होइनन् । यी मानवीय गुणहरूलाई असल तथा खराब कोटीमा राखेर हेर्नुपर्दा यसरी हेर्न सकिन्छ :

| | मनोदशा | असल पक्ष | खराब पक्ष |
|---|---|---|---|
| (क) | आचार | सदाचार | कुआचार |
| (ख) | विचार | सद्विचार | कुविचार |
| (ग) | कर्म | सत्कर्म | कुकर्म |
| (घ) | भाव | सद्भाव | कुभाव |
| (ङ) | प्रवृत्ति | सद्प्रवृत्ति | कुप्रवृत्ति |

मानवीय असल गुण तथा खराब गुणलाई मानवीय गुण तàव आचार, विचार, कर्म, भाव र प्रवृत्तिलाई हेर्‍यौँ । असल तथा खराब पक्षहरूमा विभाजन गरी पाँच तàवलाई विभाजित गर्दा दस खण्डमा विभाजित गरेर राख्न सकिन्छ । गणितीय हिसाबले हामीसँग दस अङ्क नै छन् । यी दस अङ्कहरू नै गणितशास्त्रका मूल अङ्कहरू हुन् ।

अर्थात् १, २, ३, ४, ५, ६, ७, ८, ९, ० अङ्कलाई प्रयोग गरी असल र खराब पक्षका मनोदशालाई विभाजन गरिहेरौँ ।

| | | | |
|---|---|---|---|
| १. | सदाचार | २. | कुआचार |
| ३. | सत्विचार | ४. | कुविचार |
| ५. | सत्कर्म | ६. | कुकर्म |
| ७. | सत्भाव | ८. | कुभाव |
| ९. | सत्प्रवृत्ति | ०. | कुप्रवृत्ति |
| ................ | | ................... | |
| २५ | गुणपक्ष | २० | अवगुणपक्ष |

मानवीय गुण पक्षको योग २५ आएको छ भने अवगुण पक्षको योग २० आएको छ । २५ बाट २० घटाउँदा ५ अङ्क शेष हुन्छ । ५ को अङ्कमा सत्कर्म रहेको छ । त्यस्तै २० + २५ = ४५ । ४५ / ५ = ९ । ९ ले सत्वृत्तिलाई औँल्याउँछ । अङ्क ५ ले सत्कर्मलाई औँल्याएको हुँदा सत्कर्म गर्न सकिने वातावरण पैदा हुन सक्छ भन्ने तथ्यलाई प्रमाणित गरेको छ ।

मानव-मनोदशाको कमी-कमजोरीका बारेमा हामीले माथि सङ्क्षिप्त रूपमा मानव-मनोदशालाई हेर्‍यौँ । यसलाई सकारात्मक बाटोमा हिँडाउन सकिने तथ्यलाई पनि हामीले पहिल्याएका छौँ । मानवीय मनोदशा स्वाभाविक हो । यसलाई

असल पक्षमा ढालेर व्यक्ति, समुदाय र समाजले विवेकशील निर्णय लिन सक्ने अवस्थाको सृजना यो भ्रष्टविरोधी शास्त्रले गर्न सक्छ ।

# उचित तथा अनुचित कार्यको पहिचान
# (Identification of proper and improper activities)

समाजमा उचित तथा अनुचित कार्य भइरहेका हुन्छन् । जो जसले जस्तो कार्य गर्ने जिम्मेवारी पाएको हुन्छ, तिनीहरूले गर्ने कार्य उचित ढङ्गबाट गरिदिएको खण्डमा त्यस समाजको सर्वपक्षीय विकास द्रुत गतिमा भएको हुन्छ । जिम्मेवारी पाएका व्यक्ति, समुदाय वा संस्थाले अनुचित कार्य गरिदिएको खण्डमा त्यो समाजको सबै पक्ष कमजोर हुँदै जान्छ र विकासकार्य रोकिन्छ । त्यसैले उचित तथा अनुचित कार्यको पहिचान गर्न सकिने वातावरण पैदा गर्नुपर्ने आवश्यकता भएको हो ।

कुनै पनि कार्य गर्दा उचित कार्य मात्र गर्नुपर्छ । उचित कार्य गरिएमा मात्र गरिएको कार्यले सफलता पाएको हुन्छ । सफल तथा विकसित समाज निर्माण गर्न उचित कार्य गर्ने तथा गराउने वातावरण तयार गर्नुपर्छ । कुनै पनि कार्य गर्ने जिम्मा पाएका व्यक्ति, समुदाय तथा संस्थाहरूले उचित कार्य नै गर्नुपर्छ । त्यस्तो उचित तथा अनुचित दुवै किसिमका कार्यहरू विभिन्न जिम्मेवारी पाएका व्यक्ति, समुदाय तथा संस्थाबाट हुन सक्छन् । समाजमा त्यस्ता जिम्मेवार क्षेत्र धेरै भए पनि महaवपूर्ण निकाय वा क्षेत्रलाई विचार गरौँ । ती हुन् :

१) प्रशासनिक तथा न्यायिक अधिकार पाएका,
२) राज्यव्यवस्थामा सुरक्षाको जिम्मेवारी पाएका,
३) स्वास्थ्य तथा शिक्षासेवामा क्रियाशील भएका,
४) खेल तथा मनोरञ्जन क्षेत्रमा लागेका,
५) जनप्रतिनिधि तथा जनअधिकार पाएका,
६) उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रका,
७) सामाजिक सेवाकार्यमा संलग्न भएका ।

१) प्रशासनिक तथा न्यायिक अधिकार पाएका :
प्रशासनिक तथा न्यायिक अधिकार पाएका व्यक्ति वा संस्थाले कानुनले निर्देश गरेबमोजिम कार्य गर्नु-गराउनुपर्छ । कानुनको अपब्याख्या गरी वा कानुन मिचेर कुनै पनि कार्य गर्नु हुँदैन । साथै, कानुनको प्रयोग गर्ने अधिकारीले मानवीय विवेकलाई पनि प्रयोग गर्नुपर्छ । व्यक्ति वा संस्थाले पाएको अधिकारअनुसार कानुनको अपव्याख्या गर्दै गरेको कार्य तथा पाएको अधिकारको दुरुपयोग गर्दै गरेको कार्य अनुचित ठहर हुन्छ ।

२) राज्यव्यवस्थामा सुरक्षाको जिम्मेवारी पाएका :
राज्यव्यवस्थामा सुरक्षाको जिम्मेवारी पाएका व्यक्ति वा संस्थाले पाएको जिम्मेवारीको पूर्ण रूपले पालना गर्नुपर्छ । देशको रक्षा गर्ने जिम्मेवारी पाएको सैनिक होस् वा आन्तरिक सुरक्षाको जिम्मा लिएको प्रहरी होस् वा अन्य सुरक्षाको जिम्मा पाएको व्यक्ति वा संस्था होस्, सबैले आ-आफ्नो जिम्मेवारी पूर्ण रूपले पालना गरी राज्यव्यवस्थाले निर्दिष्ट गरेको कार्यमा इमानदारीपूर्बक लाग्नुपर्छ । राज्यव्यवस्थाले दिएको जिम्मेवारी पूरा नगर्ने व्यक्ति वा संस्था राज्यविरुद्धको अपराधी ठहर हुन्छ ।

३) स्वास्थ्य तथा शिक्षासेवामा क्रियाशील भएका :
स्वास्थ्य तथा शिक्षासेवामा क्रियाशील भएका व्यक्ति वा संस्थाले सेवाभावले नै कार्य गर्नुपर्छ । स्वास्थ्य र शिक्षाक्षेत्र मुनाफामूलक क्षेत्र होइनन्, यी त सेवाक्षेत्र हुन् । त्यसैले यी क्षेत्रमा सेवाभावले नै कार्य गर्नु-गराउनुपर्छ । विश्वका प्रायः धेरै मुलुकमा यी क्षेत्रलाई व्यवसायीकरण गरिएको छ, जो उचित होइन । सेवाकार्य सबै र सधैँ निःशुल्क हुन्छ र हुनुपर्छ ।

४) खेल तथा मनोरञ्जन क्षेत्रमा लागेका :
खेल तथा मनोरञ्जन क्षेत्रमा लागेका व्यक्ति वा निकाय देश र जनताप्रति पूर्ण इमानदार हुनुपर्छ । खेलजगत् राष्ट्रिय अस्मितासँग जोडिएकाले एक मुलुकको खेलाडी अर्को मुलुकसँग बिक्नु हुँदैन । धेरै खेलाडीहरू व्यक्ति वा संस्थागत रूपमा विपक्षीसँग मिलेमतो गरी जानाजान खेल हार्ने गर्छन्, जो अनुचित कार्य हो । त्यस्तै, मनोरञ्जनको नाममा जूवाघर ( क्यासिनो) तथा वेश्यालय जस्ता असामाजिक क्रियाकलाप हुने क्लब आदि खोल्न वा चलाउन मिल्दैन र हुँदैन ।

५) जनप्रतिनिधि तथा जनअधिकार पाएका :
जनप्रतिनिधि तथा जनअधिकार पाएका व्यक्ति वा संस्था सधैँ जनता तथा मुलुकप्रति जवाफदेही हुनुपर्छ । जनप्रतिनिधि भन्नाले स्थानीय निकायदेखि राष्ट्रिय निकायको उच्चतहसम्मलाई सम्झनुपर्छ । साथै, व्यवस्थापिका सभाका प्रतिनिधि, जो

जनताबाट प्रत्यक्ष वा परोक्ष निर्वाचन प्रणालीद्वारा छानिएका हुन्छन्, ती प्रतिनिधिहरू पनि यसै वर्गमा पर्छन् । ती जनप्रतिनिधिले आफ्नो जिम्मेवारी बिर्सेर व्यक्तिगत लाभ लिई गर्ने कार्यलाई अख्तियारको दुरुपयोग गरेको भनिन्छ । त्यति मात्र होइन, धेरै विकासोन्मुख मुलुकहरूमा सत्ताप्राप्तिका लागि व्यवस्थापिका वा संसद्का सदस्यहरूको मूल्यनिर्धारण भएर जनप्रतिनिधिहरू खरिद-बिक्री हुने गर्छन् । यस्तो जनप्रतिनिधिहरूको मूल्य निर्धारण हुने कार्य पूर्ण अनुचित कार्य हो । यस्तो कार्यलाई पूर्ण रूपले रोक्न सक्ने वातावरण सृजना गर्न सक्नुपर्छ ।

६) उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रका :
उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थाले आफ्नो व्यवसायप्रति पूर्ण इमानदार भई व्यवसाय सञ्चालन गर्नुपर्छ । व्यवसायमा विचलन आउनु हुँदैन । तर विकासोन्मुख मुलुकका उद्योगी, व्यापारी तथा व्यवसायी बढी नाफामूलक कार्यमा संलग्न रहेका हुन्छन् र व्यवसायप्रति इमानदार रहँदैनन् । गैरव्यावसायिक कार्य नै अनुचित कार्य हुने हुँदा त्यस्तो कार्यलाई रोक्न सक्ने कानुन तथा वातावरण तयार गर्न सक्नुपर्छ ।

७) सामाजिक सेवाकार्यमा संलग्न भएका :
सामाजिक सेवाकार्यमा संलग्न भएका व्यक्ति वा संस्था सेवाकार्यमा निःस्वार्थ रूपमा सेवारत हुनुपर्छ । अर्को देशको कुनै निकाय वा कुनै संस्थाको प्रलोभनमा परी समाजसेवाको नाममा व्यवसाय गर्ने व्यक्ति वा संस्थाले सेवाकार्यलाई व्यवसायीकरण गर्ने गरेका हुन्छन् । त्यस्तो व्यावसायिक कार्यले समाजमा सेवा दिन सकेको हुँदैन । यसका साथै विकासोन्मुख मुलुकहरूमा गैरसरकारी संस्थाको नाममा सञ्चालित त्यस्ता धेरै सामाजिक संस्थाहरू सेवाभन्दा नाफा गर्ने वा धन आर्जन गर्ने संस्थाका रूपमा क्रियाशील भएका हुन्छन्, जो अनुचित कार्य हो । त्यस्ता नाफामूलक सामाजिक संस्थालाई पूर्ण नियन्त्रण गर्न सक्नुपर्छ ।

उचित वा अनुचित कार्य गर्ने र हुने क्षेत्रका बारेमा सङ्क्षेपमा माथि उल्लेख गरियो । यी माथि उल्लेख भएका भन्दा अरू धेरै क्षेत्रहरू छन्, जहाँ उचित वा अनुचित कार्यहरू हुने गर्छन् । ती क्षेत्रहरूलाई पनि बिस्तारै पहिल्याउँदै अध्ययनको दायराभित्र ल्याउन सकिन्छ ।

उचित वा अनुचित कार्य गरेको प्रस्ट देखिँदैन, तर भएको कार्यको नतिजाले भने गरिएको कार्यलाई उचित कार्य हो वा अनुचित कार्य हो भनेर ठहर गर्न सक्छ । यस्तो उचित वा अनुचित कार्य गर्ने जिम्मेवारी बोकेका सबै क्षेत्रका तह र तप्काले गरेको कार्यलाई सूक्ष्म रूपले अध्ययन गर्न सक्ने निकाय पनि राज्यसंयन्त्रमा तयार गर्नु-गराउनुपर्छ । यसरी संयन्त्र तयार गर्दा बेग्लाबेग्लै क्षेत्रको बेग्लाबेग्लै संयन्त्र तयार हुनुपर्छ । त्यस्तो संयन्त्रले विभिन्न क्षेत्रमा भएगरेको कार्यलाई निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ, तब मात्र अनुचित कार्य गर्ने प्रवृत्ति निरुत्साहित हुँदै जान्छ ।

# नैतिक तथा आध्यात्मिक चेतना
## (Moral and spiritual consciousness)

नागरिक जीवनमा नैतिक चेतनाले विशेष महàव राखेको हुन्छ । चेतना मान्छेबाहेक अरू प्राणीमा पनि हुन्छ । तर मान्छेमा अरू प्राणीहरूभन्दा भिन्नै अर्थात् मानवीय प्रकृतिको चेतना भएको हुन्छ । त्यही नैतिक तथा आध्यात्मिक चेतनाका कारण नै मान्छे अरू प्राणीभन्दा भिन्न देखिएको हो । अर्थात् चेतनाको प्राकृतिक गुणले नै मान्छे भनेर चिनिएको हो । मान्छेमा नैतिक तथा आध्यात्मिक चेतना मात्र हुनु र नैतिक चेतना हुनुमा फरक छ । यही मानवीय चेतनाको उपजका कारणले गर्दा समाज र राज्यले उन्नति वा अवनति व्यहोर्नुपरेको हुन्छ ।

नैतिक चेतनायुक्त नागरिक आजको आवश्यकता हो । जुन समाजमा नैतिक चेतनायुक्त नागरिकको बसोबास हुन्छ, त्यो समाजको चौतर्फी विकास तीव्र रूपमा भएको हुन्छ । जुन देशका नागरिकले नैतिक चेतनायुक्त सोच, आचार र कर्म गरेका हुन्छन्, ती नागरिकले समाजमा महàवपूर्ण स्थान ओगट्न पुगेका हुन्छन् । त्यस्ता नागरिकले समाजमा विशेष स्थान प्राप्त गर्न समर्थ भएका हुन्छन् । यस किसिमका नागरिकहरू आफू र आफ्नो राष्ट्रलाई उन्नत बनाउन सफल भएका हुन्छन् ।

नैतिक चेतना :

नैतिक चेतना भन्नाले असल आचारयुक्त ज्ञानतàव भन्ने बुझिन्छ । त्यो ज्ञानतàवको पहिचान नागरिकको कर्मले देखाउँछ । यसको विकासक्रमलाई हेरौँ :

(१) सोच,

(२) आचार,

(३) कर्म :

(१) सोच :

चेतनाको पहिलो उपज हो सोच । सोचले राम्रो वा नराम्रो दुवै पक्षलाई अङ्गीकार गर्न सक्छ । नैतिक चेतनायुक्त व्यक्तिको सोच राम्रो पक्षमा नै हुने हुँदा उसको सोच राम्रो कर्मका लागि प्रारम्भ भएको हुन्छ । जुन प्रकार र विषयको सोच सुरु हुन्छ, त्यसको अन्त अर्थात् गन्तव्य पनि त्यसै स्थान र विषयमा गएर फैलिन्छ । त्यसैले सोच नै परिणामप्राप्तिको प्रारम्भिक अवस्था हो ।


(२) आचार :

आचार व्यक्तिको आचरण हो । जो व्यक्ति जुन समाजमा जन्मन्छ, त्यो समाजमा चलेको संस्कृतिले व्यक्तिको आचरण र व्यवहार निर्माण गर्छ । आचरणले मान्छेको पहिचान कायम गर्छ । आचरणले असल सोच र असल कार्यको प्रारम्भ गर्न सक्छ ।

(३) कर्म :

कर्म नै सोचको अन्तिम परिणाम हो । सोचले निश्चित बाटो तयार गर्छ अर्थात् योजना बनाउँछ । योजनाले कर्मसम्पन्नतामा जोड दिन्छ । कर्म नै सोचको अन्तिम पहुँचको विन्दु हो ।

नैतिक चेतनायुक्त नागरिकको सोचबाट समाज र राष्ट्रमा असल कार्य सुरु हुन सक्छ । नागरिकको नैतिक चेतना अर्थात् ज्ञानतàवबाट उत्पन्न हुने सोच, आचार र कर्मलाई चित्रमा हेरौँ :




माथिको चित्रमा नैतिक चेतनाको आडमा (१) सोच, (२) आचार र (३) कर्म, यी तीन तàव समानुपातिक रूपमा निर्माण भएका देखिन्छन् । नैतिक चेतनाको आडमा यी तीन तàव समावेश भएको नागरिक नै समाजमा असल नागरिक ठहर हुन्छ ।

नागरिकमा नैतिक चेतना आउनु भन्नु नै नागरिकले आफ्नो समाज र राज्यप्रतिको दायित्व बुझ्न सक्ने क्षमताको सृजना हुनु हो भन्ने बुझिन्छ । नागरिकमा भएको चेतनाले नागरिकलाई असल आचारयुक्त ज्ञान दिलाउँछ । त्यस्तो ज्ञानतàवयुक्त व्यक्ति समाज र राज्यको असल नागरिक बन्न सक्छ । असल नागरिकले मात्र समाज र राष्ट्रको विकास गर्न सक्छ । त्यसैले राज्यको दायित्व हुन्छ आफ्नो राज्यभित्र नैतिक चेतनायुक्त नागरिक तयार गर्ने । राज्यले असल नागरिकको उत्पादन गर्ने दायित्वबोध गरेपछि देशभित्र नागरिक बाँच्न सक्ने आर्थिक अवस्था सृजना गर्न सकिन्छ । आधारभूत शिक्षा प्रदान गर्ने व्यवस्था पनि राज्यले सिर्जना गर्न सक्नुपर्छ । त्यसरी नागरिकका आधारभूत आवश्यकता पूर्ति भएपछि नागरिक सचेत हुन पुग्छन् । सचेतना नै नैतिक चेतनाको प्रारम्भविन्दु हो ।

नैतिक चेतना अभिवृद्धि गर्नुपर्छ भन्ने आदर्शवादी नाराले मात्र नागरिकको जीवनमा नैतिक चेतना आउन सक्तैन । नैतिक चेतनायुक्त नागरिक तयार गर्न राज्यभित्र विशेष योजना हुनुपर्छ । किनभने राज्यले नै असल नागरिक बनाउने जिम्मा लिनुपर्छ । राज्यले गरेन भने पूर्ण रूपमा असल नागरिक तयार हुन सक्तैन । यसका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्छ । राज्यले सर्वप्रथम नागरिक बाँच्न सक्ने, बुझ्न सक्ने र राज्यबाट सुरक्षित छु भन्ने महसुस गर्न सक्ने अवस्थाको सृजना गर्न सक्नुपर्छ ।

राज्यका तर्फबाट आधारभूत शिक्षा दिने-दिलाउने कार्यका साथै आर्थिक अवस्था सुधार गर्ने कार्य गरेपछि मात्र नागरिकमा नैतिक चेतनाको वृद्धि हुन्छ । यसको स्थायित्वका लागि राज्यले त्यसलाई निरन्तरता दिनुपर्छ ।

नैतिक चेतनाको विकासक्रमलाई चित्रमा हेरौं :





राज्यको दायित्व नैतिक चेतनायुक्त नागरिक जीवनका लागि


माथिको नैतिक चेतनायुक्त नागरिक जीवनलाई पङ्खाका रूपमा चित्रित गरिएको छ । आधारभूत शिक्षा नागरिकले अनिवार्य पाउनुपर्छ । बाँच्न सक्ने आर्थिक अवस्था पनि हुनुपर्छ । त्यसपछि मात्र नागरिक समुदायमा चेतना वृद्धि हुन सक्छ । सामाजिक सचेतनाबाट नै नैतिक चेतना जागरण हुन सक्छ । यसरी नैतिक चेतनायुक्त नागरिकले आफ्नो समाजमा आवश्यक समस्याको समाधान गर्दै समाजको आर्थिक विकासमा जुट्न पुग्छ र अन्य समाजका सदस्यहरूलाई समेत सचेत गराउँदै पूर्ण समाजमा नैतिक चेतनाको जागरण गराउँछ । यो चक्र निरन्तर चलिरहने प्रकृतिको हुनुपर्छ । अनि त्यही गतिमा समाजको विकासले पनि आफ्नो गति कायम गर्छ ।

आध्यात्मिक चेतनाको विकास :
अध्यात्मिक चेतनाको विकासक्रमको इतिहास हजारौं वर्ष पुरानो छ । आध्यामिक चेतनालाई प्राचीनकालदेखि नै अभ्यासमा ल्याएका कारण नै विश्वमानव-समाजमा धेरै समुदायहरू सभ्य, सुसंस्कृत र विकसित देखिएका छन् । आध्यात्मिक चेतना प्रादुर्भाव हुने स्थानहरू हाल लोपोन्मुख अवस्थामा छन् । आध्यात्मिक र भौतिक विकासको होडबाजीमा भौतिक विकासले समाजमा बढी स्थान ओगटेको हुँदा पनि आध्यात्मिक ज्ञानको विकास कम हुँदै गएको देखिन्छ । तर आध्यात्मिक र भौतिक दुवै ज्ञान बराबर रूपमा विस्तार गरिने हो भने समाज-विकासको गति अझ तीव्र हुन सक्छ । यसको महàव र

आवश्यकता बुझ्ेर भौतिक र आध्यात्मिक ज्ञानको विकास गर्दा समाजमा भौतिक र आध्यात्मिक ज्ञानको विकास सन्तुलित रूपमा हुन सक्ने देखिन्छ । त्यसैले यसको अध्ययनलाई यहाँ समावेश गरेका छौँ ।


चेतना नै ज्ञानको पहिलो विन्दु हो । त्यसैले चेतनाका आधारमा आध्यात्मिक र भौतिक पक्षलाई केलाऊँ । आध्यात्मिक र भौतिक पक्षलाई देखाउन तीन बराबर सरल तरिकाबाट त्रिकोण निर्माण गरौं ।




माथि उल्लेख भएको आध्यात्मिक त्रिकोणमा चेतनाको सरल रेखामा ज्ञान तथा बुद्धिको सरल रेखाबाट निर्मित त्रिकोणको मूल केन्द्रमा विवेक स्थापित भएको देखिन्छ । किनभने विवेक आध्यात्मिक चेतनाको उपज हो । त्यस्तै अर्को भौतिक त्रिकोणको सरल रेखामा सोच र कर्मको सरल रेखाबाट निर्मित त्रिकोणको मूल केन्द्रमा भौतिक विकास स्थापित भएको देखिन्छ । एउटा त्रिकोणले विवेक पैदा गरेको छ भने अर्कोले विकास । यी दुवै मानवहित र समाजको विकासका लागि आवश्यक छन् ।

यी दुवै त्रिकोणलाई एक त्रिकोण अर्को त्रिकोणमा खाप्ता षट्कोण बन्छ, जो ज्ञानको मूल भण्डार बन्न पुग्छ ।




माथि चित्रित षट्कोण विश्वविख्यात सचेतना र ज्ञानको मूल भण्डार हो, जो आध्यात्मिक र भौतिक चेतनाबाट निर्मित दुवै बेग्लाबेग्लै त्रिकोणबाट निर्माण भएको छ । त्यसैले आध्यात्मिक पक्षलाई भौतिक विकासमा सँगसँगै लिएर जाँदा बढी उपलब्धि हासिल गर्न सकिन्छ भन्ने कुरा माथि चित्रित षट्कोणले प्रमाणित गरेको छ ।

नैतिक तथा आध्यात्मिक चेतना :

नागरिक जीवनमा नैतिक तथा आध्यात्मिक चेतनाको आवश्यकता पर्छ । त्यो आवश्यकताको परिपूर्ति नागरिक समाजले मात्र गर्न सक्तैन । त्यसलाई राज्यले समाजको बनोटअनुसार योजना बनाएर सञ्चालन गर्न सक्नुपर्छ । नैतिक चेतनाको प्रारम्भिक विन्दु सचेतना हो, त्यस्तै आध्यात्मिक चेतनाको मूल तaव पनि सामाजिक सचेतना नै हो । आध्यात्मिक चेतनाको विकास हुन समाजमा चलेको संस्कृतिले निश्चय गर्छ । राज्यबाट परम्परागत संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै आध्यात्मिक चेतनाको विकास गर्ने वातावरण तयार गर्नुपर्छ भन्ने कुरा यो भ्रष्टविरोधी शास्त्रको अध्ययनमा उल्लेख भइसकेको छ । त्यसैले नैतिक चेतना तथा आध्यात्मिक चेतनाको राज्यव्यवस्थाले नागरिकप्रति आफ्नो दायित्वबोध गरेर

नागरिकको जीवनस्तरलाई समयअनुसार विकसित गराउन सक्ने व्यवस्थाको सृजना गर्न सक्नुपर्छ । राज्यको सुविधायुक्त सेवाबाट मात्र नागरिक जीवनमा नैतिक तथा आध्यात्मिक चेतना अभिवृद्धि हुन सक्ने देखिन्छ, जो मानव र मानव-समाजको विकासका लागि अत्यावश्यक छ ।

# असल शासन
# (Good Governance)

विश्वका साना-ठूला सबै राज्यले सञ्चालन गरेका राज्यव्यवस्थाहरू असल शासन हुन् भनी भनिए तापनि असल शासन-पद्धतिको प्रत्याभूति हुनका लागि प्रजातान्त्रिक मुलुकमा त्यस देशका नागरिकहरूको मौलिक हक पूर्ण सुरक्षित भएको अवस्था हुनुपर्छ । अर्थात् असल शासनलाई नै नागरिकको अधिकारका रूपमा लिइन्छ । असल शासनमा राज्यव्यवस्थाले लिने निर्णय-प्रक्रियाका हरेक तहमा त्यस देशका नागरिकहरूको सक्रिय सहभागिता हुनुपर्छ, साथै कानुनले तोकेका कार्यहरू सम्बन्धित निकायबाट समयमै विधिसम्मत ढङ्गले सम्पन्न भएको हुनुपर्छ । राज्यको निर्णय गर्ने तहबाट भएको निर्णय र त्यसको कार्यान्वयन गर्ने जिम्मेवार व्यक्ति वा निकायबाट हुने कार्य ऐन-कानुनमा भएको प्रावधानअनुसार भएको हुनुपर्छ । त्यस्ता राज्यका विभिन्न तहबाट प्रत्याभूत भएका निर्णायक कार्यहरू त्यस देशका हरेक नागरिकले बुझ्न, अनुभव गर्न र अनुभूत गर्न सकेको अवस्थालाई नै असल शासन-पद्धति स्थापित भएको अवस्था मान्नुपर्छ ।

राज्यको नीति तथा विधि निर्माण गर्ने र त्यस्तो नीति तथा विधिको कार्यान्वयन गर्ने राज्यसंयन्त्रमा भ्रष्टाचार रहेसम्म असल शासनको परिकल्पना गर्न सकिँदैन । त्यसैले भ्रष्टाचार असल शासनको बाधक भएकाले नै असल शासनमा भ्रष्टाचार नियन्त्रित अवस्था रहेको हुनुपर्छ । अर्थात् भ्रष्टाचारको शून्य सहनशीलताको अवस्था रहेमा मात्र असल शासन सञ्चालन हुन सक्छ । त्यस्तो अवस्थामा नागरिकले राज्यको कुनै पनि निर्णय किन्नुपर्दैन, न्याय खरिद-बिक्री हुँदैन र नागरिकले सहज रूपमा आर्थिक, राजनीतिक, सामाजिक र कानुनी न्याय प्राप्त गर्न सक्तछन् ।

असल शासन भन्नाले राज्य र राज्यव्यवस्थामा क्रियाशील रहेका विभिन्न कानुनी संस्थाहरूद्वारा अधिकार प्रयोग गर्दा आम नागरिकको हित हुने कार्य गरिएको छ भन्ने बुझ्नुपर्दछ । यस्तो अधिकार प्रयोग गर्ने राज्य तहका पदाधिकारीहरूले सधैँभरि वैधानिकता, उत्तरदायित्व, पारदर्शिता, जनसहभागिता र सेवा-अभिमुखीकरणको सिद्धान्तलाई सम्मान र परिपालन गर्दै अघि बढ्नुपर्ने हुन्छ ।

राज्यको राजनीतिक व्यवस्था र शासकीय स्वरूपहरू भिन्न-भिन्न हुन सक्छन् । शासकीय स्वरूपका कारणले राज्यमा असल शासन सञ्चालन हुने होइन । जुनसुकै राजनीतिक व्यवस्थामा पनि असल शासन स्थापना गर्न असल शासनको सिद्धान्तको परिपालन भएको हुनुपर्छ । असल शासनका लागि नैतिकता, इमानदारी र विश्वासयुक्त समाजको आवश्यकता पर्छ । यसका अतिरिक्त यसका ६ अनिवार्य अङ्गका रूपमा समाहित भएका तàवहरू समावेश भएको हुनुपर्छ । ती ६ तàवहरू हुन् –

१. भ्रष्टाचार नियन्त्रित अवस्था,
२. कानुनी शासन,
३. स्थानीय स्वायत्त शासन,
४. पारदर्शिता,
५. सूचनाको हक
६. सार्वजनिक उत्तरदायित्व ।

१. भ्रष्टाचार नियन्त्रित अवस्था :
कुनै पनि समाज र राष्ट्रमा कानुन, नैतिकता र प्रजातन्त्र जस्ता सद्‌गुणको विरोधमा कार्य सञ्चालन भएसम्म भ्रष्टाचार बढ्ने क्रम जारी रहेको हुन्छ । यसरी भ्रष्टाचार विकसित हुँदै शासन-संयन्त्रमा भ्रष्टाचारले छापा मारेपछि असल शासनको त परिकल्पनासम्म पनि गर्न सकिँदैन । असल शासनको विरुद्धमा रहेको भ्रष्टाचारले मुलुकमा आर्थिक असमानता सिर्जना गर्ने मात्र होइन, समाजको नैतिक मूल्यलाई नै अवमूल्यन गर्दै अराजकता सिर्जना गर्छ । अराजकताले राजनीति अस्थिर गर्ने मात्र होइन, राज्यको अस्तित्वलाई नै समाप्त गर्नेसम्मको अवस्था सिर्जना गर्न सक्छ ।

असल शासनका लागि कानुनले तोकेको कार्यलाई ती निकायबाट कानुनद्वारा नै छिटो र छरितो ढङ्गबाट र गुणस्तरयुक्त तरिकाबाट कार्य सम्पन्न गर्न सक्नुपर्छ । निर्णयकर्ता र निर्णयको कार्यान्वयनकर्ताका बीचमा कुनै स्वार्थले काम रोकिनु हुँदैन र सेवाग्राहीले सुलभ तरिकाबाट सेवा प्राप्त गर्न सक्ने अवस्थाको विकास हुनुपर्छ । असल शासन-पद्धतिमा सानो वा ठूलो घुसको लेनदेन हुनु हुँदैन र अनिवार्य सेवाको सर्तबमोजिम सेवाप्रदायकबाट सेवा उपलब्ध हुनुपर्छ ।

भ्रष्टाचार नियन्त्रणका लागि कुनै एक व्यक्ति, समुदाय र निकाय मात्र सक्रिय भएर पुग्दैन । मुलुकको स्थायी तथा राजनीतिक सरकारले भ्रष्टाचारका विरुद्धमा विशेष योजना ल्याई भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ भनेर इच्छाशक्तिका साथ जनताप्रति प्रतिबद्धता र इमानदारी देखाउन सक्नुपर्छ । कानुनले अत्यधिक विवेकाधिकार प्रयोग गरी धेरै चलखेल गर्न सकिने वातावरण सिर्जना गर्नु हुँदैन । शासकीय तहमा आर्थिक क्रियाकलाप र बढी विवेकाधिकार प्रयोग गरिने क्षेत्र स्वभावतः भ्रष्टाचारी हुन सक्छ । त्यस्तो शासकीय तहमा क्रियाशील व्यक्ति वा समुदायलाई निगरानी गरी छानबिनको दायरामा ल्याउन सक्नुपर्दछ ।

भ्रष्टाचार नियन्त्रणका उपायहरूलाई उपचारात्मक उपायमार्फत मात्र नभई निषेधात्मक उपायमार्फतबाट पनि हेरिनुपर्छ । जुनसुकै उपायबाट भए पनि समाज भ्रष्टाचार नियन्त्रित अवस्थामा रहेमा मात्र असल शासन-पद्धतिको विकास हुन सक्छ । असल शासनको विकासका लागि भ्रष्टाचार नियन्त्रित समाजको निर्माण गर्न सक्नुपर्दछ ।

२. कानुनी शासन :

कानुनी शासनको अर्थ शासन-व्यवस्थाका सम्पूर्ण क्रियाकलापहरू कानुनद्वारा स्थापित तथा नियन्त्रित हुनु हो । कानुनी शासनले नागरिक र सरकारबीचको अन्तरसम्बन्ध र त्यससँग सम्बन्धित पद्धति र प्रक्रियाका बारेमा नागरिकहरूको चाहनाअनुसार व्यक्त गरेको हुन्छ । त्यस्तो संवेदनशील अन्तरसम्बन्धलाई दृष्टिगत गरी कानुनी शासनको विधि र नीतिको निरन्तर अभ्यासले मात्र कानुनी शासन स्थापित गर्न सकिन्छ ।

सरल अर्थमा भन्नुपर्दा कानुनी शासन भन्नाले कानुनमा आधारित, कानुनद्वारा निर्देशित तथा कानुनद्वारा अभिनिश्चित शासन-व्यवस्था भन्ने बुझिन्छ । साथै अर्को अर्थमा, प्रत्येक नागरिकहरूले कानुनलाई शिरोधार्य गर्नुपर्छ र कानुनद्वारा नै शासित हुनुपर्छ भन्ने भावनाको पनि विकास गर्नुपर्छ । सरकारको अख्तियारीमा रहेका र रहनुपर्ने नियमितता, सत्यता र कानुनी जिम्मेवारीहरूबाट सरकार स्वयं पनि पन्छन मिल्दैन । तसर्थ नागरिक र सरकारी सबै निकायहरू कानुनको शासनमा अनुबन्धित भएर चल्नुपर्ने हुन्छ ।

प्रजातान्त्रिक पद्धतिमा कानुनको शासन चल्न सकोस् भन्नका लागि सरकारका पृथक्-पृथक् अङ्गहरूले कानुनले तोकिदिएका काम मात्र गर्ने गरी कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको व्यवस्था गरियो र शक्ति-पृथक्कीकरणको सिद्धान्तका आधारमा एक निकायले अर्को निकायलाई दखल पार्न नसक्ने, हस्तक्षेप गर्न नमिल्ने र प्रभावमा पार्नसमेत नहुने र नमिल्ने गरी कानुनको सर्वमान्य सिद्धान्तलाई व्याख्या गर्दै प्रतिस्थापित भयो । यसैको आडमा विश्वमा प्रजातान्त्रिक व्यवस्थाहरू सुचारु रूपमा सञ्चालन भएका छन् । जुन मुलुकमा न्यायपालिकामाथि कार्यपालिका र व्यवस्थापिकाको हस्तक्षेप हुन्छ, कार्यपालिकामाथि व्यवस्थापिकाको (राजनीतिक) हस्तक्षेप हुन्छ र व्यवस्थापिकामाथि कार्यपालिकाको (राजनीतिक) हस्तक्षेप रहेको हुन्छ, त्यो देशमा शक्ति-पृथक्कीकरणको सिद्धान्तअनुसार कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका स्वतन्त्र हुनै सक्तैनन् । सरकारका यी तीनै अङ्गहरू एक-अर्काको प्रभावमा परेर चल्न थाले भने त्यस मुलुकमा प्रजातन्त्रले स्थायीत्व पाउन सक्तैन अर्थात् सरकार अस्थिर हुन्छ, न्यायपालिका कमजोर हुन्छ र कानुन फितलो हुन्छ । यस्तो अवस्थामा कानुनी शासनको सिद्धान्तले काम गर्दैन । कानुनको शासन सञ्चालन गर्न नागरिकहरू पनि त्यत्तिकै सक्षम हुनुपर्छ, जति कानुनले नागरिकलाई निर्देश गर्न खोजेको छ । राज्यले कानुन निर्माण गर्दा नागरिकहरूको चेतनास्तर जाँचेर मात्र कानुन निर्माण गर्नुपर्छ । जनतालाई बोझिलो हुने, जनताले बुझ्न नसक्ने र प्रचलित कानुनमा जनता अभ्यस्त हुन नसक्ने कानुन राज्यले तर्जुमा गर्न मिल्दैन । जनचाहना, जनआवश्यकता र जनस्वसञ्चालित हुन सक्ने कानुनको निर्माण हुनुपर्छ । त्यसैले कानुन भनेको जनताको आवश्यकता हो । व्यवस्थित कानुन जनतालाई न्याय प्रदान गर्न सक्ने हुनुपर्छ । त्यस्तो कानुनको व्यवस्था भएमा मात्र कानुनको शासन चलेको मान्नुपर्छ ।


कुनै पनि देशमा कानुन बनाउँदैमा त्यो कानुनले कानुनी मान्यता पाएको हुँदैन । कानुनी मान्यता पाउन त्यस देशका जनताको शिक्षा, आर्थिक अवस्था र राजनीतिक चेतनाका आधारमा शासन-व्यवस्था सञ्चालन गर्न सक्ने कानुनको निर्माण गर्नुपर्छ । यस सिद्धान्तका आधारमा बनेका संविधान, ऐन, नियम र विनियम मात्र लागू हुन सक्छन् । होइन भने कानुनको बाटो एकतर्फ र व्यक्ति, समुदाय र समाजको व्यवहार अर्कोतर्फ हुन गई कानुनको शासन चल्न सक्तैन । त्यसैले व्यक्ति र समुदायको चेतनाको स्तर, जातीय संस्कृति, सामाजिक व्यवहार र मूल्य-मान्यताका आधारमा निर्माण भएको कानुनले मात्र कानुनको शासन सञ्चालन गर्न सक्छ ।

कानुनको शासनका लागि पाँच तaवहरूको महaवपूर्ण स्थान छ । ती तaवहरू आपसमा समन्वयात्मक सम्बन्ध कायम गर्दै एकले अर्काको अधिकार, स्वतन्त्रता र सर्वोच्चता स्वीकार गरी त्यहीअनुसार व्यवहार गर्न सकेको हुनुपर्छ । ती पाँच

तàवहरू हुन् – सार्वभौम जनता, संविधान, कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका । यी पाँच स्वतन्त्र तàवहरू एक-आपसमा पूर्ण रूपमा गाँसिए पनि यिनीहरूको अस्तित्व भने पृथक् रूपमा कायम भएका हुन्छन् ।

यसलाई चित्रका माध्यमद्वारा यसरी हेर्न सकिन्छ –

कानुनी शासनरूपी तारा




यसलाई क्रमबद्ध रूपमा हेर्दा एक विन्दुबाट अर्को विन्दु क्रमशः जोडिएको छ । सार्वभौम जनता, व्यवस्थापिका, कार्यपालिका, संविधान र न्यायपालिका यसरी एक-आपसमा पूर्ण रूपमा सम्बन्धित रहेको देखिए पनि आफ्नो छुट्टै विन्दु कायम गरी तिनको स्वतन्त्र अस्तित्व पनि कायम भएको हुन्छ । जनताको विन्दुबाट सुरु भएको रेखा जनतामै आएर टुङ्गिँदा एउटा तारा तयार हुन्छ, जसलाई कानुनको शासनको तारा भन्न सकिन्छ ।

३. स्थानीय स्वायत्त शासन :
कुनै पनि राज्यको शासन-व्यवस्थामा जनताको सक्रिय सहभागिता नभएसम्म प्रजातान्त्रिक शासन-व्यवस्थाले सफलता पाउन सक्तैन । स्थानीय जनताको सहभागिता, सहयोग र सहमतिमा स्थानीय स्रोत-साधनको परिचालन गर्दै स्थानीय समस्याको समाधानका निम्ति स्थानीय निकायलाई अधिकारसम्पन्न गराउनु नै स्थानीय स्वायत्त शासन हो । राज्यव्यवस्थाले स्थानीय स्तरमा गर्नुपर्ने सम्पूर्ण कार्यहरू केन्द्रीय तहबाट मात्र गर्न सम्भव नहुने भएकाले स्थानीय तहका जेजस्ता समस्या छन्, जेजस्ता विकासका आवश्यकता छन् र जेजस्ता योजनाहरू सञ्चालन गर्दा स्थानीय बासिन्दाको जीवनस्तर उठ्न सक्छ, ती सबै समाधानका बाटाहरू पनि स्थानीय तहमै हुने हुन्छन् । त्यसैले स्थानीय जनतालाई संस्थागत रूपमा सङ्गठित गराउँदै स्थानीय तहको चौतर्फी विकास गर्नुपर्ने भएको हुँदा स्थानीय स्वायत्त शासनको आवश्यकता भएको हो ।

राज्यव्यवस्थाको केन्द्रीय तहमा जुनसुकै राजनीतिक व्यवस्था भए पनि र जस्तोसुकै शासकीय सत्ताको स्वरूप भए पनि तल्लो तहको गाउँ तथा नगरको विकास गर्न र त्यहाँ बसोबास गर्ने जनताको जीवनस्तर उठाउन स्थानीय स्वायत्त शासनको पद्धति स्थापित भएको हुनुपर्दछ । त्यस्तो स्थानीय स्वायत्त निकायलाई शक्तिविकेन्द्रीकरणको सिद्धान्तअनुसार आवश्यक सबै शक्ति स्थानीय रूपमा सञ्चालन हुन सक्ने व्यवस्था गर्न सक्नुपर्दछ । तब मात्र स्थानीय स्वायत्त शासन सञ्चालन हुन सक्छ ।

कुनै पनि राज्यमा स्थानीय निकायहरू सक्षम र बलिया नभएसम्म स्थानीय तहको विकास हुन सक्तैन र स्थानीय तहको विकास नभएमा प्रजातान्त्रिक व्यवस्था दिगो तथा बलियो हुन सक्तैन । प्रजातन्त्रको जग नै स्थानीय निकायहरू हुन् । वास्तवमा केन्द्रको बाधा-अवरोधविना स्थानीय स्वायत्त शासन सञ्चालन भएमा मात्र प्रजातान्त्रिक व्यवस्था सफल भएको मानिन्छ ।

४. शासनमा पारदर्शिता :
प्रजातान्त्रिक व्यवस्थालाई लामो अवधिसम्म सञ्चालन गर्न पारदर्शिताको सिद्धान्तलाई राज्यले स्वीकार गर्नुपर्ने हुन्छ । जुन राज्यव्यवस्थामा शासन-सञ्चालनको प्रणालीमा पारदर्शिता कायम गरिँदैन, त्यहाँ विकृति र विसङ्गति फैलिँदै भ्रष्टाचार फैलिने मौकाको विकास हुन्छ । भ्रष्टाचारका कारणले गर्दा शासन-व्यवस्थामा संलग्न व्यक्ति, समुदाय वा निकायहरू निरङ्कुश र स्वेच्छाचारी हुँदै तानाशाही बन्न पुग्छन्, जो प्रजातान्त्रिक व्यवस्थाको शत्रु हो ।

पारदर्शिताको अर्थ राज्यव्यवस्थाका सबै नीति-नियम, परम्परागत संस्कृति, राष्ट्रिय स्वतन्त्रता र स्वाधीनता, राष्ट्रिय सुरक्षाका लागि कायम गरिने सम्बन्धसमेतमा खुला नीति कायम हुनुपर्छ भन्ने होइन । जसरी मान्छेको शरीर प्रदर्शन गर्दा छोप्नुपर्ने स्थानमा छोपेर प्रदर्शन गरिन्छ, त्यसै गरी राज्यको मूल नीति तथा सिद्धान्तका साथै स्वाधीनता र राष्ट्रिय सुरक्षामा कुनै आँच नआउने गरी शासन-व्यवस्थामा पारदर्शिताको सिद्धान्तलाई राज्यले अवलम्बन गरेको हुनुपर्छ ।

राज्य-सञ्चालनको जिम्मा लिएको सरकारले नागरिकको हित र कल्याणका लागि केके योजना बनाएको छ र कसरी सञ्चालन गरेको छ भन्ने कुराको जानकारी लिने अधिकार सबै नागरिकको हुन्छ । पारदर्शिताको सिद्धान्तअनुसार राजनीतिकलगायत राज्यव्यवस्थाको कुनै पनि सार्वजनिक पद धारण गरेका पदाधिकारीद्वारा गरिने जस्तोसुकै निर्णय तथा कार्यका सम्बन्धमा सार्वजनिक छलफल र छानबिन गर्न सकिने हुनुपर्छ । यसरी पारदर्शी मान्यतालाई रक्षा हुने पद्धतिको

विकास हुँदा सार्वजनिक हितका लागि कार्यरत व्यक्ति, समूह र निकायबीच जानकारी तथा दायित्व आदानप्रदान हुने वातावरणको सिर्जना हुन्छ ।

प्रजातान्त्रिक शासन-प्रणालीमा पारदर्शिता कायम राख्नु जनताको नैसर्गिक अधिकार हो । जनप्रतिनिधिका रूपमा स्थापित सरकारले उचित ढङ्गबाट काम गरेको छ कि छैन, राज्य र जनताको हितमा नीति र कार्यक्रम सञ्चालन गर्न सकेको छ कि छैन र सार्वजनिक पदाधिकारीहरूबाट जिम्मेवारीपूर्ण कार्य हुन सकेको छ कि छैन भन्ने कुरा पारदर्शी व्यवहारबाट मात्र जान्न सकिन्छ । सङ्क्षेपमा भन्नुपर्दा पारदर्शिता खुला समाजको त्यस्तो तस्बिर हो, जहाँ कुनै पनि सार्वजनिक क्षेत्रमा क्रियाशील व्यक्ति, समुदाय र निकायको व्यवहार, आचरण र क्रियाकलापलाई सर्वसाधारण सबैले निरीक्षण र परीक्षण गर्न सक्छन् ।

पारदर्शी राजनीतिक व्यवस्थामा नागरिकलाई सार्वजनिक निर्णयबारे पर्याप्त जानकारी दिइन्छ । सरकारका हरेक किसिमका क्रियाकलापहरूको जानकारी नागरिकले पाउनुपर्छ । नागरिकको हितका लागि सञ्चालन भएका कुनै पनि कुरा सरकारबाट गोप्य राखिनु हुँदैन । राज्यव्यवस्थामा अधिकार प्रयोग गर्ने व्यक्ति तथा समुदायले आफ्ना काम-कार्वाहीहरूलाई समुचित ढङ्गले निर्देश गर्ने, नियमन गर्ने र नियन्त्रण गर्ने कार्य गर्दछ । त्यस्तो कार्यमा संलग्न हुनेहरूले जहिले पनि वैधानिकता, उत्तरदायित्व र पारदर्शिताको सिद्धान्तलाई परिपालन गर्दै आफ्ना क्रियाकलापलाई अघि बढाउनुपर्ने हुन्छ ।

सार्वजनिक सरोकारको निर्णय-प्रक्रिया पारदर्शी तथा छानबिनका लागि खुला हुनुपर्छ । कुनै पनि महaवपूर्ण विषयमा निर्णय गर्नेले सबैका लागि सहभागिता खुला गरी राष्ट्रिय एवं स्थानीय तहमा नागरिक समाजको बढीभन्दा बढी संलग्नता हुन सक्ने वातावरण सिर्जना गर्न सक्नुपर्छ । साथै, पारदर्शितालाई सुदृढ गर्न सूचना-प्रवाह पद्धतिको विकास गरी आम जनतामा आफैँ सहभागी भएको हुँ भन्ने भावनाको विकास गर्न सक्नुपर्छ । तब मात्र पारदर्शी सिद्धान्त अवलम्बन भएको मान्न सकिन्छ । यो भयो भने भ्रष्टाचार हुने सम्भावना कम हुन्छ ।

५. सूचनाको हक :
सूचनाको हक भनेको सूचना अर्थात् जानकारी लिने कार्य हो । वर्तमान प्रजातान्त्रिक युग भनेको सूचनाको युग हो । व्यक्ति, समुदाय र राष्ट्रको विकास गर्नका लागि सूचनाको अत्यन्तै महaव हुन्छ । सूचनाभन्दा बलियो अहिले केही छैन । मुलुकको सामाजिक, आर्थिक र राजनीतिक नीति-निर्माणका साथै व्यक्ति र समुदायको हक र स्वतन्त्रताको प्रत्याभूतिका लागि पनि सूचना चाहिन्छ । सूचनाले व्यक्ति र समुदायको मानसिक स्वास्थ्यलाई बलियो बनाई तिनीहरूको कार्यक्षमतालाई बढाएर सशक्तीकरण गर्न मद्दत गर्छ । यसबाट प्रभावकारी नागरिक समाजको विकास गरी प्रजातान्त्रिक अभ्यासलाई समाजमा स्थापित गर्न सक्छ ।

सूचनाको हकको महaवलाई बुझेर वर्तमान समयमा सबैजसो प्रजातान्त्रिक मुलुकहरूले यस सिद्धान्तलाई अख्तियार गर्न थालेका छन्, जो अत्यन्त आवश्यक पनि हो । प्रजातान्त्रिक पद्धतिको प्रतिपादित अवस्थामा सरकार वैधानिक हुन्छ । सरकारको वैधानिकता जनताको सहमति र समर्थनमा स्थापित भएको हुन्छ । जनसहभागिता जुटाउने, जनताले विचार व्यक्त गर्ने, जनताको सहमति कायम गर्ने काम सूचनामा जनताको पहुँचको स्थितिले निर्धारण गर्छ । त्यसैले प्रजातन्त्र, जनता र सरकारी क्रियाकलापको एक-आपसमा सम्बन्ध कायम राख्ने माध्यमका रूपमा सूचनाको हक स्थापित भएको छ ।

सूचनालाई दुई भागमा बाँडेर हेर्न सकिन्छ –
१. सक्रिय प्रकाशन,
२. निष्क्रिय प्रकाशन ।

सूचना पाउने व्यक्ति वा निकायले नमागीकनै सूचना प्राप्त गर्ने शैलीलाई सक्रिय प्रकाशन भनिन्छ भने मागेर मात्र सूचना पाउने तरिकालाई निष्क्रिय प्रकाशन भनिन्छ । सूचनाको सक्रिय प्रकाशन भनेको सूचनाको हकलाई पूर्ण रूपमा स्थापित अवस्था मान्नुपर्छ, जो प्रजातान्त्रिक, उत्तरदायी र प्रभावकारी हुन्छ ।

राज्यव्यवस्थामा क्रियाशील व्यक्ति, निकाय र सरकारबाट सूचनाको अपेक्षा गरिन्छ । तर त्यस्तो अपेक्षित सूचना माग गर्ने भन्ने सम्बन्धमा विचार गर्दा सूचनाको हक केवल सार्वजनिक महaवका सूचनाहरूसँग सम्बन्धित हुनुपर्छ । कुनै पनि सार्वजनिक महaवका सूचनाहरू लुकाउन मिल्दैन । त्यस्ता सूचनाहरू सक्रिय प्रकाशनका रूपमा प्रकाशित हुने वातावरण भएमा सूचनाको हक स्थापित भएको मान्नुपर्छ ।

६. सार्वजनिक उत्तरदायित्व :

वर्तमान युगमा विश्वका सबैजसो राज्यहरूले प्रजातान्त्रिक व्यवस्थाका माध्यमद्वारा राज्यव्यवस्था सञ्चालन गरेका छन् । जुन-जुन मुलुकहरूमा प्रजातान्त्रिक व्यवस्था छन्, ती-ती मुलुकहरूमा बिस्तारै सार्वजनिक उत्तरदायित्वको सिद्धान्तअनुसार राज्यव्यवस्था स्थापित हुने गरेको छ । सार्वजनिक उत्तरदायित्वले असल शासन कायम हुने, सरकार नागरिकप्रति संवेदनशील हुने, सामाजिक, आर्थिक एवं राजनीतिक संस्कारमा बिस्तारै परिमार्जित हुँदै जाने गर्छ । सार्वजनिक उत्तरदायित्व जति प्रभावकारी रूपमा लागू भएको हुन्छ, त्यति नै त्यस देशमा प्रजातन्त्र संस्थागत छ र जनमुखी सरकार छ भनेर भन्न सकिन्छ । नागरिकप्रति उत्तरदायी सरकार भएको देशमा सार्वजनिक उत्तरदायित्वका सम्बन्धमा सरकार निकै संवेदनशील हुनुपर्छ । साथै, नागरिक पनि त्यत्तिकै चनाखो हुँदै सरकारका प्रत्येक क्रियाकलापमा सहभागिता जनाउन सक्ने हुनुपर्छ ।

सार्वजनिक उत्तरदायित्व भन्नाले सार्वजनिक क्षेत्रमा पाएको अधिकार, काम-कर्तव्य र दायित्व आदि भूमिकाको पालन गर्न सकेको वा नसकेको अवस्थामा आफूलाई स्पष्ट प्रस्तुत गर्न सक्नु भन्ने बुझिन्छ । त्यो भनेको आफूले गरेको काममा कुनै-कतैबाट प्रश्न आएमा मनासिब र इमानदारीपूर्ण जवाफ दिन सक्ने अवस्था हो । यस्तो अनिवार्य जवाफ दिनुपर्ने व्यवस्था भएमा सार्वजनिक उत्तरदायित्वको राम्रो व्यवस्था लागू भएको भन्न सकिन्छ । यस व्यवस्थाले सार्वजनिक पद धारण गरेका वा अधिकारप्राप्त व्यक्ति, समूह वा सङ्गठन पूर्ण रूपले मुलुक, राज्य र जनताप्रति उत्तरदायी भएको ठहरिन्छ । सार्वजनिक जिम्मेवारी पाएको वा कुनै शक्तिकेन्द्रमा पद पाएको व्यक्तिले सार्वजनिक उत्तरदायित्व बहन नगर्दा त्यस्तो सार्वजनिक पद निजी पदजस्तो हुने र पाएको अधिकारको दुरुपयोग भई भ्रष्टाचार हुने सम्भावना हुने हुँदा पनि प्रजातान्त्रिक मुलुकमा सार्वजनिक दायित्वको महàव बढेको हो ।

सार्वजनिक दायित्वका बारेमा विचार गर्दा (क) सार्वजनिक दायित्वको वैधानिकता, र (ख) राज्यका विभिन्न निकायमा सार्वजनिक उत्तरदायित्वका बारेमा पनि विचार गर्नुपर्ने हुन्छ ।

(क) सार्वजनिक दायित्वको वैधानिकता :

सार्वजनिक दायित्वले वैधानिकता पाउन र यो व्यवस्था लागू हुनमा निम्न तीन तàवहरू क्रियाशील भएको हुनुपर्छ –

१. कानुनी व्यवस्था,
२. नैतिकता,
३. सजगता ।

कानुनी व्यवस्था :

सार्वजनिक दायित्वलाई कायम राख्न राज्यद्वारा कानुन निर्माण गरेर दायित्व तोकिएको हुनुपर्छ । मुलुकको मूल कानुन संविधान र त्यसअन्तर्गत बनेका ऐन, नियम र विनियममा सार्वजनिक दायित्वका बारेमा उल्लेख भएका हुन्छन् । यसरी ऐन-नियमले निर्दिष्ट गरेको कार्यलाई सार्वजनिक पद धारण गर्ने व्यक्ति, समुदाय वा सरकारले पालन गरेको हुनुपर्छ । त्यस्तो तोकिएको दायित्व पूरा गर्न बाध्यात्मक हुन्छ र तोकिएको दायित्व पूरा गर्न नसक्नेले राज्यद्वारा सजाय पनि पाउने गर्छ । यो कानुनी व्यवस्थाले नै सार्वजनिक दायित्व पूरा गर्न महàवपूर्ण भूमिका खेलेको हुन्छ ।

नैतिकता :

सार्वजनिक जिम्मेवारी प्राप्त गरेका व्यक्ति, समूह वा संस्थाले कानुनले नतोकेको अवस्थामा पनि आफ्नो उत्तरदायित्वबाट पन्छिन मिल्दैन । कुनै जिम्मेवारीको दायित्व बहन गर्नेबित्तिकै नैतिक जिम्मेवारी पनि स्वतः आउँछ । यो नैतिक जिम्मेवारी भनेको कानुनले तोकेको जिम्मेवारीभन्दा बढी प्रभावकारी हुन्छ । किनभने कानुनका दफामा उल्लेख भएका वाक्यहरू व्याख्या हुन सक्छन्, तर नैतिक धरातलमा उभिएको नैतिक दायित्व व्याख्यातीत हुन्छ । नैतिक जिम्मेवार वा जनउत्तरदायी व्यक्तित्वले निर्वाह गर्नुपर्ने कानुनले निर्दिष्ट गरेको बाहेकका सबै जिम्मेवारीका विषय वैधानिक दायित्वभित्र पर्छन् । त्यसैले नैतिकताबाट उत्पन्न हुने दायित्व लेखिएका हुँदैनन्, तर दायित्व निर्वाह हुँदा स्पष्ट देखिएका हुन्छन् ।

सजगता :

सार्वजनिक उत्तरदायित्व भिन्न-भिन्न स्तर कायम गर्दै प्रस्तुत हुने गरेका हुन्छन् । राज्य वा समाजको बनोट, परम्परा र जनचेतना आदिले सार्वजनिक उत्तरदायित्वको स्तरलाई कायम गरेका हुन्छन् । त्यस्तो जुनसुकै स्तरको सार्वजनिक उत्तरदायित्व हुने भए पनि यसको उत्पत्तिको अर्को स्रोत सजगता पनि हो । जनस्तरमा सजगता कायम छ भन्ने तथ्यलाई स्वीकार गरेर दायित्व बहन गर्ने व्यक्ति, समूह वा संस्थाहरूले सजग भएर सार्वजनिक उत्तरदायित्व निर्वाह गर्ने गरेका हुन्छन् । सजगताले सधैं सकारात्मक नतिजा दिने हुँदा उत्तरदायित्वजस्तो महàवपूर्ण एवं जिम्मेवार कार्यलाई त्यसले सही दिशाबोध गराएको हुन्छ । सर्वसाधारण जनता सजग हुनुपर्ने कारण किन महàवपूर्ण हुन्छ भने त्यही धरातलबाट उठेर

व्यक्ति, समूह र संस्था सार्वजनिक पदमा पुग्ने गरेका हुन्छन् । त्यसैले व्यक्ति, समुदाय र समाजमा सजगता कायम गर्न सकियो भने सार्वजनिक उत्तरदायित्व कायम रहन सक्छ ।

(ख) राज्यका विभिन्न निकायमा सार्वजनिक उत्तरदायित्व :
राज्यका विभिन्न निकायका सार्वजनिक उत्तरदायित्वहरूलाई राजनीतिक र प्रशासनिक क्षेत्रको उत्तरदायित्व तथा सार्वजनिक दायित्व र जनताको जिम्मेवारीको विषयमा छुट्याई यसप्रकार व्याख्या गर्न सकिन्छ –


राजनीतिक क्षेत्रको उत्तरदायित्व :
कुनै पनि मुलुकको राज्यसञ्चालन गर्न राजनीतिक दल वा राजनीतिक विचारसँग सम्बन्धित निकायले कार्यपालिकाको प्रमुखको स्थान पाएको हुन्छ । राजकीय सत्ता सञ्चालन गर्ने राजा, राष्ट्रपति, सैनिक शासक, प्रधानमन्त्री वा सामूहिक नेतृत्वले कार्यपालिकाको जिम्मा पाएको व्यक्ति वा समूहले मुलुकभित्र स्थापित स्थायी सरकारका रूपमा चिनिने प्रशासनिक संयन्त्रलाई नेतृत्व प्रदान गर्दछ । कुनै पनि रूपमा सत्तामा पुगेको भए पनि सत्ता सञ्चालन भएसम्म राज्यव्यवस्थाको अधिकार राजनीतिक क्षेत्र वा निकायले पाएको हुन्छ । यसरी सरकारको नेतृत्व ग्रहण गरेको राजनीतिक दल वा राजनीतिक निकाय सार्वजनिक उत्तरदायित्वबाट पन्छन मिल्दैन । सत्तामा रहेका राजनीतिक क्षेत्रका व्यक्ति वा समुदाय सर्वसाधारण जनतादेखि सबै क्षेत्रप्रति पूर्ण उत्तरदायी कायम रहेको अवस्था रहनुपर्छ ।

प्रशासनिक क्षेत्रको उत्तरदायित्व :
कुनै पनि मुलुकको राज्यसञ्चालनको जिम्मा त्यस देशको स्थायी सरकारको रूपमा क्रियाशील राष्ट्रसेवकहरूलाई दिइएको हुन्छ । राज्यका नीति तथा सिद्धान्तहरूको प्रतिपादनदेखि राज्यद्वारा निर्देशित सिद्धान्तलाई पूर्ण रूपले पालन गराउने कार्यको जिम्मा पनि यही समुदायले पाएको हुन्छ । राजनीतिक व्यक्ति वा समुदाय सरकारमा आउने-जाने क्रम चलिरहन्छ, तर मुलुकको प्रशासनको जिम्मा पाएको यो राष्ट्रसेवक स्थिर रूपमा रहेको हुन्छ । सार्वजनिक सरोकारका प्रत्येक साना वा ठूला विषयको नीतिगत निर्णय गर्ने, त्यस्तो नीति-नियमलाई पालन गर्ने-गराउने र जनता तथा राष्ट्रका बीचमा बसेर दुवैको सेवा गर्ने कार्य पनि यही क्षेत्रले गर्ने हुँदा यो प्रशासनिक क्षेत्रको पूर्ण रूपमा उत्तरदायित्व कायम रहेको हुनुपर्छ । यो क्षेत्र आफ्नो कार्यप्रति उत्तरदायी भएन भने भ्रष्टताले जालो फिँजाउने मौका पाउँछ र बिस्तारै यो प्रशासन क्षेत्र भ्रष्टाचारको अखडाका रूपमा स्थापित हुन पुग्छ ।

सार्वजनिक दायित्व र जनताको जिम्मेवारी :
वर्तमानको राज्यव्यवस्थामा जनताको प्रमुख भूमिका रहेको हुन्छ । सर्वसाधारण जनता राज्यद्वारा शासितका रूपमा रहे पनि समय-समयमा जनता नै सार्वभौमसत्तासम्पन्न राज्यको सम्प्रभुताको प्रतीक र राज्यशक्तिको स्रोतका रूपमा प्रस्तुत भएर निर्णायकका रूपमा स्थापित भएका हुन्छन् । जनताद्वारा निर्वाचित जनप्रतिनिधिद्वारा मुलुकको विधायिका सञ्चालन भएर तिनले राज्यव्यवस्थालाई आवश्यक सबै किसिमका सार्वजनिक पदहरू सिर्जना गर्ने अधिकार पाएका हुन्छन् । यसका अतिरिक्त राज्यलाई दिशानिर्देश गर्ने, आवश्यक कानुनको निर्माण गर्ने र राज्यव्यवस्थालाई सञ्चालन गर्नका लागि सबै किसिमका आवश्यक तaवको निर्माण गर्ने अधिकारसमेत पाएका जनप्रतिनिधिहरू जनताकै आडमा निर्मित हुने भएकाले पनि जनता राज्यशक्तिका स्रोत हुन् भन्ने प्रमाणित भएको हो । जनता सचेत भएर असल नागरिकमा हुनुपर्ने गुण विकसित गर्ने जिम्मेवारी पनि जनताको नै हो । तर जनताको नाममा अशिक्षित, बेरोजगार र गैरजिम्मेवार मान्छेको जमातबाट कुनै हालतमा पनि सार्वजनिक उत्तरदायित्व कायम गर्न र गराउन सकिँदैन । त्यसैले जनता सचेत छन्, सक्रिय छन् र जिम्मेवार व्यक्ति वा समुदायसँग जवाफ माग्न सक्ने क्षमताका छन् भने सार्वजनिक उत्तरदायित्वको अवस्था पनि प्रभावकारी रूपमा स्थापित हुन सक्छ । त्यसैले सार्वजनिक उत्तरदायित्व कायम गर्न जनताको पनि जिम्मेवारी छ भनेर बुझ्न सक्नुपर्छ ।

मुलुकमा सार्वजनिक पदमा रहेका र सार्वजनिक जिम्मेवारी पाएका व्यक्ति, समूह वा निकायमा सार्वजनिक उत्तरदायित्व बहन गर्ने स्वच्छ अवस्था सिर्जना गर्न सकियो भने भ्रष्टाचार नियन्त्रित अवस्थामा रहन सक्छ । सार्वजनिक उत्तरदायित्वलाई मूल विषय बनाई शक्तिको नियन्त्रण र सन्तुलनका आधारमा चित्रका माध्यमद्वारा यसरी हेर्न सकिन्छ ।


सर्वसाधारण जनता, राज्यव्यवस्था र सार्वजनिक उत्तरदायित्व




चित्रमा अङ्कित सर्वसाधारण जनता तल्लो धरातलमा उभिएका हुन्छन्, तापनि समय र परिस्थितिले राजकीय सत्ताको स्रोतका रूपमा प्रयोग हुँदा उनीहरूको सर्वोच्चता देखिन्छ । विधायिका निर्माण गर्ने मूल भूमिका पनि जनताले पाएका छन् । त्यसैले सत्तासीन व्यक्ति र निकायहरू सर्वसाधारणप्रति पूर्ण उत्तरदायी हुनुपर्छ । नैतिकता, कानुन र सजगता जस्ता महàवपूर्ण तàवहरू सर्वसाधारण जनता, विधायिका, न्यायपालिका र कार्यपालिकाका सबै अङ्गहरूले अङ्गिकार गरी सार्वजनिक उत्तरदायित्व पूर्ण रूपले पालन गर्नुपर्ने अवस्था लागू भएको हुनुपर्छ । यसबाट भ्रष्टाचारजन्य कार्य निरुत्साहित हुँदै भ्रष्टाचार नियन्त्रणको अवस्था सिर्जना हुन्छ ।

असल शासनका लागि उपर्युक्त ६ महàवपूर्ण तàवहरूको अध्ययन भयो । यी महàवपूर्ण ६ तàवहरू असल शासनमा गएर कसरी समाहित हुन्छन् भन्ने कुरा चित्रद्वारा पनि अध्ययन गर्न सक्छौं ।

<u>असल शासनको चित्रद्वारा अध्ययन</u>




(६ रेखा क्रमशः (१) भ्रष्टाचार नियन्त्रण, (२) कानुनको शासन, (३) स्थानीय स्वायत्त शासन, (४) पारदर्शिता, (५) सूचनाको हक, (६) सार्वजनिक उत्तरदायित्व)

असल शासनका नीति तथा सिद्धान्तहरू एकमुस्ट रूपमा असल शासन-पद्धति विकासको घेराभित्र ढाकिएर राज्यव्यवस्थामा प्रवेश गरेका हुन्छन् । यसरी एकै विन्दुबाट मुस्लोका रूपमा प्रवेश गरेका ६ तàवहरूले राज्यमा असल शासनको प्रत्याभूति दिन सक्छन् भन्नेमा पूर्ण विश्वास लिन सकिन्छ ।

भ्रष्टविरोधी शास्त्रका दृष्टिले हेर्नुपर्दा जुन देशको शासन-व्यवस्थामा उचित कानुनका माध्यमद्वारा शासन सञ्चालन हुन्छ, कानुनी शासनको मान्यताअनुसार कानुनको सर्वोच्चतालाई ग्रहण गरी न्याय सम्पादन गरिन्छ, सबै तहका सरकारी निकायको काम-कार्वाहीमा पारदर्शिता हुन्छ, सरकारी स्तरका सबै क्रियाकलापहरू जनताप्रति उत्तरदायी हुन्छन् र भ्रष्टाचारमुक्त समाजको स्थापना भएको हुन्छ, त्यही नै असल शासन-व्यवस्था हो । अर्थात् असल शासनको मूल आधारका रूपमा भ्रष्टविरोधी शास्त्र स्थापित भएको छ ।

# कालो धनको नियन्त्रण
# (Control of black property)

विश्वमा धन कमाउने होडबाजी सुरु भएपछि धनलाई पनि दुई वर्गमा विभाजित गरेर हेर्न थालियो । जुन धन सामान्य उद्योगधन्दा, व्यापार तथा सीप-बिक्रीबाट आर्जन हुन्छ, त्यो धनलाई वैध धन भनियो । त्यस्तै, असाधारण तथा अवैध रूपले कमाएको धनलाई अवैध अर्थात् कालो धन भन्न थालियो । यो धनको वर्गीकरण पहिले थिएन । किनभने त्यस बखत गरिने क्रियाकलापलाई वैध र अवैध भनी किटान गर्ने व्यवस्था थिएन । तर वर्तमान आधुनिक युगमा धनको वर्गीकरण गरी छुट्याएर हेर्न थालियो । सार्वजनिक रूपमा देख्न सकिने धनलाई वैध धन भनियो भने जुन धन नदेखिने रूपले रहेको छ, त्यसलाई कालो धन भन्न थालियो । वर्तमान विश्वको सबै भागमा कालो धनको बाहुल्य रहन थालेको हुँदा यसका बारेमा गहिरिएर विचार गर्नुपर्ने आवश्यकता देखियो ।

कालो धन अर्थात् अवैध धन त्यो धन हो, जो स्पष्ट रूपमा नदेखिने अवस्थामा विभिन्न किसिमका बजारमा कारोबारमा सम्मिलित भएको हुन्छ । बढी वा घटी जुनसुकै परिमाणमा कारोबार भए पनि सर्वसाधारण भने त्यस्तो कारोबारका बारेमा अनभिज्ञ हुने गरेका हुन्छन् । जसले वा जुन तहले कालो धनको कारोबार गरेको छ, त्यो व्यक्ति, समुदाय वा तहलाई मात्र कालो धनको कारोबार गरेको जानकारी हुने हुँदा यो कारोबारको प्रकृति खुला हुँदैन । यस्तो भूमिगत रूपमा हुने कारोबार अवैध वस्तु तथा सामग्रीमा विनिमय हुँदै पुनः धनमा परिवर्तित हुने गर्छ । यसरी कालो धन विनिमय हुँदै यो परिवर्तित हुने हुँदा यसको प्रत्येक परिवर्तनमा धनको परिमाण भने बढ्ने गरेकाले पनि यसको कारोबारमा तीव्रता आएको हुन्छ ।

सबैजसो मुलुकहरूमा कालो धनको कारोबारको प्रकृति एउटै किसिमको देखिन्छ । मुलुकको कानुनद्वारा प्रतिबन्धित वस्तु, सेवा र सामग्रीको खरिद-बिक्रीमा यस्तो धन प्रयोग भएको हुन्छ । धेरैजसो विकासोन्मुख मुलुकमा यस्तो अवैध धन राजनीतिक परिवर्तनका लागि खर्चिएको हुन्छ । कतिपय देशहरूमा आतङ्ककारी गतिविधिलाई तीव्रता दिन पनि कालो धनको प्रयोग हुने गर्छ । त्यसैले विकासोन्मुख मुलुकको राज्यसत्ता परिवर्तनमा कालो धनले विशेष भूमिका निर्वाह गरेको हुन्छ । यो सत्यलाई सबै सत्तारूढ व्यक्ति तथा समुदायले स्वीकारेका छन् । तर पनि जनताका सामु भने त्यस्तो कटु सत्यलाई खुलासा गर्न सक्तैनन् ।

कालो धनका दुई विशेषता हुन्छन् :
(१) कालो धन लुकेर बस्छ,
(२) लुकेरै बसे पनि कार्य सम्पन्न गरेर छाड्छ ।

यस्तो विशेषता बोकेको कालो धनबाट सबैजसो मुलुकका सत्तासिन व्यक्ति र समुदायले लाभ लिइरहेका हुन्छन् । विश्वका सबैजसो राष्ट्रका सत्तासिन व्यक्तिहरूले सफेदपोसको पहिरनमा सजिएर आफ्नो अनुहार जति चम्काएका हुन्छन्, वास्तविक रूपमा तिनीहरूको अनुहार त्यति प्रस्ट तथा चम्किलो हुँदैन । यो सत्य जनतालाई भन्दा ती सत्तारूढ व्यक्ति तथा समुदायलाई बढी जानकारी हुन्छ । यो पनि कालो धनको विशेषता हो ।

उल्लिखित कथनअनुसार कालो धन लुकेर बस्छ र लुकेर बसे पनि आफ्नो क्रियाकलापलाई सम्पन्न गरी छोड्छ भन्ने बुझियो । कालो धनका अन्तरनिहित तàवलाई निम्न तीन वर्गमा विभाजित गरी हेर्न सकिन्छ :
(१) आतङ्ककारी गतिविधि,
(२) अवैध वस्तुको कारोबार,
(३) असामाजिक क्रियाकलाप ।

(१) आतङ्ककारी गतिविधि :
कालो धनले व्यक्ति वा समुदायमा आतङ्ककारी गतिविधि सञ्चालन गर्ने इच्छा जागरण गराउँछ । त्यस्तो आतङ्ककारी गतिविधिका प्रमुख दुई उद्देश्य रहेका हुन्छन् । ती हुन् :
(क) धार्मिक एवं जातीय पहिचानको संरक्षण,
(ख) राज्यसत्ता कब्जा गर्ने लालसा ।

(क) धार्मिक एवं जातीय पहिचानको संरक्षणका लागि अर्को धर्म र जातिप्रति आक्रमण गर्ने क्रियाकलापले आतङ्कलाई जन्म दिन्छ । यसबाट दुवै पक्ष आतङ्कको भुमरीमा फस्छन् । तर उपलब्धि भने शून्य हुन्छ । किनभने कालो धनको प्रयोगद्वारा स्थापना भएको आतङ्ककारी गतिविधिको समय कालो धनको प्रयोगले निर्धारण गर्छ । त्यसैले कालो धनले उब्जाएको

घटनाको स्थायीत्व हुन सक्तैन । कालो धनले केवल आतङ्क फैलाउँछ, दुःख दिन्छ र समाजलाई नोक्सान मात्र गर्छ । तर यस्तो गतिविधिले कहिलेकाहीँ क्षणिक सफलता पाएको देखिए पनि अन्त्यमा उपलब्धिहीन नै देखिएको छ ।

(ख) राज्यसत्ता कब्जा गर्ने लालसाका कारण मुलुकभित्र र बाहिर आतङ्ककारी गतिविधि बढेको हुन्छ । राज्यसत्ता कब्जा गर्ने महत्वाकाङ्क्षी व्यक्ति वा समुदायले कालो धनबाट दुई किसिमका क्रियाकलाप अपनाई सत्ता कब्जा गर्ने योजना बनाएका हुन्छन् :

(१) प्रजातान्त्रिक बाटो,
(२) अप्रजातान्त्रिक बाटो ।

(१) प्रजातान्त्रिक बाटोबाट राज्यसत्ता कब्जा गर्न जनताको सम्पर्कमा गएजस्तो देखाउने गरिन्छ । जनतालाई अनेक प्रलोभन दिएर निर्वाचन प्रयोजनका लागि कालो धन खर्चिएर जनप्रतिनिधि बन्न सकिन्छ । यो प्रक्रिया प्रजातान्त्रिक देखिए पनि स्वीकार्य व्यवस्था भने होइन । तर यो तरिका सबैजसो विकासोन्मुख मुलुकहरूमा प्रयोगमा आएको हुन्छ, जसलाई प्रजातन्त्रको सङ्ज्ञा दिइएको हुन्छ । यो पूर्ण अप्रजातान्त्रिक अभ्यास हो, तर विकासोन्मुख मुलुकहरूमा यसैलाई प्रजातन्त्र भनिन्छ ।

(२) अप्रजातान्त्रिक बाटो भनेको राज्यसत्ताविरुद्ध जाति, धर्म र समुदायको गुट तयार गरी राज्यविरुद्ध जनता भड्काउने र राज्यव्यवस्थालाई काम गर्न नदिने वातावरण तयार गर्ने हो । खास गरी विकासोन्मुख मुलुकमा यस्तो अप्रजातान्त्रिक क्रियाकलाप बढाएर राज्यव्यवस्था कमजोर बनाउने काम कालो धनको माध्यमद्वारा हुन्छ । कालो धनको प्रयोगका उद्देश्यहरू हुन्छन् मुलुकभित्र द्वन्द्व फैलाउनु एवं आतङ्क मच्चाउनु र त्यसको आडमा सत्ता कब्जा गरी पुनः कालो धन सङ्कलन गर्नु । यो चक्रीय प्रणालीले गर्दा कालो धनको सङ्कलन रोकिने सम्भावना देखिँदैन, तापनि यसको पहिचानपछि यसको आवश्यक व्यवस्थापन भने गर्न सकिन्छ भन्ने विश्वास लिनुपर्छ ।

(२) अवैध वस्तुको कारोबार :
कालो धनबाट अवैध वस्तुको कारोबार हुने गर्छ । किनभने कालो धन स्वयंमा अवैध हो । त्यस कारणले यसले अवैध वस्तुको कारोबार सुरु गर्छ । यसले निम्न अवैध वस्तुहरूको कारोबार गर्ने गरेको छ :
(क) लागूपदार्थ,
(ख) प्रतिबन्धित वस्तु,
(ग) हिंसात्मक हतियार ।

(क) लागूपदार्थको उत्पादन गर्न र त्यस्तो उत्पादित पदार्थ अर्को देशमा ओसारपसार गरेर बिक्री गर्न कानुनले वर्जित गरेको छ । तर पनि विश्वका धेरै मुलुकमा अनेक प्रकारका लागूपदार्थ उत्पादन हुन्छन् । ती पदार्थहरू आवश्यकताअनुसार सबै मुलुकमा पुग्ने गरेका छन् । यसरी लागूपदार्थ उत्पादन गर्ने, त्यसलाई अर्को देशसम्म ओसारपसार गर्ने र बिक्री-वितरण गर्ने कामसमेत कालो धनको माध्यमद्वारा हुने गरेको छ । विश्वका सबै मुलुकहरूमा लुकेको धनको माध्यमद्वारा यस्तो अवैध लागूपदार्थ एक ठाउँबाट अर्को ठाउँमा लुकाएर नै पुऱ्याउने गरिएको हुन्छ । लागूपदार्थ लुकाएर कारोबार हुने गरे पनि प्रयोग भने खुला रूपमा हुने गरेको छ । यसरी व्यापारमा लगानी हुने कालो धन प्रस्ट रूपमा देखिएको हुन्छ ।

(ख) प्रतिबन्धित वस्तुहरूको ओसारपसार पनि कालो धनकै माध्यमद्वारा हुने गर्छ । कुनै देशले आफ्नो नीति तथा आवश्यकताअनुसार कुनै वस्तुमा प्रतिबन्ध लगाएको हुन्छ । त्यस्तो प्रतिबन्धित वस्तुको अर्को देशमा बढी माग भएको हुन्छ । त्यस्तो प्रतिबन्धित वस्तुको ओसारपसार र आपूर्ति गर्ने काम पनि कालो धनको माध्यमद्वारा हुने गर्छ ।

(ग) हिंसात्मक हतियार भनेर जीव-जीवात्मालाई समाप्त गर्ने भौतिक तथा रासायनिक हतियारलाई सम्झनुपर्छ । त्यस्तो हिंसात्मक हतियार उत्पादन गर्ने कार्यमा विकसित मुलुकहरू बढी संलग्न भएका हुन्छन् । गरिब एवं साना राष्ट्रहरूमा फैलिने आतङ्क तथा राष्ट्रहरूको सीमा अतिक्रमणमा प्रयोग हुने अनेक किसिमका हतियारहरूमा कालो धन लगानी भएको हुन्छ । हिंसात्मक हतियारबाट कालो धन आर्जित हुन्छ र कालो धनबाट हतियार उत्पादन हुन्छ । यस्ता हतियार ओसारपसार र खरिद-बिक्री गर्दा राष्ट्रिय सुरक्षाको सङ्ज्ञा दिँदै बढीभन्दा बढी कमिसनको लेनदेनबाट व्यक्ति वा समुदायमा कालो धन सङ्कलित हुन पुग्छ ।

(३) असामाजिक क्रियाकलाप :
समाजको अहित गर्ने कुनै पनि कार्यलाई असामाजिक क्रियाकलाप भनिन्छ । कालो धनको संरक्षणमा देशभित्र अनेक किसिमका असामाजिक कार्यहरू क्रियाशील भएका हुन्छन् । उदाहरणका रूपमा निम्न कार्यहरूलाई लिन सकिन्छ :

(१) जूवा (क्यासिनो र सट्टाबजार आदि),
(२) वेश्यावृत्ति,
(३) अस्वस्थ मनोरञ्जन केन्द्र ।


(१) जूवा भन्नाले बाजी थापेर खेल्ने वा गर्ने सबै किसिमको कारोबारलाई सम्झनुपर्छ । जस्तै धन बाजीमा लगाएर तासजूवा खेल्नु, क्यासिनो स्थापना गर्नु र क्यासिनोमा खेल्न जानु वा सट्टाबजारमा दाउ लगाउनु इत्यादि । यी सबै जूवाघरहरू कालो धन सङ्कलन गर्नेहरूले लगानी गरेका हुन्छन् । धेरै मुलुकहरूले कमिसनको आडमा साधारण कर असुल गर्ने नाउँमा जूवाघर सञ्चालनको स्वीकृति प्रदान गरी जूवाघर सञ्चालनमा ल्याएका हुन्छन्, जसको पृष्ठभूमिमा ती जूवाघरहरूले कालो धनको कारोबार गरिरहेका हुन्छन् ।

(२) वेश्यावृत्ति भन्नाले देहव्यापारलाई बुझाउँछ तापनि अमानवीय सबै किसिमका क्रियाकलापलाई पनि यसमा समावेश गरेर हेर्न सकिन्छ । कालो धनको सङ्कलनका लागि वेश्यावृत्तिको विकास गरिन्छ । त्यस्तै, कालो धनबाट मात्र वेश्यावृत्ति विकसित हुन्छ । वेश्यावृत्तिको थालनी, प्रवर्द्धन र उपलब्धिको मूल स्रोत नै कालो धन हो । विश्वका प्रायः सबै मुलुकको समाजले वेश्यावृत्तिलाई स्वीकार गरेका छन् । जबसम्म कालो धन नियन्त्रित हुँदैन, तबसम्म मानव-समाजबाट वेश्यावृत्तिको समाप्ति हुन सक्तैन ।

(३) अस्वस्थ मनोरञ्जन केन्द्र भन्नाले मनोरञ्जन दिने नाउँमा खुलेका अस्वस्थ मनोरञ्जनका केन्द्र भन्ने बुझिन्छ । जस्तै रिक्रेसन सेन्टर, सोसल क्लब्स र युवा मनोविज्ञानलाई मोहित गर्ने केन्द्र आदिलाई लिन सकिन्छ । तर यस्ता होटल, क्लब र मनोरञ्जन केन्द्रहरूमा मानवीय संवेदनशीलतालाई नगदमा परिवर्तन गरेर उपचार गर्ने प्रयत्न गरिन्छ । अन्ततः व्यक्ति र समुदायलाई नोक्सानी हुन्छ । त्यस्ता केन्द्रहरूलाई भने फाइदा पुग्ने हुन्छ । त्यसैले यस्ता केन्द्रहरूमा कालो धनको प्रयोग भएको हुन्छ ।

यी माथिका अध्ययनलाई चित्रका माध्यमद्वारा हेरौँ :

कालो धनद्वारा उत्पन्न भएका तaवहरू




माथिको चित्रमा कालो धनले निर्माण गर्ने असामाजिक तaवहरूलाई स्पष्ट रूपमा देखाउने प्रयत्न गरिएको छ । सबै तaवहरू एक-आपसमा असम्बन्धित देखिए पनि एउटै मूलबाट विकसित भएको देखिन्छ । यसबाट नियन्त्रणविधिको निर्माणमा सहजता कायम हुन सक्ने देखिन आएको छ । माथिको चित्रले कालो धनको समाप्ति नै सबै असामाजिक तaवहरूको समाप्ति हो भन्ने प्रमाणित हुन्छ ।


नियन्त्रणविधि :
नियन्त्रणविधि भन्नाले कालो धनबाट उत्पन्न हुने र हुन सक्ने सबै किसिमका क्रियाकलापको अन्त्य गराउन निर्मित विधिलाई सम्झनुपर्छ । अर्को शब्दमा कालो धनबाट उत्पन्न भएका सबै किसिमका असामाजिक तaवहरूलाई पूर्ण रूपमा अङ्कुश लगाउन सक्ने अवस्थाको सृजना भएको हुनपर्छ । यसका लागि यी तीन अनिवार्य तaव आवश्यक पर्छन् :
(क) कडाभन्दा कडा ऐनको व्यवस्था,
(ख) नागरिक चेतना,
(ग) राजनीतिक नेताहरूमा इच्छाशक्ति ।

(क) कडाभन्दा कडा ऐनको व्यवस्था भन्नाले आवश्यकताभन्दा बढी धन सङ्कलन गर्ने व्यक्ति वा समुदायलाई कानुनको दायरामा ल्याएर कार्वाही गर्न सक्ने कानुनी व्यवस्थालाई सम्झनुपर्छ । समाजमा कानुनको पूर्ण पालना गर्नुपर्ने अवस्था सृजना गर्न सक्नुपर्छ । सम्पत्ति शुद्धीकरण व्यवस्थापन विधिअन्तर्गत सम्पत्तिलाई धोई-पखाली शुद्धीकरण गर्ने मात्र होइन कि अपराधीकै कोटीमा ल्याई कार्वाही गरी भएको सम्पूर्ण सम्पत्तिलाई राष्ट्रियकरण गरेर अपराधीलाई आजीवन कारावासको सजाय हुन सक्ने व्यवस्था हुनुपर्छ । कालो धनको नियन्त्रणका लागि यो नै प्रमुख आधार हो ।

(ख) नागरिक चेतना भन्नाले देशको प्रत्येक नागरिक आफ्नो अधिकार र कर्तव्यप्रति पूर्ण जागरुक भएको अवस्था हो भन्ने बुझ्नुपर्छ । यो अवस्था सृजना गर्न नागरिकहरू पूर्ण शिक्षित हुनुपर्ने हुन्छ । साथै, प्रत्येक नागरिकहरूको जीवनयापनका लागि आवश्यकताको परिपूर्ति सहज रूपमा भएको हुनुपर्छ । शिक्षित एवं आवश्यकता परिपूर्ति गर्न सक्ने नागरिकहरूलाई सक्षम नागरिक सम्झनुपर्छ । विकसित देशमा यस्ता नागरिक करिब असी प्रतिशत हुन्छन् भने विकासोन्मुख देशमा ठीक त्यसको उल्टो करिब बीस प्रतिशत मात्र हुन्छन् । त्यसैले विकासोन्मुख मुलुकमा नागरिक चेतनाको अभिवृद्धि गर्न कठिन भएको देखिन्छ । अधिकतम नागरिक शिक्षित भएमा मात्र नागरिकको चेतनाको स्तर कायम गर्न सकिन्छ । त्यसैले राज्यको मूल दायित्व हो चेतनशील नागरिक तयार गर्नु ।

(ग) राजनीतिक नेताहरूमा कालो धन समाप्त गर्छु भन्ने इच्छाशक्ति विकसित नभएसम्म कालो धनको चलखेल नरोकिने निश्चित छ । विकासोन्मुख मुलुकमा राजनीतिक नेता तथा कार्यकर्तामा कालो धनकै माध्यमद्वारा सत्ता कब्जा गर्ने प्रवृत्ति रहेको हुँदा यसको नियन्त्रणमा कठिनाइ देखिएको छ । तर पनि यसको नियन्त्रणविधि निर्माण गर्नु आवश्यक छ । त्यो हो राजनीतिक नेताहरूमा कालो धन नियन्त्रणमा राख्न सक्छु भन्ने इच्छाशक्तिको वृद्धि ।

नियन्त्रण गर्ने विधिलाई चित्रमा हेरौं :




माथि प्रस्तुत गरिएको त्रिकोणको क, ख र ग लाई कालो धनको शक्तिले आयतन बढाउने कार्य गरेको हुन्छ भने कडा ऐन, नागरिक चेतना र राजनीतिक नेताको इच्छाशक्तिले दबाब सृजना गरेको खण्डमा त्यसलाई खुम्च्याउने कार्य गरेको हुन्छ । क, ख र ग पूर्ण रूपले क्रियाशील भएमा त्रिकोणमा दबाब सुरु हुन्छ र एक-आपसमा जुट्न पुग्छ । यसरी त्रिकोण विन्दुमा परिवर्तित हुन्छ अर्थात् कालो धन शून्यमा परिवर्तित हुन पुग्छ ।

तसर्थ कालो धनको नियन्त्रित अवस्था सृजना गर्न कडाभन्दा कडा कानुनको व्यवस्था गर्नुपर्ने, नागरिक सचेतना कार्यक्रम पूर्ण रूपले लागू गर्नुपर्ने र राजनीतिक नेता तथा कार्यकर्तामा प्रबल इच्छा शक्ति प्रादुर्भाव भएको अवस्था सृजना हुनुपर्ने प्रस्ट देखिन्छ ।

कालो धन अर्थात् अवैध धन नियन्त्रण हुन सक्ने पूर्ण सम्भावना भएर पनि विकसित मुलुकहरूमा समेत यसलाई नियन्त्रण गर्न सकेको देखिँदैन । किनभने विकसित देशहरूमा पनि कालो धन सञ्चालन गर्ने समूह र निकाय नै राजनीतिक क्षेत्रमा प्रभावशाली रूपमा स्थापित भएका देखिन्छन् । ती देशहरूमा कालो धनलाई नियन्त्रण गर्ने कानुन छ, तर नियन्त्रण गर्न सक्ने विधि असमर्थ देखिएका छन् । त्यस्तै, विकासोन्मुख मुलुकमा त कालो धन नियन्त्रण गर्ने कानुन नै छैन । केही देशहरूमा भए पनि निष्क्रियप्रायः रहेका छन् । त्यसैले कानुले मात्र अवैध धनको नियन्त्रण हुन सक्तैन भन्ने स्पष्ट छ ।

यी माथिका त्रिकोणमा उल्लेख भएका तीन अङ्गहरू पूर्ण रूपमा क्रियाशील भइदिए सरल तरिकाले अवैध धनको चलखेल नियन्त्रित हुन्छ । यदि तीन अङ्गमा एक अङ्ग मात्र कमजोर भएमा पनि कालो धन नियन्त्रण गर्ने लक्ष्य प्राप्त गर्न सकिँदैन । तर पनि जुन अङ्ग कमजोर छ, त्यो अङ्गलाई सबल बनाई नियन्त्रणविधिलाई अगाडि बढाउन सकिन्छ । त्यसका लागि सर्वप्रथम राजनीतिक नेता तथा कार्यकर्तामा अवैध धन नियन्त्रण गर्नुपर्छ भन्ने प्रबल इच्छाशक्तिको प्रादुर्भाव गराउनु आवश्यक देखिन्छ ।

# नागरिकका शिक्षा, स्वास्थ्य र न्यायका लागि राज्यको दायित्व
# (Responsibility of state in the education, health and justice of citizen)

यो विश्वमा अन्य जीवजस्तै मान्छे जन्मन्छ । तर मान्छे अन्य जीवभन्दा बेग्लै जीवन यापन गर्छ । मान्छेको सम्बन्ध परिवार, समुदाय, समाज हुँदै राष्ट्रको घेराभित्र बाँधिन पुग्छ । यद्यपि विश्वमानव-समाजको एकरूपताबारे धेरै टिप्पणी, बहस र व्याख्या भएको देखिन्छ र सुनिन्छ पनि । तर समुदाय, समाज, जाति र जातीय संस्कृतिका कारणले गर्दा विभिन्न राजनीतिक वाद, पद्धति र व्यवस्थाको अधिनमा राज्यहरू खडा भएर विश्वमानव-समुदायलाई विभाजित गरेको छ । भाषा, संस्कृति, धर्म, जाति र जातीय स्वभावका आधारमा मान्छे विभाजित भएर रमाउने प्रवृत्ति भएकै कारण यो विश्वमा पृथक्-पृथक् समुदाय र राज्य स्थापित भएको हो । आधुनिक राज्यव्यवस्थाको जस्तो शासक र शासितका बीचमा धेरै लामो दूरी कायम गरेको छैन पुरातन राज्यव्यवस्थामा । तर पनि धेरैजसो राज्यव्यवस्थाहरूले नागरिकहरूका आवश्यकताहरूको समुचित व्यवस्था गर्न सकेका छैनन् । राज्यको दायित्वका बारेमा उल्लेख गर्नु पर्दा यसको आवश्यकता तथा मूल पक्षलाई विचार गरौं :

क) जीवन र प्रकृति,
ख) राज्य र नागरिक,
ग) राज्यको दायित्व,
घ) नागरिक अधिकार ।

क) जीवन र प्रकृति :

मान्छेका आवश्यकताहरू असीमित छन् । सबै आवश्यकताहरूको परिपूर्ति मान्छे आफैँले गर्न सक्नुपर्दछ र गर्दै आएको छ । मान्छेलाई मान्छेका रूपमा विकसित गरी स्थापित गर्ने काम प्रकृतिले जिम्मा लिएको हुन्छ । सो जिम्मेवारीबाट प्रकृति पन्छिएको छैन । प्रकृतिको वरदानबाट मान्छेको शारीरिक विकास भएर बालकबाट युवा र युवाबाट परिपक्व मान्छे भएर समुदाय, समाज र राष्ट्रको हित गर्नका लागि समर्थ हुन्छ । मान्छेको जन्मपछि मान्छेका रूपमा स्थापित हुँदासम्म मान्छेले प्रकृतिबाट ती सबै आवश्यक तaवहरू निःशुल्क प्राप्त गरेको हुन्छ । त्यसैले मान्छेले प्रकृतिले लगाएको गुणप्रति आभारी हुँदै सधैं प्रकृतिमा रमाउँदै जीवनयापन गरेको हुन्छ । अर्थात् मान्छेको जीवन-विकासप्रति प्रकृतिको जिम्मेवारी हुन्छ र प्रकृतिको संरक्षणप्रति मान्छेको जवाफदेहिता हुन्छ । यस्तो समन्वयात्मक स्थितिका कारण नै जीवन प्राकृतिक हो र प्रकृति नै जीवन हो भन्ने प्रमाणित भएको छ ।

ख) राज्य र नागरिक :

यो विश्वमा जीवित मान्छेहरू कुनै न कुनै राज्यको नागरिकका रूपमा विभाजित भएर रहेका हुन्छन् । नागरिकविनाको राज्यको कल्पना पनि गर्न सकिँदैन भने राज्यविहीन अवस्थामा नागरिकको अस्तित्व कायम हुन सक्तैन । त्यसैले राज्य र नागरिक एक-अर्काका पूरक हुन् भन्ने स्पष्ट प्रमाणित हुन्छ । राज्यको मूल दायित्व हो आफ्नो राज्यभित्रका मान्छेलाई जिम्मेवार नागरिकको हैसियत प्रदान गर्ने । यसरी एक नागरिकलाई सच्चा नागरिक बनाउन राज्यले मुख्य तीन अनिवार्य सेवाहरू निःशुल्क प्रदान गर्न सक्नुपर्छ । जसरी मान्छेको विकासका आवश्यक तaवहरू प्रकृतिबाट जल, वायु र प्रकाश मानव-विकासका लागि निःशुल्क प्राप्त भएको छ, त्यसरी नै नागरिकको व्यक्तित्व-विकासका लागि निम्न आवश्यक तaव राज्यद्वारा निःशुल्क प्रदान गरिनुपर्छ । ती तaवहरू हुन् –

१. शिक्षा,
२. स्वास्थ्य,
३. न्याय ।

१. शिक्षा :

मानवजातिको विकास तथा समुन्नतिका लागि महaवपूर्ण तaव नै शिक्षा हो । शिक्षा भनेको मानव-जीवनको ज्योति हो । यसले मानवीय जीवनका हरेक पक्षलाई उज्यालो प्रदान गर्दछ । शिक्षाविना मान्छे एक नागरिकका रूपमा स्थापित हुन सक्तैन । शिक्षा मानवीय विकासका लागि शक्ति हो, जसले अन्यायका विरुद्ध धावा बोल्न सक्ने मात्र होइन । यो समाज र राष्ट्रको विकासका लागि आधारशिला पनि हो । शिक्षाविहीन मान्छे एउटा जीवका रूपमा मात्र गणना हुन पुग्छ भने शिक्षित मान्छे शक्तिवान्का रूपमा समाजमा स्थापित भएको हुन्छ । त्यसैले शिक्षित व्यक्ति राष्ट्रको एक सच्चा नागरिक हो र राष्ट्रको सम्पत्ति पनि हो ।

२. स्वास्थ्य :

स्वास्थ्य मानव-जीवनका लागि आधारभूत आवश्यकता हो । त्यस्तै, स्वस्थ जनशक्ति राष्ट्रको सर्वाङ्गीण विकासका लागि अपरिहार्य तaव हो । अर्थात् मानवीय स्वास्थ्य व्यक्ति, समाज र राष्ट्रको उत्थानको मूल आधार हो । स्वास्थ्यले मान्छेको कार्यक्षमतामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । असल स्वास्थ्यले मान्छेको कार्यक्षमतामा वृद्धि गराउँछ । यसरी मान्छेको कार्यक्षमतामा भएको वृद्धिका कारणले व्यक्ति, समुदाय, समाज र राष्ट्रको समग्र पक्षको विकास हुन्छ । त्यसैले स्वच्छ र स्वस्थ रहनु कुनै पनि राष्ट्रका नागरिकको अधिकार हो ।

३. न्याय :
मानव-समाजमा सबै सदस्यहरूको बल, बुद्धि र क्षमता समान हुँदैन । साथै, उमेर पनि एकै हुँदैन । लिङ्ग र उमेरको अवस्था, परिवारको हैसियत, जातीय संस्कृति र स्वभावका कारणले पनि मान्छे-मान्छेका बीचमा नजानिदो विभेदको अस्तित्व कायम रहेको हुन्छ । मानव-स्वभाव र प्रकृतिका कारण समाजमा रहेका मान्छेमा एकरूपता आउन सक्तैन । मान्छेमा समय-समयमा विकसित हुने बल, तुजुक र अहम्ले मान्छेलाई गलत दिशामा प्रवृत्त गराउँछ । त्यही गलत प्रवृत्तिका कारण मान्छेले मान्छेमाथि अन्याय गर्न पुग्छ । न्याय सत्य हो भने अन्याय गलत हो, तापनि मानव-समाजमा एकले अर्कामाथि थिचोमिचो गरेर अन्याय गरेको हुन्छ । यही अन्यायका विरुद्धमा ती कमजोर मान्छे र समुदायले न्याय पाउनुपर्छ । न्याय दिने काम पनि त्यही समाजका मान्छे, समुदाय वा राज्यले दिनुपर्दछ । न्याय पाउनु मान्छेको नैसर्गिक अधिकार हो ।

तर वर्तमानको न्याय दिने प्रणाली त्यति वैज्ञानिक नहुँदा विश्वका विकासोन्मुख मुलुकका नागरिकले सुलभ रूपमा न्याय प्राप्त गर्न सकेका छैनन् । कुनै पनि नागरिकलाई अन्याय भयो भने न्याय खोज्न पनि शुल्क बुझाउनुपर्ने अवस्था देखिन्छ । धेरै विकासोन्मुख मुलुकहरूमा यसरी शुल्क तिरेर न्याय माग्न जाँदा पनि अन्यायमा परेका छन् । किनभने न्याय पैसामा तौलिन थालियो । त्यस्ता केही मुलुकहरूमा पैसा नै खर्च गरेर पनि मान्छे वा समुदायले न्याय प्राप्त गर्न सकेका छैनन् । न्याय प्राप्त गर्नु जीवन हो भने अन्याय सहनु मृत्यु हो ।

ग) राज्यको दायित्व :
कुनै पनि राज्यले राज्यव्यवस्था सञ्चालन गर्न राज्यभित्र रहेका व्यक्ति, समुदाय र सङ्गठित संस्थासँग कर असुल गरेका हुन्छन् । त्यसरी असुल भएको करबाट निर्मित राज्यकोषबाट राज्यले आफ्नो क्षेत्रभित्रका व्यक्ति, समुदाय र समाजको हित गर्ने कार्यअन्तर्गत विभिन्न सेवा, विकास र राष्ट्रिय समृद्धिका लागि अनेकानेक कार्ययोजनाहरू सञ्चालन गरी राज्यव्यवस्थालाई अगाडि बढाइरहेका हुन्छन् । यस्तो राज्यव्यवस्थाले राज्यको मूल दायित्वलाई पन्छाएर अन्य क्रियाकलाप गर्न मिल्दैन । राज्यको मूल दायित्व भनेको त्यस राज्यक्षेत्रभित्र बसोबास गर्ने नागरिकको हित हुने विभिन्न कार्ययोजना सञ्चालन गरी नागरिकको जीवनस्तर उठाउने कार्य गर्न सक्नु हो । अझ त्यसभन्दा पनि महaवपूर्ण दायित्व हो आफ्नो राज्यभित्र भएका जनता (व्यक्ति) लाई नागरिकको हैसियत प्रदान गर्न सक्ने योजना सञ्चालन गराउन सक्नु । राज्यका विभिन्न दायित्वहरूमा प्रमुख दायित्व भनेको आफ्नो राज्यभित्र बस्ने प्रत्येक व्यक्तिले त्यस राज्यको नागरिक हुँ भन्ने महसुस गर्न सक्ने अवस्थाको सिर्जना गर्न सक्नु हो । यसअन्तर्गत प्रत्येक व्यक्तिलाई नागरिकको हैसियत प्रदान गर्न र योग्य नागरिक बनाउन राज्यले अनिवार्य शिक्षा, सुलभ स्वास्थ्य-उपचार र न्याय प्रदान गर्ने नीति निर्माण गरी लागू गर्न सक्नुपर्छ । त्यस्तो जनतालाई प्रदान गर्ने शिक्षा, स्वास्थ्य र न्याय निःशुल्क प्रदान गर्नुपर्छ । यसरी अनिवार्य शिक्षा, स्वास्थ्य र न्याय प्राप्त गर्ने जनता त्यस्तो देशका सचेत एवं जिम्मेवार नागरिक बन्न सक्नेछन् । यसरी तयार भएका सचेत एवं जिम्मेवार नागरिकले मात्र त्यस देशको सर्वाङ्गीण विकासमा पूर्ण रूपमा साथ दिन सक्छन् । त्यसैले जनतालाई नागरिकको हैसियत प्रदान गर्न सक्ने राज्य मात्रै एक आदर्श राज्यका रूपमा स्थापित हुन सक्छ । एक आदर्श राज्यव्यवस्थाले आफ्नो देशभित्रका प्रत्येक व्यक्तिलाई एक जिम्मेवार नागरिक बनाउने दायित्व बोकेको हुन्छ ।

घ) नागरिकका अधिकारहरू :
कुनै पनि राज्यको भूभागभित्र जन्मिएको व्यक्ति त्यस देशको नागरिक कहलिन्छ । तर नागरिकको अर्थ यो होइन कि राज्यभित्र बसोबास गरेको व्यक्ति जसले राज्यको कानुन मान्नुपर्छ, कर तिर्नुपर्छ र भोट हाल्ने अधिकार पाएको हुनुपर्छ । विश्वका अधिकांश विकासोन्मुख मुलुकहरूमा नागरिकलाई राजनीतिक क्रियाकलापका लागि संलग्न गराउने र निर्वाचनमा भोट हाल्ने र हाल्न लगाउने हतियारका रूपमा मात्र क्रियाशील गराइन्छ । यसबाट नागरिकको अधिकार स्थापित भएको देखिए तापनि वास्तवमा यसबाट बाठाटाठा एवं अवसरवादी केही व्यक्तिहरूको स्वार्थ सिद्धि हुन्छ र राजनीतिक शक्तिमा पुगेर नागरिकमाथि दमन गर्ने प्रक्रिया दोहोरिन्छ । यसर्थ नागरिकको राजनीतिक अधिकारले नागरिकको सर्वपक्षीय विकास हुन सक्तैन । त्यसैले कुनै पनि राज्यको भूभागभित्र जन्मिएका प्रत्येक व्यक्तिले राज्यबाट अनिवार्य नागरिकको हैसियत कायम हुन सक्ने शिक्षा, स्वास्थ्य र न्याय निःशुल्क प्राप्त गर्न पाउनुपर्छ । यो नागरिकको मौलिक अधिकार हो ।

१. निःशुल्क तथा अनिवार्य शिक्षा :


बाल्यकालदेखि नै निःशुल्क शिक्षा दिने व्यवस्था राज्यबाट सञ्चालन गरिएको हुनुपर्छ । प्राथमिक, माध्यमिक र उच्चमाध्यमिकसम्मको शिक्षा अनिवार्य हुने व्यवस्थाले एउटा नागरिकमा हुनुपर्ने ज्ञान तथा गुण त्यस व्यक्तिले आर्जन गर्न सक्छ । त्यसैले उच्चमाध्यमिक तहसम्मको शिक्षा दिनु राज्यको दायित्व हो भने त्यस्तो शिक्षा प्राप्त गर्नु नागरिकको अधिकार हो ।

२. सुलभ तथा निःशुल्क स्वास्थ्य :
व्यक्तिको शरीर प्राकृतिक हो । समय र प्रकृतिको परिवर्तनसँगै व्यक्तिको स्वास्थ्यमा पनि परिवर्तन भइरहन्छ । राज्यले देशका नागरिकलाई स्वस्थ राख्न सक्यो भने मात्र राज्यको सर्वाङ्गीण विकास हुन्छ । त्यसैले जन्मदेखि मृत्युसम्म राज्यले नागरिकलाई सुस्वस्थ राख्न विशेष योजना नै सञ्चालन गर्नुपर्छ । त्यस्तो योजनाबाट नागरिकले सुलभ एवं निःशुल्क स्वास्थ्य-उपचार गराउन सक्नुपर्छ ।

३. निःशुल्क तथा शीघ्र न्याय :
शुल्क तिरेर प्राप्त गरेको न्यायले व्यक्तिले न्याय पाएको अनुभूति गर्न सक्तैन । त्यस्तै ढिलो न्याय भयो भने पनि अन्याय भएको महसुस हुन्छ । त्यसैले न्याय शीघ्र एवं निःशुल्क हुने व्यवस्थाको प्रतिपादन राज्यले गर्न सक्नुपर्छ । कुनै पनि अन्यायमा परेको व्यक्तिले न्याय पाउनु उसको नैसर्गिक अधिकार हो । नागरिकको यस्तो नैसर्गिक तथा मौलिक अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हो ।

४. राज्य र नागरिकबीचको अन्तरसम्बन्ध :
राज्य र नागरिकका बीचमा विशेष अन्तरसम्बन्ध रहेको हुन्छ । त्यस सम्बन्धलाई एकले अर्कालाई परित्याग गरेको वा गर्न खोज्दा दुवै नोक्सानीमा पर्छन् । त्यसैले यो अन्तरसम्बन्धलाई राज्य र नागरिक दुवैले पालन गर्दा दुवैको उन्नति र प्रगति हुन्छ । यो विशेष अन्तरसम्बन्धलाई हामी यसरी बुझ्न सक्छौं :

राज्यको दायित्व र नागरिकको जिम्मेवारीसँग सम्बन्धित चार्ट




माथि चार्टमा नागरिकप्रति राज्यको दायित्व र राज्यप्रति नागरिकको जिम्मेवारी देखाउन खोजिएको छ । राज्यले प्रत्येक व्यक्तिलाई अनिवार्य शिक्षा दिने व्यवस्था गर्नुपर्छ । शिक्षाले व्यक्तिको ज्ञान र बुद्धिको विकास गर्छ । ज्ञान र बुद्धिको विकासबाट नागरिकको चेतना अभिवृद्धि हुँदै विवेकशील नागरिक तयार हुन्छ । त्यस्तो चेतना र विवेकयुक्त नागरिक राज्यप्रति जिम्मेवार हुन्छ । यसरी राज्यले असल नागरिक तयार गर्न निःसर्त क्रियाशील रहनुपर्छ । त्यसैको उपजस्वरूप

तयार भएको जिम्मेवार नागरिक राज्यको चौतर्फी विकासका लागि निःसर्त सेवामा संलग्न भएको हुन्छ । यसरी राज्य र नागरिकका बीचको अन्तरसम्बन्ध कायम राख्न सक्नुपर्छ ।

# भ्रष्टाचार कानुनले नियन्त्रण गर्न सक्तैन
**ीबध अबललयत अयलतचर्या अयचचगउतष्यल०**

धेरैको भनाइ छ भ्रष्टाचार कानुनद्वारा नियन्त्रित हुन्छ । त्यसैले भ्रष्टाचारविरुद्धको कानुन तयार गर्नुपर्छ । तर यो भनाइ केही हदसम्म ठीक देखिए पनि वास्तवमा भ्रष्टाचारलाई कानुनले मात्र पूर्ण रूपमा नियन्त्रण गर्न सक्तैन । भ्रष्टाचारजन्य कार्य भएको छ भने कानुनले कानुनी कार्वाहीका लागि उजुरी लिने, अनुसन्धान गर्ने, तहकिकात गर्ने र कानुनबमोजिम सम्बन्धित अदालतमा मुद्दा चलाउने कार्यको तयारी गर्न सक्छ । त्यति मात्र होइन, भ्रष्टाचारजन्य कार्य भएको छ भने कुनै निश्चित अदालतबाट न्यायिक निर्णय गराएर दण्ड, जरिवाना, कैद वा मृत्युदण्ड दिने व्यवस्था गर्न सक्छ । यस्तो कार्यबाट भ्रष्टाचार गर्नु हुँदैन भन्नेसम्मको सन्देश व्यक्ति, समूह वा समाजमा जान्छ । तर यस्तो कार्वाही हुने कार्यले भ्रष्टाचार नियन्त्रण हुन सक्तैन । यस्तो कार्यबाट समाजमा सन्देश जारी गर्न मात्र सकिन्छ कि भ्रष्टाचार गर्ने व्यक्ति, समुदाय वा संस्थालाई दण्ड-जरिवाना गर्न सकिन्छ । यस्तो कानुनी कार्वाहीले समाजमा डर पैदा त गराउँछ, तर भ्रष्टाचारजन्य कार्यलाई निषेध गराउन सक्तैन ।


कानुनको मान्य सिद्धान्तका आधारमा समय-समयमा प्रादुर्भाव भएका ऐन, कानुन तथा कानुनी सिद्धान्तको विशेष व्याख्या हुन सक्छन् । किनभने विषय र समयले त्यसलाई कानुनको अपरिहार्य सिद्धान्तको घेराभित्र राखेर निरीक्षण पनि गर्न सक्छ । कानुन आफैँमा परिणाम होइन, कारणबाट उब्जिएको परिणाममुखी बाटो मात्र हो । कानुनको माध्यमद्वारा परिणाम प्रमाणित भएर आउन सक्छ ।

कानुनले गर्न नहुने कार्यलाई रोक्न सक्छ । त्यस्तो गर्न नहुने कार्य पनि कानुनमा नै लेखिएको हुनुपर्छ । यदि कानुनमा लेखिएको छैन भने मान्छेले त्यो कार्य गर्न सक्छ । मान्छे र मान्छेको समुदाय यति स्वतन्त्र हुन्छ कि उसलाई कानुनले बाँध्नै सक्तैन । जब कानुनले बाँध्न सक्तैन भने ऊ सधैँ कानुनको नियन्त्रणभन्दा बाहिर नै रहन्छ भन्ने बुझिन्छ ।

मान्छे एउटा प्राकृतिक प्राणी हो । स्वभावले नै ऊ स्वतन्त्र हुन्छ, स्वेच्छाचारी हुन्छ, विवेकी हुन्छ र विकासमुखी हुन्छ । त्यसैले मान्छे कानुनी नियन्त्रणभन्दा बाहिर नै बस्न चाहन्छ । मानवीय स्वभावलाई लक्षित गरी वातावरण सिर्जना गर्नुपर्छ भन्ने कुराको ज्ञान दिन यो भ्रष्टविरोधी शास्त्र समर्थ भएको छ ।

व्यक्तिबाट समाज र समाजबाट राष्ट्र बन्छ । व्यक्ति सम्मिलित कुनै पनि निकायलाई कानुनले नियन्त्रण गर्न सक्छ, तर व्यक्ति र व्यक्तिको चेतनालाई कानुनले नियन्त्रण गर्न सक्तैन ।

यसलाई तलको चित्रमा हेरौँ :




माथिको चित्रले व्यक्तिलाई सर्वोपरि देखाउँछ । व्यक्तिकै संलग्नतामा नागरिक समाज खडा हुन्छ । नागरिक समाज राज्यव्यवस्थामा समाहित हुन्छ । राज्यव्यवस्थाले तयार गर्ने कानुन र त्यो कानुनलाई कार्यान्वयन गर्ने न्यायिक निकायसमेत एक-अर्कामा जोडिएका हुन्छन् तर भ्रष्टाचारजन्य कार्यक्षेत्र भने सिधा व्यक्तिसँग सम्बन्धित भएको देखिन्छ । किनभने व्यक्ति नै भ्रष्टाचारको मूल स्रोत हो । व्यक्ति र नागरिक समाज नै भ्रष्टाचारजन्य कार्यका उत्पादक भएका हुँदा राज्यव्यवस्था र त्यसअन्तर्गतका कानुन र न्यायिक निकायले भ्रष्टाचार नियन्त्रण गर्न नसक्ने देखिएको छ ।

यसै गरी कानुनको मान्य सिद्धान्तले व्यक्ति र व्यक्तिद्वारा निर्मित निकायलाई बेग्लाबेग्लै रूपमा परिभाषित गरेको हुन्छ । राज्यभित्र राज्य सञ्चालन गर्ने व्यक्तिसमेत व्यक्तिको अस्तित्व कायम गरी कार्य गर्ने विभिन्न निकायहरू हुन्छन् भन्ने

सत्यतालाई कानुनले स्वीकार पनि गरेको छ । यसरी स्वीकार गर्दा भन्नुपर्छ कि प्राकृतिक व्यक्ति भनेको जीवित मानव हो र कानुनी व्यक्ति भनेको व्यक्तिद्वारा स्थपित सानो वा ठूलो निकाय हो । यसरी स्थापित भएको निकायमा राज्यको व्यवस्थापन गर्ने सरकार पनि पर्छ ।
कानुनले परिकल्पना गरेको छ :

| प्राकृतिक व्यक्ति | कानुनी व्यक्ति |
|---|---|
| गर्न हुँदैन भनेबाहेक सबै कार्य गर्न छुट । | गर्न हुन्छ भन्नेबाहेक केही पनि गर्न छुट छैन । |

कानुनद्वारा गर्नु हुँदैन भनी निषेध गरेको बाहेक प्राकृतिक व्यक्तिलाई जे गर्न पनि छुट छ । कानुनद्वारा यो कार्य गर्नु भनेर किटान साथ भनेको भन्दा बढी गर्ने अधिकार कानुनी व्यक्तिलाई छैन । त्यसैले नागरिक समाजबाट निर्मित सानो वा ठूलो निकाय वा राज्य सञ्चालन गर्ने सरकार र त्यसका अङ्गहरू पूर्ण रूपमा कानुनको अधिनमा हुन्छन् । तर त्यसै राज्यभित्र बस्ने व्यक्ति भने कानुनले निषेध गरेको बाहेक जे पनि गर्न सक्ने सर्वाधिकार प्राप्त गरेको हुन्छ । त्यसैले भ्रष्टाचारको स्रोत नै व्यक्ति भएको हुँदा व्यक्तिलाई कानुनले अर्को निकायलाई जस्तो पूर्ण नियन्त्रित अवस्थामा राख्न सक्तैन । व्यक्तिलाई कानुनले नियन्त्रण गर्न सक्तैन भने भ्रष्टाचारजन्य कार्यलाई पनि कानुनले नियन्त्रण गर्न सक्तैन । व्यक्ति र व्यक्तिको आकाङ्क्षित कार्य अगाडि-अगाडि हुन्छ भने कानुन भने व्यक्तिको क्रियाकलापको पछि-पछि लागेको हुन्छ ।

प्राकृतिक व्यक्तिमा बुद्धि, विवेक र चेतना जस्ता विशिष्ट मानवीय गुणहरू पनि हुन्छन्, जसलाई कानुनले देख्न, बुझ्न र छुन सक्तैन । यही बुद्धि, विवेक र चेतना बोकेको व्यक्तिलाई भ्रष्टाचारविरुद्धको संस्कृति विकास गरी त्यसलाई देखाउन, सिकाउन र अलग गराउन सकिन्छ । किनभने व्यक्तिमा भ्रष्टाचारविरुद्धको संस्कृतिलाई ग्रहण गर्न सक्ने क्षमता पनि हुन्छ । विश्वको मानव-समुदायले सरलतापूर्वक ग्रहण गर्न र अभ्यास गर्न सक्ने भ्रष्टाचारविरुद्धको संस्कृतिको विकास गर्ने कार्यमा यो भ्रष्टविरोधी शास्त्र सफल हुनेछ ।

# दबाब समूह
## ९एचभककगचभ नचयगउक०

दबाब समूह भन्नाले कुनै पनि सरकार वा त्यसका अङ्गले व्यक्ति, समुदाय तथा समाजको अहित गर्ने कार्य गरेका वा गर्न खोजेका कार्यका विरुद्ध दबाब दिई त्यस्ता कार्यलाई सच्याउने वातावरण तयार गर्ने समूह हो भन्ने बुझ्नुपर्छ । अर्को अर्थमा दबाब समूह भनेको व्यक्तिहरूको यस्तो समूह हो, जो समान स्वार्थ या लाभका आधारमा आपसमा बाँधिएका हुन्छन् । यसरी आपसमा सङ्गठित हुँदै आएको उद्देश्यप्राप्तिमा क्रियाशील रहेका हुन्छन् । मुलुक र त्यस मुलुकमा सञ्चालित राजनीतिक पद्धतिअनुसार सानो वा ठूलो, प्रत्यक्ष वा परोक्ष रूपमा दबाब समूहहरू सङ्गठित भएका हुन्छन् । कुनै समूहले जनताको हित गरेका हुन्छन् भने कुनै समूहले सरकारलाई सघाएका हुन्छन् । तर हामीले यहाँ चिनाउन खोजेको दबाब समूह भने जनता र राष्ट्रलाई हित गर्ने दबाब समूह हो ।

प्रजातान्त्रिक व्यवस्थालाई अझ लोककल्याणकारी व्यवस्थाका रूपमा स्थापित गर्ने कार्यमा दबाब समूहले विशेष भूमिका निर्वाह गरेका हुन्छन् । विश्वका मुलुकहरूमा जहाँ-जहाँ प्रजातान्त्रिक व्यवस्थाले सफलता हासिल गरेको देखिन्छ, त्यहाँ-त्यहाँ रचनात्मक रूपमा स्थापित दबाब समूहले उत्कृष्ट कार्य गरेको पाइन्छ । त्यसैले सफल प्रजातान्त्रिक पद्धतिको विकास गर्न दबाब समूहको आवश्यकता पर्दो रहेछ भन्ने कुरा बुझ्नुपर्छ । सफल राजनीतिक पद्धति सञ्चालन भएको मुलुकमा समाजको चेतनाको आधारमा दबाब समूह निर्माण भएका हुन्छन् । जति-जति समाज विकसित हुँदै जान्छ, दबाब समूहको सङ्ख्या र कार्यक्षेत्र पनि वृद्धि हुँदै जान्छ । प्रजातन्त्रको असल पक्ष भन्नु नै निःस्वार्थ तथा रचनात्मक दबाब समूह निर्माण हुनु हो ।

कुनै पनि समाजमा व्यावसायिक, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीय तथा प्रजातान्त्रिक आदि समूहहरू प्रत्यक्ष वा परोक्ष रूपमा क्रियाशील भएका हुन्छन् । ती समूहका भिन्नाभिन्नै स्वार्थ, आकाङ्क्षा र लक्ष्यहरू हुन्छन् । राजनीतिक वातावरण र आवश्यकताअनुसार ती समूहले सरकारका कुनै अङ्गमाथि दबाब दिन्छन् । ती समुदायलाई पनि दबाब समूह नै भनिन्छ । तर यहाँ उल्लेख गर्न खोजिएको दबाब समूह भने लोककल्याणकारी राजनीतिक व्यवस्थाको स्थापनाका लागि क्रियाशील हुन सक्ने दबाब समूह हो, जसले भ्रष्टाचार न्यूनीकरण गर्न मद्दत गर्छ ।

असल तथा रचनात्मक नीति लिएका र त्यसैअनुसार व्यवहार गर्न सक्ने दबाब समूहले नै असल प्रजातन्त्रको विकास गर्न सक्छ । वर्तमान समाजमा क्रियाशील दबाब समूहलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ :
१. रचनात्मक,
२. ध्वंसात्मक ।

१. रचनात्मक समूहको निर्माणका लागि समाजका चेतनशील नागरिकहरू स्वस्फूर्त रूपमा संलग्न भएर समूहमा सङ्गठित भएको हुनुपर्छ । यस्तो समूह सङ्गठित भएपछि यसले आफ्नो नीति र व्यवहार दुवैको कार्ययोजना स्पष्ट रूपमा बनाएर लागू गरेको हुनुपर्छ । तब मात्र यो समूह स्पष्ट रूपमा जनता र राष्ट्रका लागि हितकारी सावित हुन सक्छ । यस्तो सङ्गठित समूह कसैको अधिनमा हुँदैन, सदैव आफ्नो नीति र व्यवहारको अधिनमा रहन्छ ।

२. ध्वंसात्मक दबाब समूह विकासोन्मुख मुलुकमा सक्रिय भएका देखिन्छन् । यस्ता समूह कसैद्वारा प्रायोजित र निर्देशित हुन्छन् । जहाँ अर्थलाभ हुन्छ, त्यहाँ यस्ता समूह सङ्गठित हुन्छन्, अर्थात् यस्तो दबाब समूह राजनीतिक दलहरूले आफ्नो उद्देश्यप्राप्तिका लागि प्रयोग गरेका हुन्छन् । यो समूह आन्तरिक र बाह्य दुवैतर्फबाट सञ्चालन हुन सक्ने भएकाले यस्तो दबाब समूहले जनता र राष्ट्र दुवैको अहित गर्ने गरेका हुन्छन् ।


माथि उल्लेख भएका दबाब समूहमा रचनात्मक दबाब समूह मात्र हाम्रा लागि ग्राह्य हुनेछ । यस्ता रचनात्मक दबाब समूहहरूलाई पनि हामी निम्नलिखित रूपमा वर्गीकरण गरेर हेर्न सक्छौं । यसरी हेर्दा मुख्यतया निम्न तीन वर्गलाई हेरौं :
१. उपभोक्ता समूह (ऋयलकगफभच न्चयगउ),
२. हित समूह (क्ष्लतभचभकत न्चयगउ),
३. राजनीतिक समूह (एयष्तिष्अबि न्चयगउ) ।

१. उपभोक्ता समूहले मूलतः दुई क्षेत्रलाई स्वीकार गरेको हुन्छ : (क) आवश्यक वस्तुको आपूर्ति (ख) विकास तथा पूर्वाधारको तयारी ।

२. हित समूहले स्वीकार गर्नुपर्ने विषय हो : (क) बालकल्याण, (ख) वृद्धवृद्धाको सेवा, (ग) महिलाको हकहित संरक्षण, (घ) असहायको हकहित स्थापना, (ङ) जातीय र सांस्कृतिक संरक्षण, (च) प्रजातिको संरक्षण आदि ।


(३) राजनीतिक समूह : (क) राजनीतिक सिद्धान्तको चेतना अभिवृद्धि, (ख) राजनीतिक सिद्धान्तको अनुसरण गर्ने-गराउने वातावरणको तयारी ।

माथि उल्लिखित दबाब समूहलाई तलको चित्रतालिकाबाट पनि हेर्न सकिन्छ ।




माथि उल्लेख भएको तालिकाबाट तीन समूहको क्षेत्र निर्धारण भएको देखिन्छ । समूहगत रूपमा नै क्षेत्र र जिम्मेवारीलाई बुझ्न सकिन्छ । यसरी दबाब समूह निर्माण गरी प्रजातन्त्रको विकास गरेर राजनीतिक पद्धति स्थापित गर्न सकिन्छ ।

उपर्युक्त समूहहरूले दबाब सृजना गर्दा नीतिगत दबाब तथा व्यावहारिक दबाब दुई तरिकाले सम्बन्धित निकायलाई दबाब सिर्जना गरी त्यस निकायलाई आफ्नो स्थिति (क्षशभ) मा राख्न सक्नेछ भन्ने तथ्यलाई तलको चित्रतालिकाबाट हेर्न र बुझ्न सकिन्छ :




दबाब समूहको कार्यसञ्चालनको तरिका र विधि सम्बन्धित मुलुकको कानुनअनुसार सञ्चालन हुनुपर्छ । सरकारको निर्माणविधि तथा तरिकाका आधारमा दबाब समूहले आफ्नो कार्यक्षेत्र तयार गर्न सक्नुपर्छ । एउटै दबाब समूहले पनि समय र त्यस देशको स्थितिअनुसार अलग-अलग कार्यविधिको निर्माण गर्न सक्छ । त्यसका लागि दबाब समूह अत्यन्तै चनाखो र सक्षम हुन सक्नुपर्छ । असल तथा रचनात्मक प्रकृतिको दबाब समूह नै भ्रष्टविरोधी शास्त्रले तयार गर्न खोजेको दबाब समूह हो । यस्तो किसिमको दबाब समूह निर्माण भएमा लोककल्याणकारी प्रजातान्त्रिक राज्यको स्थापना हुन सक्छ ।

तर दबाब समूहमा राजनीतिक रङ्ग लागेको छ भने दबाब समूह कमजोर हुन्छ, साथै बाह्य मुलुकबाट घुसपैठ भई दबाब समूह सञ्चालन भएमा पनि दबाब समूहको प्रभाव देश र जनताका लागि नकारात्मक सावित हुन सक्छ । त्यसैले दबाब

समूहको निर्माण, कार्यनीति र क्रियाशीलतालाई राज्यको विशेष कानुनद्वारा निरीक्षण, अनुगमन र निर्देशन हुनुपर्ने हुन्छ । तब मात्र दबाब समूहले सकारात्मक कार्य गर्न सक्छ । अर्थात् दबाब समूहलाई सञ्चालन गर्न मुलुकको कानुन तदनुसार निर्माण हुनुपर्ने जति आवश्यकता छ, त्यति नै चेतनशील जनतामा पनि यसप्रतिको जिम्मेवारी बोध हुनु आवश्यक छ । यस्तो मुलुक र जनताको हित गर्ने दबाब समूह निर्माण गरी त्यसको स्थायीत्व प्रदान गर्न सक्ने वातावरण तयार गर्नुपर्छ । तब मात्र समाजमा भ्रष्टाचार शून्य सहनशीलताको अवस्था सिर्जना गर्न सकिन्छ ।

# राज्य तथा राजनीतिक दल
## ९क्तबतभ बलम उयष्तिष्अर्बा उबचतथ०

राज्य तथा राजनीतिक दल अलग-अलग प्रकृतिका निकाय हुन् । यी दुवैको काम, कर्तव्य, अधिकार र दायित्व बेग्लाबेग्लै हुन्छन् । तापनि कार्यक्षेत्र भने एकै स्थानमा निर्दिष्ट भएको हुन्छ । जुन राज्यमा राजनीतिक दल हुन्छ, त्यही राज्य त्यसको कार्यक्षेत्र हुन्छ । त्यस्तै, जुन राजनीतिक दलले राज्यलाई प्रभाव पारेको हुन्छ, त्यस राज्यको राज्यव्यवस्था पनि त्यसैले कायम गरेको हुन्छ । यद्यपि राज्यशक्ति एउटा शक्तिशाली संस्था हो, तर पनि राजनीतिक दलले भने त्यहाँ व्यवस्थापनको जिम्मा पाएको हुन्छ । अर्थात् राज्यभित्र राज्यव्यवस्था सञ्चालन गर्न भने राजनीतिक दलले विशेष भूमिका निर्वाह गरेको हुन्छ । यस दृष्टिकोणले विचार गर्दा राज्य र राजनीतिक दल बेग्लै निकाय देखिए तापनि कार्यक्षेत्र एउटै भएको प्रस्ट देखिन्छ ।

राज्य स्वयंमा शक्तिशाली संस्था भएको हुँदा राज्यले विशेष वैधता पाएको हुन्छ, जुन राजनीतिक दलले पाएको हुँदैन । वैधताका दृष्टिले राज्यभन्दा राजनीतिक दल अत्यन्तै कमजोर हुन्छ, तर पनि राजनीतिक दल नै राज्यव्यवस्थामा कब्जा जमाउन समर्थ भएको हुन्छ । फेरि अर्कोतर्फ राज्यशक्तिलाई बलियो वा कमजोर बनाउने काम राजनीतिक दलले गर्न सक्ने भएको हुँदा यी दुवैको सङ्क्षेपमा अध्ययन गर्नुपर्ने आवश्यकता देखिएको छ । यस सन्दर्भमा राज्य र राजनीतिक दलको प्रकृति धेरै हदसम्म मिल्छ । राज्य र राजनीतिक दलका स्वभाव र आवश्यक तaवलाई हेरौँ :


राज्य :

१. राज्य एक स्वाभाविक समुदाय हो ।
२. राज्यलाई राजनीतिक समुदाय भनिन्छ ।
३. राज्य मानव-विकास तथा मानवहितका लागि स्थापित भएको हुन्छ ।
४. यो ठूलो वा सानो हुन सक्छ ।
५. यसले वैध शक्ति (भिबनष्तष्बतभ एयधभच) प्रयोग गर्छ ।
६. राज्यमा जनसङ्ख्या, भूमि, सरकार र सम्प्रभुता जस्ता चार तaवहरू समावेश भएका हुन्छन् ।

राजनीतिक दल :

१. राजनीतिक दल स्वाभाविक समुदाय हो ।
२. राजनीतिक दललाई राजनीतिक समुदाय भनिन्छ ।
३. राजनीतिक दल मानव-विकास तथा मानवहितका लागि स्थापना भएको हुन्छ ।
४. राजनीतिक दल सानो वा ठूलो हुन सक्छ ।
५. राजनीतिक दलले वैध शक्ति (भिनष्तभ्बतभ एयधभच) प्राप्त गर्छ ।
६. राजनीतिक दलमा निश्चित सिद्धान्त, नेता, कार्यकर्ता र त्यस दलका अनुयायी जस्ता चार तaवहरू समावेश भएका हुन्छन् ।

यी माथि उल्लेख भएका राज्यको र राजनीतिक दलको स्वभाव र आवश्यक तaवहरू धेरैजसो मिलेको देखिन्छ । केवल अन्तको क्रमसङ्ख्या ६ मा मात्र फरक देखिन्छ । यस दृष्टिकोणले पनि राज्य र राजनीतिक दललाई बराबर महaव दिएर हेर्नुपर्ने हुन्छ । यसलाई खण्ड-खण्डमा विभाजन गरी हेरौँ :




माथिको वर्गीकरणले राज्य र राजनीतिक दलको स्वभाव र आवश्यक तàवलाई स्पष्ट देखाएको छ । मूलतः राजनीतिक दलका बारेमा अध्ययन हुनुपर्ने भएकाले राजनीतिक दलका चार तàव कति महàवपूर्ण रहेछन् भन्ने कुरा बुझ्न कोसिस गरौँ ।

राजनीतिक दल :

यस अध्ययनका क्रममा राजनीतिक दलको चार आवश्यक तàवका बारेमा बुझ्नुपर्ने आवश्यकता देखिन्छ । ती हुन् :

१. राजनीतिक दलको निश्चित सिद्धान्त,
२. राजनीतिक दल सञ्चालन गर्ने नेता,
३. राजनीतिक दललाई विकास गर्ने कार्यकर्ता,
४. राजनीतिक दललाई सघाउ पुऱ्याउने अनुयायी ।

यी माथिका चार तàवमा एक तàवको मात्र कमी भएमा राजनीतिक दल सार्थक रूपमा सञ्चालन हुन सक्तैन । यी चारै तàवले साथ दिएमा मात्र राजनीतिक दल पूर्ण हुन सक्छ ।

१. राजनीतिक दलको निश्चित सिद्धान्त :

एउटा निश्चित सिद्धान्त लिएर राजनीतिक दल गठन भएको हुन्छ र हुनुपर्छ । विश्वको राजनीतिक क्षेत्रमा विभिन्न सिद्धान्तलाई अपनाएर राजनीतिक दलहरू देखापरेका हुन्छन् । यसरी देखिएका दलहरूमा परम्परावादी तथा आधुनिक प्रजातन्त्रवादी देखिएका छन् । आधुनिक प्रजातन्त्रवादीमा संसद्वादी, समाजवादी, साम्यवादी र उग्रसाम्यवादी आदि पर्दछन् । ती सबैले राजनीतिक दर्शनका आधारमा निश्चित सिद्धान्त प्रतिपादन गरेर समाजमा प्रस्तुत भएका हुन्छन् । ती सञ्चालित राजनीतिक दलको सिद्धान्तमा विचलन आउनु हुँदैन ।

२. राजनीतिक दल सञ्चालन गर्ने नेता :

राजनीतिक दल सञ्चालन गर्ने नेता नै त्यस दलको सिद्धान्त प्रतिपादन गर्ने मूल अगुवा हो । नेता सिद्धान्तवादी मात्र होइन, अनुशासित, त्यागी, निःस्वार्थी, नैतिकवान् एवं सदाचारी पनि हुनुपर्छ । यदि नेता स्वार्थी, अनैतिक एवं भ्रष्टाचारी भएको खण्डमा राजनीतिक दललाई मात्र नोक्सान हुने होइन, जुन राज्यमा त्यस्तो गैरजिम्मेवार नेता छन्, त्यो राज्यमा नै विप्लव हुन सक्ने सम्भावना हुन्छ । त्यसैले नेताको सद्गुणले नै राजनीतिक दल जनप्रिय हुन्छ र स्थायीत्व प्राप्त गर्न सक्छ ।

३. राजनीतिक दललाई विकास गर्ने कार्यकर्ता :

कुनै पनि राजनीतिक दलमा कार्यकर्ताको विशेष महàव हुन्छ । राजनीतिक दलमा कार्यकर्ता नै राजनीतिक दलको मुख्य अङ्गका रूपमा रहेका हुन्छन् । कार्यकर्ता नै राजनीतिक दलको मूल आधार हो । यसैको जगमा राजनीतिक दल खडा भएको हुन्छ । कार्यकर्ता सम्बन्धित राजनीतिक दलको सिद्धान्तको अनुयायी हुनुपर्छ तथा दललाई सुदृढ गर्न क्रियाशील भएको हुनुपर्छ । अर्थात् मानव-शरीर सञ्चालन गर्न शारीरिक अङ्गहरूको आवश्यकता परेजस्तै राजनीतिक दल सञ्चालन गर्न कार्यकर्ताको आवश्यकता पर्छ । कार्यकर्तामा विचलन आयो, स्वार्थी भयो, मौकाखोर भायो वा भ्रष्ट भयो भने राजनीतिक दललाई नोक्सान हुन सक्छ । त्यसैले राजनीतिक दलका कार्यकर्ता निष्ठावान्, अनुशासित, नैतिक एवं आचारयुक्त हुनुपर्छ ।

४. राजनीतिक दललाई सघाउ पुऱ्याउने अनुयायी :
अनुयायीको अर्थ कुनै पनि राजनीतिक सिद्धान्तको प्रतिपादन, विस्तार तथा विकासकार्यमा समर्पित व्यक्ति वा समूहलाई सम्झनुपर्छ । राजनीतिक दलको सिद्धान्त र घोषणापत्रलाई जनजनमा पुऱ्याउने र दलमाथि आकर्षण कायम गर्ने काममा कार्यकर्ताले गरेको कार्यमाथि विश्वास गर्दै राजनीतिक दलका अनुयायी तयार हुन्छन् । यदि राजनीतिक दलका अनुयायी भएनन् भने निर्वाचनमा राजनीतिक दलले विजय हासिल गर्न सक्तैन । त्यसैले राजनीतिक सिद्धान्त, राजनीतिक नेता र राजनीतिक कार्यकर्ताका साथै राजनीतिक सिद्धान्तको अनुयायी हुनु पनि आवश्यक छ । यी अनुयायीको जमातले नै राजनीतिक दललाई सत्तामा स्थापित गर्ने काम गर्छ ।

राजनीतिक दलमा चाहिने चार आवश्यक तaवका बारेमा माथि उल्लेख गरियो । राजनीतिक दलका यी सैद्धान्तिक पक्षमा विकासोन्मुख मुलुकका राजनीतिक दलमा माथि उल्लिखित तaवमा विचलन आउने गरेकै कारण ती मुलुकको राज्यव्यवस्थामा राजनीतिक अस्थिरता रहिरहने गरेको देखिएको छ । राजनीतिक अस्थिरताले मुलुक र जनताको उन्नति हुँदैन । त्यसैले राजनीतिक दललाई माथि उल्लिखित सिद्धान्तका आधारमा सञ्चालन गर्ने र गराउने व्यवस्था गर्नुपर्छ ।

विकासोन्मुख मुलुकहरूले उन्नति गर्न नसक्नुको मूल कारण नै राजनीतिक अस्थिरता हो । राज्यमा राजनीतिक अस्थिरता निम्त्याउने तaव नै राजनीतिक दलहरू हुन् । राजनीतिक दलका माथि उल्लिखित तaवमध्ये कुनै एकमा मात्र विचलन आयो भने त्यसले मुलुकको राजनीतिक वातावरणमा परिवर्तन ल्याउँछ । विकासोन्मुख मुलुकमा सञ्चालन भइरहेका राजनीतिक दलहरूमा आउन सक्ने विचलन पक्षलाई हेरौँ :

राजनीतिक दलका विचलन पक्ष :

१. राजनीतिक दलका सैद्धान्तिक पक्ष :
विकासोन्मुख मुलुकमा राजनीतिक दलको देखाउने एउटा सिद्धान्त हुन्छ भने व्यवहारमा अर्को सिद्धान्त देखिने गरेको पाइन्छ । सिद्धान्तभन्दा राज्यसत्ताका लागि राजनीति गर्ने प्रवृत्तिका कारणले गर्दा प्रायजसो राजनीतिक दलहरू आफ्नो घोषित सिद्धान्तमा अडिग भएको देखिँदैन । अझ निर्वाचनमा भाग लिन जाँदा सिद्धान्तका आधारमा घोषणापत्र तयार गरेर जनतासमक्ष गएका हुन्छन्, तर सत्तामा पुगेपछि घोषणापत्रमा घोषित नीतिको पालना दस प्रतिशत पनि गर्दैनन् । बहाना बनाउन र सर्वसाधारण जनतालाई झुक्याउन सिपालु त्यस्ता राजनीतिक दलले सिद्धान्तलाई सरलतापूर्वक पन्छाउने गर्छन् ।

२. राजनीतिक दलका नेताको दायित्व :
राजनीतिक दलका नेताको आचरणले नै दल सुदृढ हुन सक्छ । तर विकासोन्मुख मुलुकमा स्थापित प्रायः राजनीतिक दलका नेताहरू सत्तामोहमा परी राजनीतिमा संलग्न भएका देखिन्छन् । नेता नै पथभ्रष्ट भएपछि राजनीतिक दल पनि पथभ्रष्ट हुनु स्वाभाविक हो । सत्तामुखी राजनीति गर्ने नेता राष्ट्रको नेता हुन सक्तैन । राष्ट्रको नेता नभईकन राष्ट्र र जनताको उन्नति गर्न सक्तैन । त्यसैले भ्रष्ट नेता र बाहिरी मुलुकबाट सञ्चालित एवं सिद्धान्तहीन नेताको नेतृत्व रहेको राजनीतिक दलले राष्ट्र र जनताको हित गर्न सक्तैन ।

३. राजनीतिक दलका कार्यकर्ताको दायित्व :
राजनीतिक दलका कार्यकर्ताको दायित्व राजनीतिक दलका लागि महaवपूर्ण हुन्छ । तर विकासोन्मुख मुलुकहरूमा कतै काम नपाएपछि र आफ्नो व्यवसाय सञ्चालन गर्न नसकेपछि धेरै बाठा व्यक्तिहरू राजनीतिक सङ्गठनमा आबद्ध हुने गर्छन् । सिद्धान्तभन्दा नेताको सम्बन्धलाई बढी प्राथमिकता दिने व्यक्तिहरू राजनीतिक दलमा स्वयम्सेवी भई वा पारिश्रमिक लिएर कार्यक्रम सञ्चालन गर्छन् । पारिश्रमिक लिनेले राजनीतिक दलबाट हप्ता वा महिनाको पारिश्रमिक प्राप्त गरेका हुन्छन् । यिनीहरू साधारण जनतालाई आफ्नो राजनीतिक दलप्रति आकर्षण जागरण गर्ने-गराउने कार्य गर्छन् । निर्वाचनको समयमा भने यिनीहरूको मुख्य जिम्मेवारी हुन्छ । फकाएर होस्, प्रभावमा पारेर होस्, त्रास दिएर होस् वा पैसा खर्च गरेर होस्, जसरी पनि राजनीतिक दलका उम्मेदवारलाई जिताउन कस्सिएर लागेका हुन्छन् । त्यस समयमा नीति, नैतिकता तथा सिद्धान्तको कुनै पनि कार्यकर्ताले अनुसरण गरेका हुँदैनन् । जसरी पनि आफ्नो दलको उम्मेदवारले निर्वाचन जितोस् भन्ने मनसायले लागेका हुन्छन्, जुन राजनीतिक कार्यकर्ताको दायित्व र व्यवहारभन्दा बाहिर पर्छ ।

४. राजनीतिक दलका अनुयायीको जिम्मेवारी :
राजनीतिक सिद्धान्तका अनुयायी भन्नाले सर्वसाधारण नागरिक समूह नै हुन् । ती नागरिकलाई राजनीतिक दलको सिद्धान्त, नेताको व्यक्तित्व र कार्यकर्ताको व्यवहारले आकर्षण गरेको हुन्छ । तर विकासोन्मुख मुलुकहरूमा भने त्यस्ता

अनुयायी समूहले पनि निर्वाचनको समयमा विचलित हुँदै परिवर्तित रूपमा व्यवहार गर्ने गरेका हुन्छन् । राजनीतिक दलका नेता र कार्यकर्ताको सम्बन्धका आधारमा वा पैसाको प्रलोभनमा ती अनुयायीहरूले निर्वाचनमा भाग लिएका हुन्छन्, जो प्रजातन्त्रको नाममा हुने गरेको गलत क्रियाकलाप हो ।

विकासोन्मुख मुलुकहरूमा सञ्चालनमा आइरहेका राजनीतिक दलका अवस्थाका बारेमा हामीले बुझ्यौं । अब यस्तो स्थितिलाई कसरी नियन्त्रण गर्ने भन्नेतर्फ पनि विचार गर्नु आवश्यक भएको छ । राजनीतिक दलका चार आवश्यक तaेवहरूकै आधारमा राजनीतिक दलहरूलाई नियन्त्रणमा राखी राजनीतिक दल सञ्चालन हुने विधि विस्तार गर्नुपर्ने देखिन्छ ।

राजनीतिक दलको उत्पत्ति राजनीतिक दल समावेश भएको प्रजातान्त्रिक व्यवस्थामा मात्र हुन्छ । एकदलीय वा बहुदलीय दुवै किसिमको राजनीतिक व्यवस्थालाई दलीय व्यवस्था नै भनिन्छ । एकदलीय व्यवस्था विश्वका कमै मुलुकमा मात्र सञ्चालनमा रहेका छन् । प्रायः धेरै मुलुकमा हाल बहुदलीय राजनीतिक व्यवस्था चलेको छ । विकसित मुलुकहरूमा कम राजनीतिक दलहरू क्रियाशील भएका देखिन्छन् भने विकासोन्मुख मुलुकहरूमा अत्यधिक राजनीतिक दलहरू क्रियाशील भएको देखिन्छ । जुन मुलुकमा बढी राजनीतिक दलहरू क्रियाशील छन्, ती मुलुकहरू आर्थिक र राजनीतिक रूपले कमजोर देखिएका छन् । अर्थात् आर्थिक उन्नतिमा कमी हुने तथा राजनीतिक अस्थिरता बढी कायम रहने देखिएको छ । यी सबै हुनुको कारण राजनीतिक दलको सिद्धान्तमा विचलन आउनु नै हो भन्ने देखिन्छ । राजनीतिक दललाई नियन्त्रणमा राख्नका लागि निम्नलिखित बुँदाहरूलाई राज्यले अख्तियार गरी नीति निर्माण गरेर लागू गर्नुपर्ने हुन्छ :
१. राजनीतिक दलहरूमा सेवाभाव स्पष्ट हुनुपर्ने,
२. राजनीतिक दलले चन्दा असुल्न नहुने,
३. दलका नेता तथा कार्यकर्ताको सम्पत्ति विवरण पारदर्शी हुनुपर्ने,
४. बाहिरी मुलुकबाट घुसपैठ हुन नहुने
५. सहयोगमा एकद्वार प्रणाली लागू हुनुपर्ने,
६. निर्वाचन खर्चमा पारदर्शिता हुनुपर्ने,
७. निर्वाचनमा थ्रेसहोल्ड लगाउनुपर्ने,
८. निर्वाचन प्रणाली कायम गर्नुपर्ने,
९. राज्यको प्रशासन हस्तक्षेपमुक्त हुनुपर्ने,
१०. नेता तथा कार्यकर्तालाई कार्वाही गर्ने कानुनी व्यवस्था हुनुपर्ने ।

१. राजनीतिक दलहरूमा सेवाभाव स्पष्ट हुनुपर्नेः
राजनीतिक दलका नेता तथा कार्यकर्तामा मुलुक र जनताको सेवा गर्छु भन्ने असल भावका साथ राजनीतिमा प्रवेश गर्ने-गराउने व्यवस्था गर्नुपर्ने देखिन्छ । राजनीतिक दल मुलुक र जनताको सेवा गर्छु भन्ने उद्देश्यले स्थापना हुने हुँदा सो उद्देश्य नै कायम रहनुपर्छ ।

२. राजनीतिक दलले चन्दा असुल्न नहुने :
राजनीतिक दलले व्यवसायीहरूबाट चन्दा असुल्नु हुँदैन । विश्वका विकसित मुलुकहरूमा रहेका राजनीतिक दलले व्यापारी, उद्योगी र अन्य व्यवसायीसँग खुला चन्दा असुल्ने चलन छ । सो पूर्ण रूपमा बन्द हुनुपर्छ । त्यस्तै, विकासोन्मुख मुलुकहरूमा पनि चन्दा लिने नाममा धम्की र त्रास देखाएर चन्दा पनि असुल्ने चलन छ । राजनीतिक दल सञ्चालन गर्न वा चुनाव खर्चको नाउँमा चन्दा असुल्ने काम पूर्ण बन्द हुनुपर्छ ।

३. दलका नेता तथा कार्यकर्ताको सम्पत्ति विवरण पारदर्शी हुनुपर्ने :
दलका नेता तथा कार्यकर्ताको सम्पत्ति विवरण प्रत्येक वर्ष राज्यमा जानकारी हुने व्यवस्था हुनुपर्छ । किनभने राजनीतिमा संलग्न व्यक्तिहरू व्यवसायी होइनन् ।

४. बाहिरी मुलुकबाट घुसपैठ हुन नहुने :
मुलुकबाहिर कुनै राज्य वा निकायले राजनीतिक परिवर्तनका लागि वा धर्म-संस्कृतिको परिवर्तनका लागि घुसपैठ गर्ने गरेका हुन्छन् । खास गरी गरिब मुलुकमा यसरी बाहिरी घुसपैठ हुने गर्छ । त्यस्तो कार्य पूर्ण रूपले निस्क्रिय हुने व्यवस्था गर्नुपर्छ ।

५. सहयोगमा एकद्वार प्रणाली लागू हुनुपर्ने :

बाहिरको मुलुक वा बाहिरका मुलुकहरूमा क्रियाशील गैरसरकारी संस्थाहरूबाट देशको कुनै पनि निकाय वा क्षेत्रलाई सहयोगस्वरूप सामान वा रकम सहयोग लिने-दिने काम भएको हुन्छ । तर कुनै अर्को मुलुक वा कुनै निकायबाट यस्तो सहयोग आएको छ भने एकद्वार प्रणालीमार्फत मात्र हुने व्यवस्था हुनुपर्छ ।

६. निर्वाचन खर्चमा पारदर्शिता :
राजनीतिक दलले निर्वाचनका समयमा गरेको खर्च पूर्ण रूपले पारदर्शी हुने व्यवस्था गर्नुपर्छ ।

७. निर्वाचन थ्रेसहोल्ड लागू हुनुपर्ने :
विकासोन्मुख मुलुकहरूमा निर्वाचन थ्रेसहोल्ड लागू नभएका कारणले गर्दा राजनीतिक दलहरूको उत्पत्ति तीव्र वृद्धि देखिएको छ । यसको नियन्त्रणका लागि निर्वाचनमा भाग लिँदा पाँच प्रतिशत मत प्राप्त नगर्ने दललाई अर्कोपटक निर्वाचनमा भाग लिन नपाउने व्यवस्था गर्ने हो भने राजनीतिक दलको वृद्धिमा कमी आउँछ । यस प्रणालीले राजनीतिक व्यवस्थामा शुद्धता आउन सक्छ ।

८. निर्वाचन प्रणाली कायम गर्नुपर्ने :
निर्वाचन प्रणाली कायम गर्दा मुलुकका नागरिकको शिक्षा र आर्थिक अवस्थालाई हेर्नुपर्छ । प्रत्यक्ष निर्वाचन प्रणाली वा अप्रत्यक्ष निर्वाचन प्रणाली, जुन प्रणाली कायम गर्दा मुलुक र जनताको भलाइ हुन्छ, त्यस्तो निर्वाचन प्रणाली कायम गर्नुपर्छ । बालिग मताधिकारको प्रयोग गर्न-गराउन शतप्रतिशत जनता राजनीतिक रूपले सचेत भएको हुनुपर्छ । अन्यथा बालिग मताधिकारको व्यवस्थाले स्वच्छ निर्वाचन प्रणालीलाई असर पार्छ । सर्वसाधारण जनताको शिक्षाको स्तर हेरेर मात्र निर्वाचन प्रणाली लागू गर्नुपर्छ ।

९. राज्यको प्रशासन हस्तक्षेपमुक्त हुनुपर्छ :
राज्यको प्रशासन हस्तक्षेपमुक्त हुनुपर्छ । जुन मुलुकको सेना, प्रहरी र निजामती सेवा राजनीतिक रूपले अतिक्रमित हुन्छ, त्यस्तो मुलुकमा प्रजातन्त्रले स्थायीत्व पाउन सक्तैन । त्यसैले राज्यको प्रशासन राजनीतिक दलको हस्तक्षेपबाट मुक्त राख्नुपर्छ ।

१०. नेता तथा कार्यकर्तालाई कार्वाही गर्ने कानुनी व्यवस्था हुनुपर्ने :
धेरै मुलुकहरूमा राजनीतिक नेता तथा कार्यकर्तालाई कार्वाही गर्ने कानुन नै निर्माण नगर्ने प्रचलन छ । राजनीतिक नेता तथा कार्यकर्तालाई अनुचित कार्य गरेको वा भ्रष्टाचार गरेकोमा कार्वाही गर्ने व्यवस्था हुनुपर्छ ।

उपर्युक्त तथ्यलाई बुझी प्रत्येक राज्यव्यवस्थाले राजनीतिक दललाई नियन्त्रणमा राख्ने विधि निर्माण गर्नुपर्ने देखिन्छ । राजनीतिक दलले राज्यव्यवस्था सञ्चालन गर्ने र राज्यव्यवस्थाले राजनीतिक दललाई ठीक किसिमबाट सञ्चालन गर्ने गरी परस्परमा नबाझिने किसिमबाट विधि निर्माण हुनुपर्ने र सोही विधिमुताविक दुवै पक्ष सञ्चालित हुन सक्ने व्यवस्था हुनुपर्नेछ ।

राजनीतिक दलको आचारसंहिताः
आचारसंहिता भनेको कुनै निकायलाई देश, काल, परिस्थितिसुहाउँदो असल आचारमा राख्नका लागि नीतिका, विधिका आधारमा बनाइने नियम हो । जुन क्षेत्र र वर्गका लागि आचारसंहिता बनाउनुपर्ने हो, सो क्षेत्र र वर्गलाई पूर्ण नियन्त्रणमा राख्न आचारसंहिता बनाइन्छ । राजनीतिक दललाई पनि आचारसंहिताको घेराभित्र राख्नु आवश्यक छ । विकसित मुलुक होस् वा विकासोन्मुख मुलुक होस्, त्यस देशमा सञ्चालन भएका राजनीतिक दलहरूलाई देशको अवस्थासुहाउँदो आचारसंहिता बनाउनुपर्छ । धेरै मुलुकहरूमा त्यस्तो आचारसंहिता भए पनि विकासोन्मुख मुलुकमा कमजोर आचारसंहिता भएका कारण राजनीतिक दलहरू मनपर्दो ढङ्गबाट चल्ने गरेको पाइएको छ । कानुनको अपहेलना गर्नु, नेता र कार्यकर्ताको हितमा सबै प्रकारको नीति निर्माण गर्नु, दलीय पक्षमा निर्णय लिनु जस्ता गैरकानुनी कामहरूलाई पनि राजनीतिक निर्णय भनेर मनपर्दो निर्णय गर्ने काम गरेर राजनीतिक दलले असल शासन-पद्धतिको उपहास गर्ने गरेका छन् । यस्तो कार्य पूर्ण रूपमा नियन्त्रण गर्न राजनीतिक दलका लागि कडाभन्दा कडा आचारसंहिता निर्माण गरी लागू गर्नुपर्ने हुन्छ ।

राष्ट्रवादिता :
राजनीतिक दल पूर्ण रूपमा राष्ट्रवादी हुनुपर्छ । जुन मुलुकमा क्रियाशील राजनीतिक दल हो, त्यो राजनीतिक दल त्यसै मुलुकको राज्यव्यवस्था र जनताप्रति पूर्ण रूपमा जवाफदही हुनुपर्छ । किनभने राजनीतिक दल नै राज्यव्यवस्था सञ्चालन गर्ने अधिकारीका रूपमा स्थापित हुन्छ । राजनीतिक दल राज्यव्यवस्था र जनताप्रति पूर्ण रूपमा समर्पित हुनुपर्छ । त्यसैले

राजनीतिक दल अन्तर्राष्ट्रिय वादी हुन सक्तैन र हुनु हुँदैन । यदि त्यस्तो भएमा राजनीतिक दलबाट त्यो मुलुक र जनता दुवै धोकामा पर्छन् । राजनीतिक सिद्धान्त अन्य मुलुकबाट आयात हुन सक्छ, तर त्यो मुलुकसँग सम्बन्ध र सरोकार राख्नु हुँदैन । जुन मुलुकमा राजनीतिक दल स्थापना भएको छ, त्यही मुलुक र जनताप्रति उत्तरदायी हुनुपर्छ । राजनीतिक दलका लागि यो सर्वमान्य सिद्धान्त हो ।

मिलिजुली सरकार खतरनाक हुन्छ :
राजनीतिक दलले पूर्ण बहुमत प्राप्त गर्न नसकेको अवस्थामा एकभन्दा बढी राजनीतिक दल मिलिजुली सरकार गठन गरेर राज्यव्यवस्था सञ्चालन गर्दछन् । यस्तो किसिमको सरकार विकासोन्मुख मुलुकमा सञ्चालन हुन्छन् । त्यस्तो अवस्थामा सरकार अस्थिर हुनुका साथै राजनीतिक दलहरू मिलेर मुलुक र जनताका विकास र हितभन्दा सत्ता टिकाउने राजनीतिक तिकडमको खेल खेल्न गर्छन्, जसका कारणले जनता र मुलुक आर्थिक रूपले कमजोर हुँदै जान्छन् । राजनीतिक दलको सङ्ख्या कमभन्दा कम भएको खण्डमा बहुमतको सरकार गठन हुन सक्छ । त्यसैले मिलिजुली सरकार मुलुक र जनताका लागि खतरनाक सावित हुन्छ ।

बिद्रोहबाट जन्मिएको सरकार अल्पकालको हुन्छ :
विद्रोहबाट जन्मिएको राजनीतिक दल अथवा सानो वा ठूलो विद्रोहबाट सङ्गठित भएको राजनीतिक दलको लामो भविष्य हुँदैन । त्यस्तो राजनीतिक दलले मुलुक र जनताको हित गर्न सक्तैन । विद्रोह त्यतिखेर जन्मन्छ, जतिखेर जनता अभावले सताइएका हुन्छन् र नकारात्मक प्रवृत्तिले समाजमा जरो गाडेको हुन्छ । विद्रोहबाट जन्मिएको राजनीतिक दलले मुलुक र जनताको हित गर्न सक्तैन ।

राजनीतिक दलको तानाशाही पक्ष :
राजनीतिक दल आन्तरिक रूपमा तानाशाही प्रवृत्तिका हुन्छन् । त्यस्तो तानाशाहीपन बाहिर देखाउन मिल्दैन, तर विकासोन्मुख मुलुकमा भने राजनीतिक दलको तानाशाहीपन राजनीतिक दलभित्र जति चलेको हुन्छ, त्यति नै बाहिर पनि चलाउने कोसिस गर्छन्, जसका कारणले राजनीतिक दल अलोकप्रिय सावित हुन सक्छन् । विकासोन्मुख मुलुकमा त तानाशाही प्रवृत्तिको नाङ्गो रूप नै प्रदर्शन गर्छन् । यो राजनीतिक दलको दलीय सिद्धान्तको विरुद्ध हो । यसलाई नियन्त्रण गर्न राज्यव्यवस्थासँगै यथेष्ट कानुनी प्रावधान हुनुपर्छ । राज्यव्यवस्थामा राजनीतिक दललाई ठीक ढङ्गले सञ्चालन गर्ने विधिको निर्माण हुनुपर्छ ।


पद र पदाधिकारीको चयन :
पद तथा पदाधिकारीको चयन गर्दा राजनीतिक भागबन्डा र नेताको नजिकको सम्बन्धका आधारमा पद तथा पदाधिकारीको चयन हुनु हुँदैन । तर विकासोन्मुख मुलुकमा योग्यता, कार्यक्षमता वा विज्ञतालाई हेर्ने गरेको पाइँदैन । नेताको नजिकको मान्छे, होमा हो मिलाउने मान्छे र विवेक-बुद्धिलाई प्रयोग नगर्ने तर चलाख खालका मान्छे राजनीतिक नेताका प्रिय सावित हुन्छन् । यस्तो अवस्था कायम रहिरहँदा देश र जनतालाई नोक्सानी पुग्न सक्छ ।

राज्य र राजनीतिक दलमा विभेद:
राज्य र राजनीतिक दलमा विभेद छ । राजनीतिक दल नै राज्यव्यवस्थामा प्रवेश गर्ने र राजनीतिक दलले नै राज्यव्यवस्था सञ्चालन गर्ने हो, तापनि राज्यको अन्तरनिहित निर्देशित सिद्धान्त हुन्छ, जो राजनीतिक दलको हुँदैन । त्यसैले यी दुई निकाय एकैजस्तो देखिए पनि बेग्लै प्रकृतिका हुन्, तर सफल राजनीतिक सिद्धान्तलाई अख्तियारी गर्ने हो भने यी दुवैको अन्तरनिहित सिद्धान्त एकै हुनुपर्छ । विश्वका कमै मुलुकमा मात्र राज्य र राजनीतिक दलको अन्तरनिहित सिद्धान्त मिलेको देखिन्छ । जुन मुलुकमा राज्य र राजनीतिक दलको अन्तरनिहित सिद्धान्त मिलेको छ, त्यो मुलुक र जनताले विकास गरेका छन् । तर जुन मुलुकमा राज्य र राजनीतिक दलको विभेद सिद्धान्त छ, त्यो मुलुक र जनताले उन्नति गर्न सकेका छैनन् । त्यस्ता मुलुकहरूमा सुधारको आवश्यकता छ । मूल रूपमा निम्नलिखित अत्यावश्यक तaवलाई पन्छाउन सकिन्न :

१. राजनीतिक स्थिरता,
२. राष्ट्रको उन्नति,
३. राष्ट्रमा शान्ति कायम,
४. राष्ट्र र जनताको सुरक्षा,
५. मुलुक र जनताको आर्थिक वृद्धि ।

यी माथिका पाँच तaव राज्य र राजनीतिक दलका लागि अत्यावश्यक हुन्छन् । तर विकासोन्मुख मुलुकमा भने राजनीतिक दलका कमजोरीका कारण यी आवश्यक तaवहरूले उल्टो रूप धारण गरेको पाउँछौं ।

सिद्धान्तवादी राजनीतिक दल र सिद्धान्तहीन राजनीतिक दलले राज्यव्यवस्थामा प्रवेश गर्दा निस्कने नतिजालाई यसरी वर्गीकरण गरेर हेर्न सक्छौं :




राज्यव्यवस्थाको सिद्धान्त एकै भएर पनि सञ्चालन गर्ने राजनीतिक दलको सिद्धान्तमा विचलन आउँदा ठीक उल्टो व्यवस्था सञ्चालन हुने रहेछ भन्ने कुरा बुझिन्छ । त्यसैले सिद्धान्तवादी राजनीतिक दल कसरी तयार गर्न सकिन्छ भन्ने नै यो भ्रष्टविरोधी शास्त्रको चिन्तन हो । मूलतः राजनीतिक दललाई नै राष्ट्रको निहित निर्देशित सिद्धान्तको आडमा दल सञ्चालन गर्न गराउन सक्ने किसिमको व्यवस्था हुनुपर्नेछ । यसका लागि राजनीतिक दललाई विधिले नियन्त्रण गर्दै विधिसम्मत चल्ने राजनीतिक संस्कृतिको विकास गर्नुपर्ने हुन्छ । राज्यको मूल सिद्धान्तको आडमा नै राजनीतिक दल चल्नुपर्ने देखिएको छ ।

मुलुकमा जति राजनीतिक दलको सङ्ख्या बढेको हुन्छ, देश र जनताहरू त्यसै अनुपातमा गरिब र शोषित हुन पुगेका हुन्छन् । त्यसैले राजनीतिक दल धेरै भएका देशहरू गरिब हुन्छन्, विकास रोकिएको हुन्छ र राजनीतिक अवस्था अस्थिर भइरहन्छ ।


कुनै पनि मुलुकमा जुनसुकै शासकीय स्वरूपबाट पनि राज्य सञ्चालन हुन सक्छ, तर राजनीतिक दलमा छाडापन भयो भने कुनै पनि राजनीतिक पद्धति स्थायी रूपमा लागू हुन सक्तैन । त्यसैले यसलाई नियन्त्रण गर्न राजनीतिक दलहरूका निम्ति विशेष नीति लागू गर्नुपर्ने देखिन्छ ।

राजनीतिक दल :

कुनै पनि राजनीतिक दल दुई वर्गमा विभाजित भएको हुन्छ – पहिलो : नेतृत्व वर्ग र दोस्रो : कार्यकर्ता वर्ग । यी दुई वर्ग नै राज्यसत्ताका दावेदार हुन्छन् । कार्यकर्ता वर्ग नेतृत्वमा गएपछि नेता हुने र नेता भएपछि राज्यसत्तामा तुरुन्त पहुँच पुग्ने कारणले गर्दा नेता तथा कार्यकर्ता वर्गमा सत्ताप्राप्तिको होड भइरहने हुन्छ । यही सत्तालिप्साका कारण राजनीतिक दलभित्र गुट सिर्जना हुन्छ र गुटपछि फुट स्वाभाविक हुने हुँदा राजनीतिक दलको सङ्ख्या वृद्धि हुने गर्छ । यही नै राजनीतिक दलको खराब पक्ष हो । सेवाका लागि राजनीति हुनुपर्नेमा सत्ताका लागि राजनीति भएका कारणले साना तथा विकासोन्मुख मुलुकहरूका लागि राजनीतिक दल अभिशाप सावित हुन पुगेको छ ।

सुधारका पक्षहरू :

राजनीतिक नेताहरू दुई वर्गमा विभाजित गरी एक वर्ग दलको सिद्धान्तलाई प्रतिपादन गर्न नीतिनिर्माण गर्ने र त्यसको कार्यान्वयनका लागि निर्देशन गर्ने कार्य मात्र गर्दछ । अर्को वर्गले पहिलो वर्गको निर्देशन र सहयोगमा सत्ताप्राप्तिका लागि जनतामा जाने, चुनावमा भाग लिने र सत्तामा जाने काम गर्दछ । अर्थात् राजनीतिक दलभित्र सत्तामा जाने र नजाने वर्गलाई विभाजित गरेर राजनीतिक दल स्थापना गर्न सकियो भने दल फुट्ने कार्य रोकिनेछ र सत्तामा गएकाहरूको कार्यमूल्याङ्कन नजाने वर्गले गर्ने हुँदा शक्तिसन्तुलन भई राजनीतिक दल प्रभावकारी रूपमा सञ्चालन हुन सक्नेछ । यो सिद्धान्तलाई यसरी पनि हेर्न सकिन्छ –



दलका नीतिनिर्माता तथा सिद्धान्तप्रतिपादक समूहमा रहेका नेता वर्गमा सत्तामा जान नपाउने व्यवस्थाले राजनीतिक दलभित्र सेवामुखी भावना जागृत हुनेछ । किनभने दलमा संलग्न शीर्ष नेता नै सत्तामा जाने व्यवस्थाको अन्त भएको खण्डमा राजनीतिक नेताहरूको स्वार्थ एवं मनपरी निर्णय रोकिनेछ । यदि सत्तामा पुगेका नेता तथा जिम्मेवार व्यक्तिहरूले राज्यव्यवस्था र दलको अहित हुने कार्य गरेमा सत्तामा नजाने नेता समूहले पदीय दायित्वबाट हटाउन सक्नेछन् । यसबाट राजनीतिक दलको छविमा सुधार भई सेवामुखी कार्यको प्रारम्भ हुनेछ ।

# भ्रष्टविरोधी शास्त्रको शिक्षानीति
**९त्जभ भ्मगअबतष्यल उयष्अिथ या तजभ बलतष्अयचचगउतययिनथ०**

मान्छे एउटा सामाजिक प्राणी हो । यो विश्वव्यापी सर्वमान्य कथन हो । यो सर्वमान्य परिभाषामाथि विचार गर्नुपर्ने भएको छ । मान्छे अन्य प्राणीसरह नै हो, तर मान्छे अन्य पशुसरह भने होइन । पशु र मान्छे भिन्न प्रकृतिको हो र हुनुपर्छ । तर धेरै विकासोन्मुख वा अविकसित मुलुकहरूका मान्छेहरू पशुसरह नै रहेको हामीले पाएका छौँ । शिक्षा अर्थात् ज्ञानले नै मान्छेलाई अन्य पशुभन्दा अलग रूपमा उभ्याइदिन्छ । त्यसैले मानिस र पशुका बीचको फरक शिक्षाले नै छुट्याउन सक्ने हुँदा मानव-समाजमा शिक्षानीतिको महaेव बढेको हो ।

शिक्षानीतिको इतिहासलाई हेर्दा मानवसृष्टिसँगसँगै शिक्षानीति क्रमशः विकसित हुँदै आएको देखिन्छ । अक्षरको रचना नहुँदा र लेखनकलाको सृजना नहुँदा पनि यो मानव-समाजमा शिक्षानीतिले स्थान पाएको थियो । त्यसैले पनि मानव-विकासको इतिहासमा संस्कृति, सभ्यता र आध्यात्मिक ज्ञानको बलियो पकड रहेको हामीले बुझेका छौँ । तर त्यस्तो सभ्य एवं सुसंस्कृत मानव-सभ्यता विश्वका सबै स्थानमा र सबै युगमा एकैपटक आएको देखिएन । पृथक्-पृथक् समाजमा पृथक्-पृथक् युगमा त्यस्तो मानवोचित अवस्था आएकै कारण वर्तमानको मानव-सभ्यता प्रभावित भएको हो भन्ने हामीले अनुमान गरेका छौँ ।

यद्यपि लेखनकलाको थालनी हुनुभन्दा पनि पहिले ज्ञानलाई श्रुतिपद्धति तथा व्यावहारिक अभ्यासका माध्यमद्वारा ज्ञान एक मानिसबाट अर्को मनिसमा सार्ने र सारिने काम हुन्थ्यो । पछि लेखनकलाको प्रादुर्भाव भएपछि मानिसको ज्ञान तथा अनुभवको अभिलेख राख्ने कार्य भयो । आजको विकसित शिक्षाको इतिहासको प्रारम्भ बोली र व्यवहारबाट भएको देखियो । त्यसैले आधुनिक शिक्षाप्रणालीमा पनि बोली र व्यवहारको त्यत्तिकै महaेवपूर्ण स्थान रहेको हो ।

असल शिक्षा विस्तारित भएको समाज नै असल तथा विकसित समाज कहलिन्छ । शिक्षानीतिलाई राम्ररी लागू गर्न सकेको खण्डमा मात्र समाजको विकास हुने निश्चित छ । समाज-विकासका लागि त्यस समाजको प्रत्येक सदस्य सक्षम हुनु आवश्यक छ । व्यक्तिको सक्षमताको मूल आधार नै शिक्षा हो । जुन व्यक्तिले जस्तो शिक्षा पाएको हुन्छ, उसको सक्षमताको प्रकृति पनि त्यसैअनुसार हुन्छ । त्यसैले समाजमा असल शिक्षा विस्तारित हुनुपर्छ भन्ने स्पष्ट छ ।

विश्वका सबै विकासोन्मुख एवं विकसित मुलुकहरूले शिक्षानीतिलाई मूल दायित्वका रूपमा स्वीकार गरी शिक्षानीति तर्जुमा गरेका हुन्छन्, तर धेरै मुलुकहरूमा शिक्षानीति सफल भएको पाइँदैन । शिक्षानीतिमै भएको कमी-कमजोरीका कारणले नै समाजमा बेथिति बढ्ने, भ्रष्टाचारी उत्पन्न हुने र आतङ्कवाद फैलिने भइरहेको हामीले अनुभव गरेका छौँ । यसरी मानवोचित शिक्षा प्रदान गर्न नसकेकै कारण समाज समस्याग्रस्त भएको देखिन्छ । शिक्षानीति सबल भएमा मात्र समाज व्यवस्थित ढङ्गबाट सञ्चालन हुन सक्छ । यो विषयलाई यहाँ सङ्क्षेपमा विस्तार गर्ने जमर्को गरिन्छ ।

वर्तमानका सबै किसिमका समाजमा भ्रष्टाचार सामाजिक समस्याका रूपमा देखापरेको छ । सानो वा ठूलो, व्यक्तिगत वा संस्थागत, प्रत्येक्ष वा परोक्ष रूपमा फैलिएको भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गर्न तदनुसारको शिक्षानीति तर्जुमा गर्नुपर्ने हुन्छ । विश्वका सबै मुलुकहरूमा भ्रष्टाचार नियन्त्रणका लागि असल शिक्षानीति तर्जुमा गर्नुपर्ने हुन्छ । यसरी शिक्षानीति तयार गर्दा तीन क्षेत्रलाई प्रभावित गर्न सक्ने शिक्षानीति तयार गर्नुपर्ने हुन्छ । यी तीन क्षेत्र हुन् :

१. व्यक्ति वा नागरिक निर्माण,
२. समूह वा समाज निर्माण,
३. राजनीतिक समूह वा राजनीतिक दल निर्माण ।

१. व्यक्ति वा नागरिक निर्माण :

मानिस जन्मन्छ प्राणीका रूपमा । पछि उसले प्राप्त गरेको जानकारी वा सिकेको सिकोका कारणले उसले समाजमा आफ्नो स्तर निर्धारण गर्छ । यसरी मानवोचित ज्ञान वा व्यवहार प्राप्त गरेपछि मानिस समाजमा मानिसका रूपमा स्थापित हुन्छ । त्यो स्थापित मानिस नै समाजको उन्नति वा अवनतिको कारण बन्न सक्छ । त्यसैले व्यक्तिको ज्ञानको मापनका आधारमा व्यक्तिको योग्यता निर्धारण हुन्छ । भौतिक तथा आध्यात्मिक दुवै किसिमको ज्ञान व्यक्तिलाई दिनुपर्ने हुन्छ । भौतिक ज्ञानले उसको स्थूलशरीरलाई कसरी बचाउने र समाजको विकास कसरी गर्ने भन्ने सिकाउँछ भने आध्यात्मिक ज्ञानले उसको व्यक्तित्वको कसरी निर्माण गर्ने र समाजलाई सत्यको मार्गमा कसरी चलाउने भन्ने ज्ञान दिलाउँछ । यी दुवै भौतिक तथा आध्यात्मिक बाटो पहिल्याउने मूल तaेव ज्ञान हो । व्यक्तिका लागि शिक्षानीति निर्माण गर्दा निम्नलिखित चार विषयलाई स्थापित गर्न सक्ने किसिमको नीति तर्जुमा गर्नुपर्छ :

क) सदाचारी,
ख) सकारात्मक सोच,
ग) इमानदार,
घ) अनुशासित ।

क) सदाचारी :
सदाचारी व्यक्ति वा नागरिकले मात्र समाजको विकासमा योगदान गर्न सक्छ । सदाचारको अर्को रूप नैतिकता पनि हो । नैतिक एवं सदाचारी व्यक्ति वा नागरिक निर्माण गर्न तदनुसारको शिक्षानीति तर्जुमा गर्न सक्नुपर्छ । शिक्षानीति तयार गर्दा पुस्तकको ज्ञान र व्यावहारिक ज्ञान दुवै किसिमको ज्ञान दिने व्यवस्था प्राथमिक स्तरदेखि नै हुने व्यवस्था गर्नुपर्छ । आचार, विचार र नैतिकताको ज्ञान प्रारम्भमा नै भयो भने बालककालदेखि नै सदाचारतर्फ व्यक्ति अभ्यस्त हुन सक्छ ।

ख) सकारात्मक सोच :
सकारात्मक सोचले व्यक्तिको सर्वपक्षीय विकास गर्न सक्छ । सोच तथा विचारमा विचलन आयो भने व्यक्ति स्वयम् मात्र होइन, पूरा समाजलाई नै ध्वस्त बनाउन सक्छ । त्यसैले व्यक्ति तथा समाजको विकासका लागि सकारात्मक सोच अनिवार्य तȧव सावित भएको हो । व्यक्तिको सकारात्मक सोचले व्यक्तिमा विवेक निर्माण गर्छ । विवेकशीलता प्रमुख मानवीय गुण हो । त्यसैले सकारात्मक सोच निर्माण गर्न सक्ने शिक्षानीति लागू गर्ने वा गराउने व्यवस्था हुनुपर्छ ।

ग) इमानदार :
इमान मानिसको गुणतȧवमै पर्छ । मानिसमा इमान हरायो भने मानिसका रूपमा कुनै पनि व्यक्ति समाजमा स्थापित हुन सक्तैन । इमानदारी मानिसको व्यक्तित्व विकासको राजपथ हो । जोसँग इमान छ, त्यो सबैका लागि स्वीकार्य हुन्छ । मानिसको जीवनमा इमानदारी कायम हुन सक्ने शिक्षाको प्रचार तथा प्रसार हुने व्यवस्था अपनाउनुपर्छ ।

घ) अनुशासित :
अनुशासनको शिक्षा प्रारम्भिक समयमा नै दिन सकेको खण्डमा व्यक्तिले आफ्नो व्यक्तित्वको विकास गर्न सक्छ । मान्छेको गुणतȧवभित्र अनुशासन रहेकै हुन्छ । त्यसलाई जीवन-पद्धतिमा वा व्यवहारमा ल्याउने साधारण तरिका मात्र अपनाए पनि मानिस अनुशासित हुन सक्छ ।

यी माथिका चार विषयलाई स्थापित गर्न सकेको खण्डमा व्यक्ति वा नागरिकमा विशेष चरित्र निर्माण भई महȧवपूर्ण नतिजा निस्कन सक्नेछ, जुन व्यक्ति र व्यक्तित्व विकासका लागि अनिवार्य तȧव हुन् । यी हुन् : (१) समृद्धि, (२) सफलता, (३) उपलब्धि हासिल, (४) सुख तथा शान्ति ।

२. समूह वा समाज निर्माण :
व्यक्ति वा नागरिक निर्माणका लागि शिक्षानीति आवश्यक भएजस्तै समुदाय तथा समाज-निर्माणका लागि पनि शिक्षानीति तर्जुमा गर्नुपर्ने हुन्छ । व्यक्तिको सोच तथा चरित्रमा विचलन आउन सक्छ र त्यस्तो विचलन आएको अवस्थामा समुदाय तथा समाजको असल वातावरणले सुधार गर्न सक्छ । त्यसैले समुदाय वा समाजमा असल वातावरण निर्माण गर्नका लागि निम्नलिखित विषय स्थापित हुन सक्ने शिक्षानीतिको विकास र विस्तार गर्नुपर्ने हुन्छ :
क) नैतिक मूल्यको स्थापना,
ख) सहकारीको विकास,
ग) जिम्मेवारीबोध,
घ) विधिपूर्ण अवस्था ।

क) नैतिक मूल्यको स्थापना :
समुदाय वा समाजमा नैतिक मूल्यको उतारचढावले सामाजिक समस्याहरू उब्जने गर्छन् । त्यसले पनि समाजमा सबै किसिमका मूल्यहरूले महȧव राखेजस्तै नैतिक मूल्यले अझ विशेष महȧव राखेको हुन्छ । यसको स्थायीत्व र सम्वर्द्धन हुन सक्ने अवस्थाको सृजना गर्न सक्नुपर्छ ।

ख) सहकारीको विकास :

एकभन्दा बढी मिलेर गर्ने कामलाई सहकारी सिद्धान्तअनुसारको कार्य भनिन्छ । समुदाय तथा समाज-विकासमा सहकारीको सिद्धान्त अत्यन्तै सफल तथा उपयोगी सावित भएको छ । यसबाट मानिसमा मिलेर काम गर्नुपर्छ वा मिलेर काम गर्दा सफलता हासिल गर्न सकिन्छ भन्ने भावना पैदा हुन्छ, जो समुदाय तथा समाज-विकासमा लाभकारी हुन्छ ।

ग) जिम्मेवारीबोध :
कुनै पनि राम्रो वा नराम्रो काम गरेको कार्यलाई जिम्मेवारी लिनु वा जिम्मेवारी लिनुपर्छ भन्ने जानकारी हुनु नै जिम्मेवारीबोधको अवस्था हो । समूहमा वा समाजको प्रत्येक एकाइले सामाजिक, आर्थिक र राजनीतिक आदि विषयमा गरेको र गर्ने कार्यमा जिम्मेवारीबोधको अवस्था रहनुपर्छ ।

घ) विधिपूर्ण अवस्था :
विधिपूर्ण अवस्था भन्नाले परम्परादेखि चलेको रीतिस्थिति तथा संस्कृति, सामाजिक मूल्य तथा मान्यता एवं राज्यव्यवस्थाले प्रचलनमा ल्याएको कानुनको पूर्ण पालना हुनुपर्ने अवस्थालाई बुझ्नुपर्छ । त्यसैले विधिपूर्ण अवस्थाको पूर्ण पालना हुने अवस्थाको सृजना हुन सक्ने शिक्षानीति लागू गर्न सक्नुपर्छ, तब मात्र ठोस परिणाम पाउन सकिन्छ । ती हुन् : (१) सार्वजनिक विकास, (२) आर्थिक सफलता, (३) सर्वपक्षीय उपलब्धि, र (४) सहज अवसर तथा स्वतन्त्रता ।

३. राजनीतिक समूह वा राजनीतिक दलको निर्माण :
कुनै पनि मुलुकमा बसोबास गर्ने जनताको जीवनस्तर उठाउने तथा मुलुकको उन्नति गर्ने जिम्मेवारी त्यस मुलुकभित्र क्रियाशील रहेका राजनीतिक समूह वा राजनीतिक दलले लिएका हुन्छन् । त्यसैले राजनीतिक समूह वा राजनीतिक दल जनता र मुलुकको हित गर्न सक्ने भएमा मात्र त्यस्तो समूह तथा दल त्यस मुलुकमा स्थायी रूपमा क्रियाशील हुन सक्छन् । स्थायी रूपमा क्रियाशील हुन सक्ने राजनीतिक समूह वा राजनीतिक दलले मुलुकमा राजनीतिक स्थिरता कायम गर्न सक्छन् । जहाँ राजनीतिक वातावरण स्थिर हुन्छ, त्यहाँका जनता र मुलुक दुवैको उन्नति हुन्छ । राजनीतिक स्थिर वातावरण कायम गर्न निम्नलिखित विषय पूर्ण रूपले परिपालना हुने अवस्था हुनुपर्नेछ :
क) निश्चित सिद्धान्त,
ख) सेवामुखी भावना,
ग) जवाफदेहिता,
घ) असल शासनपद्धति ।

क) निश्चित सिद्धान्त :
राजनीतिक समूह वा राजनीतिक दलमा निश्चित सिद्धान्त अवलम्बन गरी मुलुक र जनताको हित गर्ने योजनासहित प्रस्तुत भएको हुनुपर्छ । यसरी स्पष्ट रूपमा राजनीतिक सिद्धान्तलाई अङ्गिकार गरी प्रस्तुत हुने राजनीतिक समूह वा राजनीतिक दलले मात्र मुलुक र जनताको भलो गर्न सक्छ ।

ख) सेवामुखी भावना :
विश्वको राजनीतिक परिप्रेक्ष्यमा देखिएका राजनीतिक समूह वा राजनीतिक दल दुई किसिमका उद्देश्य लिएर देखापरेका देखिन्छन् – (१) सत्ता कब्जा, (२) सेवाभाव । सत्ता कब्जा गर्ने उद्देश्यले क्रियाशील राजनीतिक समूह वा राजनीतिक दल क्षणिक रूपमा सफल देखिए पनि वास्तवमा असफल भएका हुन्छन् भने सेवाभावले प्रेरित भई क्रियाशील समूह वा दल सफल भएका हुन्छन् । त्यसैले सेवामुखी भावना भएको राजनीतिक समूह वा राजनीतिक दलले जनता र मुलुकको सेवा गर्ने मात्र होइन, मुलुकमा राजनीतिक स्थिरता कायम गरी मुलुकको सर्वतोमुखी विकास गर्न सक्छ ।

ग) जवाफदेहिता :
कुनै पनि मुलुकमा क्रियाशील राजनीतिक समूह वा राजनीतिक दल त्यस मुलुकका जनता र राज्यव्यवस्थाप्रति पूर्ण जवाफदेही हुन सक्नुपर्छ । राजनीतिक समूह वा राजनीतिक दलमा संलग्न अगुवा, नेता तथा कार्यकर्ताहरू व्यक्तिगत रूपमा पनि जनता र मुलुकको अन्य संयन्त्रप्रति पूर्ण बफादार तथा जवाफदेही हुन सक्ने पद्धति स्थापित हुने अवस्था कायम गर्ने नीतिको विकास गर्न सक्नुपर्छ, तब मात्र जवाफदेहिताले स्थायीत्व कायम गर्न सक्छ ।

घ) असल शासनपद्धति :
मूलतः कानुनी राज्यको अवधारणालाई अङ्गिकार गरी गरेको शासन-व्यवस्थालाई असल शासन-पद्धति भनिन्छ । तर वर्तमानको असल शासन-पद्धतिभित्र निम्नलिखित ६ तaिव अनिवार्य भएको हुनुपर्छ :
(१) कानुनी राज्यको अवधारणाअनुसारको राज्यव्यवस्था,
(२) भ्रष्टाचार नियन्त्रित समाजको स्थापना,


(३) सार्वजनिक उत्तरदायित्व कायम,
(४) जनतामा सूचनाको हकको सुनिश्चितता,
(५) पारदर्शिता,
(६) स्थानीय स्वायत्त शासन-प्रणाली ।

राजनीतिक समूह वा राजनीतिक दलको निर्माणका लागि माथि उल्लिखित आधार तयार हुनु आवश्यक छ । यी आवश्यक आधार नै कारण भएर निम्नलिखित परिणामहरू प्राप्त हुन सक्नेछन् । ती हुन् : (१) समृद्ध समाजको निर्माण, (२) सफल राजनीति, (३) राजनीतिक स्थायीत्व, (४) शान्ति तथा सुव्यवस्था ।

यी आवश्यक तäव पूर्ण रूपमा स्थापित गर्नका लागि विशेष शिक्षानीतिको निर्माण गर्नुपर्छ ।

माथिको अध्ययनका आधारमा विश्वविख्यात शुभचिह्नलाई प्रयोगमा ल्याई हेरौँ ।


१. व्यक्ति वा नागरिक निर्माणको कारण तथा त्यसको परिणाम :




कारण | परिणाम
--- | ---


| कारण | परिणाम |
| --- | --- |
| सदाचारी | समृद्धि |
| सकारात्मक सोच | सफलता |
| इमानदार | उपलब्धि हासिल |
| अनुशासित | सुख र शान्ति |

२. समुदाय वा समाज-निर्माणको कारण तथा त्यसको परिणाम :



| कारण | परिणाम |
|---|---|
| नैतिक मूल्य | सार्वजनिक विकास |
| सहकारिता | आर्थिक सफलता |
| जिम्मेवारी वोध | सर्वपक्षीय उपलब्धि |
| विधिपूर्ण अवस्था | सहज अवसर तथा स्वतन्त्रता |

३. राजनीतिक समूह वा राजनीतिक दलको निर्माणको कारण तथा त्यसको परिणाम :




| कारण | परिणाम |
|---|---|
| निश्चित सिद्धान्त | समृद्ध समाज निर्माण |
| सेवामुखी भावना | सफल राजनीति |
| जवाफदेहिता | राजनीतिक स्थायित्व |
| असल शासन पद्धति | शान्ति तथा सुव्यवस्था |

माथिका शुभचिह्नहरूलाई आधार बनाई नागरिक, समाज र राजनीति यी तीनै पक्षका आवश्यक कारणलाई आधार बनाई चल्न सक्ता निस्कने परिणामलाई हेर्‍यौं । यिनै विषयप्राप्तिका लागि शिक्षानीति तर्जुमा भएको खण्डमा त्यसबाट निस्कने परिणाम अत्यन्तै लाभदायी हुने रहेछ भन्ने पनि बुझ्यौं । माथि प्रस्तुत भएको शुभचिह्न केन्द्रलाई दाहिने पारेर निरन्तर आफ्नो धुरीमा घुमिरहन्छ । यसरी घुमिरहनु भनेको विषयलाई निरन्तरता दिनु हो । यसले विषयलाई जीवन्तता दिएको हुन्छ । त्यसैले यो शाश्वत हो र सत्य हो । यसैअनुसार भ्रष्टविरोधी शास्त्रलाई आवश्यक शिक्षानीति पनि समयानुसार परिवर्तित हुँदै निरन्तरता पाएको हुनुपर्छ, तब मात्र सार्थक परिणामको अपेक्षा गर्न सकिन्छ ।

# उपसंहार तथा सुझाव
**९ऋयलअगिकष्यल बलम च्भअक्रभलमबतष्यलक०**

विश्वका सबै मुलुकमा भ्रष्टाचारजन्य कार्य हुन्छन् र हुने गरेका छन् । सानो मुलुक होस् वा ठूलो मुलुक होस्, भ्रष्टाचारले अतिक्रमण नगरेको मुलुक नै छैन भने पनि हुन्छ । ठूला तथा विकसित मुलुकको भ्रष्टाचारको प्रकृति र साना तथा विकासोन्मुख मुलुकको भ्रष्टाचारको प्रकृति र रूप फरक-फरक देखिएका छन् । विकसित मुलुकको भ्रष्टाचार अदृश्य प्रकृतिका हुन्छन् भने साना तथा विकासोन्मुखका भ्रष्टाचार देखिने र नदेखिने प्रकृतिका हुन्छन् । स्पष्ट रूपमा भन्नुपर्दा भ्रष्टाचारले विश्वमानव-समाजलाई पूर्ण रूपले गाँजिसकेको छ । भ्रष्टाचारबाट मुक्ति पाउनु मानव-समाजका लागि अपरिहार्य सावित भइसकेको छ ।

मानव-समाजको विकाससँग भ्रष्टाचारजन्य विषय पनि नजानिदो किसिमबाट विकसित भएर समाजमा राम्रै गरी जरो गाडिसकेको छ । यो यति बलियोसँग गाडिएको छ कि यसको जरो पत्ता लगाउन नै गाह्रो भएको छ । यसको समाजसँगको मजबुत सम्बन्धलाई समाजका अगुवा, विचारक र सुधारकहरूले पनि समूल समाप्त गर्ने कुनै बाटो पत्ता लगाउन सकिरहेका छैनन् । भ्रष्टाचारजन्य कार्यको स्वभाव नै यस्तो छ कि यो मानव-विकासको गतिसँग विकसित हुँदै जाने गर्छ । विकसित मुलुकदेखि अर्धविकसित, विकासोन्मुख वा अविकसित मुलुकहरू भ्रष्टाचारजन्य कार्यहरूबाट च्यापिँदै गइरहेका छन् । भ्रष्टाचारजन्य कार्यबाट सताइएका मुलुकहरू भ्रष्टाचारको मारबाट मुक्ति पाउन छटपटाइरहेको अवस्थामा यो भ्रष्टविरोधी शास्त्र सार्वजनिक भएको छ ।

- विश्वव्यापी रूपमा फैलिएको यो भ्रष्टाचारजन्य कार्यबाट समाजमा अनेकानेक समस्याहरू देखिए पनि यसको नियन्त्रण र निवारणका लागि कोही कसैले गम्भीरताका साथ चासो राखेको देखिएन । समाजका अगुवा, राजनीतिक नेता तथा राज्यव्यवस्था स्वयम्ले पनि यसलाई राम्ररी बुझ्न सकेनन् । तर नबुझ्दा-नबुझ्दै पनि सबैजसो मुलुकका राज्यव्यवस्थाले भ्रष्टाचारविरुद्धका कानुनहरू बनाएर लागू गरे । केही राज्यव्यवस्थाले त भ्रष्टाचारविरुद्धको कार्य हेर्न संविधानबाट नै स्वतन्त्र आयोग पनि खडा गरे । यसरी भ्रष्टाचारविरुद्धको कानुन आए पनि त्यो कानुनले भ्रष्टाचारजन्य कार्यलाई भने नियन्त्रण गर्न सकेन । वास्तवमा कानुनले मात्रै भ्रष्टाचारजन्य कार्यलाई पूर्ण नियन्त्रण गर्न सक्तैन । कानुनले त भ्रष्टाचारजन्य कार्य गरेको छ भने त्यस्ता भ्रष्ट व्यक्ति, समुदाय वा संस्थालाई कार्वाहीको घेराभित्र हाली प्रमाण जुटाएर कानुनबमोजिम दण्ड-जरिवाना दिने र गर्ने मात्र व्यवस्था गर्छ । यस्तो कानुनी कार्वाहीले पछि हुने भ्रष्टाचारीलाई भ्रष्टाचार गर्नु हुँदैन भन्नेसम्मको सन्देश पठाउँछ । भ्रष्टाचार नगरिने अवस्थाको सृजना कानुनले गर्न सक्तैन । त्यसैले यहाँ भ्रष्टाचार नहुने र नगरिने वातावरणको सृजना गर्नुपर्नेछ ।
- ठूला राष्ट्रले साना राष्ट्रलाई राजनीतिक रूपमा उपनिवेश कायम गर्ने व्यवस्था प्राचीनकालदेखि लामो समयसम्म सञ्चालन भएर आएको हो । वर्तमान अवस्थामा राजनीतिक रूपमा प्रत्यक्ष उपनिवेश कायम गर्न नसके पनि आर्थिक र सांस्कृतिक रूपमा एक देशले अर्को देशलाई उपनिवेश बनाउने प्रचलन बढ्दै आएको छ । यो व्यवस्थाले साना मुलुकहरू सधैं ठूला मुलुकको सिकारमा परेका छन् । भनिदा सार्वभौमसत्तासम्पन्न राज्य भनिन्छ, तर व्यवहारमा भने पूर्ण औपनिवेशिकता कायम भएको हुन्छ । यस्तो अवस्थामा साना तथा गरिब मुलुक तथा त्यस मुलुकमा बसोबास गर्ने नागरिकको कुनै छुट्टै अस्तित्व कायम हुन सक्तैन । त्यस्ता मुलुकका सबै क्षेत्र भ्रष्टाचारजस्तो सामाजिक रोगले ग्रसित भएका हुन्छन् । त्यस्ता मुलुक र जनतालाई मुक्ति दिलाउन वर्तमानको नवउपनिवेशवादी व्यवस्थालाई अन्त्य गर्न सक्नुपर्छ ।
- गैरसरकारी संस्थाका क्रियाशीलता विकसित मुलुकका लागि फाप सिद्ध भएकै कारण सम्पन्न मुलुकहरूले आफूले गर्नुपर्ने कार्यहरू वा जनतामा सेवा दिने कार्यहरू गैरसरकारी संस्थामार्फत गरेका हुन्छन् । त्यही सिको विकासोन्मुख मुलुकहरूले गर्दा मुलुक र जनता भ्रष्टाचारको दलदलमा फस्न पुगेका छन् । विकासोन्मुख मुलुकमा गैरसरकारी संस्था सञ्चालन गर्ने व्यक्ति, समुदाय र संस्था नाफामा छन् । किनभने कम काम बढी अर्थोपार्जनका नीति लिएका विकासोन्मुख मुलुकमा गैरसरकारी संस्था व्यावसायिक रूपमा सञ्चालनमा आएका देखिन्छन् । तिनका क्रियाशीलताले नै तिनीहरू शङ्काको घेरामा परेका छन् । त्यस्ता गैरसरकारी संस्थामाथि शङ्का उठ्ने मात्र होइन, देशको अस्मिता नै बिक्री गर्ने कार्य गरेको आरोप पनि लाग्ने गरेको छ । तर पनि यस्ता संस्थाहरू धेरै गरिब मुलुकमा सञ्चालित देखिएका छन् । गरिब मुलुकका विद्वान् भनाउँदा बाठा मान्छेहरूले नै गैरसरकारी संस्था सञ्चालन गरेका हुन्छन् । त्यस्ता संस्थाले फाइदाभन्दा नोक्सान बढी गराउने हुँदा यसतर्फ सबैको ध्यान जानु आवश्यक देखिन्छ । विकासोन्मुख मुलुकमा केही राम्रा गैरसरकारी संस्था सञ्चालन भए तापनि बढी सङ्ख्यामा जनता र मुलुकको नीतिविरुद्ध सञ्चालन हुने हुँदा त्यस्ता गैरसरकारी संस्थालाई निरुत्साहित तुल्याउन सक्नुपर्छ ।

- आजको युग प्रजातन्त्रको युग हो । विश्वका प्रायः धेरै मुलुकहरूमा प्रजातन्त्र स्थापना भएको छ । एकाध साम्यवादी व्यवस्था सञ्चालित मुलुकहरूले पनि आफूलाई प्रजातान्त्रिक राजनीतिक व्यवस्था नै भनेका छन् । किनभने एक मात्र राजनीतिक दलले राज्यव्यवस्था कब्जा गरे पनि राजनीतिक दल भएको कारणले पनि उनीहरूलाई जनताको प्रतिनिधिका रूपमा चिनाउन अप्ठ्यारो भएको छैन । त्यसैले पनि एकदलीय साम्यवादी व्यवस्थालाई पनि प्रजातान्त्रिक व्यवस्था नै भनेर सबैले स्वीकार गर्नुपर्ने अवस्था आएको छ । एकदलीय वा बहुदलीय राजनीतिक व्यवस्थामा राजनीतिक दलको नै राज्यसत्तामा बाहुल्य कायम भएको हुन्छ । त्यसैले राजनीतिक दल स्वच्छ, सिद्धान्तवादी र जनताप्रति उत्तरदायी हुनुपर्छ । गरिब एवं अविकसित मुलुकहरूमा टाठाबाठाले साम्यवादी सिद्धान्तलाई मुखपत्र बनाएर राज्यसत्ता कब्जा गर्ने गर्छन् । यसैअनुसार धेरै मुलुकहरूमा त्यस्ता साम्यवादी वा उग्रसाम्यवादीले राज्यसत्ता कब्जा गर्छन् । त्यसरी राज्यसत्ता कब्जा गरे तापनि सुस्त-सुस्त बहुदलीय ढाँचामा परिवर्तत हुँदै आउने गरेका हुन्छन् । राज्यव्यवस्था प्रभावकारी रूपमा सञ्चालन गर्न कस्तो किसिमको राजनीतिक दलको आवश्यकता पर्छ वा जरुरी छ भन्ने कुरा यकिन गर्न नसकिए पनि प्रजातान्त्रिक व्यवस्थामा एकभन्दा बढी राजनीतिक दलको आवश्यकता छ भन्ने कुरा महसुस भएको छ । यसको अर्थ यो होइन कि दर्जनौं सङ्ख्यामा राजनीतिक दल स्थापित होस् र बहुदल कायम होस् । विकसित मुलुकमा प्रमुख दुई वा तीन दलहरू नै क्रियाशील भएको देखिएका छन् । त्यसैले विकासोन्मुख मुलुकमा पनि दुईदेखि चार राजनीतिक दल मात्र अस्तित्वमा राख्ने व्यवस्था सञ्चालन गर्नुपर्ने हुन्छ । विकासोन्मुख तथा गरिब मुलुकमा च्याउ उम्रेजस्तो सयौं राजनीतिक दल खडा हुने र आपसमा द्वन्द्व गर्ने प्रवृत्तिको अन्त्य गर्न पनि त्यस्ता राज्यमा सीमित राजनीतिक दलको व्यवस्था गर्नुपर्ने हुन्छ । यसरी राजनीतिक दललाई सीमित दायराभित्र राख्न सक्ता राजनीतिक दल इमानदार, जवाफदेही एवं सिद्धान्तवादी हुन सक्छन् ।
- राज्य, राज्यव्यवस्था र राजनीतिक दलका बारेमा विस्तृत अध्ययन राजनीतिशास्त्रमा हुने गर्छ । राजनीतिशास्त्रको जुन समयमा चिनारी भयो, त्यो समयमा राजनीतिक दलको कल्पनासम्म पनि गर्न सकिएको थिएन । राजनीतिक दलले धेरै पछि आएर राजनीतिक क्षेत्रलाई अतिक्रमण गऱ्यो । राजनीतिक क्षेत्र राजनीतिक दलद्वारा अतिक्रमित भएपछि मात्र राजनीतिक दल राजनीतिशास्त्रमा अध्ययनको विषय बन्यो । यसरी राजनीतिक दल पछि प्रवेश गरेको हुँदा यसको गुण वा अवगुणका बारेमा त्यति गहिरिएर अध्ययन हुन नसकेका कारणले राजनीतिक दलहरू विश्वका सबैजसो मुलुकहरूमा आआफ्नै तौरतरिका र ढङ्गबाट सञ्चालन हुन थालेको हुँदा समस्या देखापरेको हो । राजनीतिक दलको प्रमुख समस्या भनेको नै निर्वाचन प्रणाली हो । निर्वाचनमा जाँदा व्यक्ति वा दलीय घोषणापत्रलाई प्रचार गर्न मानसिक, भौतिक र आर्थिक लगानी गर्नुपर्ने भएकाले पनि राजनीतिक दलहरूले बाध्यताका साथ अर्थसङ्कलन गर्नुपर्ने अवस्था सिर्जना भएको हो । यसैबाट ठूलो वा सानो, सहन गर्न सकिने वा नसकिने कार्य हुने र राष्ट्रिय सम्पत्तिको पनि खुला दुरुपयोग हुने कुराले यस क्षेत्रमा भ्रष्टाचार मौलाएको हो । राजनीतिशास्त्रको अध्ययनमा अब भ्रष्टविरोधी शास्त्रको विषय पनि अध्ययनमा ल्याएर यसको नियन्त्रणविधिको निर्माण गर्नुपर्ने हुन्छ ।
- अर्थशास्त्रको पनि पुरानो इतिहास छ । अर्थशास्त्रले आर्थिक व्यवस्थापनको नीतिलाई लामो समयदेखि व्याख्या-विश्लेषण गर्दै आर्थिक कारोबारलाई व्यवस्थित गरेको छ । अर्थको कारोबारदेखि वस्तुको उत्पादन र बजारसम्मको अध्ययन हुने अर्थशास्त्र अवैध अर्थ-आर्जन र त्यसको कारोबारका बारेमा भने मौन रहेको छ । वर्तमानमा सबै क्षेत्रलाई अर्थले नै नियन्त्रण गर्ने गरेको छ । त्यस्तै, भ्रष्टाचारको मूल केन्द्रमा नै धन रहेको छ । धनको आर्जनलाई नै प्रमुखता दिएपछि भ्रष्टाचारजन्य कार्य हुन्छ । अर्थशास्त्रमा समेटिएका सबै क्षेत्रमा भ्रष्टाचारले पूर्ण प्रभाव पारेको हुन्छ । उत्पादन, आपूर्ति, बजार, व्यापारिक कारोबार, आयात, निर्यात, विनिमयदेखि वित्तीय कारोबार गर्ने सबै किसिमका संस्था आदिमा सानो वा ठूलो आर्थिक अपराध छुपेर बसेको हुन्छ । यही आर्थिक अपराधलाई अध्ययन र विश्लेषण गर्नका लागि भ्रष्टविरोधी शास्त्रले मद्दत गर्न सक्ने हुँदा अर्थशास्त्रको अध्ययनमा पनि यो शास्त्रलाई विषय बनाई समावेश गर्नुपर्ने हुन्छ ।
- सामाजिक समस्याका रूपमा परिचित भ्रष्टाचारलाई निश्चित अवस्थामा नराखेसम्म समाजको समग्र विकास हुन सक्तैन । पहिलेको समयमा समाजमा कोही व्यक्ति भ्रष्ट हो भनेर चिनिएपछि त्यस समाजले नै त्यस्तो भ्रष्ट व्यक्तिलाई घृणाको दृष्टिले हेर्ने र अपहेलना गर्ने चलन थियो । त्यस्तो सामाजिक मान्यता भएका कारण भ्रष्टहरू परिचित हुने गरी भ्रष्टाचारजन्य कार्य गर्दैनथे । यदि गरिहाले पनि 'सिङ-पुच्छर' लुकाएर मात्र त्यस्तो घृणित काम गर्थे । त्यस्तो सामाजिक मान्यता स्थापित भएको कारणले गर्दा भ्रष्टाचारजन्य कार्य भइहाल्यो भने पनि अति नै न्यून रूपमा हुने गर्दथ्यो । तर वर्तमान समयमा भने भ्रष्टाचार जसले जतिसक्दो गरोस्, उसले कानुनलाई मात्र छल्न सक्यो भने समाजमा प्रतिष्ठित जीवनयापन गर्न सक्ने वातावरण छ । त्यसैले पनि भ्रष्टाचारजन्य कार्य गरेर बढीभन्दा बढी जसले धन आर्जन गर्न सक्छ, समाजमा त्यसैको बढी प्रतिष्ठा बढ्ने र उसैको समाजमा बाहुल्य कायम हुने भएकाले पनि भ्रष्टाचार बढिरहेको हो । समाजशास्त्रमा सामाजिक व्यवहार, जातिपातिको विभेद र अन्य सामाजिक समस्याका बारेमा अध्ययन-अध्यापन हुन्छ, तर भ्रष्टाचार छुट्टै विषयका रूपमा अध्ययन हुने व्यवस्था

गरिएको छैन । वर्तमानको समाज भ्रष्टाचारले आक्रान्त छ । हरेक समस्याको जड नै भ्रष्टाचारजन्य कार्य हो भन्ने सत्यतालाई पनि सबैले बुझेका छन् । समाजमा व्याप्त अनेक किसिमका भ्रष्टाचारलाई नियन्त्रित अवस्थामा राख्नुपर्छ भन्ने कुराको ज्ञान पनि सबैलाई छ । यति हुँदाहुँदै पनि भ्रष्टाचारविरुद्धको विषय समाजशास्त्रमा समावेश हुन सकेको छैन । भ्रष्टाचार सामाजिक रोग हो । सामाजिक रोगका रूपमा समाजमा स्थापित भएको छ र यसको निराकरण पनि त्यत्तिकै आवश्यक छ । यस तथ्यलाई सम्झेर चाँडोभन्दा चाँडो भ्रष्टविरोधी शास्त्रलाई समाजशास्त्र र अन्य सामाजिक शास्त्रसमेतमा समावेश गराई अध्ययन-अध्यापन गर्नुपर्नेछ ।

- विकासोन्मुख राष्ट्रहरूमा स्थानीय अर्थात् ग्रामीण विकासलाई महaेव दिनुपर्ने भएकाले ग्रामीण विकासको विषय पनि धेरै विश्वविद्यालयमा अध्ययन सुरु भएको छ । यो नयाँ विषय भएको हुँदा सबैजसो विकासोन्मुख राष्ट्रले यस विषयलाई प्राथमिकता दिई पठनपाठन सुरु गराएका छन् । वास्तवमा ग्रामीण विकास हुन नसक्नुको मुख्य जड नै स्थानीय राजनीतिक खिचातानी हो । यो तथ्यलाई ग्रामीण विकासको अध्ययनको विषयले दृष्टि पुऱ्याउन सकेको छैन । जहाँ राजनीतिक चलखेल चल्छ, जहाँ टाठाबाठाहरूको बोलवाला चल्छ र जहाँका बसोबासी निरक्षर र अज्ञानी हुन्छन्, त्यहाँ भ्रष्टाचारले पूर्ण रूपमा प्रभाव पारेको हुन्छ । जहाँ भ्रष्टाचार हुन्छ, त्यहाँ ग्रामीण विकास अवरुद्ध हुन्छ । त्यसैले ग्रामीण विकासको अध्ययनमा भ्रष्टविरोधी शास्त्रले पूर्ण रूपमा सहयोग गर्न सक्छ ।
- राज्यव्यवस्था सञ्चालन गर्ने सरकारका प्रमुख तीन अङ्गमध्ये महaेवपूर्ण अङ्ग कार्यपालिका हो । सरकारी निकाय एक देखिए पनि त्यसमा दुई प्रकृतिका निकाय समावेश भएका हुन्छन् – एक : राजनीतिक निकाय, र अर्को : निजामती कर्मचारी समूह । यो निजामती समूह स्थायी सरकारका रूपमा स्थापित भएको हुन्छ । यो निकायलाई सबल, सक्षम र दबाबमुक्त बनाउनका लागि जनप्रशासन विषयको अध्ययन गर्ने-गराउने प्रचलन चलेको छ । विश्वको सबैजसो विश्वविद्यालयमा जनप्रशासनको पढाइ हुन्छ । सबै मुलुकका राज्यव्यवस्थामा वास्तवमा सरकार भनेर स्थायी प्रकृतिको सरकारलाई भन्नुपर्छ । किनभने यो निकायसँग राज्यको नीति, निर्देशक सिद्धान्त र प्रादेशिक रणनीति निहित भएका हुन्छन्, जसलाई राष्ट्रिय अहम् नीतिका रूपमा स्वीकार गरिएको हुन्छ । राजनीतिक रूपमा समावेश हुने अस्थायी सरकार आउँछ-जान्छ, तर राष्ट्रिय नीतिमा भने परिवर्तन हुनु हुँदैन । यही राष्ट्रिय अहम् नीतिलाई हस्तक्षेपमुक्त राख्न निजामती सेवामा संलग्न रहने व्यक्ति वा समुदायले कसरी जिम्मेवारी निर्वाह गर्नुपर्छ, सो विषयको जानकारी जनप्रशासनको अध्ययनमा समावेश भएको हुन्छ । स्थायी सरकारका रूपमा कार्यरत निजामती सेवाका कर्मचारी नै भ्रष्टाचारकार्यमा संलग्न भएका हुन्छन् । सबैभन्दा बढी भ्रष्ट कार्य स्थायी सरकारमा संलग्न व्यक्ति वा समुदायले गर्ने भएको हुँदा यो क्षेत्रलाई पूर्ण निगरानी राख्न पनि यो भ्रष्टविरोधी शास्त्र सहायक हुन सक्छ भन्ने स्पष्ट छ ।
- राज्यव्यवस्थामा पूर्णकालीन काम गर्ने सैनिक, प्रहरी, प्रशासनक्षेत्र, न्यायक्षेत्र र अन्य क्षेत्रमा काम गर्ने राष्ट्रसेवकहरू लामो अवधिको कार्यबाट निवृत्त भएपछि बाँकी जीवनयापनका लागि निवृत्तभरण दिने व्यवस्था हुन्छ । यसरी पूर्णकालीन काम गर्ने राष्ट्रसेवकलाई बाँकी जीवन राम्ररी चलोस् भन्नका लागि निवृत्तभरण दिनु राम्रो हो । तर विकासोन्मुख मुलुकहरूमा त्यस्ता लामो अवधि काम गर्ने राष्ट्रसेवक मात्र होइन, राजनीतिक क्षेत्रमा काम गर्ने जनप्रतिनिधि र राज्यको उच्च पदमा पुगेका व्यक्तिहरूले पनि अनेक किसिमको सुविधा जीवनभरि लिने चलन छ । यति मात्र होइन, भूतपूर्व पदाधिकारीहरूले सुरक्षाको नाममा राज्यकोषको ठूलो धनराशी खर्चेर, सुरक्षाकर्मीको घेराभित्र बसेर ऐयासी जीवनयापन गर्ने गरेका हुन्छन् । राज्यकोषमा भार पर्ने गरी सैनिक, प्रहरी र निजामती सेवाका उच्च पदाधिकारीले राज्यकोषबाट तलब खाने राष्ट्रसेवकलाई घरायसी काममा प्रयोग गर्ने गरेका हुन्छन् । पदाधिकारीलाई सुविधा दिनुपर्छ भन्ने नाममा माथिल्लो तहका पदाधिकारीले तल्लो तहका राष्ट्रसेवकलाई नोकरसरहको व्यवहार गर्नु आजको युगमा सुहाउने कुरा होइन । त्यसैले यस्तो शताब्दीयौं पुरानो नोकरशाही व्यवस्थाको अन्त गरी सबै राष्ट्रसेवकको समान सम्मान हुने व्यवस्था गर्न सक्नुपर्छ ।
- असल व्यवस्थापन आजको आवश्यकता हो । कुनै कलकारखाना र ठूला उद्योग मात्र होइन, बजार र वित्तीय क्षेत्रलाई पनि असल व्यवस्थापनको आवश्यकता पर्छ । व्यापारिक संस्था, सेवामूलक स्वास्थ्य तथा शिक्षण संस्थाहरूलाई पनि असल व्यवस्थापनको खाँचो हुन्छ । व्यवस्थापन विषयको अध्ययन यस्तो आवश्यक भइसक्यो कि जहाँ असल व्यवस्थापन छ, त्यहाँ सफलता र विकास छ । जहाँ व्यवस्थापन खराब छ, त्यहाँ असफल नै असफल हुने निश्चित छ । अब त मानवीय श्रम-साधनलाई पनि असल व्यवस्थापनको खाँचो महसुस भइसकेको हुँदा विश्वका धेरै विश्वविद्यालयहरूमा मानवीय श्रम-साधन विषयको अध्ययन-अध्यापन सुरु भइसकेको छ । व्यवस्थापन विषयले अझ व्यापक क्षेत्रलाई समाहित गर्न सक्छ । व्यवस्थापन पक्ष कुशल, अनुशासित, नीतिबद्ध र व्यवस्थित भएको खण्डमा मात्र व्यवस्थापनलाई असल व्यवस्थापन भन्न सकिन्छ । निरीक्षण, अनुगमन र मूल्याङ्कन व्यवस्थापनको मूल सूत्र हो । यो सूत्रले पहिल्याउने अनुशासनहीनता, नीतिविरुद्ध कार्य, गैरजिम्मेवारीपना, अनुचित कार्य र अवैधानिक कार्यलाई भ्रष्टाचारजन्य क्रियाकलाप नै मान्नुपर्छ । त्यसैले व्यवस्थापनमा भ्रष्टविरोधी शास्त्रको अत्यन्तै निकट सम्बन्ध रहेको छ । व्यवस्थापनका अनेक विषयमा भ्रष्टविरोधी शास्त्रको नीति तथा सिद्धान्तको पनि अध्ययन हुनुपर्छ भन्ने टड्कारो देखिएको छ ।

- राज्यको शक्ति-पृथक्कीकरण सिद्धान्तका आधारमा राज्यव्यवस्थामा न्यायपालिकालाई स्वतन्त्र शक्तिसम्पन्न रूपमा राखिने व्यवस्था छ । विधिको शासनमा न्यायपालिका नै मुलुक र जनताको अभिभावकका रूपमा रहने गरेको हुन्छ । त्यस्तो शासन-व्यवस्थालाई स्थापित गर्न विधिशास्त्रको जिम्मेवारी रहने गर्छ । यो सत्य तथा अपरिहार्य पद्धतिलाई कानुन निर्माणको जिम्मेवारी पाएको व्यवस्थापिकाले त्यति आत्मसात गर्न सक्तैन । किनभने व्यवस्थापिकाका सदस्यहरू एक न एक राजनीतिक रङ्गले रङ्गिएका हुन्छन् । त्यस्ता राजनीतिक व्यक्तिहरू कानुनलाई परिवर्तन गरेर आफ्नो अनुकूल वातावरण बनाउन चाहन्छन् । व्यवस्थापिकाका सदस्यहरू स्वार्थी एवं सङ्कीर्ण हुने हुँदा यसलाई कसरी रोक्न सकिन्छ भन्नेतर्फ पनि विधिशास्त्र त्यत्तिकै चनाखो हुनुपर्नेछ । मुलुकको मूल कानुन संविधान हो । संविधानको कुनै पनि धारासँग बाझिएका अन्य कानुन अमान्य हुन्छन् भन्ने कानुनी सिद्धान्त छ । तर धेरै मुलुकहरूमा राजनीतिक व्यक्तिको स्वार्थ पूरा गर्ने ऐन तथा कानुनहरू तयार हुन्छन् । त्यसरी गैरकानुनी कानुन तयार गर्ने व्यक्तिका विरुद्ध कस्तो कानुनी व्यवस्था गर्नुपर्छ भन्ने कुरामा विधिशास्त्र मौन छ । सबै किसिमका कानुनी सिद्धान्तलाई अध्ययनमा समावेश गर्ने विधिशास्त्रले भ्रष्टाचार गर्ने, अनुचित कार्य गर्ने, अनुचित व्यवहार र अख्तियारको दुरुपयोग गर्ने विरुद्ध सिद्धान्त निर्माण गर्न सकेको देखिएन । त्यसैले भ्रष्टविरोधी शास्त्रको नीति तथा सिद्धान्तलाई पनि विधिसम्मत विधिशास्त्रमा समावेश गराउनुपर्ने देखिन्छ ।
- वर्तमान युग सञ्चारको युग हो । विश्वका सबैजसो मुलुकमा प्रजातन्त्रको स्थापनापछि पत्रकारिता सुरु भयो । छापाको माध्यमद्वारा सुरु भएको पत्रकारिता रेडियो र टेलिभिजन हुँदै अनलाइनसम्म पुगेको छ । पछि यस क्षेत्रको विकास विश्वप्रविधिको विकाससँगै अगाडि बढ्ने पनि निश्चित छ । प्रजातान्त्रिक राजनीतिक व्यवस्था चलेको मुलुकमा पत्रकारिताको बलियो पकड जमेको हुन्छ । त्यसैले केही दशकयतादेखि पत्रकारिता विषयलाई पनि अध्ययनको विषय बनाइएको छ । प्रजातान्त्रिक मुलुकहरूमा पत्रकारलाई चौथो अङ्गका रूपमा पनि परिभाषित गर्ने गरेको हुँदा यसको महत्वेव अझ बढ्न गएको छ । यो विषय साधारण पत्रकारिता हुँदै आमसञ्चार-माध्यममा पुगेको छ । यसलाई व्यवस्थित अध्ययनको विषय बनाउने जिम्मेवारी शिक्षाक्षेत्रमा विश्वविद्यालयकै हो । पत्रकारिताका विरुद्धमा बोलिने शब्द 'पीत पत्रकारिता' हो । तर आजको युगमा सञ्चार-अपराध यति अघि बढिसक्यो कि पीत पत्रकारितालाई न्यून रूपमा हेर्नुपर्ने भएको छ । राजनीतिक उथलपुथल गर्न, गैरकानुनी धन्दालाई चलाउन, कालो धनको रक्षा गर्न र मनपरीतन्त्र सञ्चालन गर्न आमसञ्चारका निकायहरू क्रियाशील भइरहेका छन् । विकसित मुलुक होस् वा विकासशील मुलुक, सबैजसो मुलुकमा आमसञ्चारले वर्चश्व जमाएको छ । यसरी यो क्षेत्र भ्रष्ट भएको छ कि यसको गतिलाई रोक्नुपर्ने आवश्यकता सबै क्षेत्रले महसुस गरेका छन् । त्यसैले सत्य, निष्ठा, विश्वास र इमानदारीका साथ आमसञ्चार-माध्यमलाई चलाउने हो भने भ्रष्टविरोधी शास्त्रको सिद्धान्तलाई आमसञ्चारले अङ्गिकार गर्नुपर्ने हुन्छ । यसरी आमसञ्चारलाई सत्यको बाटोमा हिँडाउन सकियो भने त्यस्तो राज्यव्यवस्थाले अझ चाँडो सफलता हासिल गर्न सक्छ ।
- नयाँ मुलुकहरूबाहेक अफ्रिका, युरोप र एसिया महादेशका मुलुकहरू आफ्नो देशको अवस्थाअनुसार प्राचीन कालदेखि नै मानव-सभ्यताको विकासमा जुटेको हामीले पाएका छौँ । मान्छे बाँच्न जानेपछि मान्छेले आफ्नो जिउने जीवन-पद्धतिमा पनि क्रमशः विकास गर्दै आएको हो । जुन मानव-समाजमा बसोबास गर्ने मानव हो, उसैको मस्तिष्कको चिन्तनबाट उब्जिएका मानवोपयोगी विचारबाट नै त्यस मानव-समाजको विकासको स्तर कायम भएको पाइएको छ । यस्तो उच्चस्तरीय मानव-विकासमा युरोप तथा एसिया महादेशका मुलुकहरूको अग्रणी भूमिका रहेको पनि हामीले बुझेका छौँ । त्यस्तो प्राचीन कालदेखि चलेको परम्परामा आध्यात्मिक क्षेत्रको बाहुल्य कायम रहेको देखिन्छ । जहाँ र जुन समाजमा आध्यात्मिक चिन्तनको आधारमा समाज स्थापित भएको छ, त्यो समाजमा बसोबास गर्ने मान्छेले सुख, शान्ति र समृद्ध जीवनयापन गरेको पाइएको छ । केही वर्षयता आएर धेरै मुलुकहरूमा आध्यात्मिक ज्ञान सार्वजनिक रूपमा प्रचार-प्रसार गर्ने गरिएको छैन । यसरी आध्यात्मिक बाटो छाडेको समाजले सुखशान्ति पाएको छैन । मान्छे फेरि हजारौँ वर्ष पछाडि गएको अनुभव भइरहेको छ । भौतिकवादी चिन्तनले समाज अतिक्रमित भएको छ । भौतिक आवश्यकताको खोजीमा मान्छे दौडिरहेका छन् । त्यसैले आजको मानव-समाज द्वन्द्वको भुमरीमा फसेको छ । जहाँ भौतिकवादी चिन्तनले समाज विकास भएको हुन्छ, त्यहाँको मान्छेको जीवन तनावग्रस्त भएको हुन्छ, अनैतिकता र भ्रष्टता बढेको हुन्छ । त्यसैले अध्यात्मवादी शिक्षा समावेश भएका विषयहरूलाई प्राथमिकता दिई विश्वविद्यालयहरूमा पठनपाठन सुरु गराउन सक्नुपर्नेछ ।
- भौतिकवादी चिन्तनको परिणाम हो युद्धसामग्रीको उत्पादन र बिक्री बढ्नु । विश्वका विकसित मुलुकहरू नै युद्धसामग्री उत्पादन गर्छन् र बढीभन्दा बढी मोल लिई ससाना देशहरूलाई बिक्री गरेर आपसमा द्वन्द्व चर्काउने काम गर्दै आएका छन् । साना मुलुकका सत्तासिन व्यक्तिहरूलाई मोटो रकम कमिसन दिई युद्धसामग्री खरिद गर्न लगाउने कार्यले गर्दा ससाना मुलुक तथा जनता ठूला मुलुकबाट शोषित हुन पुगेका छन् । युद्धसामग्रीको आवश्यकता नभए पनि कमिसन पाउने आशाले विकासोन्मुख मुलुकले त्यस्ता सामग्री किन्ने निर्णय गर्छन्, जसका कारणले मुलुकको विकासकार्य रोकिन पुग्छ । युद्धसामग्रीको उत्पादन र खरिद-बिक्रीले भ्रष्टाचार बढाउने हुँदा यो कार्य पूर्ण रूपले अन्त्य हुनुपर्छ ।

- मान्छेले जङ्गली अवस्थामा पनि नैतिकताको बोध गरेको हुँदा नै मान्छे अन्य पशुभन्दा बेग्लै ठहर भएको हो । मान्छे जन्मेपछि बाँच्नका लागि खाना चाहिन्छ, बस्नका लागि छहारी र शरीर छोप्नका लागि लुगा चाहिन्छ । नैतिक चेतनाको उपज लुगा हो । यसरी नै नैतिक चेतनाका आधारमा मान्छेले सर्वपक्षीय विकास गरेको हो । नैतिकतायुक्त चेतनाका कारणले नै सरल जीवन यापन गर्न मान्छे समर्थ भएको हो । त्यस्तो सरल, सुखमय र उन्नतशील जीवन ठीक ढङ्गबाट सञ्चालन हुन संस्कृतिको विकास भयो । कला र संस्कृतिको विकासले गर्दा मान्छेले जीवन जिउने असल बाटो तयार गर्न सक्यो । यसै तथ्यलाई बोध गरी वर्तमान युगमा नैतिक विज्ञानको प्रादुर्भाव भएको हो । आचार, विचार, विश्वास, इमानदारी र मानवोचित शिक्षाका साथै मानव-व्यवहार तथा नैतिकताको अध्ययन नैतिक विज्ञानमा हुन्छ । तर शिक्षाको प्रारम्भिक तह अर्थात् तल्लो तहको कक्षामा भने नैतिक शिक्षा त्यति राम्रो गरी समावेश भएको देखिँदैन । केही मुलुकका शिक्षानीतिमा तल्लो तहमा नैतिक शिक्षालाई प्राथमिकता दिइएको देखिए पनि अत्यधिक मुलुकहरूको शिक्षाक्षेत्रमा नैतिकताका बारेमा ज्ञान दिने शैक्षिक सामग्री समावेश गरेको पाइँदैन । नैतिक शिक्षा मान्छेको आन्तरिक मनोभावसँग सम्बन्धित छ भने भ्रष्टविरोधी शिक्षा मान्छेको व्यवहारसँग सम्बन्धित छ । त्यसैले पनि यी दुवै शिक्षालाई एक-अर्कामा समावेश गराई अध्ययन-अध्यापन गराउने हो भने उच्चकोटिको मानव-समाजको विकास हुन सक्ने देखिन्छ ।
- एक देशको प्राकृतिक सम्पदा अर्को देशले हस्तक्षेप गरी अधिकार जमाउने प्रवृत्ति बढ्दै गएको छ । कुनै पनि मुलुकको प्राकृतिक स्रोत-साधनमा त्यसै मुलुकको पूर्ण अधिकार रहन्छ । तर ठूला मुलुकहरूको खराब नीतिका कारण साना तथा गरिब मुलुकका प्राकृतिक स्रोत-साधनलाई अन्यायपूर्वक प्रयोग गर्ने प्रवृत्तिको विकास भएको छ । जलस्रोत, पेट्रोलियम पदार्थ, मूल्यवान् धातु र पत्थरहरू तथा सबै किसिमका खनिज पदार्थ गरिब मुलुकले ठीक किसिमबाट प्रयोग गर्न नसकेकै कारणले देश गरिब भएको हो भन्ने कुराको ज्ञान भएन । यही अज्ञानताका कारणले विकसित देशले साना मुलुकका राजनीतिक अधिकारीलाई व्यक्तिगत वा सामूहिक रूपमा खरिद गरी प्राकृतिक स्रोत तथा सम्पदामा अधिकार जमाउने कार्य भइरहेको छ । यो निश्चय नै अन्यायपूर्ण कार्य हो, शोषणयुक्त कार्य हो र भ्रष्टाचारजन्य कार्य हो । सबै मुलुकहरू प्राकृतिक स्रोत-साधनले परिपूर्ण हुन्छन् । केवल त्यसको सही प्रयोग हुने वातावरण तयार गर्नुपर्ने हुन्छ । कुनै पनि मुलुकको राज्यसत्तामा पुगेका वा पुग्न खोज्ने व्यक्ति वा समूह देशप्रति इमानदार भइदिए वा देश र जनताको हित चिताउने भइदिए मात्र पनि त्यो देशले अन्य देशसरह नै उन्नति गर्न सक्षम हुन्छ । यो धनी र गरिबको विभेदको कारण अज्ञानता हो र गरिब देशका राजनीतिक नेतृत्व तहमा बस्ने मान्छेले गर्ने भ्रष्टाचारजन्य कार्य हो । यसलाई भ्रष्टविरोधी शास्त्रअन्तर्गत व्याख्या तथा विश्लेषण गर्दै अध्ययनमा ल्याउन सक्ता विश्वमा देखिएको धनी र गरिब राष्ट्रहरूबीचको विभेद अन्त्य हुनेछ ।
- वर्तमानको समय विश्वव्यापीकरणको समय हो । एक देशले मात्र सबै आवश्यक वस्तुहरू परिपूर्ति गर्न सक्तैन । उत्पादनमा होस्, निर्माणमा होस्, बजार-व्यवस्थामा होस्, आवश्यक वस्तुको परिपूर्ति होस् वा मानवीय श्रम-साधनमा होस्, यसका लागि एक देशले अर्को देशसँग भर पर्नुपर्छ । प्राकृतिक स्रोत-साधनको लेनदेन हुन्छ, सन्धि-सम्झौता हुन्छन् । साथै, निर्माणकार्यका लागि ग्लोबल टेन्डर हुन्छ । यी सबै कार्यमा भ्रष्टाचार हुने गर्छ । त्यसैले त्यस्ता सन्धि-सम्झौता वा ग्लोबल टेन्डरको सम्झौता इमानदारीपूर्वक न्यायपूर्ण तरिकाले गर्ने-गराउने व्यवस्था हुनुपर्छ । राष्ट्रिय वा अन्तर्राष्ट्रिय ठेक्का, समझदारी, सहमति वा सम्झौताहरू भ्रष्टाचारका केन्द्रविन्दु हुन् र यी भ्रष्टाचारका अखडा हुन् भनेर सम्झौताहरू बन्द गर्न पनि सकिन्न । त्यसैले यस्ता सन्धि-सम्झौता र ठेक्कापट्टाका कार्यहरूलाई भ्रष्टविरोधी शास्त्रको सिद्धान्तका आधारमा गर्ने-गराउने व्यवस्था हुनुपर्नेछ ।
- आधुनिक प्रजातन्त्रको केन्द्रविन्दुका रूपमा रहेको छ असल शासन-प्रणाली । असल शासन भन्नु नै कानुनी राज्य हो भन्ने बुझिन्छ । असल शासनभित्र कानुनी राज्यको सही कार्यान्वयन मात्र होइन, यसमा स्थानीय शासन, सूचनाको हकको सुरक्षा, पारदर्शिता र सार्वजनिक जवाफदेहिता पनि पर्छन् । प्रजातन्त्रको सुदृढीकरणका लागि असल शासन-पद्धति विकास गर्न आवश्यक भए पनि यसतर्फ सबै प्रजातान्त्रिक मुलुकहरू लागिपरेको अवस्था छैन । केही मुलुकहरू यसको आवश्यकता महसुस गरी बिस्तारै यसको अभ्यासमा जुट्न थालेका छन् भने केही प्रजातान्त्रिक मुलुकलाई असल शासनको अवधारणाबारे जानकारी नै छैन । कुनै पनि मुलुकमा प्रजातान्त्रिक व्यवस्थालाई स्थायीत्व प्रदान गर्ने हो भने असल शासन-पद्धति लागू गर्नुपर्छ । असल शासन-पद्धति अख्तियार गरेको प्रजातान्त्रिक मुलुकले मात्र सफल प्रजातन्त्र पाएको हुन्छ । असल शासन-पद्धति स्थापना गर्नु आजको आवश्यकता हो ।

विश्वको प्राज्ञिक क्षेत्रमा नयाँ परिचय कायम गरेर प्रस्तुत भएको यो भ्रष्टविरोधी शास्त्रलाई शिक्षाक्षेत्रमा सजिलै प्रवेश गर्न सक्ने अवस्था सृजना भएको छ । भ्रष्टविरोधी शास्त्र आफैँमा विज्ञानका रूपमा स्थापित भएकाले पनि कडा र नरम दुवै किसिमका विज्ञानका सूत्रहरू यसमा प्रयोग हुन सक्ने यथेष्ट बाटाहरू खुलेका छन् । भौतिक तथा रसायनशास्त्रजस्तो विज्ञानका सूत्रहरू यसमा राम्ररी प्रयोग हुन सकेका छन् । साथै, गणितीय सूत्रका आधारमा पनि यो विषय व्याख्या हुन सक्ने देखिएको छ । मानविकीशास्त्रसँग त अझ बढी निकटता कायम भएको छ । तसर्थ यो भ्रष्टविरोधी शास्त्रको नीति

तथा सिद्धान्त समावेश गरी प्राथमिक तहदेखि माध्यमिक तहसम्मका विद्यार्थीहरूले ज्ञान हासिल गर्न सक्ने पाठ्यसामग्रीको उत्पादन पनि गर्नुपर्ने भएको छ । सबै उच्च तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि उपयोगी पाठ्यसामग्री निर्माण गरी यस विषयलाई सबै तह र तप्कामा पुऱ्याउनुपर्ने आवश्यकता देखिएको छ । पाठ्यसामग्री उत्पादन गर्ने, सो पाठ्यसामग्री समावेश भएका पुस्तकहरू तयार गर्ने र त्यस्ता पाठ्यपुस्तकहरू अध्ययन र अध्यापन गराउने कार्य विश्वविद्यालयका अतिरिक्त सम्बन्धित राज्य सरकारको शिक्षाक्षेत्र हेर्ने निकायले पनि गर्नुपर्ने हुन्छ । भ्रष्टाचारविरुद्धको विज्ञानको अध्ययन, शोध, विश्लेषण तथा परीक्षण गरी यसको प्राज्ञिक दृष्टिकोणमा विस्तृत व्याख्यासमेत गर्नुपर्ने भएकाले भ्रष्टविरोधी शास्त्रको प्रचार-प्रसार र विकास गर्ने दायित्व विश्वका सबै विश्वविद्यालयको रहनुपर्नेछ ।

# अध्ययन तथा संशोधन

भ्रष्टविरोधी शास्त्रको विश्वप्राज्ञिक यात्राका लागि यो प्रारम्भिक विन्दु हो । यो शास्त्र विचार, नीति, विधि तथा विधानद्वारा प्रस्तुत नवीन दर्शन हो, साथै अनेक आवश्यक सूत्र तथा तथ्यबाट प्रमाणित विज्ञान हो । वर्तमानमा यो भ्रष्टविरोधी शास्त्र पूर्ण छ, तापनि अध्ययन र संशोधनका दृष्टिले यो पूर्ण हुन सक्तैन । कुनै पनि विचार तथा दर्शन समयको आवश्यकतालाई बोध गर्दै जन्मेको हुन्छ । यो समयमा, यो शास्त्रको औचित्य र आवश्यकताको पुष्टि गर्दै भ्रष्टाचारविरुद्धको विज्ञानलाई आवश्यक नीति तथा सिद्धान्तले निर्माण गर्दै सामाजिक विज्ञानको घेराभित्र प्रवेश गराएर महàवपूर्ण स्थान ओगट्न पुगेको छ । भ्रष्टाचारविरोधी विज्ञानका रूपमा यो प्राज्ञिक क्षेत्रमा स्थापित भएको छ ।

प्रस्तावना, उद्देश्य र परिभाषालाई वैज्ञानिक रूपले परिभाषित गर्दै भ्रष्टाचारविरुद्धको विज्ञानका रूपमा स्थापित हुन सामाजिक विज्ञानका अतिरिक्त अन्य शास्त्र तथा विज्ञानहरूसँग स्पष्ट सम्बन्ध कायम राख्न यो समर्थ भएको छ । गुण तथा अवगुणको टिप्पणी, नीति तथा सिद्धान्तको व्याख्या, अध्ययन तथा शोधको महàवका बारेमा व्याख्या गर्दै अन्य शास्त्रको हारमा यो उभिन पुगेको छ । भ्रष्टाचार मनोरोग हो, यसको उपचार हुन सक्छ भनी उपचारको विधि-विधानलाई व्याख्या गर्दै यो प्रस्तुत भएको छ । यो शास्त्रले मानव-समस्याको समाधान गर्दै मानव-समाजको विकास गर्न सक्छ भन्ने कुरा पनि प्रमाणित गरेको छ । सङ्क्षेपमा भन्नुपर्दा यो भ्रष्टविरोधी शास्त्र भ्रष्टाचारविरुद्धको विज्ञानका रूपमा पूर्ण छ । यो पूर्ण भएकै कारण यसले भ्रष्टाचारविरुद्धको अध्ययन-अध्यापनमा कार्य प्रारम्भ गर्न सक्छ । तर यो पूर्ण भएर पनि अपूर्ण नै छ । कारण समयको मागअनुसार यसको अध्ययन तथा शोधबाट संशोधन हुँदै जानुपर्ने निश्चय छ ।

आजको प्रारम्भिक आवश्यकता यसले पूर्ति गर्न सक्छ, तर समयको गतिले ल्याएको परिणामलाई यो भ्रष्टविरोधी शास्त्रले पनि स्वीकार गर्नु नै पर्छ । यो एक्काइसौं शताब्दीको दोस्रो दशक हो । समयको द्रुत परिवर्तनलाई यसले सम्बोधन गर्न सकेन भने यसको सफलतामा बाधा-अड्चन आउन सक्छ । समयको गति समाजको स्थितिलाई परिवर्तन गर्दै जसरी अघि बढिरहेको छ, त्यही गतिमा यो भ्रष्टविरोधी शास्त्रले पनि आफूलाई समयानुकूल थपघट गर्दै समाजको गतिपरिवर्तनसँगसँगै हिँडाउन सक्नुपर्छ । त्यसका लागि अध्ययन, विश्लेषण र शोधकार्यलाई निरन्तरता दिँदै संशोधनलाई स्वीकार गर्दै जानुपर्छ ।

यो भ्रष्टविरोधी शास्त्र स्वभावैले अध्ययनशील छ, परिवर्तनीय छ र संशोधनलाई आत्मसात गर्नमा क्षमतावान् छ । त्यसैले यो भ्रष्टविरोधी शास्त्रको अध्ययन, शोध, विश्लेषण तथा संशोधनलाई खुला राख्नुपर्छ । यसका लागि विद्वान्, अध्येता, समाजशास्त्री, अध्ययन संस्थान तथा प्राज्ञिक क्षेत्रबाट विशेष योगदान जुट्न र जुटाउन सक्नुपर्छ । साथै, विश्वभर छरिएर रहेका शिक्षाक्षेत्रमा क्रियाशील विश्वविद्यालयहरूमा यो भ्रष्टविरोधी शास्त्रको अध्ययन, अनुसन्धान, विश्लेषण र शोधकार्य समयको मागअनुसार संशोधन गर्ने-गराउने वातावरणसमेत तयार गर्न सक्नुपर्नेछ । यसबाट मुलुक, मानव-समाज र समयको आवश्यकताअनुसार भ्रष्टविरोधी शास्त्र संशोधन भई मानव-समाजको विकासमा सहयोगीको भूमिका निर्वाह गर्न सक्नेछ भन्ने विश्वास लिइएको छ ।

। ॐ शिवम् भूयात् ।